तन्त्र-विज्ञान



• डा. मिलनकुमार थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र-विज्ञान

• डा. मिलनकुमार थापा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र-विज्ञान

डा. मिलनकुमार थापा

प्रकाशक
श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर
ललितपुर
फोन : ५५४४३९४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कृति	:	तन्त्रविज्ञान
विधा	:	तन्त्र, मन्त्र, यन्त्र
©	:	लेखकमा
लेखक	:	डा. मिलनकुमार थापा
सम्पादक	:	हरिप्रसाद सोडारी
प्रकाशक	:	श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर
प्रकाशन प्रति	:	एक हजार मात्र
प्रकाशन वर्ष	:	वि. सं. २०७३
आवरण/सज्जा	:	अग्निराज पौडेल 'अराप'
साधारण मूल्य	:	१७५० ।- (नेरु) १०० (US $)
ISBN	:	978-9937-0-0859-4
मुद्रक	:	नमस्ते नेपाल प्रेस प्रा.लि.
		बागबजार, काठमाडौँ, सम्पर्क नं. ९८४१ ५०२०४६

सूचना

सर्वथा सुरक्षित । समालोचना, समीक्षा, उद्धरणबाहेक प्रस्तुत पुस्तकको कुनै पनि भागको अंश लेखकको स्वीकृतिबिना ग्राफिक, इलेक्ट्रोनिक, यान्त्रिक, फोटोकपी, रेकर्डिङ एवं टेपका माध्यमबाट व्यावसायिक पुनरुत्पादन गर्न पाइने छैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ॐ नमो भगवते वासुदेवाय ।

सादर समर्पण

पिता : लोकबहादुर थापा

जन्म : १९९२ साउन १७ गते

स्वर्गारोहण : २०६८ कात्तिक २३ गते

माता : सानुमैया थापा

जन्म : २००५ भाद्र १९ गते

स्वर्गारोहण : २०६८ भाद्र ७ गते

ते तं भुक्त्वा स्वर्गलोक विशालं क्षीणे पुण्ये मर्त्यलोके विशान्ति ।
स्वं त्रयीधर्मानुप्रपन्ना गतागतं कामकामा लभन्ते ।।

पुज्यपुञ्ज स्व. पिता लोकबहादुर थापा तथा स्व माता सानुमैया थापाको स्मृतिमा सादर समर्पण ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समर्पण

हिमवत्खण्डमा साधना गर्दै तन्त्रविज्ञानका क्षेत्रमा

जीवन समर्पण गरेका हिमाली संस्कृति,

संस्कार र सभ्यताका अनुयायी

एवं

राष्ट्रका सपूतहरूमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रविज्ञान सम्झनार्थ
दुई थुँगा फूल

सांस्कृतिक सम्पदा, ज्ञान र तन्त्रविज्ञानको फाँटमा हाम्रो देश नेपाल सानो नै भए पनि वास्तवमा सानो छैन । यसका लागि नेपालको राष्ट्रिय अभिलेखालय (पुरानो नाम वीर पुस्तकालय) मा रहेका ब्राह्मण (शैवतन्त्रआदि) तन्त्रका हस्तलिखित ग्रन्थहरू (जस्तो कालज्ञानतन्त्र, ब्रह्मयामलतन्त्र, रुद्रयामलतन्त्र, महागुह्यतन्त्र, क्रियाकालगुणतन्त्र, मेरुतन्त्र आदि) त्यस्तै बौद्धतन्त्रका हस्तलिखित ग्रन्थहरू (जस्तो कालचक्रतन्त्र, हेरुकतन्त्र, वज्रावलीतन्त्र, योगाम्बर विधि तन्त्र, चन्द्रमहारोशणतन्त्र, सम्बरोदयतन्त्र, गुह्यसमाजतन्त्र, योगिनीजालतन्त्र, हयग्रीवतन्त्र आदि) संकलित र सुरक्षित भइराखेको हामी पाउँछौँ । तन्त्रविज्ञानका हाम्रा अग्रज, साधक, सिद्धतान्त्रिक, महापुरुषहरू (नरसिंह ठाकुर, लम्वकर्ण भट्ट, जामनःगुमाजु, सुनद कर्माचार्य, अग्निहोत्र राजोपाध्याय, गयोजुजु, विश्वनाथ राजोपाध्याय आदि)ले तन्त्रविज्ञानअन्तर्गत अनेकौँ चमत्कारहरू देखाएर गए, सिद्धि प्राप्त गरेर गए तथा तन्त्रविज्ञानअन्तर्गतको दार्शनिकतत्त्वलाई आत्मसात् गरेर गए । हाम्रा जन्मदेखि मृत्युसम्मका कतिपय संस्कारहरू तन्त्रकै आधारमा चल्ने परम्पराहरू आज पनि जीवितै छन् । ठूलठूला देवस्थलका आगमघरहरूमा तथा बौद्ध बिहारका दिगीहरूमा तान्त्रिक विधिका पूजापाठ, चर्या र तीसँग सम्बन्धित सांस्कृतिक गतिविधिहरू पनि परम्परागत रूपमा जीवित नै देखा पर्दछन् । अझ बौद्ध महायानी, वज्रयानी, मायाजाल तन्त्रको ढुक्ढुकी कहलिएको आर्य मञ्जुश्री नाम सङ्गीति गुञ्जिरहेको पनि हामी पाउँछौँ । कुलार्णवतन्त्रजस्तो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महत्वपूर्ण तान्त्रिकग्रन्थ (नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित) छापिएर पाठकवर्ग सामु देखा परिरहेको पनि हामी पाउँछौँ ।

तैपनि दुःखको कुरो, एकताका उच्चशिखरमा पुगिसकेको हाम्रो तन्त्रविज्ञान आज आएर अनेकौ कारणले गर्दा ओझेलमा पर्दै गइरहेको पाउँछौँ, देख्छौँ । यसो हुनुको एक मुख्य कारण हुन सक्छ, हाम्रा तान्त्रिकग्रन्थहरू प्रायः सबैजसो संस्कृतभाषामा नै लेखिएको हुनाले । यसो हुनाले तन्त्रविज्ञानको बारेमा अध्ययन, अन्वेषण र अनुसन्धान भएका पठनीय र सङ्ग्रहणीय तन्त्रविज्ञान विषयक सरल र सुबोध नेपालीभाषामा लेखिएका तन्त्रविज्ञानका कृतिहरूको अभाव !

उक्त परिप्रेक्ष्यमा तन्त्रविज्ञानविद् तथा साधक डा. मिलनकुमार थापाज्यूले सरल र सुबोध नेपालीभाषामा लेख्नुभएको यो तन्त्रविज्ञान विषयक खोजपूर्ण ग्रन्थ तन्त्रविज्ञानको क्षेत्रमा हिमाली संस्कृतिको मौलिक दर्शनको पुनर्जागरणस्वरूप तन्त्रका साधक र तन्त्रमा अभिरुचि राख्ने पाठकहरूको सामु देखा पर्नु निश्चय पनि एउटा महत्वपूर्ण उपलब्धि नै भएको छ । डा. मिलनकुमार थापाज्यू हामी सबैका धन्यवादका पात्र हुनुभएको छ ।

अन्तमा डा. थापाज्यूद्वारा सञ्चालित "श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर, ज्ञानशाला अनलाइन" को उत्तरोत्तर उन्नति र सफलताका लागि दुई थुँगा फूल शुभकामनाको प्रतीकस्वरूप चढाउँछु ।

२०७३ बैशाख, २३

सत्यमोहन जोशी
वरिष्ठ संस्कृतिविद्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सेवा आयोगको कार्यालय
OFFICE OF THE SERVICE COMMISSION

नेपाल संस्कृत विश्वविद्यालय
बेलझुण्डी, दाङ ।

Nepal Sanskrit University
Beljhundi, Dang

एउटा महत्तम उपलब्धिका रूपमा तन्त्रविज्ञान

अनुसन्धाता एवं साधक डा. मिलनकुमार थापाज्यूको शोधमूलक कृति तन्त्रविज्ञानको प्रकाशन हुन लागेको थाहा पाउँदा मैले हर्ष र आनन्दको अनुभव गरेको छु । यस कृतिको प्रकाशनबाट देश र देशान्तरका नेपालीभाषी पाठक लाभान्वित हुनेछन् भन्ने मेरो पूर्ण विश्वास छ । कृतिकार डा. मिलनकुमार थापाज्यूले सर्वजनहिताय एवं सर्वजनसुखाय तन्त्रशास्त्रको मर्म यस कृतिमा प्रस्तुत गर्नुभएको हुँदा उहाँ बधाई एवं धन्यवादका पात्र हुनुभएको छ ।

'सत्ययुगमा वैदिक साधनासरणि महनीय मानिन्छ, त्रेतायुगमा स्मृतिसम्मत् उपासनामार्ग अनुसरणीय हुन्छ, द्वापरयुगमा पुराणप्रतिपादित उपासनापद्धति पालनीय हुन्छ र कलियुगमा आगमोक्त उपासनापद्धति अनुकरणीय हुन्छ ।'रुद्रयामलको यस भनाइबाट वैदिक वर्णाश्रमसम्मत् आचार मन्द हुँदै गएको वर्तमान समयमा तन्त्रशास्त्रको उपादेयता अझ प्रष्ट हुन्छ ।

भगवती गुह्यकराली र भगवान् पञ्चमुख पशुपतिनाथको नित्यसत्ताद्वारा परिपोषित एवं प्रकाशित नेपाल राष्ट्र शक्ति र शिवको सामरस्यभूमि हो र विश्वदुर्लभ तन्त्रतीर्थ पनि । सम्पूर्ण देवीदेवताहरूको स्वरूपगत अन्तर देखिए पनि परिणामतः ती सबै एउटै हुन् भन्ने उदारभावमा आधारित वैदिक र बौद्धतन्त्रशास्त्रको अध्ययन, मनन र साधनाको उर्बरभूमि नेपालमा हिन्दूहरूका आराध्य परमेश्वर शिव बौद्धहरूका लागि आराध्य अवलोकितेश्वर बन्दछन् । यसैगरी हिन्दूहरूकी आराध्या भगवती गुह्येश्वरी बौद्धहरूकी आराध्या नैरात्म्या बन्दछिन् ।

कृष्णलाई कालिका, रामलाई तारिणी, वराहलाई भुवनेश्वरी, नृसिंहलाई भैरवी,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वामनलाई धूमावती, परशुरामलाई छिन्नमस्ता, मत्स्यावतारलाई लक्ष्मी, कूर्मावतारलाई बगलामुखी र बुद्धावतारलाई माताङ्गीका रूपमा समन्वित गराउने तन्त्रशास्त्रको समन्वयवाद अत्यन्त गरिमामय छ । त्यसैले बृहद्धर्मपूराणमा वेद र तन्त्रलाई त्रिलोकी धारण गर्ने परमेश्वरका दुई हात भनी प्रशंसा गरिएको छ ।

डा. मिलनकुमार थापाज्यूद्वारा रचित तन्त्रविज्ञान नामक यस कृतिमा आगम एवं तन्त्रको सटीक परिभाषा, आगमको आविर्भाव एवं विकास, तान्त्रिक उपासना, तन्त्रका अनेक आयाम, कलियुगमा तन्त्रको प्रभावकारिता, नेपालको तान्त्रिक परम्परा, दीक्षा, मन्त्र, जप, गुरु, शिष्य, शैवागमद्वारा प्रतिपादित दर्शन, तन्त्र, मन्त्र, यन्त्र, पाशुपत सिद्धान्त, विभिन्न सम्प्रदायमा प्रचलित तन्त्रहरूको आन्तरिक सम्बन्ध आदि अनेक जान्नै पर्ने विषयहरूलाई समावेश गरिएको छ । त्यसैले यो तन्त्रजिज्ञासुहरूका लागि अत्यन्त महनीय रचनाका रूपमा प्रकाशित हुन गइरहेको छ ।

परमशिव भगवान् पशुपतिका पाँच मुखबाट प्रकट भएका आगमहरूको गम्भीर मननहरूका साथै गुरूपरम्पराको प्रामाणिक निरूपण गरेर अनुसन्धाताले यस कृतिलाई तन्त्रविज्ञानमा प्रवेश गर्ने प्राग्द्वारका रूपमा उपस्थापित गर्नुभएको छ । यसमा पशुपति, पशु र पाशको गम्भीर मन्थन गरी पशुपतिका ६वटा श्रीमुखको माध्यमबाट प्रकट भएका तन्त्रहरू ६ आम्नायका रूपमा खडा भएको रहस्य उजागर गरिएको छ ।

नेपाली जनजीवन र तान्त्रिक उपासनाको घनिष्ठसम्बन्ध छ । तन्त्रशास्त्रमा प्रतिपादित पाञ्चायन देवताको उपासना नेपालमा परम्परागत रूपमा ज्यादै प्रसिद्ध छ । यसै गरी ऋषिऋण, देवऋण र पितृऋणबाट मुक्तिका लागि ऋषि, देवता र पितृहरूको उपासना गर्ने नेपाली समाज उपासनाको गम्भीर विवेचनमा आधारित यस तन्त्रविज्ञान नामक कृतिबाट अतिशय उपकृत हुनेछ भन्ने मेरो पूर्ण विश्वास छ । आजको समयमा प्रचलित हिलियोथैरपी एवं क्रोमोपैथी आदि स्पर्शचिकित्सा पद्धति वस्तुतः तान्त्रिक चिकित्सा पद्धति हुन् । वेदले सूर्यलाई स्थावर-जंगमात्मक जगत्को आत्मा मानेको छ । हामी नेपालीहरू सन्ध्यासमयमा सूर्यको उपासना गरी उक्त चिकित्सा पद्धतिको मूलतत्त्वलाई संवहन गरिरहेका छौँ । आदित्ययामलमा वर्तमान स्पर्शचिकित्सा पद्धतिसँग सामन्जस्य राख्ने प्राच्य सौरचिकित्सा पद्धतिबारे गहन विवेचन गरिएको छ । आकाश आदि पाँच महाभूतमा वर्तमान वैद्युतीय शक्तिको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अबलम्वन गरी आज विज्ञान प्रतिपल विकासको सरणिमा गतिशील भइरहेको छ। हाम्रो तन्त्रविज्ञानमा पनि पाँच महाभूतका ऊर्जाबारे सूक्ष्म विचार गरिएको पाइन्छ। त्यसको मनन गर्ने आधुनिक, वैज्ञानिक मनीषीहरू पनि हाम्रो प्राचीन अध्ययन, मनन एवं अनुसन्धान देखेर आश्चर्यचकित हुन्छन्। विज्ञानले प्रत्येक परमाणुमा आकर्षणशक्ति र विकर्षणशक्तिको सत्ता स्वीकार गर्दछ। तन्त्रशास्त्रले पनि त्यसै गरी परमाणुशक्तिको गहन विवेचन गरेको छ। आकर्षणशक्तिद्वारा परमाणुहरूको परस्पर मिलन हुँदा स्थूल जगत्को उत्पत्ति हुने र विकर्षणशक्तिको प्रबलता हुँदा परमाणुहरू पृथक पृथक भई स्थूल जगत्को नाश हुन्छ भन्ने तन्त्रशास्त्रको सिद्धान्तलाई आजको विज्ञानले पनि युक्तियुक्त मानेको छ।

तन्त्रमा देवताहरूभन्दा पनि देवताका शक्तिहरूको उपासना बताइएको छ। तन्त्रविज्ञानको यस्तो विशेषतालाई अनुगमन गर्ने नेपाली समाजमा शक्ति-उपासनाको विशेष महत्व छ। शक्तिपीठ, शक्तितीर्थ र शक्तिमन्दिरहरूले भरिएको हाम्रो देश वास्तवमा शक्ति-उपासनाको दिव्य र दुर्लभ भूमि हो। यसै भूमिमा विराजमान भगवान् पशुपति र भगवती गुह्येश्वरीद्वारा आलोकित यो राष्ट्र उहाँहरूद्वारा नै प्रवर्तन गरिएको तन्त्रशास्त्रको आधारमा आराधना एवं उपासना गर्ने विश्वको नमूना राष्ट्र पनि हो। यसै दिव्य राष्ट्रका सपूत, अनुसन्धाता एवं विद्वान्, शिवशक्तिका आराधक डा. थापाज्यूको यो कृति साधनाका अनेक सोपान र सरणिको दिग्दर्शन गराउने अमोघ माध्यम भएकाले नेपाली समाज यसबाट अवश्य नै कृतार्थ हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु। अन्तमा कृतिकार डा. मिलनकुमार थापाज्यूमाथि भगवान् पशुपति र भगवती गुह्येश्वरीको करुणावर्षा होस् भन्ने पवित्र कामना गर्दै लेखनी बिसाउँछु। धन्यवाद।

२०७३ बैशाख, २४

प्रा. डा. वेणीमाधव ढकाल
सेवाध्यक्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शुभकामना

वागर्थाविव सम्पृक्तौ वागर्थप्रतिपत्तये ।
जगतः पितरौ वन्दे पार्वतीपरमेश्वरौ ॥

तन्त्रस्य विविधान् विषयान् समाश्रित्य सरलपद्धत्या लेखकेन तान्त्रिके क्षेत्रेऽस्मिन् विशेषतः नेपालस्य सन्दर्भे अभूतपूर्वं पुस्तकमिदं लिखितं वर्तते । पुस्तकेऽस्मिन् पूर्वीयदर्शनानां मध्ये तन्त्रविषयकस्य वैज्ञानिकं पक्षं गृहीत्वा महत्वपूर्णरूपेण प्रतिपादनं कृतमस्ति ।

तान्त्रिकाः विषयाः संकलिताः उपस्थापिताः विश्लेषिताश्च सन्ति डा. मिलनकुमार थापा महोदयेन । वर्तमानकालिके परिवेशे तन्त्रविषये विविधा भ्रान्तयःसन्ति, ताः यथा बुद्धिया परिष्कृता लेखकेन अनेन । अत्र विषयावगाहने शैवतन्त्रस्य शाक्ततन्त्रस्य चापि प्रतिपादनं सुचिरं रुचिरं फलभरितमेतत् वर्तते शिवतत्त्वेन सह शक्तितत्त्वस्यापि सात्विकी उपासना विधास्यते ।

अस्माकमेव संस्थानतः डा. मिलनकुमार थापा तन्त्रविषये विद्यावारिधिमिति उपाधिं प्राप्तवान् अस्ति । **तन्त्रविज्ञान** नामकं पुस्तकं लिपिबद्धं कृतवान् अस्ति। **तन्त्रविज्ञाने**स्य नेपालदेशस्य विभिन्नेषु मन्त्र-तन्त्र-यन्त्रविषयेषु विस्तरेण विवेचनं प्रस्तुतवान् अस्ति । ग्रन्थस्यास्य पठनेनानेन ज्ञायते यत् स्वीयस्य दीर्घकालस्य नैरन्तर्यस्य सत्कारासेवितस्य चानुभवस्योल्लेखः कृतः लेखकेन

इदं प्राथम्येन तन्त्रस्य जिज्ञासूनां नितान्तंरूपेण जिज्ञासा तृप्ता भविष्यति

आशास्यते पाठकवर्गेषु अस्माभिः गुणग्राहकत्वेन भवितव्यं न तु दोषदर्शकत्वेन "इति शुभम्"

प्रा. डा. राम कृष्ण शास्त्री
अध्यक्ष
इन्डियन इन्स्टिच्युट अफ ओरियन्टल हेरिटेज
लेकटाउन, कोलकाता, भारत

२०७३ बैशाख, २६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दृढ इच्छाशक्ति भए चरम कठिनाइलाई सहज पार्न सकिन्छ

तन्त्रको प्रयोगात्मक विषयमा समाजलाई जानकारी दिने उद्देश्यले डा. मिलनकुमार थापाले तयार पारेको 'तन्त्रविज्ञान' नामक कृति प्रकाशित हुन लागेको थाहा पाउँदा मलाई अत्यन्त खुसी लागेको छ । तन्त्र र ज्योतिषको सम्बन्ध नङ र मासुको जस्तै अन्योन्याश्रित भएको विषय सर्वविदितै छ । नेपालका धर्मसंस्कृति, परम्परा र रितिरिवाज तन्त्रसँग जोडिएका छन् । त्यसमा पनि काठमाडौं, ललितपुर, भक्तपुरका शक्तिपीठ एवं देवस्थलहरूमा तान्त्रिक विधिबाट पूजा हुनेगरेको सबैमा विदितै छ । काठमाडौं उपत्यका प्राचीनकालदेखि नै तन्त्रको उर्वरक्षेत्र रहेको इतिहासको अध्ययनबाट पनि थाहा पाउन सकिन्छ । नेपालमा तन्त्रपद्धतिको आफ्नो छुट्टै पहिचान छ । शाक्त, शैव, बौद्ध र गोरखतन्त्रको भिन्नाभिन्नै तरिकाबाट प्रयोगहरू हुने गरेका छन् । यिनीहरूको मिश्रित विधिबाट साधना र प्रयोग गर्ने साधकहरू पनि हुनुहुन्छ । त्यस्ता साधकहरूको अवसानसँगै अनुभव लुप्त हुने अवस्थामा छ । लुप्त हुन लागेको ज्ञानलाई कसरी जोगाउने भनेर सोच्नुपर्ने बेला आएको छ । तन्त्रक्षेत्रमा रहेको परम्परागत अनुभवलाई कायम राख्नु, यस क्षेत्रमा लागेका व्यक्तिको पहिलो दायित्व हुन आउँछ । यो दायित्व पुरा गर्ने जिम्मेवारी भनेको युवा तान्त्रिकहरूको हो । हाम्रो मौलिक तन्त्रज्ञानलाई अग्रजहरूबाट युवावर्गमा सार्नु पर्ने चुनौति पनि हामीबीचमा छ । गुरु-शिष्यबीचको समन्वयबाट तन्त्रको मर्ममा पुग्न सकिन्छ । त्यत्तिकै तन्त्रसाधक बन्न सकिँदैन । कठिन साधनाले मात्रै तन्त्रसाधक बन्न सकिन्छ । डा. मिलनकुमार थापाले त्यस्ता कठिन साधनाहरू

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि सम्पन्न गरी समाजसेवा गर्दै आउनुभएको छ । उहाँको विशेषता भनेको दृढ लगनशीलता हो । दृढ इच्छाशक्ति भएमा जस्तोसुकै कठिनाइलाई पनि सहज पार्न सकिन्छ । यस क्षेत्रमा रहेका चुनौतिहरूलाई डा. मिलनकुमार थापाजस्ता जोसिला कर्मठहरूबाट मात्रै समाधान गर्न सम्भव छ । दक्षिण एशियाली ज्योतिष महासंघको तन्त्रविभागमा समेत सक्रिय रहनुभएका महासंघका केन्द्रीय उपाध्यक्ष डा. मिलनकुमार थापाले तन्त्रको वैज्ञानिक पक्षमा शोध, अनुसन्धान गरी सरल रूपमा सबैले बुझ्ने गरी लेख्नुभएको छ । 'तन्त्रविज्ञान' पुस्तक तन्त्रका अन्य पुस्तकहरूको समुहमा थपिएको पठनीय पुस्तकको स्थानमा स्थापित हुनसक्नेछ भन्ने विश्वास लिएको छु । अथक परिश्रम गरी लेखकले पठनीय कृति प्रकाशन गर्न लाग्नुभएकोमा बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

२०७३ बैशाख २१

डा. लोकराज पौडेल
अध्यक्ष
दक्षिण एशियाली ज्योतिष महासंघ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाल संस्कृत विश्वविद्यालयको समेत यसतर्फ कमै ध्यान पुगेको देखेकी छु

साधनामा रमाउँदै यसैमा जीवन समर्पित गरेका मेरा मित्र डा. मिलनकुमार थापालाई पुस्तकीय आकारमा देख्न पाउँदा खुशी लागेको छ । लामो समय साधना गरी, खोजमा बिताएर, सत्यतथ्यलाई कसी लगाई त्यसबाट प्राप्त फललाई पाठक माझ पस्कँदै हुनुहुन्छ । डा. थापाले यस पुस्तकमा आफ्नो विद्यावारिधिको अनुसन्धानलाई मूर्तरूप दिएको देखेँ । असाध्यै कम चासो रहेको तर खोज्नै पर्ने, गर्ने पर्ने विषयलाई उहाँले विद्यावारिधिको विषय बनाउनुभएको थियो । प्रारम्भमा मलाई पनि यो कसरी होला र ? जस्तो लाग्दथ्यो । उहाँले यसलाई साकार बनाएर अहिले प्रकाशनका लागि अहोरात्र खटिरहनुभएको छ ।

अधिकांश समय साधना, अनुसन्धान, समाजसेवामा खर्चिएर पछिल्लो समय त व्यक्तिगत जीवन पनि कमै बिताएको देखेकी छु । तन्त्र आफैँमा एक गम्भीर, जटिल र अनुसन्धेय विषय हो । यसको भेउ नपाउनेहरुलाई यो रुढीवादी र चियागफको चिन्तन हुन सक्छ । वास्तवमा तन्त्र हिमवत्खण्डबासी अझ नेपालीहरुले त वुझ्नै र जान्नै पर्ने विषय हो । तन्त्रभित्र हाम्रो इतिहास, संस्कृति, सभ्यता लुकेको छ । गाउँघरतिर अझैँ पनि यसलाई औषधोपचारका रुपमा प्रयोग गरिरहेका छन् । यसलाई नै युरोपतिर अनुसन्धानको केन्द्रबिन्दु बनाएर विभिन्न खोजअनुसन्धान भइरहेकाछन् । नेपालका विश्वविद्यालय अझ भनौँ नेपाल संस्कृत विश्वविद्यालयको समेत यसतर्फ कमै ध्यान पुगेको देखेकी छु । आफैँभित्रको विना थाहा नपाउनु हाम्रा लागि दुर्भाग्यको विषय हो जस्तो लाग्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यिनै परिस्थितिलाई मध्यनजर गर्दै डा. मिलनजीले सरल र सुबोध भाषामा यस पुस्तकलाई हामी सामु ल्याउँदै गरेको थाहा पाउँदा खुसी लागेको छ। तन्त्रका विविध पक्षहरुलाई समेटेर तयार पारिएको यस तन्त्रविज्ञान नामक पुस्तकमा तन्त्र, मन्त्र, यन्त्र एवं तान्त्रिकको वास्तविक स्वरुपलाई उजागर गर्नुभएको छ। सर्वसाधारणलाई लक्षित गरेर तयार पारिएर पनि सबै तह र तप्काका धर्मानुरागी महानुभावले अध्ययन र संग्रह गर्ने पर्ने ग्रन्थ बनेको छ। झट्ट हेर्दा तन्त्रमात्रै छ कि भन्ने भान भए पनि यसले वैदिक, तान्त्रिक विधाका बहुआयामिक पक्षहरुलाई प्रष्ट्याउने काम गरेको छ। तन्त्रभित्रका विविधता एवं यसले जनजीवनदेखि राष्ट्रिय जीवनमा खेल्ने भूमिकालाई छर्लङ्ग बनाउने काम गरेको छ।

वर्तमान परिप्रेक्ष्यमा हरेक क्षेत्रभित्र पसेका विकृतिले आक्रान्त वैदिक राष्ट्रलाई यस पुस्तकका माध्यमबाट यर्थाथ बुझ्न अवश्य पनि सहयोग पुग्नेछ। अर्थोपार्जनलाई भन्दा पनि संस्कृति, संस्कार, सभ्यताको श्रीवृद्धिमा आकर्षित बन्दै जानुभएका डा. थापा लेखनीमै समय बिताउँदै गएको देख्दा भविष्यमा धेरै आसा गर्ने ठाउँ देखेकी छु।

अम्बिका शर्मा
अध्यक्ष
बी.एस. फाउन्डेसन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गम्भीर तर सरल

मैले परमपूजनीय प्रातःस्मरणीय गुरुदेव डा. स्वामी प्रपन्नाचार्यजी महाराजज्यूबाट मन्त्र, तन्त्र र यन्त्रको बारेमा सुनेको थिएँ। उहाँका श्रीचरणमा रहेर अध्ययन गरेका विषयलाई तन्त्रविज्ञान सम्पादन गर्ने क्रममा पुनरावृत्ति गर्ने मौका पाएँ। हाम्रा शास्त्र र गुरुहरू नै पौरस्त्य परम्पराका सेतु हुन्। यो तन्तुलाई जोगाइराख्नु नेपाली र वैदिकधर्मका अनुयायीको कर्तव्य हो। त्यही भण्डारबाट आजसम्म यो परम्परा जीवित छ। नेपालको यही भूमिमा वेदका मन्त्र, आगमका तन्त्र र प्रविधिको यन्त्रलाई पुर्खाहरूले प्रचुरमात्रामा प्रयोग र परीक्षण गरेको देखिन्छ। कवीन्द्र उपनामले परिचित राजा प्रताप मल्लबाट तन्त्रका आधारमा निर्माण भएको स्वयम्भूस्थित प्रतापुर यसको उदाहरण हो। राम शाहका पालामा सिद्ध लखन थापा, दुर्लभसिद्ध लामिछानेको तन्त्रबल हामीबीच जीवितै छ। पृथ्वीनारायण शाहका पालमा आइपुग्दा काठमाडौँ खाल्डो, बाइसे-चौबिसे आदि राज्यमा पूजा, झारफूक, वान हान्ने, स्वरूप फेर्ने सम्मका कार्यमा तन्त्र परिचित थियो। पछिल्लो समयमा ओखलढुङ्गाका ज्ञानदिलदास एवं उनका सुपुत्र रविदिलदाससम्मले तन्त्रसाधनाबाट पानी पार्ने वा जनतालाई सेवासुविधा दिएको वर्णन सुन्न पाइन्छ। शैव, शाक्त, शावरलगायतका तन्त्रले अस्पताल, औषधि, अस्त्रको काम गरेका थिए। मेरुतन्त्र, तन्त्रमहोदधि, इन्द्रजाल, रुद्रयामलका साथै दुर्गासप्तशती नामक पुस्तकले तन्त्रलाई जगाइरहेका थिए। गुरुमुख वा वंशपरम्पराबाट तन्त्रज्ञान चल्दै आए पनि धनशम्शेरको पालासम्म आइपुग्दा पुस्तकीय स्वरूपमा अभिलिखत भएको पाइन्छ। हिमवत्खण्डका हरेका मनुष्यले जीवनमा मन्त्र, तन्त्र र यन्त्रको प्रयोग गरेकै छन्।

महाभारतको युद्धमा योद्धा र विद्वान्को सर्वनाश भयो। तक्षशीला, नालान्दा र विक्रमशिलाजस्ता विश्वविद्यालयको अवसान एवं गुरूपरम्पराको इतिश्रीसँगै हाम्रा ज्ञानहरू चुलाचौका र निश्चित वर्गमा सीमित हुन पुगे। यसबाट मन्त्र, तन्त्र, यन्त्र, राजनीति, इतिहास आदिको नाश मात्र होइन विनाशै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भयो भन्दा फरक पर्दैन । राजा, मन्त्री, विद्वान्, कृषक आदि सबैले तन्त्रको प्रयोंग गरेकै थिए । जयप्रकाश मल्ल हुन् वा प्रताप शाह सबैलाई यसमा विश्वास थियो । कर्णाली प्रदेशका ब्राह्मण हुन् वा माझ किरातका राई, मगरातका मगर, तामाङ हुन् वा पल्लो किरातका लिम्बूहरू सबैले तन्त्रको शरण लिएको पाइन्छ । आफ्नो इतिहासमा गर्व नगर्ने सन्तती बढ्दै गएपछि यिनीहरू एकादेशको कथा हुन लाग्यो । हिङ्ग बाँधेको टालोमा हिङ्गकै गन्ध आउँछ । बेलाबेलामा तिनै टालाहरूको चर्चा भएको सुन्दा पनि आफूलाई खुब खुसी र गर्व लाग्छ । यही क्रममा डा. थापाबाट **'तन्त्रविज्ञान'** कृतिको जन्म हुन लागेको देख्दा प्रसन्न हुनु स्वाभाविकै हो ।

डा. मिलनकुमार थापासँगको मिलन गुरुदेव डा. स्वामी प्रपन्नाचार्यज्यूकहाँ नै भएको थियो । त्यो मिलन स्वच्छ हृदयबाट भएको रहेछ र आजसम्म मित्रतामा उस्तै चमक आउँदैछ । उहाँकै नेतृत्वमा स्वामीजीलाई बृहत् सम्मानको कार्यक्रम सम्पन्न भएको थियो । सबैसँग मिल्ने, खरो स्वभाव र सहयोगी मन भएको एक तान्त्रिक साधकका रूपमा मैले त्योबेलादेखि चिन्दै आएको छु । उहाँले मलाई विश्वासको आधारमा आफ्नो विद्यावारिधिको थेसिस सम्पादनका लागि थम्याउनुभयो । आकार पनि भीमकाय, विषयवस्तु उस्तै जटिल, जिम्मेवारी निभाउनै गाह्रो । उहाँले सम्पादनका लागि आवश्यक सामग्रीहरू उपलब्ध गराई मलाई कुनै परिधिमा नबाध्ने कुरा पनि अवगत गराउनुभयो ।

तन्त्र आफैँमा बृहत्, वैज्ञानिक एवं अनेक रहस्यले भरिपूर्ण ज्ञानसागर हो । यसमा झारफुक गरेर चामल र द्रव्य बटुल्ने ज्ञान होइन बरु जनता, जगत् र जनार्द्धनलाई एकाकार गरी रामराज्य निर्माण गर्न सहयोग पुऱ्याउने विज्ञान छ । भोलेनाथले प्राणी र जगत् उद्धारका लागि माता पार्वतीलाई दिनुभएको ज्ञान जसलाई विष्णुले पनि स्वीकार्नुभएको छ, त्यस्तो सागरलाई गागरमा भर्ने काम डा. थापाले यस पुस्तकमा गर्नुभएको छ । सरल, सरस तरिकाले सर्वसाधारणलाई पनि उपयोगी हुने विधिलाई अपनाउँदै यसको मूलमर्मलाई चम्काउने काम गर्नुभएको छ । विभिन्न शास्त्रलाई मिलाएर डा. मिलनले पूरातनदेखि वर्तमानसम्मलाई मिलाउनुभएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा शैव र शाक्ततन्त्रहरूको अनुष्ठान र अनुयायी धेरै देखिए पनि अन्य तन्त्रको अभ्यास पनि उस्तै देखिन्छ । नेपालका तन्त्रसम्प्रदायमा अश्वक्रान्तं र रथक्रान्तसम्प्रदायको सम्मिश्रण छ । पहाडका धामी, झाँक्री, फेदाङ्वा, बिजुवा, लामा आदि र तराईमा अभ्यास भएका ओझा, वाम्जा, झाडिया, औरवटे आदि पनि तन्त्रकै रूप हुन् । ढ्याङ्ग्रो, खरानी, घण्टी, कुचोमा तन्त्रलाई सीमित गराउन थालेपछि यसको सत्त्वमा सातो गयो जस्तो लाग्छ । तन्त्रविज्ञानले तन्त्रको उत्पत्ति, प्रयोग, उपयोगिता, सान्दर्भिकता महत्व र गरिमालाई उजागर गर्ने काम गरेको छ ।

तन्त्रमा अभ्यास, गुरुमाथिको विश्वास र श्रद्धा, परम्परा, साधना विधि मुख्य रहन्छन् । किरातकाल, लिच्छविकाल मात्र होइन मल्लकालसम्म आइपुग्दा हिन्दू, बौद्ध र किरातधर्मका अनुयायीहरूले तन्त्रसाधनाका अनेक आयामलाई अभ्यासमा ल्याएका थिए । मल्लकालको अन्तिमतिर आइपुग्दा हरेक कोटका राजाहरूले अनिवार्यजस्तै कालिका वा दुर्गाको मन्दिर निर्माण गरी तन्त्रविधिले पूजा उपासना गरेको पाइन्छ । गोरखनाथबाट प्रचारित भएको शाबरतन्त्रको जग यही कालमा बसेको देखिन्छ । अहिले पनि धेरै जस्ता मानिसहरूले शाबरतन्त्रलाई अपनाइरहेको देखिन्छ । बाइसे, चौबिसेदेखि आधुनिककालसम्म शाबरको उपयोगिता बढीरहेको तन्त्रविज्ञानले प्रष्टरूपमा देखाएको छ ।

तन्त्र भनेको जडसूत्रवादी, रुढीवादी, अन्धतावादी भन्ने लहैलहै मौलाएको बेलामा तन्त्रसाधक डा. थापाले लेख्नुभएको तन्त्रविज्ञानले नयाँ चिन्तनको बिजारोपण गरेको छ । बीजले अनिकाललाई ध्वस्त बनाउँछ भन्ने दृष्टान्त साकार बनाउन यसले सहयोग गर्दछ भन्ने मलाई लागेको छ । तान्त्रिक बन्नेको होडचलिरहेको समयमा यो पुस्तकले मार्गदर्शक एवं सूचनाको काम गरेको छ । हाम्रो चाडपर्व, मठमन्दिर, नित्यनैमित्तिक पूजामा तन्त्रको उपस्थिति छ । वेद, त्रिपिटक, ग्रन्थसाहेब, मुन्धुम, बिजक आदि ओम्कार परिवारका ग्रन्थमा कतै न कतै तन्त्रको सुगन्ध आइरहेकै पाइन्छ । आराध्यदेव पशुपतिमा हुने अनुष्ठानमा पनि वैदिक र तान्त्रिक दुबै विधिको प्रयोग हुन्छ । मातृका, अष्टमातृका, दशमहाविद्या, नवदुर्गा यी सबै शक्तिको पूजा, उपासनामा तन्त्रकै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाहुल्यता पाइन्छ । तन्त्र वाङ्मय विस्तृत मात्रै होइन अत्यन्त विस्तारित वाङ्मय हो । त्यसैले ठूला-ठूला ऋषि, महर्षि आदिदेखि लिएर विद्वान् आचार्यहरूसम्म यसतर्फ आकषित भएको पाइन्छ । चन्द्र, सूर्य, अग्नि, इन्द्र, कुवेर आदिदेखि लिएर अगस्त्य, दुर्वासा, देवता, ऋषिमुनि तथा शङ्कराचार्य, अभिनवगुप्त आदि आचार्यहरू दश महाविद्याका उपासक थिए । महाविद्या भनेको महामन्त्र हो । तन्त्रवाङ्मयमा पुरुषवाचकमन्त्रलाई मात्र मन्त्र भन्ने प्रचलन थियो र अहिले पनि अश्वक्रान्तसम्प्रदायका कौल परम्परामा स्त्रीवाचक उपासनामन्त्रहरूलाई महाविद्या नै भन्ने गरेका छन् । यो काश्मीरी तान्त्रिक कौलहरूबाट जान्न सकिन्छ । यसको निष्कर्ष यही हो की स्त्रीवाचक देवी उपासना गर्ने मन्त्रलाई विद्या शब्दको प्रयोग गर्छन् भने पुरुषदेवको उपस्थापनलाई मन्त्र संज्ञा दिएको छ । यस विषयको बारेमा यहाँ सूचना दिने काम भएको छ ।

साधना कर्मद्वारा हुन्छ, गफबाट हुँदैन । साधनामै जीवन समर्पण गर्नुभएका डा. थापाले विद्यावारिधिको शोधपत्रलाई पुस्तकीय आकार दिनुभएको छ । सौभाग्यले मलाई यसको सम्पादन गर्ने सुअवसर मिल्यो । मलाई भाषागत ज्ञानमात्र छ यथेष्ठ विषयगत ज्ञान छैन । त्यसैले शब्द त्रुटिको जिम्मेवारी मेरै हो । मन्त्र जान्नेलाई मन्त्री र मन्त्रीले मन्त्रको प्रयोग गर्ने ठाउँलाई मन्त्रालय भनिन्छ । मन्त्रालयको अवशेष अहिलेसम्म देखिए पनि त्यसको परिपालना नेपालमै अतिकम देख्न पाइन्छ । यन्त्र बनाएर संसारलाई अधिनमा राख्ने हामी आर्य वंशजले कम्प्युटर, मोबाइल, जहाजजस्ता यन्त्रमा परनिर्भर बन्नु परेको छ । यस विषम परिस्थितिमा जन्मिएको तन्त्रविज्ञानले पितापुर्खाको ज्ञानलाई आत्मबोध गराउँदै हाम्रा विद्या, गौरव र गर्वलाई अवश्य जानकारी दिनेछ । डा. थापा विद्याको उजागर, विकृतिको निवारण गर्न निस्केका योद्धा हुन् । उनका लेखनी र हृदयमा तन्त्रका साथै संस्कृतिको अमिट छाप परेको छ । अरु द्रव्य र पदतिर लागेको छन् उहाँ तन्त्रको श्रीवृद्धिमा लाग्नुभएको छ । यो भाव भोलेनाथ र जगन्माता पार्वतीले सदा संरक्षित गरिदिऊन् भन्ने प्रार्थना र शुभकामना अर्पण गर्दछु ।

- हरिप्रसाद सोडारी

२०७३ बैशाख २८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रलाई अन्धविश्वासमा होइन विज्ञानमा खोजौं

पछिल्लो समय तन्त्रपद्धति र तन्त्रविधामा बृद्धदेखि युवासम्मको आकर्षण बढ्दै गइरहेको छ। त्यसैले तन्त्रका विषयमा सर्वसाधारणलाई सरल भाषामा जानकारी दिने उद्देश्यले मैले यो कृति तयार पारेको हुँ। विगत १८ वर्षदेखि तन्त्रका विषयमा रुचीका साथ अध्ययन र अनुसन्धान गर्दै रहँदा कृति लेख्ने इच्छा जागेको हो। तन्त्रविषयमा विद्यावारिधी गरेपछि तन्त्रसम्बन्धी पुस्तक लेख्ने अठोट गरेँ। २०७१ सालको कात्तिक महिनामा म र सी.आई.एन.का कार्यक्रम प्रमुख वरिष्ठ पत्रकार दीपक आचार्यले संयुक्तरूपमा लेखेको **'ज्ञानशाला भाग एक'** पुस्तकको लोकप्रियता बढेको देख्दा र त्यसले समाजमा पारेको सकारात्मक प्रभावका कारण पनि यो पुस्तक तयार गर्न अभिप्रेरित गरेको हो। पाश्चात्य धर्म-संस्कृतिलाई प्राथमिकता दिएर वैदिकधर्म-संस्कृतिबाट परिपोषित तन्त्रविधाजस्ता महत्वपूर्ण विषयलाई छोड्न थालेको अवस्थामा यो पुस्तक लेखिएकाले यसको महत्व र उपयोगिता धेरै हुने मैले विश्वास लिएको छु। धर्म-संस्कृति संरक्षण अभियानमा जुट्दै अनेकौँ धार्मिक संघसङ्गठनको नेतृत्व गर्दा एवं विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय सम्मेलनहरूमा सहभागी हुँदा पनि मलाई एउटा खोजमूलक तन्त्रसम्बन्धी पुस्तकको आवश्यकता छ भन्ने लागिरहन्थ्यो। २०७२ कार्तिक महिनादेखि भक्तिदर्शन टेलिभिजनमा **'तन्त्रविज्ञान'**सम्बन्धी कार्यक्रम सञ्चलन गर्न थालेपछि त मलाई तन्त्रसम्बन्धी समाजमा व्याप्त भ्रमलाई चिर्नका लागि पनि यो कृतिको आवश्यकता छ भन्ने महसुस भयो। हिन्दूधर्मावलम्वी एवं ओम्कार परिवारका अन्य धर्मावलम्वीहरूले पनि तन्त्रमा विश्वास गरेको पाइन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तकमा तन्त्र, मन्त्र, यन्त्र र योगका विषयहरूलाई सबैले बुझ्ने गरी प्रस्तुत गर्ने प्रयत्न गरेको छु । "तन्त्रलाई अन्धविश्वासमा होइन विज्ञानमा खोजौँ" भन्ने मेरो संस्था **'श्रीहनूमान् तन्त्र शिव-शक्ति साधना तथा रिसर्च सेन्टर'**को उद्देश्यलाई पुरा गर्नका लागि यो पुस्तकले सहयोग पुऱ्याउँछ भन्ने विश्वास लिएको छु ।

तन्त्र विषयमा विद्यावारिधि गर्दा बुझाएको थेसिसमा समावेश गरेका विषयहरूलाई पनि सरल रूपमा सबैले बुझ्ने गरी यो पुस्तकमा पस्कने प्रयास गरेको छु । तन्त्र विधाका गुरु भगवान् शिवबाट नै आएको हुनाले पनि शिवको वर्णन र उनै भोलेबाबा पशुपतिनाथका बारेमा पनि बढी केन्द्रित हुने प्रयास गरेको छु । तन्त्र, मन्त्र र यन्त्रलाई राम्रोसँग नबुझ्दा तन्त्र, तन्त्रसाधक र तान्त्रिकदेखी डराउने समस्या एकातिर छ भने अर्कोतिर यसको गलत प्रयोग पनि भइरहेको छ । त्यसैले सबै पाठकले यसको सामान्य ज्ञान प्राप्त गर्ने गरी जानकारीहरू प्रस्तुत गर्ने प्रयास गरेको छु । समाजमा फैलिएको तन्त्रसम्बन्धी गलत धारणालाई समाप्त गर्न पनि यसले ठूलो भूमिका खेल्ने विश्वास लिएको छु ।

यस कृतिमा मैले मन्त्रको महत्वलाई जोड दिँदै मन्त्रका विविध पक्षलाई समेट्ने प्रयास गरेको छु । साधना र योग गर्ने तरिकाहरूलाई पनि यो पुस्तकमा सङ्कलन गर्ने प्रयास गरेको छु । यो पुस्तक तयार गर्ने क्रममा विभिन्न लेखक तथा विज्ञहरूसँग पनि मैले सल्लाह तथा सुझाव लिएको थिएँ । उहाँहरूको पुस्तकका केही महत्वपूर्ण विषयलाई पनि मैले यस पुस्तकमा साभार गरेको छु । उहाँहरूप्रति कृतज्ञ छु र कृतज्ञता अर्पण गर्दछु ।

यो पुस्तक सम्पादन गरिदिनु हुने धर्म-संस्कृतिका ज्ञाता एवं लेखक हरिप्रसाद सोडारीज्यूलाई विशेष धन्यवाद दिन चाहन्छु । प्रकाशनका लागि सल्लाह सुझाव दिनु हुने सी.आई.एन.का कार्यक्रम प्रमुख दीपक आचार्य र प्रशिक्षक तारा नेपालमा आभार व्यक्त गर्दछु । ज्ञानवृद्ध, वयोवृद्ध, वरिष्ठ संस्कृतविद् एवं नेपाल आमाका सपूत सत्यमोहन जोशीप्रति कृतज्ञ भई कृतज्ञता ज्ञापन गर्दछु । तन्त्रका साथै सन्मार्गमा लाग्न उहाँबाट प्राप्त प्रेरणालाई मैले शब्दमा वर्णन गर्न सक्दिनँ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली साहित्यका मर्मज्ञ, नेपाल संस्कृत विश्वविद्यालयका सेवाध्यक्ष गुरुवर प्रा. डा. वेणीमाधव ढकालज्यूको आशीर्वचनलाई शिरोधार्य गर्दै उहाँले मप्रति देखाउनुभएको प्रेरणालाई नमन गर्दछु । ज्योतिर्विद् एवं मेरा मार्गदर्शक गुरुवर डा. लोकराज पौडेलज्यूबाट प्राप्त शुभकामनाले मलाई केही गर्ने ऊर्जा प्रदान गरेको संझन्छु । प्रा.डा. रामकृष्ण शास्त्री, डा. सत्य विश्वास, डा. सुवोध शुक्ला, अम्बिका शर्मालगायतको सद्भाव, सहयोग र मार्गदर्शनलाई म विशेष धन्यवाद अर्पण गर्न चाहन्छु । प्रकाशनमा सहयोग पुऱ्याउनुहुने सम्पूर्ण महानुभावप्रति विशेष आभार प्रकट गर्दछु । मेहनतका साथ यस पुस्तकलाई डिजाइन गरिदिने अग्निराज पौडेललगायत सहयोग गर्नुहुने शुभेच्छुहरूलाई पनि धन्यवाद अर्पण गर्न चाहन्छु । मेरो भाव र व्यस्ततालाई परिवारले बुझिदिएकै कारण कलम चलाउन ठूलो सहयोग पुगेको छ । श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टरका सम्पूर्ण सहकर्मीहरू पनि धन्यवादका पात्र हुनुहुन्छ । यो पुस्तक तयार पर्दा सहयोग लिएका पुस्तकका रचनाकारहरू, हाम्रा ऋषिमुनि, तन्त्रमा जीवनसमर्पण गरेका सम्पूर्ण अग्रजका श्रीचरणमा सभक्ति नमन टक्र्याउँछु ।

अन्तमा मैले यो पुस्तक विज्ञ, अनुभवी महानुभावहरूलाई भन्दा पनि जिज्ञासुहरूलाई ध्यानमा राखेर लेखेको हुनाले भाषागत पाण्डित्याइँ, क्लिष्ट शैली र गम्भीर विषयवस्तुभन्दा टाढा रहेर तयार गरेको छु । अर्को शब्दमा भन्दा तन्त्रसाधनाका सामान्य विद्यार्थी र साधककेो हैसियतले तयार पारेको यो पुस्तकमा त्रुटि तथा कमीकमजोरी हुन सक्छन् । नीरक्षीरपेशल एवं कृतज्ञ महामनाहरूबाट सुझाव, सल्लाह र मार्गदर्शन पाउने अपेक्षाका साथ आगामी प्रकाशनमा कुनै गल्ती र कमजोरी भए सच्याउने प्रयास गर्नेछु । साथै आगामी प्रकाशनको रूपमा **'खोजदर्शन'** नामक कृति यथाशीघ्र प्रकाशनमा आउने पनि जानकारी गराउन चाहान्छु ।

२०७३ जेठ ५

डा. मिलनकुमार थापा
अध्यक्ष
श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषयक्रम

खण्ड-एक १-७०

- आगमको परिभाषा, विकास र परम्परा १
- आगमको आविर्भाव र प्रकारहरू........ ९
- आगम र तन्त्रको रहस्य........ १४
- तन्त्रभित्रका उपासना, जप र लक्ष्यहरू........ १७
- तन्त्र र यसका विविध पक्ष २३
- तन्त्र र शिवमाथि एक चिन्तन........ २८
- साधकले बुझ्नै पर्ने तथ्य........ ३६
- तान्त्रिक मुद्राहरू ३९
- तन्त्रमा जपको गरिमा........ ४७
- तन्त्रमा योग र आगम........ ४९
- तन्त्रको प्रधानता ५२
- तन्त्रका भेदहरू........ ५५
- नेपालमा तान्त्रिक परम्परा........ ५९
- तन्त्रमा दीक्षाको महत्त्व........ ६३

खण्ड-दुई ७१-१०६

- मन्त्रको अर्थ र अन्य विवेचन........ ७१
- मन्त्रमा जपको विधान........ ८१
- शाबरमन्त्र........ ८६
- मन्त्रको स्त्री, पुरुष, नपुंसकादि निरूपण........ ८९
- गुरु महिमा........ ९४
- दीक्षितको गुरूप्रतिको आचरण........ ९८
- दीक्षाका लाभ १०१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खण्ड-तीन १०७-१५८

- शैवागमद्वारा प्रतिपाद्य दर्शन १०७
- आगममा षट्को प्रयोग र महत्त्व ११२
- ज्योतिषशास्त्रसँग तन्त्रशास्त्रको सम्बन्ध ११७
- कलश पूजाको नियम १२८
- हवन, कुण्ड, द्रव्य र बह्नि १३०
- स्रुक र स्रुवको नियम १३४
- मालाका प्रकार १३६
- जप विधान १४२
- यन्त्रको प्रयोग र ज्योतिषीय मान्यता १४६

खण्ड-चार १५९-१८४

- विभिन्न यन्त्र र तिनीहरूको उपयोगिता १५९

खण्ड-पाँच १८५-२००

- आसन विधान एवं प्रयोग १८५

खण्ड-छ २०१-२२६

- पञ्चमकार र पञ्चतत्त्व २०१
- पाशुपत सिद्धान्त २०७
- शिवलिङ्गको पूजा २११
- तन्त्रमा पाशुपत साधना २१६

खण्ड-सात २२७-२६४

- विभिन्न तन्त्र, सम्प्रदायबीचको समानता २२७
- नाथसम्प्रदाय र शाबरमन्त्र २२९
- बौद्धतन्त्र र गोरखतन्त्र २३१
- दक्षिणमार्ग र वाममार्गको तुलना २३३
- नेपालमा स्थापित मन्दिरहरूको पूजाक्रम २५०
- Tantra is related to Science २५५
- सन्दर्भ ग्रन्थ तथा पत्रिकाहरू २६३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskr ndu Collection

आगमको परिभाषा, विकास र परम्परा

प्राचीनकालदेखि आर्यावर्तमा ज्ञान र विज्ञानको वैभाव थियो भन्ने विषयलाई वेद, ब्राह्मण, आरण्यक, ज्योतिष, व्याकरण, दर्शनलगायतका ग्रन्थले पुष्टि गर्दछन् । पितापुर्खाका ज्ञान-विज्ञान परम्परालाई निरन्तरता दिन गुरुकुल, वंशपरम्पराले निकै सहयोग गरेको पाइन्छ । चिन्तन, मनन, निदिध्यासनका माध्यमले एक पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरेको देखिन्छ । यही परिवेशमा निगम र आगमको अङ्कुरण भई हुर्केर फूल्दै फल्दै आएको प्रष्टै छ । निगम र आगमलाई शास्त्र भनिन्छ । वेदलाई निगम भनिन्छ भने तन्त्रलाई आगम भनिन्छ । विभिन्न ऋषिमुनिहरूले साधनाका बलबाट पाएको अमृततत्त्व, ज्ञानको भण्डारलाई मन्त्र भनिन्छ । वेदमा मन्त्रको संग्रह छ । परमात्मा शिवबाट प्राप्त ज्ञानराशिलाई आगम भनिन्छ । भास्कर राय, राघव भट्ट आदिले तन्त्रलाई वेदसमान मानेका छन् भने श्रीकण्ठाचार्यले तन्त्रलाई पनि श्रुतिकै समान स्वतः प्रमाण भनेका छन् । जसलाई पुष्टि गर्न अन्यको सहयोग लिनुपर्दैन त्यसलाई स्वतः प्रमाण भनिन्छ । तन्त्र आफैँ शास्त्र एवं देव वाक्य भएकाले कसैको साथ लिएर पुष्टि हुनुपर्दैन । स्वयं शिवबाट पर्वतकी पुत्री पार्वतीले श्रवण गरेको तन्त्रलाई परमपावन शास्त्र भनिन्छ ।[१] शिवका पञ्चमुख क्रमशः सद्योजात, वामदेव, तत्पुरुष, अघोर र ईशान चराचर जगत्को आधार हो । यसैबाट ज्ञानको सृष्टि, प्राणीको पालन एवं संहार भएको छ । नटराज शिवबाट नै व्याकरणका

१ आगतं शिववक्त्रेभ्यो गतं च गिरिजाश्रुतौ ।
तदागम इति प्रोक्तं शास्त्रं परमपावनम् ॥

-शारदातिलक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चौध सूत्रको जन्म भएको हो । आयुर्वेदमा वैद्यनाथ, नाट्यशास्त्रमा नटराज, तन्त्रमा शिवको स्थान अनादिकालदेखि अग्रस्थानमा रहेको छ प्रष्ट हुन्छ ।

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागममुच्यते ॥

अर्थात् 'भगवान् शिवका सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशान र कालाग्निरुद्रसमेत ६ मुखबाट निस्केको (स्वयं शिवले गुरूपदमा रहेर उपदेश गरेको), पार्वतीले शिष्यभावमा रहेर (कुब्जेश्वरी, सिद्धेश्वरी, गुह्येश्वरी, पूर्णेश्वरी, निशेश्वरी, कामेश्वरी र वज्रेश्वरीका रूपमा) प्राप्त गरेको, वासुदेवले पनि मानेको विद्या नै आगम हो ।' तन्त्रको प्रतिफल प्राप्त गर्न त्यसको ज्ञान र साधनाका पक्षमा विशेष ध्यान दिनुपर्छ । रजोगुण र तमोगुणबाट निर्मुक्त भई आप्त हुनुपर्छ । तपस्या र ज्ञानका बलले भूत, वर्तमान र भविष्य तीनै कालको निर्मल र अव्याहृत ज्ञान प्राप्त गरेका शिष्य वा ज्ञानवान् पुरुष आप्त हुन् । ती तत्त्वज्ञानी हुन्, शास्त्रका वास्तविक तत्त्वको ज्ञान तिनीहरूलाई हुन्छ । तिनीहरूले बताएको ज्ञान र देखाएको मार्गदर्शनले यस लोक र परलोक दुबैमा हित हुन्छ । पुष्टि, तुष्टि, सृष्टि, प्रलय, देवताका अर्चनप्रक्रिया, सबै साधना प्रणालीहरू, पुरश्चरणका विधि-विधान, षट्कर्मसाधन (१.शान्तिकरण २.वशीकरण ३.स्तम्भन ४.विद्वेषण ५.उच्चाटन ६.मारण) र चार प्रकारका ध्यानयोग (हठ, राज, मन्त्र र लययोग) का समग्र वर्णन भएको विद्या नै आगमविद्या हो । अभ्युदय र निःश्रेयशका उपायहरू बताउने विद्या आगमविद्या हो । समस्त पुरातन व्यवहारहरूको प्रसिद्धि जहाँ वर्णित छ, त्यो आगम हो । सम्पूर्ण सम्बोधी स्वरूप, परम अद्वैतका रूपमा प्रतिष्ठित तत्त्वको वास्तविक स्वरूपलाई छर्लङ्ग तुल्याउने शास्त्रलाई आगमशास्त्र भनिन्छ ।

आगमको उत्पत्ति कुन मिति र तिथिमा भयो भन्ने आधार भेटिँदैन । त्यसैले आगमलाई आदिम शास्त्र भन्न सकिन्छ । कुल्लूक भट्टले (द्विविधा हि ईश्वरप्रणीताः मन्त्रग्रन्था, वैदिकाः तान्त्रिकाश्च) वैदिक र तान्त्रिक दुई धार्मिकग्रन्थ ईश्वरले बनाएको बताएका छन् । प्राचीनकालदेखि नै यसको अभ्यास, प्रयोग र परीक्षण भारतवर्षमा हुँदै आएकाले अनादि हो भनी अनुमान गर्न कुनै गाह्रो पर्दैन ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहन्नीलतन्त्रमा 'आदौ च वैदिकीं सन्ध्यां कृत्वाचागम सम्मताम्' अर्थात् पहिले वैदिक पद्धतिबाट सन्ध्या गरिसकेपछि आगमविधिबाट पनि गर्ने विषयको चर्चा छ। अग्निपुराणमा वैदिक, तान्त्रिक एवं मिश्रित गरी उपासनाका तीन विधिको वर्णन छ। वेदोक्त मन्त्रबाट दीक्षित अर्थात् वैदिक र तन्त्रोक्त विधिबाट दीक्षित व्यक्ति आगमको अधिकारी हुन्छ।[२] शाक्त सम्प्रदायलाई आगममा महत्त्वपूर्ण स्थान दिइएको छ। यसले देवी वा मातृशक्तिलाई आधार मान्दछ। ऋग्वेदमा पनि भगवती देवी नै रुद्र, वसु, आदित्य एवं विश्वदेवको रूपमा विचरण गर्दै उनैले मित्र, वरुण, इन्द्र, अग्नि र अश्विनीकुमारको रूप धारण गरेको चर्चा छ।[३] आगमलाई टेवा पुग्ने विषय र चर्चा वेद, ब्राह्मणग्रन्थ, आरण्यक, उपनिषद् एवं सूत्र ग्रन्थहरूमा पनि भेटिन्छ। देवीभागवत्को देवीगीता, मार्कण्डेयपुराणको दुर्गासप्तशती एवं देवीमहात्म्य, ब्रह्माण्डपुराणको ललितासहस्रका साथै कालिका उपपुराणमा पनि यसको व्याख्या छ। यी विषयबाट पनि आगम प्राचीन हो, मानवजातिको उत्थानका लागि हो भन्ने तथ्य आफैँ प्रष्ट हुन्छ। नेपालको सन्दर्भमा हेर्ने हो भने लिच्छवि, मल्ल एवं आधुनिककालसम्म आइपुग्दा आगमलाई गुरुकुल र वंशपरम्परामा सीमित गराउन थालेको देखिन्छ। ऐतिहासिक तथ्य, शास्त्रीय प्रमाणका आधारमा हेर्दा आर्यावर्तमा नै आगमको उत्पत्ति, विकास र प्रयोग भएको अनुमान गर्न कुनै गाह्रो पर्दैन। आगमहरू समय, स्थान, परिस्थिति, सम्प्रदायअनुसार केही भिन्न भएको देखिन्छन्। तन्त्रको अध्ययन र साधनाकालमा निम्न पक्षमाथि विशेष ध्यान दिनुपर्छ।

(क) परावाक्-

यो सबैको मूल हो। यही सम्पूर्ण बोधरूप हो र पूर्वस्थिति हो। समस्त भावहरू यस स्थितिमा पूर्ण रहन्छन्। समस्त शास्त्रहरू अनन्तकालदेखि बोधस्वरूपले यसै स्थितिमा निहित छन्। यही देवताको परम शक्ति हो।

---

२ वैदिकी वैदिकैः कार्या वेददीक्षासमन्वितैः ॥
तन्त्रोक्तदीक्षावद्भिस्तु तान्त्रिकी संश्रिता भवेत् ॥

-देवीभागवत ७।३९।४-५

३ अहं रुद्रेभिर्वसुभिश्चराम्यहमादित्यैरुत विश्वदेवैः।
अहं मित्रावरुणांभा विभर्म्यहमिन्द्राग्नि अहिमश्विनोभा ॥

-ऋग्वेद १०।१०।१२५।१

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) पश्यन्तीभूमि-

सृष्टिका उन्मेषमा परावाक्मा ज्ञानस्वरूप भएर रहेका समस्त शास्त्रहरू बहिर्मुख भई अवतरित हुन्छन् । सर्वप्रथम 'म' भन्ने ज्ञानको उदय हुन्छ अन्तहृदयमा । यस स्थितिमा पनि परम बोध स्फुट हुँदैन, वाच्य-वाचक भाव पनि रहँदैन ।

(ग) मध्यमाभूमि-

परमेश्वर आफैँलाई गुरु र शिष्य दुई अंशमा विभक्त गर्दछन् । यहीँ गुरुले शिष्यलाई बताएझैँ गरेर गुप्तज्ञानलाई प्रकट गर्दछन् । यसबेला पनि यी शास्त्रहरू अस्फुट रहन्छन् ।

(घ) वैखरीभूमि-

यस स्थितिमा ती ज्ञानहरू शास्त्रका रूपमा अवतरित हुन्छन् । वास्तवमा भन्ने हो भने अद्वयमार्गमा परमार्थसत्तारूप संविद् नै सबैथोक हो । प्रष्टा शिष्य र वक्र गुरुको भेद नै वास्तविक होइन । पारमार्थिक र पूर्ण स्वभाववाला संविद्तत्त्व नै पश्यन्ती, मध्यमा र वैखरीभूमिमा स्फुट हुन्छन् ।

गुरुशिष्यपदेऽप्येष वेद्यभेदोऽप्यतात्विकः ।
प्रष्टी च प्रतिवक्त्री च स्वयं देवी (संविद्) व्यवस्थिता ॥

शिवको शरीर भौतिक शरीर नभएर शक्तिमय शरीर हो । उनका पाँच शक्ति भनेका चित्, आनन्द, इच्छा, ज्ञान, क्रिया हुन् । वास्तवमा महेश्वर एउटै छन् । उनका शक्तिहरूका सम्बन्धका भेदबाट अनेकता र भेदजस्ता कुराहरू देखिन्छन् । यसपछि मात्रै भेदप्रधान, भेदाभेदप्रधान र अभेदप्रधान अवस्थाहरू प्रकट हुन्छन् ।

(क) भेदप्रधान दश अवस्थाका आगमहरू:- कामिक, योगज, चिन्त्य, मुकुट, अंशुमत्, दीप्त, अजित, सूक्ष्म, सहस्रसुप्रभेद प्रकट हुन्छन् । यसलाई शैवागम भनिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) भेदाभेदप्रधान अठार अवस्था- शिवका भेदाभेदप्रधान अवस्थाहरू अठार वटा छन् । यिनीहरूबाट अठारवटा रौद्र आगमहरू प्रकट हुन्छन् । ती हुन् विजय, निश्वास, मद्गीत, पारमेश्वर, मुखबिम्ब, सिद्ध, सन्तान, नारसिंह, चन्द्रांशु, वीरभद्र, आग्नेय, स्वयम्भू, विसर, रौरव, विमल, किरण, ललित र सौरभेय ।

(ग) अभेदप्रधान चौसठ्ठी अवस्थाः- परमेश्वरका अभेदप्रधान चौसठ्ठी अवस्था छन् । यी भैरवावस्था हुन् । यिनीहरूबाटै चौसठ्ठी अभेद प्रधान भैरवागमहरू प्रकट हुन्छन् । जसलाई निम्नानुसार वर्ण गरिएको छ ।

१.	**भैरवाष्टकः**	स्वच्छन्द, भैरव, चण्ड, क्रोध, उन्मत्त, असिताङ्ग, महोच्छूष्म र कंकालीश ।
२.	**यामलाष्टकः**	ब्रह्मा, विष्णु, रुद्र, अथर्वण, रुरु, बेताल र स्वच्छन्द ।
३.	**मताख्याष्टकः**	रक्ताख्य, लम्पटाख्य, लक्ष्मी, मत, चालिका, पिङ्गला, उत्फुल्लक र विश्वाद्य ।
४.	**मङ्गलाष्टकः**	भैरवी, पिचु, समुद्भव, ब्रह्मीकला, विजया, चन्द्राख्या, मङ्गला र सर्वमङ्गला ।
५.	**चक्राष्टकः**	मन्त्रचक्र, वर्णचक्र, शक्तिचक्र, कलाचक्र, विन्दुचक्र, नादचक्र, गुह्यचक्रः।
६.	**शिखाष्टकः**	भैरवी, वीणा, वीणमणि, सम्मोह, डामर, आथर्वक, कवान्ध, शिरश्छेद ।
७.	**बहुरूपाष्टकः**	अन्धक, रुरुभेद, अजाख्य, मूलसंज्ञक, वर्णकण्ठ विडङ्ग, ज्वालित, मातृरोदन ।
८.	**वागीशाष्टकः**	भैरवी, चित्रिका, हंसाख्य, कादम्बिका, हल्लेखा, चन्द्रलेखा, विद्युल्लेखा र विद्युन्मान ।

वास्तवमा विश्वगुरुकी विमर्श सबै रूपिणी शक्ति आफू एउटै भएर पनि भिन्न-भिन्न भावार्थका रूपमा प्रस्फुटित हुन्छिन् । यही सत्य हो । यिनीहरूका अतिरिक्त दुई सय सात आगमहरूको पनि उल्लेख पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परशिवबाट सृष्टिको शुभारम्भ हुनुभन्दा पहिले आकाशस्वरूप परशिवबाट शब्दको प्रादुर्भाव भयो। त्यसबाट अक्षर र त्यसबाट पनि अनुत्तम शब्दराशि उत्पत्ति भयो। यस शब्दराशिमा नौ वर्ग र पचास भेद छन् अ, क, च, ट, त, प, य, श, ह यी नौ वर्ण र 'अ' वर्गका 'अ' देखि अःसम्म सोह्र, क वर्गमा कदेखि ङसम्म पाँच, च वर्गमा चदेखि ञसम्म पाँच, ट वर्गमा टदेखि णसम्म पाँच, त वर्गमा तदेखि नसम्म पाँच, प वर्गमा पदेखि मसम्म पाँच, य वर्गमा य, र, ल, व एवं श वर्गमा श, ष, स त्यस्तै 'ह' वर्गमा 'ह' अनि क्ष यी पचास भेद भए। यी पचास भेदहरू भएको शब्दराशिलाई योनि बीजात्मक मानिएको छ। पचास स्वरवर्ण र बाँकी चौतीस व्यञ्जन वर्ण योनिरूप हुन्। यिनै योनि बीजात्मक शब्दराशिबाट ग्रन्थहरू प्रादुर्भाव भएका हुन्। त्यसमा पनि पाँच मुखबाट अनेक उत्पन्न भएका छन्।

क.	सद्योजातबाट	कामिक, योगज, चिन्त्य, कारणर अजित।
ख.	वामदेवबाट	दीप्त, सूक्ष्म, सहस्त्र, अंशुमत् र सुप्रभेद।
ग.	अघोरबाट	विजय, निःश्वास, स्वायम्भुव, अनल र वीर।
घ.	तत्पुरुषबाट	रौरव, मुकुट, विमल, चन्द्रज्ञान र बिम्ब।
ङ.	ईशानबाट	प्रोद्‌गीत, ललित, सिद्ध, सन्तान, सर्वोत्तर, पारमेश्वर, किरण र वातुल।

चौसठ्ठी आगमहरूचाहिँ शिवका पाँचै मुखहरूमा अन्तर्लीन भएर योगिनीवक्त्र बनेर यसैबाट प्रकट भएका हुन्। यी आगमहरू सदाशिव मूर्तिभैँ अङ्गप्रत्यङ्ग, उपवीत, हार, अलङ्कार एवं वस्त्रहरू हुन्। यसकारण शिवज्ञान स्वयं शिवदेखि भिन्न छैन। आगमका श्रोताहरू निम्नानुसार रहेका छन्।

(क) कामिकका प्रणव, त्रिकलहर, योगजका सुधाख्य भस्म, विभु, चिन्त्यका दीप्त गोपति, अम्बिका, कारणका कारण, शर्व प्रजापति, अजितका सुशिव, शिव, अच्युत, दीप्तका ईश त्रिमूर्ति हुताशन, सूक्ष्मका सूक्ष्म वैश्रवण प्रभञ्जन, सहस्रका काल भीम धर्म, अंशुमद्‌का अंशु उग्र रवि, सुप्रभेदका दिशेश गणेश शशी हुन्।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ख) विजयका अनादिरुद्र परमेश्वर, निश्वासका दशार्ण शैलसम्भव, स्वयम्भुवका निधन पद्मसम्भव, अनलका व्योम, हुताशन, वीरका तेज प्रजापति, रौरवका ब्राह्माणेश नन्दिकेश्वर, मुकुटका शिव महादेव, विमलका सर्वात्मन् वीरभद्र, चन्द्रज्ञानका अनन्त बृहस्पति, मुखबिम्बका प्रशस्त दधीची, प्रोद्‌गीतका शूलिन् कवच, ललितका आलय रुद्रभैरव हुन् ।

(ग) सिद्धका बिन्दु चण्डेश्वर, सन्तानका शिवनिष्ठ संशयायन, शर्वोक्तका सोमदेव नृसिंह हुन् ।

(घ) पारमेश्वरका श्रीदेवी उशनस्, किरणका देवतार्क्ष्य संवर्त, वातुलका शिव महाकाल हुन् ।

ज्ञान एक पुस्ताबाट अर्कोमा हस्तान्तरण हुँदै आजसम्म आइपुगेको हो । गीतामा पनि अर्जुनलाई श्रीकृष्णले यी विषयको जानकारी दिएका छन् । आगममा पनि यो परम्परा देखिन्छ । ध्यान, ज्ञान, उपासनाबाट इष्ट सिद्धि गर्न गुरुको आवश्यक पर्दछ । सबैभन्दा पहिले बुबा वा घरबाट प्राप्त ज्ञान लिनुपर्छ । जिज्ञासुले योभन्दा पनि अरु जान्ने इच्छा भएमात्र बाहिर जाने हाम्रो प्रचलन थियो । वेद, आगमलगायतका शास्त्रहरू वंशपरम्परा वा गुरूपरम्पराबाट आजसम्म चल्दै आएको छ । रौरवतन्त्रमा रुरुका वचनअनुसार परमेश्वर शिवका मुखबाट श्रीकण्ठले शिवज्ञान प्राप्त गरे । श्रीकण्ठले देवीलाई, देवीले नन्दीशलाई, नन्दीशले ब्रह्मालाई, ब्रह्माले इन्द्रलाई उपदेश गरे । उनीबाट ऊर्वले अनि ऋचीकले, उनीबाट रामले, रामबाट रुरुले शिवज्ञान प्राप्त गरे । यो शिवज्ञानको गुरुवंश हो । यस दृष्टिले आगम ज्ञान प्राचीनतम देखिन्छ ।

आगमको प्राचीनता प्रमाणित गर्न शास्त्रीय र आधुनिक दुबै दृष्टिले सम्भव छ । शास्त्रीय दृष्टिले आगमोक्त शिवज्ञान स्रोत वेद नै हुन् । ऋक्, साम, यजुर् र अथर्व चारै वेद एवं उपनिषद्‌हरूमा आगममा बताइएका शिवज्ञानको मूल फेला पर्दछन् । यसैले आगम पूर्ण वैदिक ज्ञान हो । विभिन्न पुराण एवं महाभारतरूपी इतिहासमा पनि यसको वर्णन पाइन्छ । श्रीकण्ठ शिवले दुर्वासालाई, उनले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्र्यम्बकलाई, उनले आफ्ना चौध मानसपुत्रलाई उपदेश गरे, त्यसपछि अनेकौँ ऋषि, मुनि, दार्शनिकहरूमा अवतरित हुँदै यो ज्ञान आजसम्म आइपुगेको छ। आगमहरूमा दुई प्रकारका ब्रह्मको निरूपण वा प्रतिपादन गरिएको पाइन्छ। जसमा पहिलो परब्रह्म र दोस्रो शब्दब्रह्म। कार्यकारणरहित निष्कल परमशिव, परशिव र तिनैको अधिकार अवस्थामा सदाशिवस्वरूप नै शब्दब्रह्म हो। परमशिवले नै सृष्टि गर्ने इच्छाले अधिकार अवस्थामा पञ्चमन्त्रात्मक शिवदेहबाट अभिव्यक्त सदाशिवको रूप लिन्छन्। त्यसपछि महेश्वर, रुद्र, विष्णु, ब्रह्मा आदि कारणेश्वर र अनन्त आदि विश्वेश्वरलाई उत्पन्न गर्दछन्। यिनीहरूका साथ संसारको सृष्टि गर्न उद्यत भएर यी पाँच मुख धारण गर्दछन्। यिनै पाँच मुखहरूबाट पश्चिम, उत्तर, दक्षिण, पूर्व र ऊर्ध्व यी पाँच स्रोतरूप वेद आगमादि ग्रन्थराशि रूपी, ज्ञानदीपको आविर्भाव हुन्छ। यसैबाट जगत्का अज्ञानरूप अन्धकारको विनाश हुन्छ। आगमका चार पाद हुन्छन्।

१. विद्यापाद -पति लक्षणपरीक्षा, पञ्चकृत्य, पाशलषण, मायालक्षण, प्रत्यय, अध्व, परमोक्षनिरास, पतिस्वरूप निरूपण, पशुपलक्षण, कर्मविचार, कला आदि कार्य र इन्द्रिय आदिको विचार पाइन्छ।
२. योगपाद- ज्ञानक्रियाको क्रम जान्ने साधकले पनि समाधिको अभ्यास नहुँदा आत्माको ज्ञान हुँदैन। यसका निमित्त प्राणायाम आदि अङ्गसहित योगको अनुष्ठान गर्नुपर्छ।
३. क्रियापाद-मन्त्रोद्धार, अर्चा, मुद्रा, अधिवास, स्नान, साध्यपूजा, अग्निकार्य दीक्षाविधिको प्रतिपादन गरिएको पाइन्छ।
४. चर्यापाद-शैवहरूको सामान्य आचार, भेद र उपभेद, व्रत विशेष, भिक्षाचरण, भोजन विधि, साधक पुत्रहरूको आचार विधि, प्रायश्चित, पवित्र विधि आदिको उपपादन गरिएको छ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगमको आविर्भाव र प्रकारहरू

महेश्वर भगवान्बाट प्राप्त भएर गुरूपरम्परा हुँदै आएको शास्त्र नै आगम हो । शिवका मुखबाट निस्केको शास्त्र आगम हो भन्ने कुरा शिवसिद्धान्तशास्त्रको पनि निष्कर्ष छ । आगमशब्दमा रहेका अक्षरहरू मध्ये 'आ' अक्षरले पाश (पाशो) 'ग' ले पशु र 'म'ले पति अर्थात् पाश, पशु र पति यी तीन तात्विक पदार्थहरूको प्रतिपादन गर्ने शास्त्र नै आगम हो । शिवविज्ञानको साङ्गोपाङ्ग चर्चा, मोक्ष र साधनाको उपाय, पति स्वरूपको विमर्श वा विचार आगमशास्त्रमा पाइन्छ अर्थात् भगवान् शिवसम्बन्धी ज्ञान, मोक्ष एवं ईश्वरसम्बन्धी विचार प्रतिपादन गरिएको शास्त्र नै आगमशास्त्र हो । स्वयं भगवान् शिव भनौँ वा भगवान् पशुपतिकै मुखारविन्दबाट सर्वप्रथम उपदिष्ट भएर गुरूपरम्पराबाट प्राप्त हुँदै जनसामान्य सामु आएको कुरा स्पष्ट हुन्छ । यिनको ज्ञानबाट पतिका कृपाले पशु (अज्ञानी पुरुषहरू) पाश (अज्ञानको पाशो) बाट मुक्त हुने हुँदा आगमलाई नै पाशुपतशास्त्र, पाशुपतसिद्धान्त वा शैव ज्ञान भनिएको हो ।

आगम शब्दजस्तै तन्त्र शब्दको पनि व्युत्पत्ति लभ्य परिभाषाबाट ज्ञात हुन्छ कि तन्त्रशास्त्र पनि शिवकै (भगवान् पशुपतिकै) मुखारविन्दबाट प्राप्त भएको शिवशास्त्र वा पाशुपतशास्त्र हो । आगम र तन्त्रमा विशेष फरक के छ भने आगम शिव र शिवसम्बद्ध भएर शक्तितत्त्वको पनि ज्ञान र अर्चालाई लिएर बढ्छ भने तन्त्रमा शिव, शक्तिका साथै विष्णु, सूर्य, गणेश आदि अन्य देवताको ज्ञान, अर्चा वा सृष्टि प्रक्रियादेखि मोक्षसम्मका कुराहरू, आचारविचार आदिको पनि विचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाइन्छ । जे होस् आगम र तन्त्र दुबै भगवान् शिवले पार्वतीलाई उपदेश गर्नुभएका शास्त्र भएकाले शिवशास्त्र नै हुन् ।

दिव्य, अपौरुषेय र सूक्ष्म ज्ञान वागात्मक (वाक् स्वरूप) भएर पनि इन्द्रियहरूले जान्नै नसकिने कुरो हो । मन्त्रद्रष्टा ऋषिहरू सबै कुराहरू स्वयं आफ्नै आँखाले देखेझैँ थाहा पाउँथे । उनीहरूले नै सूक्ष्म वाक्लाई पनि देखे, अनुभूत गरे । उनीहरूबाटै यस्ता ज्ञान र रहस्यको उद्भूत भयो । जो इन्द्रियमा मात्र भरमा पर्छन्, उनीहरूले सूक्ष्म वाक् स्वरूप ज्ञानलाई थाहा पाउन सक्दैनन् । ऋषिहरूले इन्द्रियद्वारा थाहा पाउन सक्ने गरी शब्दात्मक वेद वेदाङ्ग आदि शास्त्रका रूपमा यसैलाई प्रकट गर्दछन् । शिवमा समवेत शक्तिलाई दुई प्रकारका मानिएका छन्ः- ज्ञानात्मक र क्रियात्मक । ज्ञानात्मक शक्तिका पनि दुईवटा भेद छन्ः- परा र अपरा । परा ज्ञान बोधात्मक छ भने अपराचाहिँ वागात्मक । बोधात्मक पराज्ञान वागात्मक भएर अर्थ प्रकाशित गर्न समर्थ हुन्छ । संसार सृष्टिको उन्मेष हुने बेला परमेश्वरले परा र अपरा मुक्ति सम्पादनका लागि ज्ञानलाई प्रकट गर्दछन् । यसै बोधात्मक ज्ञानको पाँच स्रोत हुन्छन्ः- पूर्व, पश्चिम, दक्षिण, उत्तर र ऊर्ध्व । सम्पूर्ण ज्ञानराशिका परम कारण वा स्रोत शिव नै हुन् । परमात्मा शिवले नै मन्त्रसिंहासनमा रहेर आफ्ना पाँच मुखबाट विविध शास्त्रको उपदेश गरी अनुग्रह गरे । उनी आफैँले गुरु शिष्य पदमा रहेर सदाशिवको भूमिकामा सम्पूर्ण वाक्यहरूको ज्ञान ईश्वरलाई प्रदान गरेका हुन् । परावाक्मा नै सम्पूर्ण भावहरू निर्भर छन् । यही सम्पूर्ण शास्त्रहरूको मूल हो । एउटा सानो बीजमा विशालवृक्ष लुकेर रहेझैँ यसमा समस्त शास्त्रहरू रहेका छन् । यो परावाक् सूक्ष्म छ, इन्द्रियहरूले थाहा पाइनसक्नु छ, पूर्ण स्वभावको छ । यही वाणीको परा अवस्था हो ।

विश्वसृष्टिको उन्मेष हुँदा त्यहाँबाट केवल म भन्ने भित्री विमर्शको उदय हुन्छ । त्यहाँ वाच्य र वाचकको भेद कत्ति पनि छुट्टिँदैन । यसलाई म भन्ने अहंताले छोपेको हुन्छ । यही अवस्था पश्यन्तीको हो । त्यसपछि मध्यमा भूमिमा वाच्य वाचकभावको स्फुरण भित्रभित्रै हुन जान्छ अनि परमेश्वर स्वयं एउटै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अद्वितीय भए पनि आफ्नै स्वतन्त्र इच्छा अनुरूप गुरु र शिष्यको भावमा दुईवटा भइदिएर अन्तर्ज्ञानको आविष्कार गर्दछन् । वास्तवमा गुरु र शिष्य दुई तत्त्व नभएर एउटै तत्त्व हुन् । यिनीहरूमा पृथक्ता छँदैछैन । यही ज्ञानको वाच्यवाचक रूपमा विश्वमा प्रस्फुटन हुन्छ । यसैलाई वैखरी अवस्था भनिन्छ । यसरी परा, पश्यन्ती, मध्यमा र वैखरी ज्ञानका प्रस्फुरण वा प्रस्फुटनका चार अवस्था विशेष हुन् ।

परमेश्वर शिवका चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया यी पाँच शक्तिहरूका मन्त्रमय स्वरूप शिवका ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर पाँच मुखहरू हुन् । यिनमा पनि प्रत्येकका दुई अवस्था छन् । उद्भूत हुन चाहने उद्बुभूषु अवस्था र उद्भूत भइसकेको अवस्था । यिनैबाट परमेश्वर स्वयं एउटैमात्र भए पनि उनका शक्तिहरूका भिन्नताले भेदप्रधान, अभेदप्रधान र भेदाभेदप्रधान आगमहरूको समुदाय हुन गएको हो । यिनीहरूको आविर्भाव पनि शिवकै पाँच मुखारविन्दबाट भएको हो । एउटामात्र, दुई, तीन र चारवटा मुखसम्म मिलेर पनि यिनीहरूको आविर्भाव भएको देखिन्छ । यसैगरी शिवकै मुखारविन्दबाट चौसठ्ठीतन्त्रको पनि समुदय भएको छ । यी तन्त्रपद अभेदप्रधान अर्थात् अद्वैतप्रधान छन् । परमेश्वरको दक्षिणपट्टिका अघोरवक्त्रमा अरु चारैवटा मुखहरू अन्तर्लीन हुँदा उनको भैरव अवस्था हुन्छ । यिनैबाट यी तन्त्रहरूको आविर्भाव हुन्छ । यी आगमहरू हुन् ।

(क) दश शैव आगमहरू

दश शैवागमहरू कामिक, योगज, चिन्त्य, मुकुट, अंशुमत्, दीप्त, अजित, सूक्ष्म, सहस्र, सुप्रभेद छन् । यी दशवटा शैव आगमहरू दश शिवस्वरूप अवतरित भएका द्वैत आगमका नामले प्रसिद्ध छन् । शिवका दशस्वरूप प्रणव, सुधाशिव, दीप्त, कारण, सुशिव, ईश्वर, सूक्ष्म, काल, गणेश, अंशु हुन् ।

(ख) अठार रौद्रागमहरू

विजय, निःश्वास, मद्गीत, पारमेश्वर, मुखबिम्ब, सिद्ध, सन्तान, नारसिंह, चन्द्रांशु, वीरभद्र, आग्नेय, स्वयम्भुव, विसर, रौरव, विमल, किरण,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ललित, सौरभेय हुन् । रुद्रका अठारवटा स्वरूपबाट आविर्भाव भएका हुँदा यिनी रौद्रांगमका नामले प्रसिद्ध छन् । यी ऊर्ध्व स्रोतका आगम हुन् ।

(ग) चौसठ्ठीतन्त्रहरू

चौसठ्ठीतन्त्रहरू परमेश्वर शिवका दक्षिणतर्फका हार्दलिङ्ग परम हृदयभागबाट प्रकट भएका हुन् । यो हार्दलिङ्ग सर्वसंहारक भएकाले अन्धकारको रूप कृष्ण (कालो) वर्णको छ । यो अद्वय स्वभावको हुन्छ । यसका चार अवस्था छन् -उद्बुभूषु, उद्भूत, तिरोधित्सा र तिरोहित । यसै लिङ्गमा चारवटै (तत्पुरुष वामदेव, सद्योजात र ईशान) वक्त्रहरू अन्तर्लीन भएपछि यसैको चौसठ्ठी भैरवावस्था हुन जान्छन् । यिनै चौसठ्ठी भैरवहरूबाट चौसठ्ठीवटा तन्त्रको आविर्भाव हुन्छ ।

यसमा आठ आठ समूहका आठवटा वर्ण हुन्छन् । भैरवाष्टक, यामलाष्टक, मताष्टक, मङ्गलाष्टक, चक्राष्टक, शिवाष्टक, बहुरूपाष्टक र वागीशाष्टक । यी आठ वर्गमध्ये प्रत्येक वर्गमा आठ आठवटा तन्त्रहरू पर्दछन् । जसलाई माथि नै चर्चा गरिएको छ । यी आगम (तन्त्रहरू)को संख्या असीमित छ । शास्त्रहरूमा स्पष्टताका साथ उल्लेख भएका आगम वा तन्त्रहरूको सम्भव भएसम्म वर्गीकरण गरी शास्त्रकारले यी संख्या निकालेका हुन् । तात्विक कुरो त के हो भने जति पनि आगमहरू संसारका गुरूपरम्पराबाट प्राप्त भएका छन् ती सबै परमेश्वर शिवकै विभिन्न स्वरूपबाट उपदिष्ट भएर लोकमा आएका हुन् । त्यसैले यी सबै शिवशास्त्र नै हुन् । परमेश्वरको एउटै वक्त्र (मुख) पनि पाँच मुखस्वरूप छ । एउटै मुखबाट एक, दुई, तीन, चार वा पाँच मुख कुनै कुनसँग मिलेर वा नमिलीकन, विभिन्न अवस्थाहरूमा शिवबाट शास्त्रहरूको आविर्भाव भएका छन् ।

शिवकी विमर्शरूपिणी शक्ति नै नाना किसिमका भावार्थका रूपमा प्रकट भएर परा, पश्यन्ती, मध्यमा र वैखरीका क्रमले आविर्भूत हुन्छिन् । शिवमा केवल बोधरूपले रहेका ज्ञान अत्यन्त सूक्ष्म परनाद भनिन्छ । त्यसैमा सम्पूर्ण शब्दहरू अव्यक्तरूपमा परिनिष्ठित रहन्छन् । यसै परनादको अभिव्यक्ति स्फोट हो । यो अभिव्यक्ति शिवतत्त्वबाट शक्तितत्त्वको आविर्भाव हुने बेला सँगसँगै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुन्छ । एउटा मुजुरको अण्डरसमा सम्पूर्ण रङ्गहरूको कारणतत्त्व विद्यमान रहेझैँ स्फोट सर्वशब्दात्मक हुन्छ । पहिले यो सूक्ष्म हुन्छ र शक्तितत्त्वबाट सादाख्य तत्त्वको आविर्भाव हुने बेला स्थूलरूपमा अभिव्यक्त भएर सर्वसाधारणका अनुभवमा आउँदछ । यही अवस्था अपरनादावस्था हो । शिवतत्त्वबाट स्फोटले आलिङ्गित शक्तितत्त्व आविर्भूत हुन्छ, यही परबिन्दु हो । यसबाट आविर्भूत वर्ण समूहचाहिँ अक्षरबिन्दु अर्थात् अपरबिन्दु हो । अपारबिन्दुबाट ईश्वरतत्त्वमा आश्रित सूक्ष्मवर्ण र शुद्धविद्यातत्त्वमा आश्रित स्थूलवर्णको आविर्भाव हुन्छ । यसरी शक्तितत्त्वमा आश्रित शब्द परा वाक्, सदाशिवतत्त्वमा आश्रित पश्यन्ति वाक्, ईश्वरतत्त्वमा आश्रित मध्यमा वाक् र शुद्धविद्यातत्त्वका आश्रितचाहिँ वैखरी वाक् भएर अर्थवाचक हुन्छन् । यो पनि शिवतत्त्वबाट आगम आविर्भावको एउटा शास्त्रसम्मत् प्रक्रिया हो ।

शिवतत्त्वका कार्यभूत पाँच स्वरूप शिवसादाख्य, अमूर्तसादाख्य, मूर्तसादाख्य, कर्तृसादाख्य, कर्मसादाख्य नै पराशिवका सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान मूर्तिहरू हुन् । यिनैबाट उपर्युक्त शैव, रौद्र र तन्त्रहरूको आविर्भाव भयो । परमशिव सदाशिवरूपका पाँच मुखारविन्दबाट अठ्ठाइस आगमको आविर्भाव भएको अर्को प्रक्रिया शास्त्रहरूमा पाइन्छ । यिनीहरूका अतिरिक्त पनि बौद्धतन्त्रहरू छन् । चीनाचार, महाचीनचार सिद्धान्तसँग सम्बद्ध तन्त्रहरू पनि परमशिवकै मुखारविन्दबाट उपदिष्ट भएका हुन् । ती तन्त्रहरू भने शिवका पातालवक्त्र (कालाग्निरुद्र)बाट आविर्भाव भएका हुन् । वस्तुतः यी तन्त्रका जति पनि भेद उपभेद देखिन्छन्, यी तात्विक होइनन्, अपितु औपचारिक हुन् । शिवधामप्राप्ति फल दिने परमतत्त्वको प्रतिपादक हुन् । यी सबै आगमहरू शिवबाटै प्रादुर्भूत भएका शिवशास्त्र हुन् ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगम र तन्त्रको रहस्य

आगम र तन्त्र दुबै विज्ञानसम्मत् भएकाले यसभित्र अनेक रहस्य छन् । साधारण मानवलाई असाधारण बनाउने, असम्भवलाई सम्भव बनाउने काम आगम र तन्त्रमार्गबाट निकै सजिलो पर्छ । साधना जगत्‌मा हिन्दूधर्म परम्पराअनुसार वैदिक साधना र तान्त्रिक साधना छन् । हुन त तान्त्रिक साधना वेदसम्मत् हो वा वेदविरोधी भन्ने कुरामा पनि विवाद देखिन्छ । कसैले प्राचीन मान्छन् त कसैले पुराणकालको सिमाङ्कन गर्दछन् । तुलसीकृत रामायणको मङ्गलाचरणमा भनिएको छ ।

नानापुराणनिगमागमसम्मतं यद्
रामायणे निगदितं क्वचिदन्यतोऽपि ।
स्वान्तस्सुखाय तुलसीरघुनाथगाथा
भाषानिबन्धमतिमञ्जुलमातनोति ॥

-रामचरितमानस (मङ्गलाचरण, श्लोक ७)

यस श्लोकबाट पनि प्रमाणित हुन्छ कि तुलसीदासको समयसम्म आइपुग्दा आगमको प्रभाव निकै राम्रो थियो । आगमलाई शास्त्र वा प्रामाणिक ग्रन्थ मानिन्थ्यो । आगमको गरिमालाई यस श्लोकले प्रष्ट बनाएको छ । आगम शब्दमा तीन अक्षरहरू छन् आ, ग र म । यिनका बेग्लाबेग्लै अर्थ छन् । 'आ'को अर्थ शिवबाट आएको वा शिवले उपदेश गर्नुभएको 'ग'को अर्थ पार्वती (शक्ति)मा गएको (सुन्नुभएको वा प्राप्त गर्नुभएको) र 'म'को अर्थ भगवान् विष्णुले पनि मान्नुभएको छ । साधनासँग सम्बद्ध, तन्त्रमन्त्रबारे प्रतिपादन गरिएको, साधनामा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाग्ने भक्त (साधक)हरूको रक्षा गर्ने शास्त्रलाई तन्त्रशास्त्र भनिन्छ । वास्तवमा आगम र तन्त्र दुबै शब्दहरू पर्यायवाची हुन् । यिनीहरू एउटै अर्थ दिने खालका छन् । आगमशास्त्र भनौँ वा तन्त्रशास्त्र, हिन्दूधर्मअनुरूप गरिने साधनाको यो मूलस्रोत मानिन्छ । आगम वा तन्त्रशास्त्रको आविर्भाव परम करुणामूर्ति भगवान् शिवबाट भएको हो । वेद, स्मृति, स्वयं आगम र पुराणका वचनहरूबाट पुष्ट हुन्छ कि समस्त विद्याहरू स्वयं भगवान् शिवबाटै प्राणीहरूका कल्याणका लागि अनुग्रहपूर्वक यस जगत्मा अवतरित भएका हुन् ।

यस जगत्का समस्त जीव पशु हुन् । 'पश्यतीति पशु' अर्थात् जसले अरुलाई देख्छ त्यसलाई पशु भनिन्छ । मानिसले आफूमा व्यापक भएर रहेको परमात्मा त के आफ्नै अनुहार हेर्न पनि ऐनाको सहयोग लिनुपर्छ । त्यसैले पशु शब्दले देवतालाई बुझाउँछ । "पशो पतीति पशुपति" अर्थात् सबैलाई देख्नेहरूका मालिकलाई पशुपति भनिन्छ । परमात्मा आफैँले सृष्टि गरी त्यसभित्र व्यापक भई बस्दछ । पशुपति शब्दले पनि व्यापकता वा साक्षीभाव देखाउने हुनाले परमात्मा स्वरूपमा पशुपतिलाई पुजिन्छ । अज्ञानरूपी पाशोले बाँधिएका पशु अर्थात् जीवात्मा भन्ने बोध गराउँछ । यिनका पाशोलाई छिनालेर (यिनको अज्ञानलाई नष्ट गरेर ज्ञान प्रदान गरी) कल्याण गर्ने, अनुग्रह गर्ने ईश्वर पशुपति हुन् । अज्ञानबाट छुट्न ज्ञान चाहिन्छ । ज्ञान शास्त्रहरूबाट हुन सक्छ । शास्त्रको आविर्भाव शिवको उपदेशबाट भयो । यसैले शिव समस्त विद्याहरूको मूलश्रोत र पशुपति हुनुहुन्छ । भगवान् पशुपतिका मूर्तिमा हामी पूर्व, पश्चिम, दक्षिण र उत्तरदिशामा चारवटा श्रीमुख देख्छौँ । वास्तवमा उहाँका छ वटा श्रीमुख छन् माथि र तल पनि । यी ६ वटा श्रीमुखका बेग्लाबेग्लै नाम, स्वरूप छन् ।

पूर्व शिव तत्पुरुषः-	शक्ति-पूर्णेश्वरी
पश्चिम शिव सद्योजातः-	शक्ति कुब्जेश्वरी वा कुब्जिकादेवी
उत्तर शिव वामदेवः-	शक्ति सिद्धेश्वरी, गुह्येश्वरी वा गुह्यकाली
दक्षिण शिव अघोरः-	शक्ति निशेश्वरी दक्षिणा
ऊर्ध्व (माथि) शिव ईशानः-	शक्ति कामेश्वरी त्रिपुरा
अधः (तल) शिव कालाग्निरुद्रः-	शक्ति तारेश्वरी वज्रेश्वरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवका यी ६ वटा मूर्तिहरू तन्त्रशास्त्रको आविर्भावसँग सम्बन्ध छन् । शिवका ६ मुखबाट उपदेश गरिएका तन्त्रशास्त्र वा आगमशास्त्र पनि ६ आम्नायहरूमा बाँडिएका छन् । शास्त्रहरूका उद्देश्य प्रवृत्ति, निवृत्ति अथवा दुबै हुन् । परम पुरुषार्थ कैवल्य, निश्रेयस, मोक्ष जे भनौँ यतातिर प्रवृत्त गराउन वा लगाउन छोडेर सधैँ संसारमा प्रपञ्चहरूसँग बाँधेर राखी छोड्ने अनेकौँ किसिमका पाशहरू छन् । यी पाशोबाट जीवलाई मुक्त हुन नदिने, मोक्षको बाटोमा जालो बाँधी राख्नेलाई निवृत्त गराउने, हटाउने नै शास्त्रको मूल उद्देश्य हो । यही कुरा वाचस्पति मिश्रले पनि गरेका छन् । कल्याण र निःश्रेयश-मोक्ष यिनका उपायहरू जुन विद्याले सुझाउँदछ, चिह्नाउँछ त्यही शास्त्र आगम हो । आगम वा तन्त्रमा केवल मोक्षका मात्र उपायहरू, मार्गहरू, विधि-विधान बताइएका छन् । यिनका मूल लक्ष्य बिन्दु मोक्ष हो । तन्त्रमा मानव भोगका उपायहरू पनि बताइएका छन् । त्यहाँ धेरै अनुशासनहरूको निर्देश गरिएको छ । जसको आचरण, जसको अनुवर्तन, पालनले मानवजीवन सुखमय हुनुका साथै मोक्षको बाटो पनि खुल्दछ । मोक्षका लागि, अज्ञान निवृत्तिका लागि, दुर्वृत्ति, दुर्भावनाबाट निवृत्तिका लागि अपनाइनुपर्छ, केवल भोगमात्रका लागि होइन । अर्कालाई समाप्त गर्न उठाइएको कदमले आफ्नै विनाश गर्छ ती उपायहरू आफ्नै पतनका निमित्त हुन जानेछन् । मोक्षका निमित्त देवता, प्रसाद र यसमा विराधो नपर्ने गरी भोग, प्रवृत्ति र कुमार्गबाट निवृत्ति यिनै तन्त्रका मूल उद्देश्य वा लक्ष्य हुन् ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रभित्रका उपासना, जप र लक्ष्यहरू

मन, वचन र कर्मले परमात्माको नजिक भएर गरिने सेवा नै उपासना हो ।[1] साधनाको प्राचीनतम पद्धतिभित्र उपासना पर्दछ । 'आस उपवेशने' धातुमा 'उप' उपसर्ग लागेर उपासना शब्द निर्माण हुन्छ । 'आस' धातुको अर्थ बस्नु हुन्छ । आफ्नो इष्ट वा इच्छाएको देवीदेवताको निकट हुनुलाई उपासना भनिन्छ । यो विशाल सृष्टि प्रपञ्च, जसमा हामी स्वयं पनि सम्मिलित छौँ, यसका दुई वटा मूलस्तम्भ छन्, ती हुन् ब्रह्म र माया । माया प्रकृति हुन् र मायी जसको माया हो, तीचाहिँ ब्रह्म हुन् । यी दुबैको विभूति नै यो चराचर, चेतन र जगत् हो । यस्तै शक्ति र शक्तिमान् दुईवटा पदार्थ छन् । यीमध्ये शक्तिचाहिँ स्वयं यो जगत् हो र महेश्वर शक्तिमान् । वास्तवमा भन्ने हो भने यी दुईको तात्विक भेदचाहिँ छँदैछैन ।[2] देख्ता र सुन्दामात्र यी दुई पदार्थ विभिन्न जस्तो भान भएका हुन् । यिनका स्वरूपको वास्तविक बोध गराएर, यिनीहरूको अभेद भनौँ साधकको अस्तित्त्वसमेत विलीन गराइदिनु उपासनाको रहस्य हो । उपासनाका विभिन्न मन्त्र, पद्धति, साधनाका भिन्न-भिन्न उपायहरू यसैका लागि हुन्छन् । उपासनाले एउटा उपास्यको चिन्तन गर्दछ, अभ्यास गर्दछ ।

अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक् ।
सच्चिदानन्दरूपोऽहमात्माहमिति चिन्तये ॥

---

१ कर्मणा मनसा वाचा सर्वावस्थासु सर्वदा
समीपसेवाविधिना उपस्तिरिति कथ्यते ॥
-प्रा. डा. दीर्घराज घिमिरे (श्रीमद्भगवद्गीतातत्त्वप्रकाश, चतुर्थ-भाग पृ. नं २९०)

२ शक्तिशक्तिमतोरभेद सम्बन्धः

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् "म देवी हुँ, म अरु कोही होइन । ब्रह्म नै म हुँ । शोक कल्याणले मलाई छुँदै छोएकै छैन । म सधैँ रहिरहन्छु । ज्ञानस्वरूप हुँ, आनन्द हुँ, दुःखको लेशमात्र पनि ममा छैन । म अनन्त सुखको समुद्र हुँ । म आत्मा हुँ ।" फेरि अर्को पनि शास्त्रीय वचन छ- म एउटै छु । स्त्री, पुरुष, नपुंसक भनेर छुट्टिने म होइन । मेरो शरीर पनि छैन । यहाँ जे जति पाइन्छन्, ती सबै मायाका प्रपञ्च हुन् । विधिमुख मायाप्रपञ्च निषेधमुख होइन । सम्पूर्ण चराचर जगत् सत्य हो मेरै रूप हो, नेति नेति भन्दै निषेध गर्दै चराचर जगत्को भ्रूठोपन सिद्ध गर्ने होइन । मायातीत भएकाले सत्त्व, रज र तमो गुणबाट पनि म टाढै छु । मेरो कुनै उपाधि छैन । म ज्ञानस्वरूप हुँ, सर्वज्ञ हुँ । क्रिया पनि ममा छैन । सत्य र ज्ञान आनन्दको सागर अनन्त अथाहा छ, त्यो नै मै हुँ ।

यसरी समस्त ब्रह्माण्डलाई आफूमा र आफूलाई समस्त ब्रह्माण्डमा एकीकृत गराउने यसै चिन्तनलाई दृढ, दृढतर, दृढतम बनाउँदै लगेर शाश्वत प्रदान गर्दछ उपासनाले, साधनाले । तान्त्रिक साधना गर्ने क्रममा विभिन्न रूपमा पूजा हुन्छ । आन्तरिक र बाह्य पूजा साधकले सम्पन्न गर्दछ । यहाँ बीजमन्त्रको प्रयोग हुने गर्दछ । मन्त्र शब्दको अर्थ हो मनन अर्थात् मनन गर्नाले जसको त्राण हुन्छ, त्यही मन्त्र हो ।[३] हामी जप्छौँ मन्त्र । त्यो त हो अक्षर अथवा अक्षरहरूको समुदाय, कहिलेकाहीँ अर्थहीन जस्तो पनि लाग्दछ । भ्रट्ट हेर्दा र सुन्दा मन्त्रबाट कुनै अर्थ नै निस्कंदैन । मन्त्रले देवताको स्वरूपको प्रतिनिधित्व गर्दछ । देवताको गुण, स्वभाव चिह्नाउँदछ । *दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः* अर्थात् परमात्माको अधीनमा जगत् छ, देवताहरू मन्त्रका अधीनमा छन् । मन्त्रले सबैलाई अधीनमा राखेको छ, मन्त्रबाट नै देवीदेवतालाई आह्वान, स्तुति र प्रसन्न गरिन्छ । मन्त्रकै कारण हाम्रा पुर्खाहरू[४] ऋषिमुनि, दार्शनिक, मन्त्रद्रष्टा,

---

३ मननात् त्रायते यस्मात्तस्मान्मन्त्रः प्रकीर्तितः

४ साक्षात्कृतधर्माण ऋषयोः बभूवुः ।
तेऽवरेभ्योऽसाक्षात्कृतधर्मभ्य उपदेशेन मन्त्रान् सम्प्रादुः ॥
उपदेशाय ग्लायन्तोऽवरे बिल्मग्रहणयेमं ग्रन्थं समान्नासिषुः ।
वेदं च वेदाङ्गानि च ॥

–निरुक्त १।२०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्रिकालदर्शी भए। असल कर्म, नियमित परिश्रम, शुद्ध मन्त्र उच्चारणद्वारा देवतालाई आफ्नो अनुकूल बनाउन सकिन्छ। मन्त्र र देवतामा फरक छैंन। मन्त्रमा बीजलाई विशेष ध्यान दिनुपर्छ। बीजको अर्थ हो बीऊ। सानो बीऊबाट ठूलो वृक्ष जन्मन्छ। वृक्षको उत्पादन शक्ति त्यसै बीऊमा लुकेको हुन्छ। त्यस्तै कुनै खास बीजमन्त्रमा देवताको स्वरूप लुकेको हुन्छ। बीजमन्त्र जप्दा देवता प्रकट हुन्छन्, प्रसन्न हुन्छन् र उपासकको इष्ट सिद्ध हुन्छ। त्यसैले जप, पूजा आदिमा मन्त्रको बीज शब्दको प्रयोग हुन्छ।

न्यास, ध्यान, जप, पूजा, समर्पण, पाठ आदि उपासनाका धेरै अङ्ग छन्, त्योमध्ये प्राणायाम एक हो। प्राणायाममा पूरक, कुम्भक र रेचक तीन वटा क्रिया हुन्छन्। श्वास तान्नु-पूरक, रोक्नु-कुम्भक र छोड्नु रेचक हो। यी तीन क्रियासँग बीजमन्त्रको पनि प्रयोग हुन्छ। पूरकमा वायुबीज, कुम्भकमा अग्निबीज र रेचकमा जलबीज हुन्छ। यहाँ रहस्यात्मक कुरा के छ भने साधक स्वयं देवता नै हो। स्वयं देवता भएर देवताको पूजा गर्नु भन्ने शास्त्रीय वचन छ। 'देवो भूत्वा देवं यजेत्'। अब साधकलाई देवता बन्नबाट रोकेको छ केले ? अनि देवता कसरी बन्ने ? यी दुईवटा प्रश्न छन्। साधकलाई देवता बन्नबाट रोक्ने पाप हो, कल्मष हो, मल हो। यो साधकको शरीरमा रहेको हुन्छ। साधना गर्दा साधकले आफ्नो बायाँ कुक्षिबाट बूढीऔँलो जत्रो पापपुरुष जसको शरीर पापमय हुन्छ त्यसलाई बाहिर झिकेको भावना गर्नुपर्छ। अनि वायुबीज सोह्र पल्ट जप्दै पूरक श्वास तान्दै पापपुरुषको शरीरबाट अमृतको शोषण गरिन्छ। अनि चौसठ्ठीपटक अग्निबीज जप्दै कुम्भक श्वास रोकेर पापपुरुषलाई जलाइन्छ, फेरि बत्तीस पटक जलबीज जप्तै रेचक श्वास छोड्दै पापपुरुषको खरानी पनि पानीले बगाइन्छ। यसरी प्राणायामका तीन क्रियाबाट पाप पखालेर साधक पापमुक्त, शुद्ध, देवतास्वरूप भएर आफ्नै अर्चना गर्दछ। यही प्राणायामको रहस्य हो।

आफ्नो अङ्ग-अङ्गमा साधकले देवताहरूको स्थापना गर्दछ र स्वयं देवमय बन्दछ, यही न्यास हो। अङ्ग-अङ्गलाई बीजमन्त्रहरूद्वारा सुरक्षित गरी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाप, दुर्भावना आदिलाई पस्न नदिनु न्यासको रहस्य हो । हातका औँलाहरू हत्केलाको मूल, हृदय, शिर, शिखा, नेत्र, कवच, अस्त्रमा गरिने न्यास, बीजन्यास, मातृकान्यास आदि धेरै न्यासहरू छन् । यी पनि साधक देवमय बन्ने प्रक्रिया हुन् । ध्यान त देवताको सगुण स्वरूपको चिन्तन हो । देवताका सगुण र निर्गुण दुबै स्वरूप एवं सकल र निष्कल नाम पनि हुन्छन् ।[५] सगुण ध्यानमा देवताका अङ्ग अङ्गको चिन्तन हुन्छ । निर्गुण ध्यानमा देवतालाई परब्रह्म स्वरूप मानेर साधकले आफूलाई देवता नै मान्दछ र माथि भनिए जस्तै अभ्र चिन्तन गर्दछ । जापचाहिँ देवताका स्वरूपको चिन्तन र आफूलाई देवताबाट अभिन्न मान्ने प्रक्रिया हो, अभ्यास हो ।

श्रद्धाभावले पूर्णरूपमा समर्पित भएर गरिने कार्यलाई पूजा भनिन्छ । पूजामा सामग्रीको भन्दा पनि श्रद्धा र विश्वास स्थान उच्च हुन्छ । पात, फल, फूल, जल जे अर्पण गरे पनि विश्वास र श्रद्धा भएमा देवीदेवता खुसी हुन्छन् ।[६] अन्तर र बाहिरी गरी पूजालाई दुई भागमा विभाजन गरिएको छ । बाहिरी पूजामा विभिन्न द्रव्यहरू देवतालाई समर्पित गरिन्छ भने अन्तर्पूजामा आफ्नो अस्तित्त्व देवतामा विलीन गराइन्छ । अन्तर्पूजालाई अन्यार्त वा सन्ध्या पनि भनिन्छ । बिहान सबेरै गरिने अजपा विधान, आफ्ना शरीरमा रहेका ६ चक्रहरू (मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्ध र आज्ञा) अनि सबभन्दा माथि सहस्रा (सहस्रदल कमल) कुण्डलिनीको उत्थान, जगत्का पदार्थहरूलाई देवतामा समर्पित गर्ने भावना, देवताबाहेकका कुनै पनि पदार्थको पृथक अस्तित्त्व समाप्त गरी देवतामै विलीन गरिनु अन्तर्याग वा अन्तर्पूजा हो । बाहिरी पदार्थ, पाद्य, अर्घ्य, चन्दन, धूप, दीप, नैवेद्य आदि प्रत्यक्ष चढाउनु बाह्यपूजा वा

---

५ स ईश्वरो व्यष्टिसमष्टिरूपो व्यक्तस्वरूपोऽप्रकटस्वरूपः ।
सर्वेश्वरः सर्वदृक् सर्वविच्च समस्तशक्तिः परमेश्वराख्यः ॥

-विष्णुपुराण ६।५।८६

६ पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति ।
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ॥

–गीता९।२६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बहिर्याग हो । यसमा साधकको गच्छेअनुसार पाँच, सोह्र आदि उपचार हुन्छन् । सक्नेले धेरै, नसक्नेले थोरै गर्दछन् ।

यो सम्पूर्ण जगत् देवताकै विराट् स्वरूप विग्रह हो । देवता परब्रह्म स्वरूप नै हुन् । साधनाको, उपासना र अर्थ स्वयं देवता बन्नु हो, मोक्ष, परम पुरुषार्थ हो । यसका निमित्त ज्ञान, आत्मज्ञान, ब्रह्मज्ञान हुनुपर्छ । ज्ञान लाभ नै पूजाको वास्तविक र परम लक्ष्य हो । यसैले पूजालाई योग पनि भन्दछन् । जीव र ब्रह्मको एकात्मकता, तादात्म्यलाई योग भनिन्छ ।

एउटै ब्रह्मका विभिन्न रूप भएकाले ऋग्वेदले 'एकं सद् विप्रा बहुधा वदन्ति' भनेको छ । ब्रह्म, परमात्मा, परब्रह्म, शिव जे भने पनि एउटै तत्त्व हो । सत्त्व, रज र तम तीन गुणयुक्त भएर पनि परमात्मा गुणरहित हुनुहुन्छ ।[७] काली, तारा, कृष्ण, राम आदि सबै देवता बेग्लाबेग्लै छन् भन्ने देखिए तापनि तात्विक दृष्टिले एउटै तत्त्व अर्थात् परब्रह्म तत्त्व हुन् । ब्रह्मतत्त्व त निरञ्जन, निराकार, नाम र रूपले विहीन, सर्वत्र व्याप्त छ, सत्, चित्, आनन्द स्वरूप छ । उहाँलाई मन र वचनले वर्णन गर्न सकिँदैन । कठोपनिषद्को प्रथम अध्यायको तृतीयवल्लीको १५ औँ मन्त्रमा भनिएको छ—"अशब्दमस्पर्शमरूपमव्ययं तथारसं नित्यमगन्धवच्च यत्....." साधकको हितका लागि, उपासना गर्न सरल होस् भनेर ब्रह्मको नाम, रूपको कल्पना हुन्छ । जसले देवताहरूमा भेद देख्छ छ, त्यो अज्ञानी हो । जहिलेसम्म भेद देखिन्छ तबसम्म अज्ञानले छोड्दैन । उपासनाको मूल लक्ष्य नै भेदको समाप्ति हो । देवता तत्त्व भनेको फेरि आत्मतत्त्वभन्दा बेग्लै पनि छैन । देवता भनेको आत्मतत्त्व हो । उपासना आफ्नै गुर्नपर्छ, देवता खोज्न टाढा जानु आवश्यक छैन । बाहिर खोज्ने व्यक्तिले कहिल्यै देवता प्राप्त गर्न सक्तैन । मन्दिरका देवता त आफ्नै आत्मतत्त्वको काल्पनिक प्रतीक मात्र हुन् । शुरु शुरुमा आत्मतत्त्वमाथि ध्यान, जप, अर्चना हुन नसक्ने हुँदा मन केन्द्रित गर्ने, श्रद्धाभक्ति समर्पित गर्ने भनिएको मात्र हो । पछि त जुन देवताको पनि आत्मतत्त्वमै ऐक्य स्थापित गर्नु पर्दछ ।

---

७ सृष्टौ ब्रह्मा स्थितौ विष्णुः प्रलये हररूपधृक् ।
रजःसत्त्वतमोभिश्च त्रिगुणैरगुणः प्रभो ॥

- शिवपुराण, रुद्रसंहिता (सतीखण्डः) ३।३३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पहिले संसारमा जो जति वस्तु हुन सक्छन्, जति पनि कल्पना गर्न सकिन्छ, त्यो सकुञ्जेल चिन्तन गर्ने । ती सब मबाटै निस्केका हुन्, ममै निहित छन्, ममै विलीन हुन्छन् भन्ने भावलाई सुदृढ बनाउने । म नै सर्वत्र हुँ, सम्पूर्ण ममै छ, मबाहेक केही छैन भन्ने चिन्तन नै वास्तविक उपासना हो । म देवता हुँ, ब्रह्मा हुँ, मलाई केही शोक छैन, म सत् हुँ, चित् हुँ । आनन्द मै हुँ, आत्मतत्त्व मै हुँ, जति पनि प्रक्रिया छन् तीमध्ये शुद्ध प्रक्रियाचाहिँ आत्मतत्त्वकै उपासना गराउने हुन् । भेद सिद्ध गरिदिने प्रक्रिया वास्तविकरूपमा शुद्ध होइनन् । अब हामीले राम्ररी विचार गऱ्यौँ भने प्राणायाम, न्यास, ध्यान, जप, पूजा सबैले ब्रह्म भावमै पुऱ्याउँछन् । चिन्तन गर्दा-गर्दा उपासना जति-जति दृढ हुँदै जान्छ, उपासकले सम्पूर्ण देवतहरू आफ्नै इष्ट देवतामा अन्तर्लीन भएको देख्न थाल्दछ । इष्ट देवताबाहिर होइन आफूभित्रै आत्मतत्त्वका रूपमा विराजमान भएको अनुभव गर्न थाल्दछ । यसपछि विस्तारै विस्तारै संसारमै बसेर सबै व्यवहार गरेर पनि सबै प्रपञ्चबाट हुने दुःख सुखबाट आफूलाई मुक्त अनुभव गर्न थाल्दछ । सबै काम ईश्वरकै सम्झन थाल्दछ । त्यतिबेला अत्यन्तै प्रसन्नता हुन्छ, त्यसको वर्णन नै गर्न सकिन्न । प्रारम्भिक स्थितिमा असल गुरु छानेर दीक्षा लिनु, उनको आज्ञाअनुसार कुनै एउटा देवताको दीक्षा लिनुपर्छ । तिनकै मन्त्रको जप, पूजा, पाठ गर्दै उसैलाई सर्वस्व मान्नुपर्छ । गुरुका कृपाले सन्देहहरू पनि हट्दै जान्छन् । मनको स्थिति पनि बलियो हुँदै जान्छ । श्रद्धा बढ्दै जान्छ, भक्ति बढ्छ । अन्तर्दृष्टि खुल्दै जान्छ । यसरी तन्त्र उपासना सफल हुन्छ । तान्त्रिक उच्चकोटीको हुनमा उपासनाले महत्त्वपूर्ण भूमिका खेल्दछ । सिद्धि गर्न होस् वा तान्त्रिकले लक्ष्य प्राप्त गर्न होस् उपासनाको ठूलो हात हुन्छ । तन्त्रले नाम, दाम र मान मात्रै दिलाउँदैन समाज र राष्ट्रको श्रीवृद्धि पनि गराउँछ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र र यसका विविध पक्ष

'तनु विस्तारे' धातुबाट तन्त्र शब्द निष्पन्न हुन्छ । 'सर्व धातुभ्यो ष्ट्रन' यस सूत्रका अनुसार 'ष्ट्रन' प्रत्यय लागेर तन्त्र शब्दको निर्माण हुन्छ । 'तन्यते विस्तार्यते ज्ञानमनेन इति तन्त्र' अर्थात् ज्ञानलाई विस्तार गर्ने शास्त्र नै तन्त्र हो । ज्ञान, विज्ञानमा मात्र होइन यज्ञका विधानमा तन्त्रको उत्तिकै महत्त्वपूर्ण स्थान छ ।[१] प्राचीनकालदेखि नेपाल साधनाभूमि, तपोभूमि, देवोभूमि, पुण्यभूमिको नामले प्रसिद्ध छ । सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवनी, द्वापरयुगमा मुक्तिसोपान र कलियुगमा नेपाल नामले यो भूमिलाई चिनियो ।[२] हाम्रो देश नेपाल धर्मप्राण राष्ट्र हो । प्राचीन, मध्य र आधुनिककालसम्म राजनीतिक, धार्मिकलगायतका शरणार्थीले यहाँ आश्रय पाएको विषय इतिहासले प्रष्ट गरेको छ । हाम्रो राष्ट्रिय संस्कृतिमा धर्मले ज्यादै गहिरो जरा गाडेको पाइन्छ । यसभित्र पनि तन्त्रपरम्पराको महत्त्वूर्ण स्थान छ । हाम्रा उपासना प्रक्रियाहरू, देवमन्दिर आदिमा रहेका कलाकौशल, रीतिरिवाज, पर्व, जात्रा आदिमा तन्त्रको प्रभाव वा छायाँ छ । प्राचीनकालदेखि आजसम्म निरन्तर प्रवाहित भएर जीवनलाई पवित्र र महान् बनाउन सहयोग पुऱ्याएको छ । यस जीवनमा भोग र मृत्युपछि मोक्ष प्रदान गर्ने मन्दाकिनीका रूपमा हामी आफ्नो तन्त्र परम्परालाई लिन सक्छौँ ।

तन्त्र के हो ? यसको आविर्भाव कसरी भयो ? भन्ने कुरा हामी आगम र तन्त्र यी दुई शब्दहरूको विश्लेषणबाटै थाहा पाउन सक्छौँ । तन्त्रवाङ्मयभित्र

---

१ वैदिकस्तान्त्रिको मिश्र इति मे त्रिविधो मखः । -श्रीमद्भागवद् ११।२७।७

२ कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती ।
द्वापरे मुक्तिसोपाना कलौ नेपालिकापुरी ॥

—हिमवत्खण्ड ७२।६४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) अष्ट मातृकाहरू-

ब्राह्मी, माहेश्वरी, वैष्णवी, ऐन्द्री, महालक्ष्मी, कौमारी, बाराही र चामुण्डा ।

(घ) त्रिशक्तिहरू-

महाकाली, महालक्ष्मी, महासरस्वतीलाई त्रिशक्ति भनिन्छ ।

देवताहरू वस्तुतः एउटै मूलप्रकृति, महामाया अझ भनौँ ब्रह्मस्वरूप शक्तिकै विभूतिहरू हुन् । यसै दृष्टिले अनेकमा एउटै तत्त्व देखेर, सम्पूर्ण चराचर जगत् व्याप्त भएको मानेर, शक्ति उपासना गर्नु उचित र आवश्यक ठहर्छ । शैवागम, वैष्णवागम र शाक्तागम भारतवर्षमा प्रचलित छन् । शिवका पाँच मुखबाट निरन्तर तन्त्र प्रवाह हुन्छ । ऊर्ध्व मुहारबाट प्रवाहित तन्त्रबाट मोक्ष मिल्दछ । पूर्वबाट प्रवाह भएकाले विष परिहार गर्दछ, उत्तरबाट प्रवाह भएकाले तन्त्रले वशीरणको ज्ञान गराउँछ, पश्चिम मुखको धारताले भूतबाधाबाट मुक्ति गर्दछ, दक्षिणबाट शत्रुनाश हुन्छ ।[३] शिवले उपदेश गर्नुभएको तन्त्रलाई शैव तन्त्रका रूपमा लिइएको छ । नेपाल शैवभूमि हो । यहाँ आदिमकालदेखि शैवशास्त्र, उपासना र तन्त्रको प्रभाव थियो । भगवान् शिवका आयुधमध्ये त्रिशूल पनि एक हो । शूल भनेको दुःख हो । त्रिशूल अर्थात् तीनवटा दुःख (आध्यात्मिक, आधिदैविक र आधिभौतिक)लाई बताउँछ । यी तीनैवटा दुःख अज्ञानबाट निस्केका हुन् । दुःख नाश गर्नु छ भने अज्ञान नाश गर्नुपर्छ । अज्ञान नाश गर्न विद्या अथवा शास्त्र चाहियो । शास्त्रको मूलस्रोत श्रुति हो । श्रुति भनेको वेद हो भन्ने चलन छ । 'विद् ज्ञाने' धातुबाट वेद शब्द बन्दछ । यसले पनि पुष्टि हुन्छ कि वेद ज्ञानको भण्डार हो, शास्त्रको प्राण हो ।

प्राचीनकालमा गुरु परम्पराबाट सुनिदै आएको हुनाले यसलाई श्रुति ज्ञानका रूपमा लिइन्छ । अध्ययनका लागि पहिले गुरुकुल जाने चलन थियो । पच्चीस वर्षको उमेरसम्म ब्रह्मचर्यको पालना गरेर कठोर साधना गर्ने नियम थियो । गुरु, ऋषि, मनीषीजस्ता तत्त्ववेत्ताहरूले जे देखेर स्पष्ट मन्त्र बोलिदिए, शिष्यले त्यसैलाई सुने । उनले फेरि आफ्नो शिष्यलाई कानमा बताइदिए । गुरु

३ हिन्दू ओं के धर्मग्रन्थ, पृ. नं. १४७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

परम्पराबाट शाब्दिक अनुभवलाई श्रुति भनियो । श्रुति दुई किसिमको हुन्छ - वैदिक श्रुति र तान्त्रिक श्रुति । वैदिक विद्या बेग्लै हो -यज्ञयागादि गर्ने, हंवन गर्ने । अनेक किसिमका लौकिक, पारलौकिक दुःख कष्टहरूलाई हटाउन प्रयोग गरिने वैदिक विधि बेग्लै छ ।

तन्त्र एउटा महनीय एवं गहनतम शास्त्र हो । कुनै पनि उद्देश्यपुरक क्रियाका ख़ास खास मान्यताहरू हुन्छन्, मर्यादाहरू हुन्छन् । यस्तै मान्यताका विषयमा कहीँ शङ्का उठयो भने त्यसको निराकरण गर्न, एउटा व्यवस्था मान्न शास्त्रसम्म पुग्छौँ । 'शास्त्रले गर्न हुने र नहुने कार्य-अकार्यको व्यवस्था गरेको हुनाले शास्त्रको विधानअनुसार कर्म गर्नु आवश्यक छ[४] ।' शास्त्रले बताएअनुसार कार्य गर्दा पाप हुन गएमा त्यसको जिम्मेवारी शास्त्रले नै लिन्छ । तन्त्रको प्रयोग, अनुष्ठान पद्धति, स्थान आदिको बारेमा मार्ग प्रशस्त गरिदिने शास्त्रलाई तन्त्रशास्त्र भनिन्छ । तन्त्रले पूजा, उपासनाको बाटोमा हिंड्ने, ज्ञानको खोजीमा लाग्ने साधकलाई "यो गर्नुहुँदैन, यसरी साधना गर्ने, यो भाव मनमा लगाउ, यो आचारमा लाग" भनेर बताइदिन्छ । पहिले पहिले मीमांसा इत्यादि शास्त्रलाई पनि तन्त्रै भन्ने चलन थियो । तन्त्रवार्त्तिक शब्दले यही कुरो जनाउँछ । वर्तमान समयसम्म आइपुग्दा तन्त्र भन्नाले कुनै देवता विशेषको उपासना विधि बताइदिने विधालाई मात्र लिने गरेको देखिन्छ । आगम भनेको पनि त्यही हो । आगम भनेको जानिनसक्नु हुन्छ भन्नु ठीक होइन । नेवारहरू जसलाई आँग भन्छन्, त्यो एउटा गोप्य ठाउँ जहाँ आगमद्वारा प्रतिपादित कर्महरू गरिन्छन् ।

•••

---

४ तस्माच्छात्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ॥

—गीता १६।२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्र र शिवमाथि एक चिन्तन

वैदिकज्ञान कहिल्यै पुरानो र व्यर्थ हुँदैन । मानिसले निर्माण गरेका ज्ञान त समयानुकूल हुन्छ भने परमात्मा वा देवीदेवताबाट सृजित ज्ञान अनुपयोगी हुने त प्रश्नै हुँदैन । हाम्रा ज्ञानविज्ञानका जन्मदाता देवीदेवता र ऋषिमुनि हुन् । उनीहरूबाट नै शास्त्रको निर्माण र विस्तार भएको पाइन्छ । यसबाट तन्त्र पनि अछुतो छैन । तन्त्रको आविर्भाव शिवबाट भएको हो । शिव शब्दको अर्थ कल्याण हो । शिव शब्दमा 'श'कारको अर्थ नित्य सुख वा आनन्द, 'इ'कारको अर्थ पुरुष एवं 'व'कारको अर्थ अमृतस्वरूप हुन्छ[1] । जसले सबैलाई नित्यसुख, आनन्द दिन्छ त्यसलाई शिव भनिन्छ । यो सामर्थ्य परमात्मामा मात्रै हुन्छ । त्यसैले शिवतत्त्व अलौकिक र अवर्णनीय तत्त्व हो ।

---

१ शं नित्यसुखमानन्दमिकारः पुरुषः स्मृतः ।
वकारः शक्तिरमृतं मेलनं शिव उच्यते ॥

—शिवपुराण, विद्येश्वरीसंहिता १८

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवका शर्व, भव, रुद्र, उग्र, भीम, पशुपति, ईशान र महादेव गरी आठ मूर्ति छन् ।[२] भूमि अर्थात् जमिनका शर्व, अग्नि (आगो)का भव, जल (पानी)का उग्र, पवन (वायु)का भीम, आकाशका पशुपति, सूर्यका ईशान, चन्द्रमाका महादेव एवं जीवात्माका आत्मा अधिष्ठाता देवता हुन् । अष्टमूर्तिको एकाकार रूप शिव भएकाले उहाँलाई परमात्मा भनिन्छ । भूत, भविष्यत र वर्तमानका सबै प्राणी शिवबाटै उत्पन्न हुन्छन् र वृद्धि हुँदै गएर अन्तमा उहाँमा नै लीन हुन्छन् ।[३] संसारमा जे छ सबै शिव हो र शिवमा नै सबै अडेका छन् । शिवलाई व्याख्या गरेर बुझ्न सकिँदैन । शिवतत्त्व त अध्ययन चिन्तन, मनन र निदिध्यासनबाट अनुभूत गर्ने विषय हो । अठार पुराणमध्ये दश पुराणमा शिवको चरित्रामृत, स्तुतिमात्र छ, चार पुराणमा ब्रह्माको, दुई पुराणमा देवीको, दुई पुराणमा विष्णुको वर्णन छ[४] । शिवको यही गरिमा र महिमाले गर्दा नै पुराणमा उहाँको स्थान अतिविशिष्ट भएको हो । सातौं शताब्दीका प्रसिद्ध विद्वान् बाण भट्टले संस्कृतभाषाको अमर ग्रन्थ *कादम्बरी*को मङ्गलाचरण श्लोकमा शिवको महिमा स्पष्ट रूपमा उल्लेख गरेका छन् ।

रजोजुषे जन्मनि सत्त्ववृत्तये स्थितौ प्रजानां प्रलये तमस्पृशे
अजाय सर्गस्थितिनाशहेतवे त्रयीमयाय त्रिगुणात्मने नमः ॥

-का. मं. पद्य

अर्थात् 'सृष्टि गर्दा रजोगुणस्वरूप भएर सृष्टि गर्नुहुन्छ, प्रजापालन गर्दा विष्णु स्वरूप भएर पालन गर्नुहुन्छ, चराचर जगत्को प्रलय गर्दा संहाररूप

---

२ शर्वोभवस्तथा रुद्र उग्र भीम पशोपति ।
ईशानश्च महादेव मूर्तय चाष्टकस्मृतः ॥

- शिवपुराण शतरुद्र संहिता

३ भूता वा वर्तमाना वा भविष्याश्चैव सर्वशः ।
शिवात्सर्वे प्रवर्तन्ते लीयन्ते वृद्धिमागताः ॥

-शिवपुराण उमासंहिता ४।११

४ अष्टादशपुराणेषु दशभिर्गीयते शिवः ।
चतुर्भिर्भगवान् बह्मा द्वाभ्यां देवी तथा हरिः ॥

—स्कन्दपुराण, केदारखण्ड

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बनेर विनाश गर्नुहुन्छ । यस्तो त्रिगुणात्मक स्वरूप शिवलाई नमस्कार छ ।' वेद, उपनिषद्, पुराणलगायतका ग्रन्थहरूमा शिव र शिवतत्त्वको चर्चा छ । प्राचीनकालदेखि मोक्ष प्राप्त गर्न सकौं भनी शिवको उपासना गर्दै, गराउँदै आएको इतिहास शास्त्रमा पाइन्छ । देवीदेवताले मात्र होइन, राक्षसहरूले पनि शिवतत्त्वको ध्यान गर्दथे । रावण[५], विभीषण, मयलगायतका राक्षसहरूले आफ्नो इष्ट सिद्धिका लागि शिवको पूजा, उपासना र ध्यान गरेका थिए । त्यसैले शिवलाई शान्त, कल्याण र अद्वैतको समष्टि मानिन्छ ।[६] शिवलाई शङ्कर पनि भनिन्छ । एकाक्षरीकोषका अनुसार 'शं'को अर्थ आनन्द एवं 'कर'को अर्थ गर्ने हुन्छ । शिवले सबैलाई आनन्द, खुशी र सुख प्रदान गर्नुहुन्छ । जगत् एवं प्राणी हितका आधार तत्त्व हुनुहुन्छ । योग, दर्शन, तन्त्रलगायतका शास्त्रले शिवलाई आ-आफ्नै ढङ्गले व्याख्या गरे पनि सार र निचोड एउटै हो । शीङ् स्वप्ने धातुबाट शिव शब्द बन्दछ । 'शेरते प्राणिनो यत्र स शिवः' अर्थात् अनन्त पाप र तापबाट उद्विग्न भएका प्राणीहरू विश्राम वा मुक्तिका लागि सुत्दछन् वा जहाँ बस्ने इच्छा गर्दछन् उही सर्वाधिष्ठान, सर्वाश्रय तत्त्वलाई शिव भनिन्छ । त्यसैले शिवभन्दा भिन्न, शिवभन्दा पर अर्को तत्त्व छैन । शिवलाई सम्बोधन गर्न प्रयोग गरिने महादेव शब्दको अर्थ ठूला देवता हुन्छ । समुद्र मन्थनका बेला रत्नहरू निस्के, घोडा निस्कियो, लक्ष्मी निस्किन्- यी सबै देवता र दानवहरूले बाँडेर लिए तर संसारलाई नष्ट गर्ने भयङ्कर विष निस्किँदा शिवजीले कण्ठमा राखिदिनुभयो । त्यसैले उनलाई नीलग्रीव पनि भनिन्छ ।

शिव कल्याणको एउटा अभिव्यक्ति हो, मूर्तरूप हो । नेपालमा यिनको नाउँ पशुपति छ । स्वस्थानीका अनुसार "शिवले कैलाश छोडेर पाशुपतक्षेत्रमा सिङ् भएको मृगरूप लिई वनविहार गरिरहनुभएको थियो । ब्रह्मा, विष्णु र

---

५ यत्र यत्र च याति स्म रावणो राक्षसेश्वरः ।
जाम्बूनदमयं लिङ्गं तत्र तत्र स्म नीयते ॥

—रामायण उत्तरकाण्ड ३१।४२

६ शान्तं शिवमद्वैतम्

—माण्डूक्योपनिषद् ७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

इन्द्रले त्यसको सिङ समात्दा टुक्रा भएर जहाँ खस्यो त्यसै ठाउँमा तिनको प्रतिष्ठा भयो अनि पशुपतिको प्रादुर्भाव भयो ।" पशुयोनिबाट, पशुभावबाट मुक्त गराइदिने भएका हुनाले शिवलाई पशुपति भनिएको हो । नराम्रो, अज्ञानमूलक काम गर्नेलाई हामी पशु भन्छौँ । पशुत्व भनेकौ अज्ञान हो । त्यसैले अज्ञानलाई हटाउन ज्ञानको, शास्त्रको, विद्याको स्रोत शिवलाई मानिएको हो ।

ज्ञानका दुई अवस्था हुन्छन् । एउटा बोधको अवस्था, अर्को ज्ञानकै अवस्था । बोध अवस्थामा शब्द र अर्थ हुँदैन । शब्द भनेको अक्षर समूह हो, जसले त्यसबाहेक कुनै वस्तुलाई बुझाउँछ । शब्द र अर्थ बेग्लाबेग्लै हुन्छन् । ज्ञानको पूर्वावस्थामा शब्द अर्थ दुईवटैको अभाव हुन्छ । शिवको चैतन्य स्वरूपमा यसो हुने गर्छ, यस स्वरूपलाई परा अवस्था भनिन्छ । उनको मनमा संसारलाई कल्याण गरुँ भन्ने भावना आउँदा कम्पन हुन्छ, उन्मेष आउँछ । यस उन्मेषावस्थालाई पश्यन्ति अवस्था भनिन्छ । यस अवस्थामा "केही चीज वर्णन गरुँ, केही कल्याण गरुँ" भन्ने भावना हुन्छ ।

पश्यन्ति अवस्था सुषुप्तावस्था होइन । यो अवस्थालाई सम्पूर्ण ज्ञानलाई बाहिर निकाल्न शिवले आफूमै निहित, आफूदेखि अभिन्न तत्त्व निकाल्नुभयो, त्यसलाई शक्ति भनियो । शक्ति शिवकै अवस्था हो । माया र मायीमा भेद छैन । शक्ति र शक्तिमान्मा भेद छैन । स्वरूप एउटै हो तर अवस्था भिन्दाभिन्दै हुन् । यस अवस्थालाई मध्यमा अवस्था भनिन्छ । यसपछि ६ उपदेशको बाहिर प्रसारको वैखरी अवस्था आउँछ । यिनै चार अवस्था भएर शिवजीबाट आविर्भाव भएको ज्ञान नै तन्त्र हो ।

तन्त्रलाई वर्गीकरण गर्नुपर्ने भएपछि शिवको ६ वटा मुख भयो । प्रत्येक मुखमा एउटा शक्ति रहे । त्यस मुखबाट आविर्भाव भएको ज्ञानले बेग्लै आम्नायको रूप लियो । पूर्वमुख तत्पुरुषले पूर्णेश्वरी शक्तिलाई गर्नुभएको उपदेश नै पूर्वाम्नाय भयो । पश्चिममुख सद्योजातले कुब्जेश्वरी शक्तिलाई सुनाउनुभएको तन्त्रचाहिँ पश्चिमाम्नायका तन्त्र भए । दक्षिणमुखी अघोरले निशीश्वरीलाई हामी दक्षिणकाली पनि भन्छौँ । अघोरले बताउनुभएको ज्ञान नै दक्षिणाम्नायका तन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भए। उत्तरतिरको वामदेव वक्त्रले सिद्धेश्वरीलाई (जसलाई गुह्येश्वरी पनि भनिंन्छ) बताउनुभएको तन्त्र नै उत्तर आम्नायका तन्त्र भए। त्यति चारवटा मुख त पशुपतिनाथमा पनि देखिन्छन्। ऊर्ध्वमुखी ईशानले कामेश्वरीलाई भन्नुभएको तन्त्र ऊर्ध्वाम्नायका तन्त्र भए। अधोमुखी पातालका कालाग्निरुद्रले वज्रेश्वरीलाई बताउनुभएको तन्त्र अधराम्नायका तन्त्र भए। प्राचीन तन्त्रदर्शनमा वज्रेश्वरीलाई बताएको हुनाले यो तन्त्र वज्रयान भयो भन्ने चलन छ। यसरी शिवका ६ वटा वक्त्रबाट निस्केका आगमहरूबाट दशवटा शैवागम भयो। यी सबै द्वैतपरक (उपास्य र उपासक फरक-फरक हुन्छन्) छन्। अठारवटा भैरवागमहरूमा १६ वटा द्वैत र दुईवटा अद्वैत छन्, चौसठ्ठीवटा अद्वैतपरक तन्त्रहरू छन्। त्यसका आधारमा बनेका उपतन्त्रहरू प्रशस्त छन्। प्रत्येक आम्नायका तन्त्रमा देवता विशेष, मन्त्र विशेष, विधान विशेषका उल्लेख र व्याख्या भए। यसरी तन्त्र संसारमा विस्तार हुँदै आयो। ज्ञानको यो आविर्भावले अज्ञान अर्थात् पशुत्वबाट मानिसलाई मुक्त गर्‍यो, मानिस मोक्षतिर लाग्यो। शिव नेपालमा आएर पशुपतिका रूपम उपास्य भए किनभने यहाँ उनको अज्ञानलाई नाश गर्ने स्वरूप उपासना गर्ने चलन चलिआएको थियो।

तन्त्र एउटा गहन र वृहत् शास्त्र हो। तन्त्रमा दुःखकष्ट घटाउने र हटाउने उपासना एवं साधनाको पद्धति पाइन्छन्। यी पद्धतिको समग्ररूपले प्रतिपादन गरिएको हुन्छ। तन्त्रका अनगिन्ती शाखा-प्रशाखा छन्। प्रत्येकमा लाखौं श्लोकहरू भेटिन्छन्। बडो आश्चर्य लाग्छ, विद्वान्हरूले कहिले निर्माण गरे होलान् ? ती श्लोकहरूको रहस्य त्यसै तन्त्र परम्परामा लागि परेकाहरूले मात्र बुझ्दछन्। त्यसमा प्रयुक्त साधनाका बाटाहरू, उपायहरूको व्याख्या गरिनसक्नुछ। तिनमा राम्रा कुरा छन् गम्भीर अध्ययन, चिन्तन, मनन र लागव नभएमा नराम्रा पक्षहरू पनि देखिन सक्छन्। तन्त्रमा नराम्रै कुराको प्रयोग पनि राम्रोको लागि हुनुपर्ने प्रावधान छ। जस्तो मारण, मोहन, उच्चाटन, स्तम्भन, वशीकरण, विद्वेषणजस्ता विद्याहरूमध्ये मारण भन्नाले कुनै व्यक्ति विशेषलाई मार्ने भनेको होइन। हाम्रो हृदयमा वास गर्ने काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यलाई

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मार्ने भनेको हो । अरुमाथि हिंसा गर्ने इच्छा मनमा आइराखेको छ भने त्यसलाई मार्ने भनेकै मारण हो । जसरी हाम्रो हातमा रहेको खुकुरीले कसैलाई बचाउन पनि सक्छौँ, कसैलाई काट्न पनि सक्छौँ । विज्ञानका आविष्कारहरूमा धेरैको सर्वनाश गर्ने बम पनि छन्, धेरैलाई राम्रो गर्ने पनि छन् । माइकको उपयोग ज्ञानको प्रसारको निम्ति पनि भएको छ, राजनीतिको निम्ति पनि भएकै छ, परम दुरूपयोगका लागि पनि उत्तिकै भएको देखिन्छ । तन्त्रमा उल्लिखित विभिन्न विधिहरू प्रयोग र अनुष्ठानमा भर पर्दछन् । यसको उपादेयता भावना, विचार र सद्गुणको आधारमा हुने गर्दछ ।

सबैभन्दा पहिले उपासनाका लागि देवता चाहिन्छ । तन्त्रको मूल लक्ष्य वा प्रयोजन यही हो । निष्प्रयोजन कुरोमा कोही पनि अगाडि जाँदैन । कुनै काममा प्रवृत्त हुनु पऱ्यो भने त्यसले मलाई फाइदा गर्दछ भन्ने भावना हुनुपर्छ । तान्त्रिक ज्ञानले मलाई मोक्षसम्म पुऱ्याउँछ भन्ने दृढ विश्वास हुनुपर्छ । जन्म, मृत्यु, व्याधिबाट मोक्ष प्राप्त गर्नु नै तन्त्रको मूल लक्ष्य हो । एकातिर सारा उपनिषद्हरू आत्मतत्त्व नै संसारमा मूल कुरो हो भन्छन् । परब्रह्म, परमात्मा मात्रै छ, एउटै ईश्वर छ भन्छन् । त्यही ईश्वरत्व तन्त्रको पनि लक्ष्य हो । तन्त्रमा पनि 'अहं ब्रह्मास्मि', 'तत्त्वमसि'जस्ता महावाक्यहरू छन् । यी दुईमा भिन्नता के छ भने वेदान्त, वेद विद्याहरूले यस्ता महावाक्यहरू भन्न सिकाउँछन् भने तन्त्रले ब्रह्म नै हुन सिकाउँछ । अहं ब्रह्मास्मि भन्न जो पनि सक्छ तर हुन विरलै मात्र सक्दछन् । ईश्वरका अनगिन्ती नाम व्यवहृत छन् । यसैले त हिन्दू, बुद्ध, मुसलमान, क्रिश्चियन, यहूदी, जैनहरूले आ-आफ्ना धर्मग्रन्थहरू र गुरु ठीक छन् भनेर गर्जन्छन् ।[७] चाहे सिद्धिलक्ष्मी भन्नोस्, भैरव भन्नोस्, भद्रकाली भन्नोस्, चाहे कृष्ण भन्नोस् - ती सबै एक तत्त्व हुन् ।

ईश्वरको नाम छैन, रूप छैन । नाम र रूप नभएको परब्रह्म, परमात्माका अनेक रूपको हामी कल्पना गर्छौं । यही नाम, रूपबिनाको ईश्वरलाई जति बेला हामी

---

७ हिन्दू मुसलमान रे फिरंगी कै जातें होदी बोधी जैन अपार ।
वाद सो व्रोध बधरिया करी अगानी उदेकार ॥

—किरन्तन ५३।२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आत्मसात् गर्छौं, त्यही मोक्ष हो । यो ईश्वरत्व वास्तवमा हामीभित्रकै आत्मतत्त्व हो । तान्त्रिक पूजा, उपासनाको रहस्य पनि यही हो । आफूलाई परब्रह्म, परमात्माको स्वरूपमा विभिन्न नदीहरू समुद्रमा मिसिएझैँ लय गरिदिनु हो । यस विषयको रूपक चण्डी (दुर्गा सप्तशती)मा छ । शुम्भसित युद्ध गर्दा भगवतीको देहबाट ब्राह्मी, माहेश्वरी, कौमारी, वैष्णवी, नारसिंही आदि निस्के ।[८] नारसिंहीले गर्दा, ब्राह्मीले कमण्डलुको जलले प्रहार गरेको कुरा त्यहाँ आउँछन् । शुम्भले "अर्काको बल, शक्ति पाएर बडो फूर्ति गर्छयौ ?" भनेपछि भगवतीले मातृकाहरूलाई आफ्नो हृदयमा लीन गरेर देखाउँदै "मबाहेक यहाँ केही छैन" भनिन् ।[९]

नदीहरू समुद्रमा मिस्सिएजस्तै आफ्नो अस्तित्त्वलाई उही ईश्वरतत्त्वमा मिलाउनु नै तन्त्र उपासनाको, साधनाको मूल लक्ष्य हो । नाम, रूप नभएको देवताको उपासना कठिन भएकाले भैरव छन्, भद्रकाली छन्, काली, तारा, षोडशी, भुवनेश्वरी आदि पनि छन् भनिएको हो । कसैले वेद, कसैले सांख्य, कसैले योग, कसैले तन्त्र, कसैले वैष्णव माने । यी एकै ठाउँमा पुग्न बनाइएका थरिथरिका बाटाहरू हुन् । कुनै ठाउँमा पुग्नु पऱ्यो भने हामी नराम्रो र नचिनेको बाटो हिड्दैनौं । प्रत्येक बाटोका मान्यताहरू, मर्यादाहरू हुन्छन्-त्यो हामीले जानेका हुँदैनौं । चिनेको बाटो लामै भए पनि, अँध्यारै भए पनि हामीलाई सजिलो लाग्छ । जुन परम्परामा हुर्केका छौँ, त्यसैको अनुसरण गर्न सहज ठान्दछौँ । आ-आफ्नो परम्पराअनुसार साधना, उपासना गर्नलाई विभिन्न तन्त्रहरू बनेका हुन्, विभिन्न देवीदेवताका स्वरूपहरू बनेका हुन् । त्यसपछि विभिन्न महाविद्याको प्रतिपादन भयो । मन्त्र भन्नु, देवता भन्नु, विद्या भन्नु, यन्त्र भन्नु सबै एउटै हुन् । महानवमीको दिन मेसिनलाई पूजा गर्ने चलन छ । अमेरिका वा जर्मनीबाट अर्थात् जहाँबाट आए पनि त्यसबाट निस्कने शक्तिलाई चाहिँ पूजा, श्रद्धा, उपासना गरिन्छ ।

शक्तिको रूप छैन । बोल्ने शक्ति, कर्मशक्ति, अनुसन्धान गर्ने शक्ति हेर्दा अनेक भेद र उपभेद देख्न सकिन्छ । शक्ति अपरिहार्य छ, सबैलाई चाहिन्छ,

---

८ दुर्गासप्तशती ८।१३-२१

९ एकैवाऽहं जगत्यत्र द्वितीया का ममाऽपरा ॥ -१० ।५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सम्पूर्ण क्षेत्रमा आवश्यक छ । शुश्रुताचार्यले भनेका छन् *'अन्नमूलं बलं पुंषाम् बल मूलं हि जीवनम्'* अर्थात् मानिसको बलको आधार नै अन्न हो, बल नै जीवनको आधार हो । अन्नले प्राणरक्षाका साथै शरीर निर्माण र वृद्धि गर्छ । मानसिक वा शारीरिक कर्मका लागि शक्तिको आवश्यकता पर्दछ । म सक्दिनँ भन्ने चलन छ । शक्ति छ अर्थात् शक्ति छैन । शक्ति व्यापक छ । जलमा शीतलता छ, आगोमा तताउने शक्ति छ, पोल्ने गुण छ, सूर्यमा ताप शक्ति छ, हावामा सुकाउने शक्ति छ ।

साधकानां हितार्थाय भनेझैँ आफ्नो हितको लागि मानिसले विभिन्न परिकल्पना गर्छ । महिषासुरलाई एउटी सुन्दरीको हातबाट मर्ने इच्छा भयो, कल्पना गर्‍यो । देवीले त्यस्तै गरिदिइन् । कालीको प्रचण्डरूप पनि हाम्रो कल्पना हो । भैरवको रूप भीषण छ तर उनी ज्ञान र परब्रह्मका द्योतक हुन् । यसरी देवतत्त्वका विविध रूप हाम्रा कल्पना हुन् तर मिथ्या चाहिँ होइनन् । कल्पना गरे तापनि सत्य नै हुन् । म एउटा व्यक्ति हुँ, यो सत्य हो । तर म दाजु पनि हुँ, बाबु पनि हुँ, छोरो पनि हुँ यही भेदचाहिँ कल्पना हुन् । कल्पना भएरै पनि भाइको अगाडि, छोराको अगाडि र बाबुको अगाडि मैले गर्ने, गर्नुपर्ने व्यवहार बेग्लाबेग्लै हुनुपर्छ । परब्रह्म ईश्वरले पनि विभिन्न स्थानमा, विभिन्न कर्म गर्ने उपासकका अगाडि विभिन्न रूप लिन्छन् । जस्तो आकाश के हो, कत्रो छ भन्ने भेउ पाउन नसके पनि चारकुने कोठाबाट देखिने चारकुने आकाशका आकार कल्पना भएर पनि एउटा यथार्थ नै हो ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधकले बुझ्नै पर्ने तथ्य

तन्त्रमा उपासनाका विविध पद्धतिहरू प्रतिपादन गरिएका हुन्छन् । उपासना गर्दा पहिले भाव चाहिन्छ । तीन प्रकारका भाव हुन्छन् । पशुभाव, वीरभाव, दिव्यभाव । पशुभावको उपासनामा उपासक आफूलाई ईश्वरको दास मान्दछ । घर, दौलत, प्रतिष्ठा आदि तुच्छ कामनाको पूर्ति गरिदिन ईश्वर पुकार्दछ । अधिकांश मानिसको ईश्वरभक्तिको रहस्य यतिमात्र हो । हाम्रा साधनापद्धतिमा पशुभावको उपासनालाई सबैभन्दा निकृष्ट, सबैभन्दा हीन सिद्ध गरिएको छ । वीरभावको उपासनामा उपासकले स्वयंलाई देवता ठान्दछ । '**अहं ब्रह्मास्मि**' भन्दछ । **'म'** को दुइटा अर्थ छन् । एउटा **'म'** ले मानिसलाई घमण्डी, स्वार्थी सिद्ध गर्दछ । शरीरलाई म भन्न थाल्यो भने मेरो घर, मेरो जग्गा, मेरो कपडा, मेरो लोग्ने, मेरी स्वास्नी, मेरो सम्पत्ति आदिसम्म पुगिन्छ । यो डरलाग्दो हुन्छ । यसले संसारको कहिल्यै कल्याण गर्दैन । अर्को मचाहिँ अहन्ता, पूर्णहन्ता हुन्छ । यो जगत्लाई आफू ठान्नु । यो जगत्मा म मात्रै छु । ममा नै यो जगत् छ । यस्तो दृष्टिकोणलाई अहन्ता भनिन्छ । अहं भनेको म यो ब्रह्मरूपता पूर्णव्यापकता हो । संस्कृतमा **'अहं'** शब्दको बनोट यस्तो छ । **'अ'** र **'ह'** वर्णका बीचमा सारा संसार पर्दछन् । जसरी **'प'** वर्गको उच्चारण गर्न ओठ जोड्नुपर्छ । त्यसरी नै **'अ'** र **'ह'** वर्णलाई **'म'**ले जोडिदिन्छ । यसरी **'अ'** र **'ह'** बीचका सबै मातृकाहरू, सम्पूर्ण ज्ञान सबै अक्षरहरू मभित्र पस्छन् ।

वीरभावको उपासनामा उपासक देवताभन्दा बेग्लै हुँदैन । तथापि उसले 'अहं देवी न चाऽऽन्योऽस्मि' म देवता हुँ, अरु कोही पनि छैन भन्छ । म नै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सत्चित् आनन्द हुँ भन्दछ । वीरभावको उपासन गर्नेले गरेको कुनै पनि कर्मको दोष लाग्दैन । त्यस्तो उपासक दोष नलाग्ने हुँदै जान्छ । शिशुकालमा हामी एउटा खेल खेल्थ्यौँ । साथीहरू माफ उभिएर "मलाई छोऊ त" भन्दथ्यौँ ।

साथीले हात समात्न पुग्यो भने हामी भन्थ्यौँ "हात पो छोइस्, मलाई छोऊ त । कानमा समाते पनि नहुने ।"

पिता मृत्युशयामा हुनुहुँदा हामी 'लौ जानुभयो भन्छौँ ।' कहाँ जानुभयो ? त्यहीँ त हुनुहुन्छ । के भएर उहाँलाई हामी पिता भन्छौँ ? के नहुँदामा हामी जलाई दिन्छौँ ? श्रीमतीले त्यस्तो प्रेम गरेर, त्यति प्रिय बनाएर राखेको लोग्नेलाई पनि मऱ्यो भनी 'लैजाऊ, लैजाऊ' भन्छिन् । जुन तत्त्व छँदा हामी छ भन्छौँ, जुन नहुँदा हामी छैन भन्छौँ- त्यो सबैभन्दा महत्त्वपूर्ण तत्त्व रहेछ । एउटा त्यही परब्रह्म, परमात्मा हो । देवता तत्त्व र आत्मतत्त्व पनि त्यही हो ।

ईश्वरो गुरुरात्मेति मूर्तिभेदविभागिने ।
व्योमवद् व्याप्तदेहाय दक्षिणामूर्तये नमः ॥

आकाशजस्तो व्यापक ईश्वर, आत्मा, गुरु एउटै तत्त्व हो । यस्तो उपासना वीरभावको उपासना हो । यस उपासनामा अनेक किसिमका उपचार गरिन्छन् । धूप, दीप, नैवेद्य, मद्य, मांस इत्यादि सबै । वास्तवमा यो अन्तिम होइन । सबैभन्दा अन्तिम सोपान हो दिव्यभावको उपासना । दिव्यभाव उपासना गर्नेले स्वयं र ईश्वरलाई अभिन्न मान्दछ । उपासक ध्यान मग्न भई बस्तछ र उसका लागि बाहिरी जगत्को कुनै पनि कुरा प्रभावहीन हुन्छ ।

दैनिक जीवनमा अनेक साधनहरूको जसरी सदुपयोग गर्दछौँ, त्यसरी नै शास्त्रीय मूल्यमान्यतालाई पालन गरी लक्ष्य हाँसिल गर्दछौँ । प्रयोग विधि र विधान उपयुक्त भएन भने फलमा वैगुण्यता आउँछ । मन्त्रमा जस्तै तन्त्रमा विभिन्न आचारका विषयको उल्लेख छ । वेदाचार भन्नाले वेदमा भनिए किसिमको आचरण गर्ने । वैष्णवाचार भन्नाले विष्णुलाई आराध्य मानेर सोहीअनुसार अनुष्ठान, खानपान र टीकामा ध्यान दिने । वामाचार भन्नाले पञ्चमकारहरूको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रयोग। सम्पूर्ण आचारका विषयमा विस्तृत ज्ञान गुरुबाट मात्र प्राप्त हुन सक्छ। तन्त्रंको उपासनाबाट अज्ञान बाहिरिन्छ, ज्ञान भित्रिन्छ, मोक्ष प्राप्त हुन्छ। सोझो अर्थमा भन्दा जन्म मरणको भवचक्रमा पर्नुपर्दैन। कोही कोही यो संसार सुन्दर छ यहाँ अनेक किसिमका वस्तुहरू छन्, ठाउँहरू छन्, यहाँ जन्मिएर अनुभव गर्न पाउनुपर्छ भन्ने पनि छन्। वास्तवमा अनुभव गराई कहिलेसम्म ? जसरी भोक लागेपछि खाना खाँदा अपार आनन्दको अनुभव हुन्छ तर खाना खाइसकेपछि दुःखको अन्त होइन, शुरुवात हुन्छ। यसरी दुःखको अन्त्य छैन। दुःखको अन्त गर्न ईश्वरको उपासनाबाट ज्ञान र त्यसबाट मोक्ष प्राप्त गर्नुपर्दछ। फेरि कोही ईश्वरको चरणमै सुख रहेको ठान्दछन् र मोक्ष पनि चाहँदैनन्। तन्त्रबाट अलभ्य, अगम्य ठानिएका पद, स्थान, अवस्था वा वस्तु प्राप्त गर्न सकिन्छ। साधकको सामर्थ्य, लक्ष्यअनुसार उसले फल प्राप्त गर्दछ। समय, लक्ष्य, सामग्री, साधकलाई ध्यानमा राखेर तन्त्रको प्रयोग गर्ने शास्त्रीय विधि छन्।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



तान्त्रिक मुद्राहरू

संस्कृतभाषाको 'मुद्' धातुबाट प्रसन्न अर्थ निस्पन्न हुने गरी मुद्रा शब्द बनेको छ। यसको अर्थ हातका औँलाहरूले बनाएको देवतालाई खुसी पार्ने आकृति विशेष भन्ने हुन्छ। सम्पूर्ण देवताहरूलाई प्रसन्न पार्ने र पापराशिलाई भगाइदिने हुनाले पनि यस्तो आकृतिलाई मुद्रा भनिएको हो। हाँतका पाँचवटा औँलाहरू आकाश, वायु, आगो, पानी र पृथ्वी पाँच महाभूतका प्रतीक हुन्। यिनीहरूका संयोगबाट बनेका विभिन्न मुद्राहरू पूजाका खास खास अवसरहरूमा देखाउँदा देवताहरू ज्यादै खुसी हुने र उपासकका कामनाहरू पूर्ण हुने हुनाले मुद्राको महत्त्व तन्त्रशास्त्रमा ज्यादै विशिष्ट मानिन्छ।

मोदनात् सर्वदेवानां द्रावणात् पाप सन्ततेः।
तस्मान्मुद्रेति विख्यातः मुनिभिस्तन्त्रवेदिभिः॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् 'तन्त्रवेत्ता र मुनिहरूले मन्त्र शब्दमा रहेको 'म' अक्षरको अर्थ सबैं देवताहरूलाई प्रसन्न गराउने र मुद्रा अक्षरको अर्थ पाप क्षय गर्ने बताएका छन् ।' पूजा, जप, ध्यान, काम्यकर्म विभिन्न अवसरहरूमा बेग्लाबेग्लै मुद्राहरूले देखाउनु भन्ने शास्त्रहरूको निर्देशन छ । दीक्षा नलिएका व्यक्तिले देखाएका मुद्राहरू भने स्वयं विफल हुन्छ । यसबाट देवताहरू क्षुब्ध हुन्छन्, साधक रोगी र दरिद्र हुन सक्छ । देवता भेदले मुद्राहरू बेग्लाबेग्लै पनि हुन सक्छन् । सबै देवताका एउटै प्रकारका मुद्रा हुन्छन् भन्ने केही छैन । कतिपय मुद्राहरू सबैलाई मिल्ने पनि छन् आवाहनी, सन्निधापनी, सम्बोधनी, सम्मुखीकरणी, सकलीकरणी, भ्रमिता, धेनु, अमृतीकरणी र परमीकरणी नौवटा मुद्राहरू जुनसुकै देवताहरूको पूजामा पनि उपयुक्त हुन्छन् । केही मुद्रा भने तोकिएकै देवीदेवताहरूका हुन्छन् जसलाई निम्नानुसार वर्णन गरिएको छ ।

१. विष्णु मुद्रा

शङ्ख, चक्र, गदा, पद्म, वंशी, श्रीवत्स, कौस्तुभ, वनमाला, ज्ञान, विल्व, गरुड, नारसिंह, हयग्रीव, वराह, धनु, वाण, परशु, जगन्मोहन र काम १९ मुद्राहरू छन् ।

२. शिव मुद्रा

लिङ्ग, योनि, त्रिशूल, माला, इष्ट, भी, मृग, खटवाङ्ग, कपाल र डमरु दश मुद्राहरू छन् ।

३. सूर्य मुद्रा

पद्म नाम गरेको एउटामात्रै मुद्रा छ ।

४. गणेश मुद्रा

दन्त, पाश, अङ्कुश, विघ्न, परशु, लड्डु, बीजपूर गरी सात मुद्राहरू छन् ।

५. दुर्गा मुद्रा

पाश, अङ्कुश, अभय, खड्ग, चर्म, धनु, शर, मुसल र मुद्रिका दश मुद्राहरू छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

६. लक्ष्मी मुद्रा

लक्ष्मी मुद्रा एउटामात्र छ ।

७. सरस्वती मुद्रा

अक्षमाला, वीणा, व्याख्यान र पुस्तक गरी चार मुद्राहरू छन् ।

८. काली मुद्रा

महायोनि, मुण्ड, मत्स्य, कूर्म, ललिता विशिष्ट खालका छन् ।

९. तारा मुद्रा

योनि, भूतिनी, बीज, दैत्यधूमिनी, लोलिहाना गरी पाँच मुद्राहरू छन् ।

१०. त्रिपुरासुन्दरी मुद्राः

संक्षोभण, द्रावण, आकर्षण, वश्य, उन्माद, महांकुश, खेचरी, बीज, योनि, त्रिखण्डा गरी दश मुद्राहरू छन् । कसैले यसमा त्रिखण्डालाई छोडेर नौ मुद्रा मान्दछन् ।

११. अतिरिक्त मुद्रा

अभिषेक गर्दा कुम्भ, आसन चढाउँदा पद्म, विघ्न हटाउँदा कालकर्णी मुद्रा, जलशोधन गर्दा गालिनी मुद्रा, प्रार्थना गर्दा प्रार्थना मुद्रा, न्यास गर्दा सौभाग्यदायिनी र रिपुजिह्वा मुद्राहरूको प्रदर्शन गरिन्छ । यसका अतिरिक्त धेनु, सम्पुट, प्राञ्जलि, विल्व, पद्म, नाराच, मुण्ड, दण्ड, योनि, अर्धयोनि, वन्दनी, महामुद्रा, महायोनि, भग, पुटक, निषङ्ग, अर्धचन्द्रक, अङ्ग, द्विमुख, शङ्ख, मुष्टिक, वज्र, रन्ध्र, षड्योनि, विमल, घट, शिखरिणी, तुङ्ग, पुण्ड्र, अर्धपुण्ड्रक, संमिलनी, कुण्ड, चक्र, शूल, सिंहवक्त्र, गोमुख, प्रोन्नाम, उन्नमन, बिम्ब, पाशुपत, शुद्ध, त्याग, उत्सारिणी, प्रसारिणी, उग्रमुद्रा, कुण्डली, व्यूह, त्रिमुखा, असिवल्ली, योग, भेद, मोहन, वाण, धनु, तूणीर यी ५५ मुद्राहरू र अन्य ५३ मुद्राहरू समेत गरी एक सय आठ मुद्राहरू कामाख्या पूजनका सन्दर्भमा कालिकापुराणमा वर्णित छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मेरुतन्त्रमा उपर्युक्त मुद्राहरूसँग मिल्दाजुल्दा धेरै मुद्राहरूको वर्णनका साथै पूजनका अवसरमा विभिन्न उपचारहरू चढाउँदा प्रदर्शन गरिने मुद्राको वर्णन छन् । पाद्य, अर्घ्य, आचन, मधुपर्क, स्नान, वस्त्र, आभूषण, गन्ध, पुष्प, धूप, दीप, नैवेद्य, मुद्राहरू, प्राण, अपान, व्यान, उदान, समान, ग्रास मुद्राहरू एवं गायत्री जपकालमा प्रदर्शन गरिने सुमुख, संपुट, वितत, विस्तीर्ण, द्विमुख, त्रिमुख, चतुर्मुख, पञ्चमुख, षण्मुख, अधोमुख, व्यापकाञ्जलिक, शकट, यमपाश, ग्रथित, सम्मुखोन्मुख, विलम्ब, मुष्टिक, मत्स्य, कूर्म, वराह, सिंहाक्रान्त, महाक्रान्त, मुद्गर पल्लव गरी चौबीस मुद्राहरूको वर्णन गरिएको छ । अन्य तन्त्रहरूमा उपर्युक्त चौबीस मुद्राहरू गायत्री जप गर्नुभन्दा अघि र पछि सुरभि, ज्ञान, वैराग्य, योनि, शङ्ख, पद्म, लिङ्ग र निर्वाण यी आठ मुद्राहरू देखाउनुपर्दछ भन्ने उल्लेख पाइन्छ ।

मुद्रामा विशेष कुरा के छ भने पूर्व, पश्चिम, दक्षिण र उत्तर चारै आम्नायका विभिन्न देवताहरू पञ्चमकारको विधिपूर्वक समर्पणबाट प्रसन्न हुन्छन् । एउटै मात्र तत्त्वको प्रयोगले साधकलाई श्राप पनि दिन सक्छन् । अनुष्ठानमा कुनै त्रुटि नहोस् भन्नाको लागि उपासकले आ-आफ्ना सम्प्रदायअनुसारका मुद्राहरू जान्नु एवं ठीक-ठीक ठाउँमा तिनको प्रयोग गर्नु अत्यावश्यक छ । विधानअनुकूल गरेर मात्र शास्त्रले बताएअनुसार मोक्ष प्राप्त हुन सक्छ । होम गर्दा मुद्रा नदेखाइ गर्नुहुँदैन । बिना मुद्रा हवन गऱ्यो भने देवताले ग्रहण गर्दैनन् । यजमान र होता दुबैलाई अनिष्टकर हुन्छ । होम गर्दा विशेष गरी मृगी, हंसी र शूकरी तीन मुद्राहरूको प्रयोग गर्नु अत्यावश्यक हुन्छ । परमन्त्रबाट हुने अभिचारहरूलाई हटाई निष्क्रिय पार्न पनि मुद्राहरूकै आवश्यकता पर्दछ । जस्तै-दाह, ज्वर, अभिचारकले शान्तिका लागि बुढीऔँला र साहिँलीऔँलाले हवन गर्नुपर्दछ । विद्वेषण, उच्चाटन र मारणमा साहिँली एवं माझीऔँलाले हवन गर्दा शान्त हुन्छ । बुद्धि, कान्ति, नीति, शरीर पुष्टि एवं आकर्षणको निमित्त चोर र साहिँलीऔँलाले हवन गर्ने विधान छ । मोहन, वशीकरण, प्रीतिसंवर्द्धन साहिँली र कान्छीऔँलाको हवनले सिद्ध हुन्छन् । मोहन, आकर्षण, क्षोभण, उच्चाटनका लागि कान्छी, माझी र बुढीऔँलाले हवन गर्नुपर्दछ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

देवताहरूको आकर्षण र विसर्जनका लागि क्रमशः आकर्षण र संहार मुद्राको प्रदर्शन आवश्यक छ । शान्ति आदि कर्म गर्दा पद्म, पाश, गदा, मुशंल, अशनि र खड्ग यी ६ मुद्राहरू प्रदर्शित गरिन्छन् । विस्मय, बिन्दु र नाद मुद्राहरू पनि विशेष अवसरहरूमा प्रदर्शन गर्ने विधान शास्त्रले गरेको छ । सबै किसिमका तान्त्रिक पूजा गर्दा जलमा अङ्कुश मुद्राले गंगा आदि तीर्थको आवाहन गरी मत्स्यमुद्राले शोधन गरिन्छ । षडङ्ग न्यासअन्तर्गत हृदयादि न्यास हुँदा पनि प्रत्येकमा विशेष औँलाहरूको प्रयोग गरिन्छ । शङ्खार्घ्यमा धेनु, मत्स्य, शङ्ख मुद्राको प्रदर्शन हुन्छ । सामान्य अर्घ्यमा धेनु, मत्स्य र योनिमुद्रा देखाइन्छ । मृग मुद्राले देवताको प्राणप्रतिष्ठा मन्त्र पढिन्छ आवाहनी आदि उपयुक्त मुद्राहरूले आवाहन, संस्थापन गरिन्छ । पूजा सकिएपछि संहार मुद्राले देवता विसर्जन गरिन्छ । नमस्कार भने धेनु, लिङ्ग र योनि मुद्राले गरिन्छ । विभिन्न आगमहरूमा मुद्राको वर्णन पाइन्छ त्यसमध्ये केहीलाई निम्नानुसार वर्णन गरिएको छ ।

(क) अजितागमः-

शोधनी, कालकर्णी, मुकुली, शशकर्णिका, निष्ठुरा, पद्म, नमस्कारा, मनोरमा, शान्ता, लिङ्ग, ध्वज, आवाहनी, स्थापनी, रोधनी, संनिधीकरणी, गायत्री, नेत्रा, अस्त्रा, सुधा, पञ्चमुखी, संहार, वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अङ्कुश, गदा, शूल, चक्र, पद्म, द्रव्य, करकच्छपी, नाराच, मृगी, महामुद्रा, शङ्ख, ताल, बाराही र भासिनी यी चालीस मुद्राहरूको वर्णनका साथै शिवपूजामा यिनको उपयोग हुन्छ भनिएको छ ।

(ख) किरणागमः-

लिङ्ग, नमस्कार, ताल, शङ्ख, सुरभी, मुकुली, बाराही, निष्ठुरा, बीज, पञ्चवक्त्री, द्रव्य, शिखा, संहार, सादाख्या, आसनी, महेश, वज्र, शक्ति, दण्ड, खड्ग, पाश, अङ्कुण, गदा, शूल, पद्म, चक्र, टंक, महारुद्रा, घण्टा, अस्त्र, शर र धनु यी बत्तीस मुद्राहरूको उल्लेख पाइन्छ ।

(ग) रौरवागमः-

नमस्कार, ध्वज, शशकर्णिका, मुकुला, पद्म, आवाहनी, निष्ठुरा, कालकण्ठी, लिङ्ग यी नौ मुद्राहरूको उल्लेख पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(घ) मृगेन्द्रागमः-

स्रुक, मकरी, शूल, पद्म, धेनु, मनोरथ, नमस्कार, आवाहनी, स्थापनी, तिरोधिनी, परिघा, आकर्षिणी, घट र ताल यी चौध मुद्राहरू शिवपूजाका निमित्त वर्णित छन् । यस ग्रन्थमा मुद्रा शब्दको व्याख्या गर्दै ग्रन्थकार भन्छन्- विघ्नहरूलाई मुद्रण गर्ने भएकोले औँलाहरूको यस बनावटलाई मुद्रा भनिएको हो । यो केवल औँलाहरूको संयोग विशेष मात्र होइन, परमेश्वरका शक्तिहरू नै हुन् । यो काम अरु कुनै वस्तु वा उपचारबाट हुन सक्तैन । यी मुद्राहरूमध्ये स्रुकमुद्राले शक्तिलाई उद्दीप्त गर्दछ भने मकरीले सम्पूर्ण विघ्नको नाश गर्दछ । शूल मुद्राले दुष्टहरूको नाश गर्दछ, पञ्चमुद्राको काम शक्ति पुरोचन हो, धेनुको ईश्वर प्रार्थना हो । मनोरथ र नमस्कार मुद्राले ईश्वरको सान्निध्यमा पुऱ्याउँछ । आवाहनी मुद्रा आवाहन गर्न, स्थापनी स्थापना गर्न र निरोधनी रोकेर राख्न प्रदर्शन गरिन्छन् । परिघा मुद्राले विघ्न नाश गर्दछ । आकर्षणी मुद्राले ईश्वरलाई आकर्षित गर्दछ । घट मुद्रा स्नान गराउँदा प्रदर्शन गरिन्छ । ताल मुद्रा देखाउँदा साधक अट्टहास गर्दै तीन पल्ट ताली बजाएजस्तो गरी देब्रे हातको हत्केलामा दाहिने हातको चार, माझी दुई औँलाले तीन पल्ट ठोक्दछ । यसले पूजामा हुने सबै किसिमका विघ्नबाधाहरूलाई हटाउँदछ । मुद्रा ६ प्रकारका हुन्छन् ।

१. पद्म २. पाश ३. गद ४. मुसल ५. वज्र ६. खड्ग

पद्म मुद्राको सहयोगले शान्तिकर्म, पाश मुद्राले वशीकरण, गदा मुखले स्तम्भन, मुसल मुद्राले विद्वेषण, वज्र मुद्राले उच्चाटन र खड्ग मुद्राको सहयोगले मारणकर्म गर्नुपर्छ । जुन कर्ममा जुन मुद्राको विषय लेखिएको छ उसै मुद्रको सहयोगले त्यो कर्म गरेमा कार्य सिद्ध हुन्छ ।

पूजन मुद्रा

पूजनादि कार्यमा अन्य प्रकारको मुद्रा प्रस्तुत गरिएको पाइए पनि दक्षिणामूर्ति संहिता आदि ग्रन्थमा पूजन मुद्राको स्वरूपका वर्णन यसप्रकार छ ।

धेनु मुद्रा

दायाँ हातको कनिष्ठ औंलीको अग्र भागबाट बायाँ हातको अनामिकाको अग्रभाग मिलाउनुपर्छ । यसप्रकार बायाँ हातको कनिष्ठको अग्रभागदेखि दायाँ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हातको अनामिकाको अग्रभाग मिलाउनुपर्छ । दायाँ हातको तर्जनीको अग्रभागदेखि बायाँ हातको मध्यमाको अग्रभाग मिलाउनुपर्छ । यसैगरी बायाँ हातको तर्जनीको अग्रभागदेखि दायाँ हातको मध्यमाको अग्रभाग मिलाउनुपर्छ । अनामिक मूलको साथ अनामिका मूल तथा मध्यमाको मूलको साथ मध्यमाको मूल एवं अङ्गुठीको साथ अङ्गुठी मिलाउनुपर्छ । यसरी बनेको मुद्रालाई धेनु मुद्रा भनिन्छ ।

आवाहनी मुद्रा

अञ्जलीपुटको माथि तल मिलाएर राखेमा आवाहनी मुद्रा हुन्छ ।

स्थापती मुद्रा

आवाहनी मुद्राको ठीक विपरीत भएमा वा माथि संश्लिष्ट, तल विश्लिष्ट भएमा स्थापना मुद्रा हुन्छ ।

सन्निधापनी मुद्रा

दुबै अङ्गुठीमाथि उठाएर बन्ध स्वरूप बनाई मुठ्ठी मिलाए सन्निधापन मुद्रा हुन्छ ।

सन्निरोधिनी मुद्रा

दुबै अङ्गुठीबीचमा राखेर उपर्युक्त प्रकारले दुबै हातको मुठ्ठी बाँधे सन्निरोधिनी मुद्रा हुन्छ ।

योनी मुद्रा

अञ्जलीपुटको माथि विश्लिष्ट तथा तल संक्षिप्त गरी दुबै हातको अनामिकासँगै तर्जनी परस्पर मिलाएर दुबै मध्यम अङ्गुलीको अग्रभाग मिलाएमा योनी मुद्रा हुन्छ ।

तत्त्व मुद्रा

दायाँ हातको अनामिकाको साथ बद्धाङ्गुष्ठको मेलमा तत्त्व मुद्रा हुन्छ ।

कलश मुद्रा

विश्वकर्माले सबै देवताको एक/एक कला लिएर कुम्भ निर्माण गरेका छन्, यसर्थ यसको नाम कलश भयो । कलशको विस्तार डेढ हातसम्म हुनुपर्छ । कुम्भ वा कलश सोह्र अङ्गुल हुनुपर्छ । कलशको गला चार अङ्गुल, मुखका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विस्तार ६ अङ्गुल, तलको परिणाम पाँच अङ्गुल हुनुपर्छ। कलशको निर्माण स्वर्ण, चाँदी, काँस, माटो वा काँचद्वारा हुनुपर्छ। यसमा कुनै छिद्र हुनुहुन्न। कतै टुटे-फुटेको पनि हुनुहुन्न। देवदेवताको प्रीतिका लागि सुधा कलश निर्माण गर्न कुनै प्रकारको कृपणता हुनुहुँदैन। स्वर्णको कलश भोगदायक, चाँदीको मोक्षदायक, तामाको प्रीतिकर, काँसको पुष्टिबर्द्धक, काँचको वशीकरण कारक, पाषणको स्तम्भनोद्दीपक, माटाको कलश सुदृश्य एवं स्वच्छ हुनाले सबै कर्ममा श्रेष्ठ मानिन्छ। यसरी तान्त्रिक पूजनमा मुद्राहरूको विशेष स्थान एवं भूमिका रहेको तथ्य स्पष्ट हुन्छ। देवताहरूको भेदले उनीहरूको पूजामा प्रयोग हुने मुद्राहरू पनि बेग्लाबेग्लै हुन्छन्। सर्वसाधारणलाई त कसैले कुनै मुद्रा देखाइदियो भने खुसी हुन्छ, कुनै मुद्रा देखाउँदा रिसाउने हुन्छ भने परमेश्वरको पनि यही कुरा हो।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रमा जपको गरिमा

साधकले आफ्नो मनलाई बाहिरी प्रपञ्चबाट खिचेर मन्त्रका अर्थको विचार गर्दै बारम्बार मन्त्र मनन गरिरहनुलाई जप भनिन्छ । जप तीन प्रकारका हुन्छन् -मानसजप, उपांशुजप र वाचिक जप ।[१] मन्त्रको अर्थ विचार गर्दै, देवतालाई सम्झदै मन मनले मन्त्र जप्ने, ओंठ पनि नहल्लाउने, नबोल्ने यस्तो जप मानसजप हो । देवतालाई मनमा धारण गरेर जिब्रो र ओंठ आदि चलाउँदै, फुसफुसाउँदै गरिने जप चाहिँ उपांशुजप हुन्छ । वचनले सुनिने गरी उच्चारण गर्दै गरिने जप वाचिक जप हो । मानस, उपांशु र वाचिक जपमध्ये वाचिकभन्दा उपांशुजप एक लाख गुणा असल र उपांशुभन्दा मानसजप करोडौँ गुणा राम्रो हुन्छ । वाचिकचाहिँ असल हुँदैन । स्तोत्र मनमनै पाठ गर्नुहुँदैन, जप बोलेर गर्नुहुँदैन, गऱ्यो भने दुबै निष्फल हुन्छन् । केही विद्वान्हरूको भनाई के छ भने मानसजपले सिद्धि प्राप्त हुन्छ, उपांशुजपबाट पुष्टि पाइन्छ र वाचिक जपले चाहिँ अभिचारकर्म सिद्ध हुन्छ ।

जपबाट देवता चाँडै खुसी हुन्छन्, सिद्धि प्राप्त हुन्छ । जसले नित्य नियमपूर्वक जप गर्दछ, त्यसका घरबाट खराब तत्त्वहरू टाढैबाट भाग्दछन् । यही जपको फल हो । 'मालालाई दाहिने हातले लिएर, वस्त्र(कपडा)ले ढाकेर जपे इच्छाएको फल प्राप्त हुन्छ । मालालाई खुल्ला राखी कुनै कपडाले नढाकी

---

१ वाचिकश्च उपांशुश्च मानसस्त्रिविधोजपः ।
त्रयाणां जपयज्ञानां श्रेयान् स्यादुत्तरोत्तरम् ॥

—नृसिंहपुराण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बायाँ हातले जपेमा फल मिल्दैन[२] ।' जप गर्दा माला नगनीकन गर्नुहुँदैन । कहिले धेरै, कहिले थोरै गर्नुहुँदैन हरेक दिन एउटै गति, समय र विधानले जप्नुपर्छ । गुरुबाट पाएको मालाको गणना गर्दै जप गर्नुपर्दछ । मालाचाहिँ बेग्लाबेग्लै किसिमका हुन सक्छन् । यसको पनि एउटा बेग्लै महत्त्वपूर्ण अध्याय छ -तान्त्रिक साधनामा । मुख्यतः माला तीन किसिमका हुन्छन् ।

१. वर्णमाला (अक्षरहरूका माला)

२. चरमाला (रुद्राक्ष, मोती, स्फटिक आदिका माला)

३. करमाला (हातका औँलाको माला)

यीमध्ये वर्णमाला हेरौँ- **'अ'** देखि **'क्ष'** सम्म ५०, फेरि **'क्ष'** देखि **'अ'** सम्म ५० गरी १०० भयो, वर्गको पहिलो पहिलो अक्षर अ, क, च, ट, त, प, य, श ८ गरी १०८ वर्णमाला हुन्छन् । त्यसमा पनि **'क्ष'** लाई मेरु भनिन्छ, यसलाई नाघ्नुहुँदैन जप गर्दा । चरमालामा चाहिँ- मणिमाला, शङ्खमाला, स्फटिकमाला, अक्षमाला आदि पर्छन् । साधकका कामना फरक-फरक हुन्छन्, कामनाअनुसार माला पनि बेग्लाबेग्लै हुन्छन् । जस्तै सिद्धिका लागि अक्षमाला, धनका लागि मणिमाला, मोक्षका लागि स्फटिकमालाले साधना गर्नु सर्वोत्तम हुन्छ । देवता पनि खास खास मालाले गरिएको जप मन पराउने हुन्छन् । तदनुसार गर्न उचित हुन्छ । नसक्नेले थोरै जप गर्नुपर्दा करमाला उपयोगी हुन्छ । मालाको पनि संस्कार गर्नुपर्दछ, त्यसको बेग्लै विधान छ । जप गर्दा गर्दै हातबाट माला झऱ्यो भने टिपेर एक सय आठ पटक जप्नुपर्छ, यदि खुट्टामा झऱ्यो भने धोएर त्यसको दुई गुण अर्थात् २१६ पटक जप्नुपर्छ ।[३] माला दीक्षित व्यक्तिले देखाउनु हुँदैन । गोप्य राख्नु पर्ने निर्देश शास्त्रको छ ।

●●●

---

२ वस्त्रेणाच्छाद्य तु करं दक्षिणं यः सदा जपेत् ।
तस्य तत् सफलं जप्यं तद्धीनमफलं स्मृतम् ॥

३ प्रमादात् पतिते सूत्रे जपेदष्टोत्तरं शतम् ।
पादयोः पतिते तस्मिन् प्रक्षाल्य द्विगुणं जपेद् ॥

-रुद्रयामल तन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



तन्त्रमा योग र आगम

तन्त्रभित्र ज्ञानविज्ञानको अथाहा सागर छ । यसमा योगको पनि वर्णन छ । योग भनेको जोड्नु हो । जीव र परमात्मालाई जोड्नु नै योगको मुख्य लक्ष्य हो । यो संसारमा आफूलाई देख्ने कसरी ? शरीरमा चक्रैचक्र रहेको चित्र तपाईं देख्नुहुन्छ । हुन त पर्यटकलाई लोभ्याउने मनसायले लेखिएका यस्ता चित्रहरूमा भए नभएका कुरा हुने गर्दछन् । यौगिक विश्वपुरुषको चित्र हो । ईश्वरको उपासना योगद्वारा गरिनुपर्दछ । हामी गरिरहेकै हुन्छौ । कसैले नबताईकन हामी सहज प्रक्रियाको योग गरिरहेका हुन्छौँ । यो कार्य त्यसै भइराखेको हुन्छ । अजपाको माध्यमबाट हामीले नगरे पनि आफैँ जप भइरहन्छ । श्वासबाहिर निस्कँदा एउटा अक्षर एवं भित्र जाँदा अर्को अक्षर अर्थात् 'सोऽहम्, सोऽहम्, सोऽहम्' हुन्छ । यसको अर्थ 'म त्यही हुँ, म त्यही हुँ, म त्यही हुँ' हुन्छ । यति हुँदाहुँदै पनि धेरैलाई यो ज्ञान हुँदैन । म यो गर्दैछु भन्ने भावना नै छैन । योगको मूल लक्ष्य दिव्यभावको उपासना हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संसारमा जति पनि विषम परिस्थितिहरूको सिर्जना भएका छन, त्यसको कारण भेददृष्टि हो । भेददृष्टिले विभागहरू देखिएका हुन् । तन्त्रले बताएको दर्शन भेददृष्टिलाई समाप्त गर्ने खालको छ । विज्ञान चाहिन्छ तर भौतिक वस्तुले कहिल्यै मूल लक्ष्यमा पुग्न सकिँदैन । हाम्रो अठोट के हुनुपर्छ भने हाम्रो बाटो व्यापकतातिर उन्मुख हुनुपर्छ । जुन विधिले उपासना गरे पनि, जुन देवताको उपासना गरे पनि, जस्तो कर्म गरे पनि, त्यो परम्पराअनुसार हुनुपर्छ, चिन्तनले खारिएको हुनुपर्छ । आखिरमा ज्ञान र कर्मलाई जोड्ने हो । तन्त्रले, कर्मकाण्डले जोड्ने काम गर्छ । कर्मकाण्ड भनेको फूल, अक्षता, घण्टा, दक्षिणामात्र होइन, ईश्वरमा आफ्नो एकता र समर्पण हो । त्यही जप, पूजा, अर्चना हो । जप पूजा अर्चनाको तात्पर्य दिव्यभावको उपासना हो ।

तन्त्र शब्दको मूल अर्थ हो शास्त्र, त्यो शास्त्र जसबाट ज्ञानको विस्तार हुन सक्छ । केवल ज्ञानको विस्तार गर्ने शास्त्र मात्र नभई आफ्नो अनुसरण गर्ने व्यक्तिहरूको रक्षक पनि हो । तन्त्र शब्दको व्यापक अर्थ हुन्छः- शास्त्र, सिद्धान्त, अनुष्ठान, विज्ञान, विज्ञानविषयक ग्रन्थ आदि । विभिन्न ग्रन्थकारहरूले यस शब्दको प्रयोग उपर्युक्त विभिन्न विषयहरूको निमित्त गरेका छन् । लोक व्यवहारमा तन्त्र शब्दको प्रयोग मन्त्र, कीलक, कवचसँग सम्बन्धित विषयमा केन्द्रित भएको पाइन्छ । साहित्यलगायतका ग्रन्थहरूमा रहस्यमय एवं चमत्कारपूर्ण प्रयोगका साथै देवी, भैरव आदि देवताहरूको पूजाका विधि-विधान लेखिएका ग्रन्थहरूलाई बुझेको पाउँछौँ ।

तन्त्रको अर्को पर्यायवाची शब्द आगम हो । यो शब्द पनि तन्त्र शब्द जत्तिकै प्रसिद्ध छ । यसको पनि व्यापक अर्थ हो शास्त्र, त्यो शास्त्र जसबाट अभ्युदय र निःश्रेयश प्राप्त हुन सक्छ । तन्त्र शब्दजस्तै आगम शब्दको प्रयोग पनि लोकव्यवहारमा शक्तिपूजासँग सम्बन्धित मन्त्रशास्त्रको निमित्त गरिएको पाइन्छ । सर्ग, प्रतिसर्ग, मन्त्र निर्णय, देवताहरूको संस्थान, तीर्थहरूको वर्णन, आश्रमधर्म, ब्राह्मण र प्राणीहरूको संस्थान, यन्त्रहरूको निर्णय, देवता र वृक्षको उत्पत्ति, पौराणिक कथाहरू, व्रतहरूको निर्णय, शौचाशौचको निर्णय, नरकहरूको वर्णन, राजधर्म, दानधर्म, युगधर्म, व्यवहार, अध्यात्म आदि वर्णन र लक्षणहरूले युक्त शास्त्र नै तन्त्र हो । त्यस्तै सृष्टि, प्रलय, देवताहरूको पूजा, पुरश्चरण, षट्कर्म,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपाय, ध्यानयोग यी सात लक्षणहरू आगममा पाइन्छन् ।[१] यिनै लक्षणहरूले तन्त्र वा आगम विषयहरूतर्फ सङ्केत गर्दछन् ।

वेदको वैशिष्टय ज्ञान हो भने तन्त्रको वैशिष्टय क्रिया हो । क्रिया भएन भने ज्ञान भार हुन जान्छ । आफूले पाएको ज्ञानलाई क्रियात्मक रूपमा परिणत गर्न सकेमा मात्र सफलता प्राप्त गर्न सकिन्छ । वेदले बताएको ज्ञानलाई साधनाद्वारा क्रियात्मक रूप दिनु नै तन्त्र वा आगमको लक्ष्य हो । तन्त्रमा पनि ज्ञान पर्याप्त मात्रामा पाइन्छ । भगवान् शिवका पाँच मुख भएकाले पञ्चवक्त्र वा पञ्चमुखी भन्दछन् । यिनै पाँच मुखका शास्त्रीय नामहरू हुन्-ईशान, तत्पुरुष, सद्योजात, वामदेव र अघोर । शिवका यिनै पाँच मुखबाट समस्त तन्त्र वा आगमहरूको आविर्भाव भयो । पार्वतीले शिष्याभावले सुनिन् । यसरी शिव र पार्वतीको प्रश्नोत्तरका रूपमा निक्लेको तान्त्रिक ज्ञानराशि नै जनकल्याणका लागि संसारमा फैलिएको छ । आगमका अनुसार महेश्वरको स्वरूप एउटै मात्र छ । उनका शक्तिहरूको सम्बन्ध भेदले गर्दा दश भेद प्रधान, अठार भेदाभेद प्रधान र चौसठ्ठी अभेदप्रधान अवस्थाहरू प्रकट भए । यिनै अवस्थाहरू क्रमशः शिवावस्था, रौद्रावस्था र भैरवावस्था भनिन्छन् ।

शिवका दश भेदप्रधान अवस्थाहरूमा यिनका पाँच मुखबाट प्रस्फुटित भएका कामिक आदि दश भेदप्रधान आगमहरू शैवागम भनिन्छन् । यिनैका अठार भेदाभेदप्रधान अवस्थाहरू प्रकट भएका विजय, निश्वास, आदि अठार भेदाभेदप्रधान आगमहरू रौद्रागमको नामले प्रसिद्ध छन् । शिवको दक्षिणवक्त्रलाई योगिनीवक्त्र भनिन्छ । यो शिवशक्तिको अद्वय सङ्कट रूप हो । जब यसैमा चार वक्त्रहरू अन्तर्लीन भएर मिल्दछन् त्यसबेला चौसठ्ठी प्रकारका अद्वयप्रधान भैरवावस्थाहरू आविर्भूत हुन्छन् । यही अस्त भएर अद्वय अवस्था आउँछ । यसैले यहाँ आविर्भूत भएका चौसठ्ठी प्रकारका आगमहरू भैरवागमको नामले प्रसिद्ध छन् ।

•••

---

१ सृष्टिश्च प्रलयश्चैव देवतानां तथार्चनम् ।
साधनं चैव सर्वेषां पुरश्चरणमेव च ॥
षट्कर्म साधनं चैव ध्यानयोग चतुर्विधः ।
सप्तभिर्लक्षणैर्युक्तमागमं तद्विदुर्बधाः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रको प्रधानता

सत्ययुगमा वेदप्रतिपादित आचारको, त्रेतायुगमा स्मृतिको, द्वापरयुगमा पुराणको र कलियुगमा आगम (तन्त्र)का प्रतिपादित आचारको प्रधानता रहन्छ। सत्ययुगमा दश वर्ष, त्रेतायुगमा एक वर्ष, द्वापरयुगमा एक महिना साधना गरेर पाइएको फल कलियुगमा एक दिनमात्रको साधनाद्वारा पाउन सकिन्छ । कलिमा आध्यात्मिक शक्ति क्षीण हुन्छ । मानिसहरूमा त्याग, तपस्या, धैर्य आदि अत्यन्त महत्त्वपूर्ण साधनाका आवश्यकताहरू समाप्त प्रायः हुन्छन् । यसकारण तन्त्रोक्त मार्गद्वारा थोरै साधनाबाट कलियुगमा धेरै एवं विशिष्ट फल प्राप्त गर्न सकिन्छ। तान्त्रिक अनुष्ठानहरूमा ब्राह्मण, क्षत्रीय, वैश्य र शूद्र चारै वर्णको पूर्ण अधिकार छ । यहाँ भेदभाव छैन, जातिपातिको भिन्नता छैन । त्यसकारण तन्त्र सार्वभौमिक र सार्ववर्णिक भएर लोकप्रिय हुन गएको छ। तन्त्रमा अधिकारीको गम्भीर विवेचना भएको पाइन्छ। गुरुले शिष्यलाई खुब परीक्षा गरेर मात्र साधनाको मार्गमा बढ्ने अधिकार प्रदान गर्दछन् । बिना गुरु कुनै कार्य गर्ने अनुमति तन्त्रले दिँदैन ।

वामाचारका केही साधना प्रक्रियाहरूलाई लिएर विद्वान्हरू तन्त्रलाई वेदवाह्य मान्दछन्। यद्यपि कतिपय तन्त्रहरूको मूलस्रोत वेद हो। वैदिक आचारको यहाँ विधान छ । कति पूजा पद्धतिमा त वेदका मन्त्रहरूको उच्चारण गर्नुपर्दछ । त्यसकारण तन्त्र वैदिक हो भन्ने आधार प्रशस्त छ । वैदिक पूजाको साथमा गुप्त तान्त्रिक पद्धतिको कल्पना गर्नु निराधार होइन । विभिन्न तन्त्रमा प्रतिपादित तथ्यहरू वेदमा वर्णित छन् केवल अथर्ववेदमा मात्र होइन, सबैभन्दा प्राचीन मानिएको ऋग्वेदमा पनि। वेदबाट प्रस्फुटित भएको तन्त्र गङ्गा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपनिषद्को ज्ञानराशिलाई बोकेर त्यसतिर पुऱ्याउने साधनाको सन्देश दिँदै अनेकौँ शाखा उपशाखामा आबद्ध भएको छ । तन्त्रले ज्ञान र क्रियाकलापलाई आत्मासात् गर्दै प्राणीमात्रको कल्याणका लागि अनवरत प्रवाहित भइरहेकी छिन् । तन्त्रले उपनिषद्का ज्ञानराशि बोकेको छ, तन्त्र बौद्ध र जैन साहित्यमा पनि छ । धर्मशास्त्र र पुराणमा छ, तन्त्र अन्यान्य सामाजिक शास्त्रहरूमा पनि छ । त्यसैले तन्त्रको सबभन्दा ठूलो लक्ष्य हो जीवलाई परमात्मासँग अभिन्न बनाउनु । तन्त्रमा वर्णित ज्ञानको पनि प्रमुख विषय हो परमाद्वैतवाद ।

तन्त्रमा भावको ठूलो महत्त्व छ । भाव एक मनोदशा हो । यसका तीन भेद छन्-पशु, वीर र दिव्य ।[१] जीवहरूमा अविद्याको आवरण नहटेकोले अद्वैतभावको उदय भएको छैन, ती पशु हुन्, तिनको मानसिक अवस्था पशुभाव हो । जसले अद्वैतज्ञानको केही अंशमात्र पनि प्राप्त गरेर अज्ञान रूप बन्धनलाई अलिकति मात्र पनि काट्न समर्थ भएको छ, त्यो वीर हो, त्यसको मनोदशा वीरभाव हो । जसले वीरभावको चरमोत्कर्षबाट द्वैतभावलाई सर्वथा हटाएर आफ्नो उपास्य देवताका सत्तासँग आफ्नो सत्तालाई अभिन्न गराउन सकेको छ, त्यो दिव्य हो, त्यसको मनोदशा दिव्यभाव हो ।

तन्त्रमा आचार पनि सात छन्-वेदाचार, वैष्णवाचार, शैवाचार, दक्षिणाचार, वामाचार, सिद्धान्ताचार तथा कौलाचार । यिनीहरू उक्त भावसँग सम्बद्ध छन् । यिनीहरूमा वेदाचार, वैष्णवाचार, शैवाचार र दक्षिणाचार पशुभावका निमित्त हुन् । वामाचार र सिद्धान्ताचार वीरभावका निमित्त एवं कौलाचार दिव्यभावका लागि हो । यीमध्ये कौलाचार सर्वश्रेष्ठ मानिन्छ । यसका रहस्य अत्यन्त गूढ छन् । कुल-कुल शब्दका अनेकौँ अर्थ भए तापनि जुन साधकको अद्वैत भावना पूर्ण र शुद्ध छ त्यही कौल हो । त्यसको निमित्त शत्रु र मित्रमा, मसान र भवनमा, सुवर्ण र तृणमा केही भेद रहँदैन । कौलले कहिल्यै पनि आफ्नो वास्तविक स्वरूप प्रकट हुन दिँदैन । उसका आचरण पनि सर्वश्रेष्ठ हुन्छन् । कौल पनि दुई प्रकारका हुन्छन् -पूर्वकौल र उत्तरकौल । पूर्वकौलहरू पञ्चमकारले अनुकल्प विधान गर्दछन् भने उत्तरकौलहरू यिनीहरूको साक्षात् प्रयोग गर्दछन् ।

---

१ भावश्च त्रिविधो देवि दिव्यवीरपशुक्रमात् ।

-कुब्जिका तन्त्र, सातौँ पटल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वास्तवमा कुल शक्ति हो, अकुल शिव हो। कुलमा अकुलको सम्बन्ध नै कौल हो। अर्थात् मूलाधार चक्रमा रहेको कुण्डलिनी शक्तिलाई उठाएर सहस्रारमा रहेका शिवतत्त्वसँग मिलाएर राख्नु नै यसको प्रमुख लक्ष्य हो। कुलाचारको उपासना पाँच मकारको प्रयोगमा अनुष्ठित छ। यी पाँच मकारहरू मद्य, मांस, मत्स्य, मुद्रा र मैथुन हुन्।

१. मद्य भनेको अहिले बजारमा पाइने रक्सी होइन। ब्रह्मरन्ध्रमा रहेको सहस्रार कमलबाट झर्ने अमृत नै मद्य हो। यो खेचरी मुद्राबाट सिद्ध हुन्छ, त्यही पान गर्ने योगी नै मद्यपायी हो।
२. जसले पुण्य पापरूपी पशुहरूलाई ज्ञानका खड्गले मारेर आफ्नो मनलाई परब्रह्ममा लीन गराउँछ, त्यही मांसाहारी हो।
३. शरीरमा रहेका इडा र पिङ्गला नाडीहरू गङ्गा र यमुना भनिन्छन्। यिनीहरूमा पौडी खेल्ने श्वास प्रश्वास दुईवटा माछा हुन्। जुन साधकले प्राणायामद्वारा ती माछालाई सुषुम्णाभित्र लैजान सक्छ अर्थात् खेलाउँछ, त्यो मत्स्याहारी हो।
४. सत्सङ्गबाट मुक्ति र असत्सङ्गबाट बन्धन हुन्छ। असत्सङ्ग त्याग गरी सत्सङ्गमा प्रसन्न रहनु नै मुद्रा हो।
५. मूलाधारमा रहेको कुण्डलिनी शक्तिलाई सहस्रारमा रहेका शिवसँग मिलाउनु नै मैथुन हो। शिवशक्तिको सामरस्य हो।

यसरी पाँच मकारहरूको प्रयोग अन्तर्याग हो। यो वाममार्ग हो। यसमा अधिकार त्यसैको हुन्छ, जो अर्काको धन देखेर अन्धो जस्तो हुन्छ, अर्काकी स्वास्नी देख्दा नपुंसक हुन्छ, अर्काको निन्दा गर्नमा लाटो हुन्छ, सर्वथा जितेन्द्रिय हुन्छ। कोही यिनीहरूको प्रयोग साक्षात् गर्दछन्, यो वीराचार हो। यो रहस्य अत्यन्त गोप्य छ।

●●●

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रका भेदहरू

तन्त्रहरूका मुख्य तीन भेद छन् -ब्राह्मणतन्त्र, बौद्धतन्त्र, जैनतन्त्र। उपास्य देवताका भेदले ब्राह्मणतन्त्रका पनि तीन भेद छन्। वैष्णवागम, शैवागम र शाक्तागम। यिनीहरूमा क्रमशः विष्णु, शिव र शक्तिलाई परा देवता मानेर उपासना गर्ने प्रक्रिया पाइन्छन्।

(क) वैष्णवागम

विष्णुलाई इष्टदेवता मान्ने सनातनधर्मको एक शाखालाई वैष्णव भनिन्छ। उनीहरूले तुलसी, गाई, शालीग्रामलाई पूजनीय पदार्थ मान्दछन्। एकादशीलाई विशेष तिथि मानेर अनुष्ठान गर्दछन्। यसभित्र पनि विभिन्न आगमहरू रहेका छन् जसलाई तल वर्णन गरिएको छ।

(१) पाञ्चरात्र

पाञ्चरात्र आगमका संहिताहरूमा चारवटा विषयहरू प्रतिपादन गरिएका छन्-ज्ञान, योग, क्रिया र चर्या। यस तन्त्रका अनुसार परब्रह्म अद्वितीय, दुःखरहित, निःसीम, सुखानुभव रूप, अनादि, अनन्त, सब प्राणीहरूमा रहने व्यापक, निरवद्य र निर्विकार छन्। यस तन्त्रका परमोपास्य नारायण हुन् जसमा सगुण र निर्गुण दुबै छन्। यिनी जगत्का उपादान तथा निमित्त दुबै कारण हुन्।

(२) वैखानस

वैष्णवागमहरूमा वैखानस आगमको पनि प्रमुख स्थान छ। यसको कृष्ण यजुर्वेदसँग सम्बन्ध थियो भन्ने विद्वान्हरूको भनाई छ। वैखानस आगमको मुख्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विषय क्रिया तथा चर्या हो । यस दर्शनअनुसार परमोपास्य श्रीविष्णुको आराधना जपं, हुत, ध्यान र अर्चना वैदिकपद्धतिबाट गरिन्छ । यस अुनष्ठानबाट जीवले क्रमशः सालोक्य, सामीप्य, सारूपय र अन्त्यमा सायुज्य मुक्ति प्राप्त गर्दछ ।

(ख) शैवागम

शैवागमका भेद धेरै छन् । परम्परागत रूपमा यसका प्रमुख ६ वटा मत प्रचलित छन् - पाशुपत, शैवसिद्धान्त, वीरशैव, प्रत्यभिज्ञा, रसेश्वर र व्याकरण । यसका बारेमा सामान्य चर्चा तल गरिएको छ ।

(१) पाशुपतमत

यस मतको स्थापना शिवका अवतार मानिएका नकुलीश, अकुलीश अथवा लगुडेशले ईशाको पहिलो शताब्दीतिर गरेका थिए । त्यसैले यसको नकुलीश पाशुपत दर्शन प्रख्यात छ । यसका मूलग्रन्थहरूमा पाशुपतसूत्र र कौण्डिन्यभाष्य उपलब्ध छन् । यस दर्शनका कार्य, कारण, योग, विधि र दुःखान्त पाँच पदार्थ छन् ।

(२) शैवसिद्धान्त मत

यस मतको प्रचार भारतको दक्षिण तामिल प्रदेशमा बढी छ । सन्त आपार, सन्त ज्ञानसम्बन्ध, सन्त सुन्दर र सन्त मणिक्कवाचक गरी चार आचार्यहरूले चर्या, क्रिया, योग र ज्ञानका चार मार्गहरूको स्थापना गरे । यिनीहरूभन्दा अघि पहिलो, दोस्रो शताब्दीतिर सन्त नक्कीर, सन्त कणप्पले पनि यस सिद्धान्तको प्रचार गरे । यस मतमा तीन पदार्थ मानिन्छन् पति, पशु र पाश ।

(३) वीरशैव मत

यस मतको प्रचार कर्णाटक देशमा धेरै छ । यस मतका अनुयायीहरूलाई लिङ्गायत अथवा जङ्गम भनिन्छन् । यिनीहरू हरदम आफ्नो घाँटीमा शिवलिङ्ग धारण गर्दछन् । यस मतका आद्यप्रचारक वसव थिए । यस मतलाई शक्तिविशिष्टाद्वैत भन्दछन् । यो कर्मप्रधान छ । शक्तिविशिष्ट जीव र शक्तिविशिष्ट शिवको सामरस्य नै यस मतको प्रमुख विषय हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(४) प्रत्यभिज्ञा मत

प्रत्यभिज्ञाशास्त्रको मूल स्थानीय ग्रन्थ सोमानन्दको शिवदृष्टि हो । यस मतमा परमशिव आफ्ना चित्, आनन्द, इच्छा, ज्ञान र क्रिया पाँच शक्तिद्वारा आफैँलाई स्वभित्तिमा जगत्‌रूपबाट परिणत गर्दछन् । यहाँ शिव र शक्ति अभिन्न छन् । यसको साधनमार्गमा ज्ञान र भक्तिको सामञ्जस्य छ । यस मतअनुसार मोक्ष भक्तिको आवरणरहित सन् उन्मेष मात्र हो, यही चिदानन्दलाभ हो ।

(५) रसेश्वर मत

यस सम्प्रदायको मुख्य सिद्धान्त हो- जीवन्मुक्ति प्राप्तिको उपाय, दिव्य शरीर पाउनु । पारो नै रस हो, यही ईश्वर हो । यसैको सेवनले शरीर क्लेशरहित बन्दछ ।

(६) व्याकरण मत

यो साधनमार्ग हो, यसका अनुसरणबाट साधक प्रपञ्चबाट विमुक्त भएर परमतत्त्व प्राप्त गर्दछ । यसको परिचय पतञ्जलिको महाभाष्यबाट पाइन्छ, विकसित रूप वाक्यपदीयमा छ । यस मतअनुसार स्फोट रूप शब्द नै सत्य पदार्थ हो । समस्त संसार यसैको विवर्त मात्र हो । यहाँ शब्दब्रह्म र परब्रह्ममा विशेष अन्तर मानिँदैन । शब्दब्रह्म नै अनादि अविद्यारूपी वासनाको कारणभेदमा प्राप्त भएर अर्थरूपमा परिणत हुन्छ । वाचकदेखि भिन्न वाच्य छैन । वाचक सम्पूर्ण हो ।

(ग) शाक्ततन्त्र

देवीलाई परमब्रह्म मान्ने वैदिक सनातनधर्मको एक शाखालाई शाक्त सम्प्रदाय भनिन्छ । शाक्तले उत्पत्ति, पालन र संहार शक्तिका रूपमा देवीलाई लिन्छन् । शाक्ततन्त्र चौसठ्ठी प्रकारका छन् भन्ने मान्यता छ । तापनि विचारको क्रममा यो मुख्य रूपमा दुई प्रकारले विभक्त गरिएको छ-क्रमदर्शन र कुलदर्शन । यस दर्शनका अनेक अभिधानहरूमा क्रम, कालिकय, देवीनय, औत्तराम्नाय यी चार प्रसिद्ध छन् । परमतत्त्वको ज्ञानरूपी मोक्षको प्राप्ति क्रमशः हुन्छ यसैले यो क्रम हो । यसको परमतत्त्व काली नै क्षेप, ज्ञान, सुसंख्यान, गति र नाद

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाँच कृत्यहरूको सम्पादन गर्दछिन् । यो शिवको उत्तरतिरको वामदेव वक्त्रबाट निस्केकोले औत्तराम्नाय भनिन्छ ।

(१) कुलदर्शन

शाक्तपरम्परामा यसको ठूलो महत्त्व छ । यस दर्शनको प्रचार सत्य, त्रेता, द्वापर कलियुगमा क्रमशः खगेन्द्र, कूर्म, मेष र मत्स्येन्द्रले गरे । कुलका उपासनाको विधान गरिएकोले यो कौल मत हो । परमेश्वरको सबभन्दा माथिल्लो शक्ति कुल शक्ति हो । शिवशक्ति सामरस्य पनि यस शब्दको अभिधेय अर्थ हो । कुलतत्त्व परमतत्त्व हो, जसमा संसार अवस्थित छ, अन्तमा यसैमा संसार लीन हुन्छ । यहीँ आचार विचारको पर्यवसान हुन्छ । यसभन्दा परमतत्त्व अरु छँदैछैन । यो मार्गको उपदेश शिवको ऊर्ध्ववक्त्रबाट निक्लेको हुनाले यसलाई ऊर्ध्वाम्नाय पनि भन्दछन् ।

(२) कुलाचार

कुलाचारमा पञ्चमकारको प्रयोगलाई लिएर केही विद्वान्हरूले यसको आलोचना गरेका छन् । अधिकारी विवेचनाको अज्ञानले यसो भएको हो । कुलाचारमा अधिकारी राजयोगमा निपुण साधक नै हुन सक्छ । काम, क्रोध, लोभ, मोह, मद, मात्सर्यको प्रपञ्चमा नफसेको परब्रह्मतत्त्वको ज्ञाता नै वास्तविक कुलाचारको अधिकारी हो । यसैले यस मार्गको अवलम्बन गरेर निभाउनु भनेको तरबारको धारमा हिंड्ने, बाघको कान समात्ने, सर्पलाई माला लगाउने जस्तै कठिन छ । यसैले अनधिकृत पात्रमा परेर यसको परिणाम भयङ्कर हुन सक्ने हुनाले यसलाई नितान्त गोप्य मानिन्छ ।

(३) कौलदर्शन

कौलदर्शनमा संवित् नै प्रसिद्ध छत्तीस तत्त्वदेखि अलग्ग सैंतीसौँ तत्त्व हो । यही परमतत्त्व हो, परब्रह्म हो, शिवशक्ति सामरस्य हो, सर्वदेवमय परमात्मा हो । साधकले आफ्नो आत्मालाई शक्तिस्वरूप सम्झेर उपासना गर्दछ । यसरी उपासक भावातीत भएर सर्वत्र ब्रह्मामय देख्दै पूर्णानन्द प्राप्त गर्दछ । त्यसबेला पाँचै मकार भावातीत भएर केवल आनन्द प्रदान गर्ने हुन्छन् ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा तान्त्रिक परम्परा

नेपाल देवभूमि, साधनाभूमि, पवित्रतम भूमिका नामले आदिमकालदेखि परिचित थियो । देवीदेवता र ऋषिमुनिहरूले नेपालका विभिन्न स्थानमा साधना गरेको देखिन्छ ।[1] उनीहरूले नै यहाँ पौरस्त्य ज्ञान, विज्ञान र दर्शनलाई मजबुत बनाउने काम गरेका थिए । यही शिलशिलामा प्राचीनकालदेखि नेपालमा वेद, तन्त्र आदिको अभ्यास र प्रयोग भएको देखिन्छ । ऋषिमुनिहरूको साधनस्थल, देवीदेवताको विचरण भूमि नेपालमा वैदिकालदेखि दुबै परम्पराको अनुष्ठान र अभ्यास भएको वर्णन पाइन्छ । राक्षसहरूले तन्त्रमन्त्रकै बलमा देवतामाथि विजय पाएको एवं त्यही शक्तिबाट देवीदेवताले आसुरी शक्तिलाई परास्त गरेको चर्चा पुराण आदि ग्रन्थमा उपलब्ध छ । तन्त्रबाटै राज्य, अस्त्र, विद्याशक्ति आर्जन गरेको इतिहासले नै नेपालमा तन्त्रको प्रयोग एवं अभ्यास हरेक युगमा हुँदै आएकोमा दुई मत छैन । यस क्षेत्रमा खास गरी निम्न सम्प्रदायले तन्त्रको अभ्यास गरेको पाइन्छ ।

(क) शैव

नेपाल शैवधर्मको प्रमुख केन्द्र हो । पुराणहरूका साथै महाभारत ग्रन्थको अध्ययन गर्दा नेपालमा शैवधर्म प्राचीनकालदेखि चल्दै आएको पुष्टि हुन्छ । दोलखामा रहेको गौरीशङ्कर हिमालले मात्र होइन शिवको विवाह पर्वतराजकी

---

१ (क) प्राचीन किरात इतिहास - डा. स्वामी प्रपन्नाचार्य
(ख) चौसठ्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान - डा. स्वामी प्रपन्नाचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुत्री पार्वतीसँग भएकाले पनि यो विषय प्रमाणित हुन्छ । पूर्व नेपालको हलेशी महदेव, काठमाडौँस्थित पशुपतिनाथ, रसुवामा रहेको गोसाँइकुण्ड, पश्चिम नेपालमा रहेको प्रसिद्ध वैद्यनाथ क्षेत्रले पनि शैवको गरिमा, महिमा र इतिहासमाथि प्रकाश पारेको छ । महादेवको हिमालयसँगको सम्बन्ध हुनु, शिवकै अर्को नाम पशुपति हुनुले पनि नेपालको आदिमकालदेखि शिवसँग सम्बन्ध भएको पाइन्छ । नेपालका राजवंशहरूमध्ये गोपाल, महिषपालपछि किरातहरूले शासन गरेका थिए । चौषठ्ठी शिवलिङ्गमध्ये किरातेश्वर शिवलिङ्ग नेपालमा नै पर्दछ । लिच्छविकालमा पनि शैवधर्म नेपालमा फैलिएको थियो । राजा, राजपरिवार, प्रजा सबै शिवलिङ्गको प्रतिष्ठा गरी पूजा गर्दथे । शिवमूर्ति बनाउँथे । त्यसपछि मल्लकालमा राजा, व्यापारी, साधुसन्तले र प्रजाहरू शिवमा अनन्य भक्ति गरेर शिवालय निर्माण गरी गुठी राखेको वर्णन पाइन्छ । यसैगरी मल्लकालका राजाहरू पनि शैवधर्मको प्रचारमा पछि परेका थिएनन् । त्यो त झन् शैवतन्त्रको प्रगतिको युग थियो ।

शाहकालमा पनि शैवधर्मको प्राचीन परम्पराको ज्योति यथावत् बलिरहेकै पाइएको छ । नेपालमा पाशुपत सम्प्रदाय खूब फैलिएको थियो । यसको साथसाथै सोमसिद्धान्त र मिश्र शैवधर्मको पनि यहाँ कम प्रचार थिएन । नेपालमा कतिपय शैव आचार्यहरू भए । नेपाल अझ विशेषगरी पाशुपतक्षेत्रमा अनेकौँ शिवलिङ्ग र शिवमन्दिर छन् । मुक्ति, राष्ट्र शान्ति आदिका लागि शिवलिङ्ग स्थापना गर्ने परम्परा अहिले पनि देख्न पाइन्छ । कृषिप्रधान देश भएकाले पानी नपर्दा शिवालयमा जलधारा गरेमा वर्षा हुने विश्वास अहिलेसम्म उस्तै छ । यसैले पनि शैवधार्मिक क्रियाहरू जनजीवनमा प्रचलित छन् । नेपाललाई काशीभन्दा पनि ठूलो शैवतीर्थ मानिन्छ । सारांशमा नेपालीको रौँ-रौँमा शैवधर्म भिजेको छ । शैवधर्मभित्रका भिन्न सम्प्रदाय धेरैथोरमात्रमा देख्न सकिन्छ । पशुपतिको पूजामा तान्त्रिक र वैदिक दुबै विधिको प्रयोग पाइन्छ । यही गरिमालाई ध्यानमा राखेर

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुपतिलाई राष्ट्रदेव भनिएको हो। धर्मको मूल आधार दर्शनमा रहेको हुन्छ, यसैले शैवागमका प्रमुख केन्द्रहरूमध्ये गनिएको छ।

(ख) नाथसम्प्रदाय-

शैवमार्गमा पर्ने नाथसम्प्रदाय योगप्रधान मार्ग हो। नेपाल नाथसम्प्रदायको प्रधान केन्द्र रहेको छ। गोरखनाथ, मच्छिन्द्रनाथको नेपालमा प्रसिद्धि छ। लिच्छवि राजा नरेन्द्रदेवको पालामा नै गोरखनाथको लोकप्रियता यहाँ थियो। द्रव्य शाहलाई गोरखनाथले आशीर्वाद दिएका थिए। नाथको अर्थ मालिक, आधार, अभिभावक हुन्छ। आफ्नो नामका अन्तमा 'नाथ' शब्दको प्रयोग गर्ने योगीहरू यसै सम्प्रदायका अनुयायी हुन्। विक्रमको छैटौँ शताब्दीको उत्तरार्धदेखि नाथसम्प्रदायसँग सम्बन्धित अभिलेख नेपालमा पाइन्छ। आजसम्म पनि प्रचलित मत्स्येन्द्रनाथको जात्राले नेपालमा परेका नाथसम्प्रदायको प्रभाव सिद्ध गर्दछ। पृथ्वीनारायण शाहले गोरखनाथको आशीर्वाद पाएको चर्चा अहिलेसम्म सुन्न पाइन्छ। काठमाडौँको मृगस्थली, गोरखाजिल्लाको सदरमुकामदेखि जुम्लाको चन्दनाथ क्षेत्र यसको मुख्य केन्द्र विन्दु एवं ऐतिहासिक ठाउँ हो भन्दा फरक पर्दैन।

(ग) शाक्त सम्प्रदाय

शैवधर्मको साथसाथमा नेपालमा शाक्तधर्मको प्रचार पनि प्रचुरमात्रामा पाइन्छ। यद्यपि शैवतन्त्रअन्तर्गत शाक्ततन्त्रलाई राख्ने व्यवस्था छ। शाक्ततन्त्रको परम्परा विशिष्टरूपमा अलग्गै विकसित हुन गएकोले यसलाई पृथक् रूपले हेर्नु आवश्यक छ। नेपालमा लिच्छवि शासनकालमा मानदेवको समयदेखि नै शक्तिलाई आफ्नै इष्टदेवता मान्ने, उनका प्रसादले सम्पूर्ण कार्य गर्ने, देवीहरूका मूर्ति प्रतिष्ठित गर्ने परम्परा रहेको पाइन्छ। मल्लकालमा त शाक्तधर्मको स्वर्णयुग आएजस्तै नै भयो। पुराणहरूमा नेपाललमा उपलब्ध विभिन्न शाक्तपीठहरूको वर्णन छ। सतीदेवीको गुह्यपतन भएकाले गुह्येश्वरी नामले नेपालमा शक्तिपीठ स्वरूपले रहेको चर्चा छ। स्कन्दपुराणको केदारखण्डअन्तर्गत पर्ने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वस्थानीकथामा यसको अझ व्यापक चर्चा छ । तन्त्रहरूमा पनि नेपाललाई महामायानगरी भनिन्छ । यहाँका मल्लराजाहरू तन्त्रानुसार दीक्षित भएर स्वयं शक्तिको पूजा गर्दथे । कवीन्द्रका नामले प्रसिद्धि पाएका राजा प्रताप मल्ले स्वयंभूमा तान्त्रिक विधिले बनाएको प्रतापुर उत्तिकै चर्चित छ । मल्लकालका २२ से र २४ से राज्यमा कालिका वा दुर्गादेवी स्थापना गरी पूजाआजा गर्ने परम्परा संस्थागत भएको थियो । पाञ्चायनका पाँच देवतामध्ये देवीलाई एक मानिन्छ ।[२] आद्य शङ्कराचार्यले श्रीपशुपतिको शिवलिङ्गको मस्तकमा श्रीचक्रको पूजन गर्ने प्रथा चलाए भन्ने जनश्रुति छ । आजसम्म पनि नेपालमा शक्ति दीक्षा लिने, शक्तिको उपासना गर्ने, दशैँ, तिहारजस्ता महान् पर्वमा शक्तिपूजाको गर्ने लोकप्रिय प्रचलन छ । अहिले पनि दन्तकाली, गोरखकाली, मनकामना, दक्षिणकाली, उग्रताराजस्ता पीठमा तिथि र पर्व विशेषमा भक्तजनको घुँइचोल लाग्दछ । यसरी शाक्ततन्त्र नेपालमा प्राचीनकालदेखि अद्यावधि अविच्छिन्नरूपमा प्रतिष्ठित र विकसित रहिआएकोछ ।

•••

२ आदित्यं गणनाथं च देवीं रुद्रं च केशवम् ।
पञ्चदैवतमित्युक्तं सर्वकर्मसु पूजयेत् ॥

–शब्दकल्पद्रुम

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



तन्त्रमा दीक्षाको महत्त्व

ज्ञान परम्परालाई जीवित राख्ने कार्य दीक्षाले गर्दछ । दिव्यज्ञान प्रदान गर्ने, पापराशिलाई विनाश गर्नेलाई दीक्षा भनिन्छ । यस्तो दीक्षा गुरुमुखबाट हुनुपर्दछ भनिएको छ ।[१] गुरुबिना आर्जन गरिएको कुनै पनि ज्ञान, सीपले जीवनमा अर्थ राख्दैन । एकलव्यले गुरु द्रोणाचार्यको मूर्ति स्थापना गरी धनुर्वाण सिकेका थिए । याज्ञवल्क्यले सूर्यसँग वेद पढेका थिए । कर्मकाण्ड, वेद, ज्योतिष, आयुर्वेदलगायतका ज्ञानहरू आजसम्म रहनुमा दीक्षाको ठूलो हात छ । अहिले पनि विश्वविद्यालयहरूले दीक्षान्त समारोहहरू गरेकै देखिन्छ । ज्ञान त किताबमा पनि छँदै छ तर त्यसलाई गुरुले मात्र उमार्न, फुलाउन र फलाउन सक्छन् । यसलाई एक पुस्तादेखि अर्को पुस्तामा दीक्षाकै माध्यमबाट हस्तान्तरण गरिन्छ ।

---

१ दिव्यभावप्रदानाच्च क्षालनात् कल्मषस्य च ।
दीक्षेति कथिता सद्भिर्भवबन्धविमोचनात् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुस्तके लिखितो मन्त्रो येन सुन्दरि जप्यते ।
न तस्य जायते सिद्धिर्हानिरेव पदे पदे ।

यसकारण गुरुको उपस्थिति भएन भने पुस्तकमा लेखिएको मन्त्रबाट सिद्धि मिल्दैन उल्टै हानी हुन्छ अर्थात् गुरुमुख भएको छैन भने मन्त्र निष्फल हुन्छ । पुस्तकमा लेखेको मन्त्रलाई गुरुमुखबिना जप्नुहुँदैन यदि जप्यो भने पाइला पाइलामा हानि हुन्छ । जप, देवताको अर्चना आदि कुनै पनि तन्त्रसाधना सद्‌गुरुबाट दीक्षा लिएरै मात्र गर्नुपर्दछ । दीक्षा नलिईकन गरिएको जप, अनुष्ठान निष्फल हुने मात्र होइन, त्यसबाट विपत्ति निम्त्याउँछ । बलपूर्वक तैंले दीक्षा लिनै पर्छ भनेर दीक्षा दिनु, म नलिई छोड्‌दिन भनेर दीक्षा लिनु, गुरु नभई आफैँ किताब हेरेर फलका लोभले मन्त्र जप्नु सबैलाई निषेध गरिएको छ । असल गुरुले असल चेलालाई शास्त्रीय विधि-विधानपूर्वक दिइएको दीक्षाले पापको विनाश गर्दछ, त्यसलाई दीक्षा भन्दछन् । दीक्षामा गुरु असल हुनुपर्दछ, चेला पनि गुरु र शास्त्रमा भक्तिपरायण हुन आवश्यक छ । दीक्षाको विधि-विधान पनि शास्त्रीय हुनै पर्दछ । नत्र त्यसको कुनै अर्थ रहँदैन । सिद्धि हुँदैन, फल हुँदैन, नोक्सान हुन्छ, काममा विघ्न परिरहन्छ । गुरु, चेलोलाई दुबैलाई ठीक हुँदैन ।

ॐ व्रतेन दीक्षामाप्नोति दीक्षयाऽऽप्नोति दक्षिणाम् ।
दक्षिणा श्रद्धामाप्नोति श्रद्धया सत्यमाप्यते ॥

गया

-शुक्लयजुर्वेद

अर्थात्, 'व्रतले दीक्षा प्राप्त हुन्छ । दीक्षाले कार्य कुशल एवं दक्ष बनाउँछ, त्यसले श्रद्धा उत्पन्न गर्दछ । त्यो श्रद्धाले नै सत्य प्राप्त गराउँछ ।' तन्त्रसाधनामा गुरुको स्थान त स्वयं ईश्वरको भन्दा पनि ठूलो छ । ईश्वर, गुरु र आत्मा यी तीनै कुरा एउटै तत्त्व हुन् । स्वयं ईश्वरले साधकहरूलाई फल दिन गुरुको रूप लिएर मन्त्रको उपदेश दिन्छन् । दीक्षा बिना मोक्ष हुँदैन, आचार्य बिना दीक्षा हुँदैन[२], दीक्षाका लागि गुरु परम्परा हुन आवश्यक छ । ब्रह्मा, विष्णु, महेश्वर

२ विना दक्षां न मोक्षः स्यात्तदुक्तं शिवशासने ।
सा च न स्याद्विनाचार्यमित्याचार्यपरम्परा ॥

- कुलार्णवतन्त्रम् १४।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आदि देवता अझ भनौं स्वयं परब्रह्म परमात्मा नै गुरुको रूप हो। भनिन्छ शिव रिसाए भने बचाउने गुरु हुन्छन् तर गुरु रिसाए भने कसैले बचांउन सक्तैन। गुरु खुसी भए सम्पूर्ण देवता खुसी हुन्छन्, गुरु रिसाए भने देवता पनि रिसाउँछन्। गुरुको सम्मान देवताको भन्दा पहिले गर्नुपर्दछ। गुरुको निन्दा कहिल्यै सुन्नु हुँदैन। गुरुकै कृपाबाट मात्र धर्म, अर्थ, काम र मोक्ष चारै पुरुषार्थ प्राप्त हुने हुनाले साधना क्षेत्रमा गुरुभन्दा ठूलो तत्त्व कुनै हुँदैन।

दृढव्रतं सदाचारं श्रद्धाभक्तिसमन्वितम्।
कृतज्ञं पापभीतं च साधुसज्जनसङ्गमम्॥
जितेन्द्रियं सुसन्तुष्टं धीमन्तं ब्रह्मचारिणम्।
गुरुध्यानादिनिरतं मोक्षमार्गाभिकाङ्क्षिणम्।

अर्थात् योगमार्गको अभिकाङ्क्षी शिष्य जहिले पनि दृढव्रत आचारले युक्त, श्रद्धाभक्तिले युक्त, पापदेखि डराउने, साधुसज्जनहरूको सङ्गत गर्ने, इन्द्रियहरूलाई वशमा राख्ने, जहिले पनि सन्तुष्ट अवस्थामा रहने, ब्रह्मचारी गुरुको ध्यानमा निरन्तर रहने शिष्यलाई परीक्षा गरेर 'दीक्षा' दान गर्नुपर्दछ। विचारै नगरी शिष्यलाई दीक्षा दान गरेको छ भने त्यसको पापभागी स्वयं गुरु हुनुपर्दछ। दीक्षादानको लागि वैशाख, आषाढ, श्रावण, आश्विन, कार्तिक, माघ महिनाहरू ग्राह्य मानिए पनि वैशाखलाई सर्वोत्तम मानिन्छ। शुक्लपक्षका सबै तिथिहरू र कृष्णपक्षका पञ्चमीसम्मका तिथिहरूमध्ये विशेषतः द्वितीया, तृतीया, पञ्चमी, सप्तमी, दशमी, द्वादशी, पौर्णमासीलाई ग्रहण गरिएको छ भने दशमी र पूर्णिमालाई उत्तम मानिएको छ। बारहरूमा रविबार, सोमबार, बुधबार, बृहस्पतिबार र शुक्रबार ग्राह्य छन्। यसैगरी अश्विनी, रोहिणी, पुनर्वसु, विशाखा, अनुराधा, मूल, पूर्वषाढा, उत्तरषाढा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद, रेवती नक्षत्रहरूमा दीक्षा लिनु सर्वोत्तम हुन्छ। दीक्षाग्रहण गर्दा- विष्णुदीक्षा स्थिरलग्नमा, शिवदीक्षा चरलग्नमा, शक्तिदीक्षा द्विस्वभाव लग्नमा गर्नुपर्दछ। यी उपर्युक्त मुहूर्तलाई ध्यानमा राखेर दीक्षा लिनुपर्दछ। यदि ग्रहणको दिन छ भने निषेधित तिथि, बार, लग्न र महिनाहरूमा पनि दीक्षा लिनु हुन्छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केही पनि जुराउनु पर्दैन । दीक्षाजस्तो मन्त्र शुभ मुहूर्तमा लिनु राम्रो हुन्छ, रातमा कदापि दीक्षा दान गर्नुहुँदैन । ब्राह्मण, क्षत्रीय, वैश्यले दक्षिणकानबाट, शुद्र र नारीले बायाँ कानबाट दीक्षामन्त्र श्रवण गर्नुपर्दछ । अनि त्यस मन्त्रलाई प्रातः यथाशक्ति अधिकाधिक जप गर्नुपर्दछ । गौशाला, गुरुको आश्रम, देवालय, पुण्यक्षेत्र, उद्यान, नदीकिनार, मुनिको आश्रम, बिल्ववृक्षको छत्रछायाँमा, पर्वतमा, गङ्गा-किनारमा दीक्षा लिनु शुभदायक हुन्छ ।

पुस्तके लिखितान्मन्त्रानालोक्य प्रजपन्ति ये ।
ब्रह्महत्यासमं तेषां पातकं परिकीर्तितम् ॥

- मेरुतन्त्र ६।६०७

अर्थात् 'पुस्तकमा लेखिएको मन्त्रलाई गुरुमुख नभई जसले जप्दछ, त्यसलाई ब्रह्महत्या समान पातक लाग्छ ।' दीक्षा परम्परा बिना मन्त्रको कुनै प्रयोजन हुँदैन । दीक्षाका लागि लक्षणहरू हेरेर असल र खराब गुरु छुट्याउनुपर्छ । तैपनि विशेषरूपमा ध्यान दिनुपर्ने लक्षण के हुन् भने -सम्पूर्ण आगमका अर्थहरूको मर्म जान्ने, मन्त्रहरूको रहस्य बुझ्ने, शिष्यहरूका सन्देहहरू मेटाउन सक्ने, अन्तर्मुखी वृत्ति भएका देश, कालका आवश्यकताहरू जान्ने, दयालु, प्रभावशाली, लोभ नभएका गुरु श्रेष्ठ मानिन्छन् । धेरै लोभ गर्ने, अल्छी, वक्वक् गर्ने, अर्काको निन्दा गर्ने, आगमको मर्म नबुझ्ने गुरुचाहिँ उपयुक्त हुँदैनन् । दीक्षाका लागि असल शिष्य पनि हुनुपर्दछ । राम्रा नराम्रा लक्षण हेरेर असल र खराब शिष्यहरू छुट्याउनुपर्दछ । देवता र गुरुहरूमा सम्मान गर्ने, धार्मिक श्रद्धाभक्तिले भरिएका, दयालु, दानशील, परनिन्दा नगर्ने, उपकारी, गुरुका वचनमा शङ्का नगरीकन वचनको पालना गर्ने शिष्य उपयुक्त हुन्छन् । गुरु निन्दक, श्रद्धा भक्ति नभएका, वक्वके, लोभी, पाखण्डी चेला खराब हुन्छन् । गुरु र शिष्यका यिनै लक्षणहरू हेरेर असल गुरुले असल चेलोलाई दिइएको मन्त्र वास्तवमा फलदायक हुन्छ । विडम्बना नै भनौँ आजका केही गुरु धनका लोभी छन्, कसलाई के सिकाउँदा कति धन पाइन्छ भन्ने विचार गर्दछन् । शिष्यचाहिँ सिद्धि मात्र चाहन्छन्, दुःख गर्न नपरोस्, सजिलैसँग फल प्राप्त होस् भन्ने चाहना गर्छन् । यसले त दुबैको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उद्देश्य सिद्ध हुँदैन । शास्त्रको मर्म र उद्देश्यको हत्या हुन्छ । कसलाई कस्तो दीक्षा दिने भन्ने विषयमा विवेक गर्न सक्नुपर्छ । खास गरी सात प्रकारका दीक्षालाई मोक्ष दायिनी मानिन्छ ।

क्रियावर्णकलास्पर्शवाग्दृङ्मानससंज्ञया ।
दीक्षा मोक्षप्रदा देवि सप्तधा परिकीर्तिता ॥

– कुलार्णवतन्त्रम् १४।३९

अर्थात्, 'हे देवी ! मोक्षका लागि क्रिया, वर्ण, कला, स्पर्श, वाक्, दृङ, मानस संज्ञका सात प्रकारका दीक्षा महत्त्वपूर्ण छन् ।' सामान्यतः आ-आफ्ना सम्प्रदायका मन्त्रको दीक्षा आफ्नै सम्प्रदायका गुरुबाट लिनुपर्छ । त्यसमा पनि दुई कल्प छन्-पशुकल्प र वीरकल्प । पशुकल्पमा बाबुले छोरा-छोरीलाई, लोग्नेले स्वास्नीलाई, दाजुले भाइलाई दीक्षा दिनु हुँदैन । वीरकल्पमा वीरहरू र कौलिकहरूमा चाहिँ यो बन्धन छैन । शिवले पार्वतीलाई दिए, वशिष्ठले आफ्ना सन्तानलाई दिए यस्ता उदाहरण पाइन्छन् । यसमा पनि गुरूपत्नी खासगरी आमाबाट लिएको दीक्षा बडो राम्रो हुन्छ । त्यस्तै स्वप्नमा पाएको मन्त्र त्यसै जप्नुहुँदैन । त्यसलाई फेरि गुरुबाट लिएर जप्नुपर्छ अथवा कलशमा गुरुको आवाहन गरेर त्यसबाट प्राप्त गर्नुपर्दछ, यसबाट सिद्धि हुँदैन । दीक्षाबाट दिव्य ज्ञान प्राप्त हुनका साथै सबै किसिमका पाप नाश हुने हुनाले[3] विशेष ध्यान दिनुपर्छ । यसैले गुरु मुखबाट प्राप्त मन्त्रमात्र सफल र फलदायी हुन्छ । गुरुले दीक्षा दिन्छन् । ज्ञान सिद्धि एवं शक्तिको दान तथा अज्ञान पाप, दरिद्रको नाश दीक्षाले गर्छ । चाहे जति समय बितोस् जबसम्म दीक्षा प्राप्त हुँदैन, तबसम्म सिद्धिको मार्ग सही रूपमा प्रशस्त हुँदैन । दीक्षा एउटा तेजपुञ्ज हुन्छ । साधकको मनमा निहित अज्ञान एवं अविद्याको नाश हुन्छ । उसको शरीरको अशुद्धि समाप्त हुन्छ । गुरुद्वारा नै ज्ञान सञ्चार एवं आत्मज्ञानको प्रक्रिया हुन्छ ।

३ दिव्यज्ञान यतो दधात् कुर्याद् पाप क्षयततः ।
तस्माद्दीक्षेति सा प्रोक्ता सर्व तन्त्रस्य सम्मता ॥

–विश्वसार तन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीक्षाको तीनवटा भेद छन्:

१. शक्ति 	२. शाम्भवी 	३. मान्त्री

कुण्डलिनी जागृत गरी ब्रह्मनाडी हुँदै परम शिवमा मिलाउनु नै शक्ति दीक्षा हो। श्रीगुरुदेव आफ्नो प्रसन्नताका लागि क्षणमा दृष्टि वा स्पर्शद्वारा शिष्यलाई स्वयंवत् गर्न क्रिया शाम्भवी दीक्षा हो। मन्त्रोपदेशद्वारा ज्ञान दिने गुरु हुन्छन् यसलाई मान्त्री दीक्षा भनिन्छ। सबै साधक शक्तिपात् पात्र हुँदैनन्। मान्त्री दीक्षाद्वारा यसको अधिकारी हुन्छन्।

शारदा पटेल ग्रन्थमा दीक्षाको चार भेद बताइएको छ।

१. क्रियावती

यसमा कर्मकाण्डको पूरा उपयोग हुन्छ।

२. वर्णमयी

यो न्यासरूपी हुन्छ। वर्णको अनुलोम-विलोम गतिद्वारा शिष्यको शरीरमा पूरै वर्णको सञ्चार गर्ने क्रिया वर्णमयी दीक्षा हो।

३. कलावती दीक्षा

गुरुले एक शक्तिलाई दोस्रो शक्तिमा समाहित गरी शिष्यलाई शिवरूप गर्छन्। यसलाई कलावती दीक्षा भनिन्छ। मानव शरीरमा पाँच शक्ति हुन्छन्।

(क) पैतालाको भागबाट घुँडासम्म निवृत्त शक्ति
(ख) घुँडादेखि नाभिसम्म प्रतिष्ठा शक्ति
(ग) नाभिदेखि कण्ठसम्म विद्याशक्ति
(घ) घाँटीदेखि निधारसम्म शान्ति शक्ति
(ङ) ललाटदेखि शिखासम्म शान्त्यतीत कला शक्ति

४. बेधमयी दीक्षा

षट्चक्र भेदन नै बेधमयी दीक्षा हो। गुरुकृपाले शक्तिपात्द्वारा शिष्यको षट् चक्र भेदन गर्छन्, त्यसलाई बेधमयी दीक्षा भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

५. पञ्चायतनी दीक्षा-

उपर्युक्त चार प्रकारका दीक्षाको अतिरिक्त यो दीक्षा पनि प्रचलित छ । यसमा शक्ति, विष्णु, शिव, सूर्य र गणेशमध्ये एउटालाई प्रधान मानिन्छ । कुनै एउटालाई बीचमा स्थापना गरेर चारै देवताको चतुर्दिक स्थापित गरी पूजा एवं साधना गराई दीक्षा दिन्छन् ।

६. क्रम दीक्षा

शास्त्रमा क्रम दीक्षाको पनि उल्लेख छ । गुरुले आफ्नो शिष्यलाई विस्तारै आत्मवत् बनाउँछन् । दीक्षित भई केही मर्यादा स्पष्ट गर्नुपर्छ जसको पालना शिष्यको लागि उचित रहन्छ । नारद पञ्चरात्रमा मर्यादाको उल्लेख यसरी गरिएको छ "गुरुद्वारा जुन मन्त्र दिइएको छ, त्यो कसैलाई पनि नबताउनु, सभामा पनि भन्नु हुँदैन । यसमा सम्बन्धित शास्त्रको रक्षा शरीरवत् गर्नुपर्छ । वैष्णव तथा आचार्यहरूलाई सम्मान प्रकट गर्नु, पूजा गर्नु, आपत्विपत्मा सेवा सुश्रुषा गर्नुपर्छ । भगवान्को मन्दिरबाट जुन पुष्पादि प्राप्त हुन्छ यसलाई शिरोपर गर्नुपर्छ, जमिनमा झार्नु हुन्न । कुनै इनार वा जलाशयमा विसर्जित गर्नुपर्छ । सूर्य, चन्द्र, गाई, पीपल, अग्नि, ब्राह्मण र गुरुमा आफ्नो इष्टदेवको दर्शन गर्नुपर्छ । यात्राकालमा, प्रवासमा प्रातः सन्ध्यामा ईश्वरको बारबार स्मरण गर्नुपर्छ । स्वप्न वा जाग्रतावस्थामा चमत्कार वा अलौकिक दृश्य देखिन्छ जुन अरुलाई नभनी आफ्नो गुरुदेव समक्ष मात्र व्यक्त गर्नुपर्छ ।"

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रको अर्थ र अन्य विवेचन

जसको मनन गर्दा ज्ञान प्राप्त हुन्छ, संसारको बन्धनलाई छुटाउन सकिन्छ, चाहेजस्तो सिद्धि प्राप्त हुन्छ, त्यही मन्त्र हो । मन्त्रबाट जुन देवताको उपासना गरिन्छ, तिनको स्वरूपको ज्ञान हुन्छ । यो ज्यादै संक्षिप्त, सूत्रात्मक अझ भनौँ बीजात्मक हुन्छ । मन्त्र देवताको कानुन हो, त्यसैले मन्त्रबाट गर्न नसकिने र असम्भव कार्य कुनै छैन । मन्त्र वेदको अंश हो, परमात्माको निश्वास हो, सफलताको कसी हो । *मननात् त्रायते यस्मात्तस्मान्मन्त्रः प्रकीर्तितः* अर्थात् जसको चिन्तन मननले मुक्ति मिल्छ, त्यसलाई मन्त्र भनिन्छ । आध्यात्मिक र व्यावहारिक कार्यको प्रारम्भ मन्त्रबाटै शुरु हुन्छ । मन्त्रोक्तं कर्म कुर्यात् अर्थात् मन्त्रले जे भनेको छ, त्यही कार्य गर्नु । वेदका मन्त्रले चेतना र चिन्तनको अभिवृद्धि गर्दछ, त्यसैले मन्त्र अमृत हो । मन्तारं त्रायते अर्थात् जसले मन्त्रलाई पढ्छ, मनन गर्दछ, त्यसलाई मन्त्रले उद्धार गर्दछ । दैवाधीनं जगत्सर्वं मन्त्राधीनाश्च देवताः अर्थात् परमात्माको अधीनमा जगत् छ, देवताहरू मन्त्रका अधीनमा छन् । मन्त्रले सबैलाई अधीनमा राखेको छ, मन्त्रबाट नै देवीदेवतालाई आह्वान, स्तुति र प्रसन्न गरिन्छ । मन्त्रको संख्या तोक्न सकिँदैन तर विद्वान्हरूले यसलाई वैदिकमन्त्र, पौराणिकमन्त्र, तान्त्रिकमन्त्र, शाबरमन्त्र गरी चार भागमा विभाजन गरेका देखिन्छ ।[१]

प्रत्येक देवताको विशेषस्वरूपको बोध गराउने खास बीजमन्त्र हुन्छ । अरुसँग मिल्ने बीज पनि हुन्छन् किनभने स्वरूप मिल्दा बीज पनि मिल्न जान्छ

---

१ तन्त्र सिन्धु (पृ.नं.११४)

– कुँवर नरेन्द्र सिंह

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तर बीजचाहिँ बेग्लै हुन्छ । त्यही बीज भएको मन्त्रको जप त्यसै देवताको हुन्छ । वास्तविक रूपमा भन्ने हो भने बीज देवता नै हो । बीज नै देवताको प्रतीक हुन्छ । यसमा त्यसै बीजको पूजा पनि हुन्छ । मन्त्र दुई प्रकारका हुन्छन्, एउटा आफ्नो इच्छानुसार लिने, अर्को परम्परागत सिद्धमन्त्र । कसैलाई कुनै देवताको उपासना गर्न मन लाग्छ अथवा कुनै एउटा देवताको साधना गर्न चाहन्छ भने त्यसले आफ्नो नाम, राशिबाट जुराएर मन्त्र लिनु पर्दछ । नजुरेको मन्त्र सिद्ध नहुने मात्र होइन हानिकारक पनि हुन्छ । परम्परागत सिद्धमन्त्र छ भने जुराइरहनुपर्दैन । मन्त्रहरूको संस्कार भने हुनु आवश्यक छ । संस्कार बिनाको मन्त्रले काम गर्दैन् । मन्त्रहरूका छिन्न, रुद्ध, कुटाक्षर, पराङ्मुख आदि साठीवटा दोषहरू हुन्छन् ।[2] तिनको दश किसिमको संस्कार गर्नुपर्दछ ।

कथ्यन्ते दश संस्कारा मन्त्रदोषहराः प्रिये ।
जननं जीवनं पश्चात्ताडनं बोधनं ततः ॥
अभिषेकोऽथ विमलीकरणाप्यायने तथा ।
तर्पणं दीपनं गुप्तिः संस्काराः कुलनायिके ॥

–कुलार्णवतन्त्रम् १५।७१-७२

अर्थात् 'जनन, दीपन, बोधन, ताडन, अभिषेक, विमलीकरण, आप्यायन, जीवन, तर्पण र गुप्ति यी मन्त्रका दश संस्कार हुन् ।' यी संस्कार गरेपछि मन्त्र सिद्धिदायक हुन्छन् । पूर्वसिद्ध मन्त्रका लागि भने गर्नुपर्दैन । मन्त्रलाई विद्या पनि भन्दछन् । महाविद्या, सिद्धविद्या, विद्या, उपविद्या आदि यसका नाम हुन् । गुरुलाई मान्छे त हो नि भन्ने बुद्धि र मन्त्रलाई अक्षर त हो नि भन्ने बुद्धि राख्नुहुँदैन । गुरु र मन्त्रलाई देवता नै मानेर यिनीहरूको उपासना गर्नुपर्दछ । मन्त्र साधकको वर्णको भूतात्मक वर्गीकरणमा पनि ध्यान दिनुपर्छ । जुन प्रकारले मानवमा मित्रता एवं शत्रुता हुन्छ उसै प्रकार वर्णको पनि हुन्छ । अतः मन्त्र ग्रहण, मन्त्र दीक्षा, मन्त्र जप एवं मन्त्र साधना गर्ने समयमा साधक एवं मन्त्रको वर्ण मैत्रीभावयुक्त छ वा शत्रुभावयुक्त छ, त्यसलाई विवेचन र विचार गर्नुपर्छ । वर्ण वर्गीकरण यसप्रकार छ ।

---

२ कुलार्णवतन्त्रम् १५।६५-६९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वायुवर्ग	अ आ ए क च ट त प य ष
अग्निवर्ग	इ ई ऐ ख छ ठ थ फ र क्ष
भूमिवर्ग	उ ऊ अ ग ज ड द ल
जलवर्ग	ऋ ॠ औ ध झ ढ ध भ व स
व्योम वर्ग	ऌ ॡ क्ष ङ ञ ण म न श ह

मैत्रीभाव

पृथ्वीवर्ग +जलवर्ग

अग्निवर्ग +वायुवर्ग

शत्रुभाव

जलवर्ग +अग्निवर्ग

साधकको राशि, नामको आद्यवर्णलाई हेरेर मन्त्र चयन गर्नुपर्छ । मैत्रीवत वर्ण भए मन्त्र साधना गर्नुपर्छ, शत्रुभावमा निशेध गरिएको छ । वर्ण केवल ध्वनिमात्र होइन उसको मूलमा पूर्णशक्ति एवं तत्त्व विद्यमान हुन्छ । ज्ञान, विज्ञान एवं समस्त विद्याको कुंजी एकमात्र वर्ण छ । यो सारा ब्रह्माण्ड वर्णका अधिनमा छन् । अतः वर्ण आत्मसात गर्दा मन्त्र आत्मसात सम्भव हुन्छ । महाकवि दण्डीले मन्त्रको महत्त्वको स्पष्ट गर्दै भनेका छन्ः-

इदमन्धं तमः कृत्स्नं जायेत भुवन त्रयम् ।
यदि शब्दालयं ज्योतिरासंसारान्न दीप्यते ॥

अर्थात् "यदि शब्द रूपी ज्योति सृष्टिको आरम्भदेखि नभए तीनै लोक आजसम्म पूर्ण अन्धकारमा डुबेको हुन्थ्यो ।" वर्णको समूहद्वारा मन्त्र निर्माण हुन्छ । माथि जे देखिए पनि प्रत्येक वर्णको आफ्नो अलग-अलग अस्तित्त्व हुन्छ । आफैँमा असीम शक्ति समेटिएको हुन्छ, त्यस वर्णबाट पञ्चीभूत मन्त्रको कति शक्ति छ ? कल्पना गर्न सकिन्छ । मन्त्रका अवस्था दुई छन् ।

१. गोपन २. स्फुट

केही अन्य विद्वान्को विचारमा उच्चारणद्वारा मन्त्रको शक्ति समाप्त हुन्छ । मन्त्र र साधकको अव्यय शक्तिको योग हुन आवश्यक छ, अव्यय शक्ति प्रत्येक मानवमा निहित हुन्छ, त्यसैलाई जीवन्तता दिएको हुन्छ भन्ने विद्वान्को तर्क छ । अव्यय शक्ति एवं मन्त्रको गोप्य घोषद्वारा कार्य सिद्धि हुन्छ । मन्त्रको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अधिष्ठाता देवता हुन्छन् । जति मन्त्र छन् ती सबै मन्त्रका कुनै न कुनै देवता छन् । जुन यसप्रकार छन्ः- रुद्र, मङ्गल, गरुड, गन्धर्व, यक्ष, रक्ष, भुजंग, कीलर, पिशाच, भूत, दैत्य, इन्द्र, सिद्ध, विद्याधर, असुर । मन्त्रच्छेद कार्यमा कर्तरीमन्त्रको प्रयोग हुन्छ, जसलाई तल वर्णन गरिएको छ ।

भेद	सूची
भञ्जन	मुग्दर
शोषण	मुसल
वन्धन	श्रङ्खल
छेदन	कुकच
घातकर्म	शूल
स्तम्भन	वज्र
वन्धन	शान्ति

भेद	सूची
विद्वेष	परशु
सबै कार्यमा	चक्र
उत्साह	कुलिश
सैन्यभेद	नाराच
मारण	भुसुण्डी
शान्ति	पद्म
रंजक	चक्र

हाम्रो जीवन मन्त्रमय छ । जब हामी सही तरिकाले मन्त्रानुष्ठान सम्बन्धमा औजार/साधन जुटाउँदैनौँ तब सफलता प्राप्तिमा बाधा सामना गर्नुपर्छ । मन्त्रानुष्ठानमा सफलता प्राप्त गर्न केही विशेष तथ्यको जानकारी हुनुपर्छ ।

१. स्थान

मन्त्रानुष्ठानमा स्थानको सर्वोपरी महत्त्व छ । शुद्ध, सात्विक सरल प्रवृत्तिको साधकले लक्ष्य हासिल गर्न कोलाहलरहित स्थान मन्त्रानुष्ठानको लागि सर्वोपरि मानिन्छ । सामान्यतः सिद्ध पीठ, नदी तट, गुफा, पर्वत, शिखर, तीर्थ, जंगल, उद्यान, तुलसीको नजिक, विल्ववृक्षको समीप वा घरको एकान्त स्थान सर्वश्रेष्ठ हुन्छ ।[३] योगसंहितामा यसरी बताइएको छ ।

---

३ पर्वताग्रे नदीतीरे बिल्वमूले जलाशये ।
गोष्ठे देवालयेऽश्वत्थे उद्याने तुलसीवने ।
पुण्यक्षेत्रे गुरोः पार्श्वे चित्तैकाग्र्यस्थलेऽपि च ।
पुरश्चरणकृन्मन्त्री सिध्यत्येव न संशयः ॥

-श्रीमद्देवीभागवत् ११।२१।२-३

CC-0. Nepal Sanskrit Academy. Kathmandu Collection

गौशाला वै गुरोर्गेहं देवायतन काननम् ।
पुण्य क्षेत्रं नदी तीरं सदा पूतं प्रकीर्तितम् ।

२. भोजन

मन्त्रानुष्ठानमा सफलता प्राप्त गर्न भोजनको शुद्धतामा विशेष ध्यान दिनुपर्छ । भोजनका तीन दोष छन् ।

(क) जाति दोष

प्याज, लसुन वा अभक्ष्य पदार्थ जुन घरमा पाक्छ, त्यो घरको अन्न तथा पदार्थ यस वर्गमा पर्छ ।

(ख) आश्रयदोष

सही तथा शुद्ध स्थानमा पदार्थ राखेमा आश्रय दोष हुन्छ ।

(ग) निमित्त दोष

शुद्ध स्थानमा, शुद्ध तरिकाले बनेको भोजन कुकुरादिले स्पर्श गरेमा त्यो निमित्त दोषको फलस्वरूप त्याज्य बन्छ ।

शिवसूत्रविमर्षिनीका अनुसार *उच्चार्यमाणा ये मन्त्रा न मन्त्राश्चपि तद्विदु* अर्थात् उच्चारण गर्ने मन्त्रको अधिकारी नै हुँदैन ।

महार्थमञ्जरीका अनुसार मनन योग्य शब्दध्वनि नै मन्त्र हो (मनन त्राण धर्माणो मन्त्रा) । मननबाट नै पराशक्तिको अभ्युदय वा उसको वैभव प्रकाशवान् हुन्छ । यो पराशक्तिद्वारा ओतप्रोत शब्द समूह नै मन्त्र पदको अधिकारी हुन्छ ।

मननमयी निज विभवे निजसंकोचमये त्राणमयी ।
कवलित विश्व विकल्पा अनुभूतिः कापि मन्त्र शब्दार्थः ॥

शिवसूत्रविमर्षिनीमा *चित्तं मन्त्र* भनी चित्त नै मन्त्र हो भनिएको छ । चित्त जब बाह्य संस्कारद्वारा खारिएर अन्तर्मुख हुन पुग्छ, अभेदावस्था प्राप्त हुन्छ, तब मन्त्र सम्पृक्त हुन्छ अनि मन्त्र पनि दिव्य बन्छ । मन्त्रमा निहित देवताद्वारा साधकको चित्तपूर्ण तादात्म्य हुन्छ । यस अवस्थामा मन्त्र रहस्य, निहित शक्ति प्रकट भएर पूर्ण सिद्धि प्राप्त हुन्छ । यस्तो मन्त्र काल र स्थानले बन्धित

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँदैन । यसको गति सर्वत्र हुन्छ र पूर्ण सफलता दिन पूर्ण सहायक हुन्छ । आत्मतत्त्वद्वारा गोप्यरूपमा वेष्टित शब्द समूह मन्त्र ध्वनिद्वारा कार्य सिद्धि हुन्छ ।

विज्ञान भैरवतन्त्रमा मन्त्रका दुई अवस्था बताइएका छन् । चित्तयुक्त मन्त्र र ध्वनियुक्त मन्त्र । चित्तयुक्त मन्त्रको उच्चारण चित्त संस्कारित गरी मनमनै जप गर्नुपर्छ । दोस्रो प्रकारको मन्त्र शब्दातीत हो वा उच्चारित ध्वनि वायुमण्डलमा ध्वनित हुनु हो । विश्व दुई रूपमा विभक्त छ, जसमा एक ग्राह्य अर्को ग्राहक । मानव मनद्वारा अनुप्राणित नै ग्राहक हो र विश्वभर फैलिएको ग्राह्य हो । जबसम्म ग्राहक र ग्राह्यको पूर्ण सम्पर्क हुँदैन तबसम्म मनोरथ सिद्ध हुँदैन । ग्राहक र ग्राह्यको सम्पर्क आधार ध्वनि नै हो । ओठबाट निष्काशित भई वायुमण्डलमा फैलिएको हुन्छ ।

ध्वनि विज्ञानअनुसार जुन शब्द उच्चारण गर्दा वायुमण्डलमा फैलिन्छ (जस्तै रेडियोको आवाज, भाषण गर्दाको आवाज) त्यो कहिल्यै मेटिदैन । आजभन्दा हजारौँ वर्षअघिको उच्चारित ध्वनि आज पनि वायुमण्डलमा व्याप्त छ । आज पनि फ्रिक्वेन्सीको माध्यमबाट यस्ता ध्वनि सुन्न सकिन्छ । जस्तै महाभारतकालिक ध्वनि ।

डा. फ्रिस्टलोवका अनुसार ध्वनिद्वारा शरीरका परमाणुलाई कम्पन गरी शारीरिक रोगको निवारण गर्न सकिन्छ । ठूला विमानको ध्वनिबाट घरका भित्ता कम्पन भएको अनुभूत गर्दा ध्वनिको महत्त्व अझ प्रकाश भएको छ । यसैले मन्त्र उच्चारण गर्दा एक विशिष्ट ध्वनि कम्पन हुन्छ, जसबाट तुरुन्त इथरमा मिलेर विश्वभरको वायुमण्डलमा व्याप्त हुन्छ । उदाहरणार्थ सूर्यसम्बन्धित कुनै मन्त्र छ भने यसको उच्चारणमा विशेष ध्वनि कम्पन हुन्छ । कम्पन इथरको माध्यमबाट केही समयमै सूर्यसम्म पुगेर फर्किन्छ, फर्किने समयमा सूर्यको सूक्ष्म किरण (शक्ति तेजश्विता एवं प्राणक्ता विद्यमान हुन्छ) जुन साधकको शरीरद्वारा त्यस गुणमा वृद्धि हुन्छ । यसप्रकार सूर्यमन्त्रको उच्चारणद्वारा सूर्य सम्बन्धित प्राणक्ता साधकलाई प्राप्त हुन्छ । मन्त्रशब्दको मूल अर्थ गुप्त परामर्श हो । श्रद्धाद्वारा जब मन्त्राक्षर अन्तरदेशमा प्रवेश गर्छ र दिव्य आहिण्डन हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसबेला एक जीवन्त, ज्वलन्त एवं जागरित रूपमा चमक आउँछ । यही दिव्य रूप साकार भई सिद्धिमा परिणत हुन्छ ।

मन्त्रे तीर्थे द्विजे देवे दैवज्ञे भैषजे गुरौ
यादृशी भावना यस्य सिद्धिर्भवति तादृशी ।

मन्त्र, तीर्थ, ब्रह्माण, देवता, दैवज्ञ, डाक्टर, गुरुमा जसको भावना जस्तो हुन्छ त्यस्तै सिद्धि हुन्छ । मन्त्र र सिद्धि परिपूरक हुन् । यसका लागि केही तथ्यमा ध्यान दिएर यसको सम्यक् पालन गर्न आवश्यक छ । विधि-विधानसँग पालना नभए कार्य असफल हुन्छ । अश्रद्धा उत्पन्न हुन्छ । भनिएको पनि छ "एतद् गोप्यं महागोप्यं न देयं यस्य कस्यचित्" मन्त्र शब्द आफैँमा सारगर्भित छ । मन्त्र शब्दमा रहेको मकारले मनन र त्रकारले रक्षण अर्थको बोध गराउँछ अर्थात् जुन विचारले कार्य सिद्ध हुन्छ, त्यो नै मन्त्र हो । मनद्वारा वर्णोच्चारणको घर्षण हुन्छ अनि दिव्य ज्योति प्रकट हुन्छ । यसरी नै सफलता प्राप्त हुन्छ ।

मान्त्रिकाको अनुसार निरन्तर मन्त्र जप गर्दा सिद्धि हुन्छ । मन्त्र साधनाको सफलताको आधार भनेकै चित्त एकाग्रता हो । उच्चस्तरीय साधक आफ्नो योग्यतम शिष्य श्यामा पीठिकामा दीक्षित गर्दछन् । जसले श्यामा पीठिकामा सिद्ध गर्छ, त्यो निश्चय नै मन्त्ररूप हुन्छ । मन्त्रशास्त्रमा चार पीठिकाको उल्लेख छ । श्मशानपीठ, शवपीठ, अख्यपीठ, श्यामापीठ । यसको संक्षिप्त जानकारी यहाँ दिइएको छ ।

१. श्मशानपीठ

केही मन्त्र यस्ता हुन्छन्,जुन राति श्मशानमा गएर जप गर्नुपर्छ । यस्ता मन्त्रलाई श्मशान पीठ भनिन्छ ।

२. शवपीठ

कुनै मृत कलेवरमाथि वसी उसको भित्र घुसी मन्त्र जप साधना गर्नु शवपीठ हो । तान्त्रिक साधनामा यसको विशेष महत्त्व छ ।

३. अख्य पीठिका

जहाँ मानिसको आवागमन हुदैन, कोलाहल हुँदैन, एकान्त जंगलमा रुखमुनि शून्य मन्दिरमा मन्त्र जप गर्नु अख्य पीठिका हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. श्याम पीठिका

यो सर्वाधिक कठिन पीठिका हो । विरलै साधकहरू यस पीठिकाद्वारा उत्तीर्ण हुन्छन् । एकान्त स्थानमा, बन्द कक्षभित्र सोह्र बर्षीया वस्त्ररहित सुन्दर स्त्रीको सम्मुख बस्नुपर्छ । यस समयमा साधक अलिकति पनि विचलित नभई एकात्मक भावले मन्त्र जप गर्छ भने त्यो श्यामा पीठिका हो ।

मन्त्रको आवश्यकता सबैले सम्झनुपर्छ । मन्त्रको आत्मा के हो ? के मन्त्र शिव हो ? मन्त्रमा के शक्ति छ ? अणु/परमाणु छ ? कुनै पनि तवरले शिव, शक्ति र अणु यी तीन गुण समावेश हुनु जरुरी छ । विश्व तीन तत्त्वद्वारा प्रतिष्ठित छ । अतः मन्त्रमा यी तीनै तत्त्वको उचित सामन्जस्यपूर्ण अस्तित्त्व हुन्छ । शिव निरापद छ, शक्ति सानन्द छ । यी दुईमा पार्थक्य सम्भव छैन । शिवशक्तिको माध्यमद्वारा नै सृष्टि, स्थिति, संहार आदि कार्य हुन्छन् । यी कार्यका आधार आत्मा नै हो । यसप्रकार शिव, शक्ति, आत्मा सर्वोपरि छ । यी तीन तत्त्वका उचित प्रमुद्रित रूप नै मन्त्र हो । शक्तिशाली, तेजयुक्त एवं शिवत्व अभिव्यक्ति दिन सक्ने सामर्थ्य मन्त्रमा हुन्छ । शिव र शक्तिको उचित सामन्जस्यको कारण नै मन्त्र हो । जसमा भोग र मोक्ष दुबै गति दिने सामर्थ्य छ । यहाँसम्म मन्त्र स्त्रोत्रमा पनि भेद सम्झनुपर्छ । स्तोत्र केवल कुनै देवताको स्तुति वा प्रार्थना हो, जुन कुनै प्रकारले शब्दमा सम्भव छ । स्तोत्रमा निहित शब्द बदल्दा कुनै अन्तर हुँदैन । मन्त्रमा निहित शब्द बदल्नु टाढाको कुरा हो, यसको अनुस्वार आदिमा पनि असर पर्दैन । यसमा समान धर्म वा समान अर्थबोधक शब्द बदलेर राख्नु पनि ग्राह्य हुँदैन अर्थात् जटा, माला, रेखा, ध्वज, दण्ड, रथ, घन क्रमशः वेदका पाठ गर्ने पद्धति हुन् ।[४] जसमा यो लक्षण घट्दैन त्यसलाई मन्त्र (वेद) भन्न सकिँदैन ।

प्रार्थना, स्तुति, स्तोत्रमा एउटै भावलाई भिन्न-भिन्न शब्दमा प्रस्तुत गर्न सकिन्छ । मन्त्रमा यो सम्भव छैन । यो नै मूलभूत अन्तर हो । मानवस्थूल दुई मनमा विभक्त छ, एउटा आन्तरिक मन, दोस्रो बाह्य । गलत कार्य गर्ने समयमा यी दुई मनको संघर्ष हुन्छ । आन्तरिक मनले 'यो कार्य गलत ठान्छ' जब

---

४ जटा माला शिखा रेखा ध्वजो दण्डो रथो घनः । अष्टौ विकृतयः प्रोक्ताः क्रमपूर्वा भिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कि बाह्य मनले 'यो कार्य गर्न स्वीकृत दिन्छ।' मानवको आभ्यान्तरिक मन ईश्वरको प्रतिकृति हो। विशिष्ट साधुसन्तको यो आभ्यान्तरिक मन अति प्रबल हुन्छ। कुनै महर्षि वा सन्त आफ्नो आभ्यान्तरिक मनको संयोगद्वारा कुनै स्तुति वा स्तोत्र पाठ नियमित गर्दछन् भने स्तुति पनि मन्त्रको रूपमा धारण हुन्छ। कालान्तरमा यो स्तुति फलप्रद बन्दछ। हनूमान् चालीसा, कनकधारा, नवग्रह स्तोत्र यसैगरी मन्त्रको रूपमा प्रयुक्त भई साधकको कार्यमा सफलता मिल्छ।

वस्तुतः मन्त्र सशरीर हुँदैन किनकि शरीरवाला प्राणीमा मलिनता अवश्यम्भावी छ। मन्त्रमा दूषित सम्भव छैन, अतः मन्त्र मूलतः निराकार भए पनि सामर्थ्यवान एवं संवेग हुन्छ। अतुलनीय वेगद्वारा साधक एवं सम्बन्धित देवताको बीच सफल मध्यस्तताको कार्य गर्छ। मन्त्रको सामर्थ्य कसरी प्राप्त हुन्छ भन्ने बारेमा यस्तो भनाइ रहेको छ "साधक आसनमा बसेको समयमा सामान्य मानिसभन्दा माथि रहेको हुन्छ जस्तो कि मानवका दुई मन हुन्छन्, अन्तर्मन र बाह्यमन। दोस्रो शब्दमा यसलाई अन्तश्चेतना र बाह्यचेतना पनि भनिन्छ। बाह्यचेतना स्थूल हुन्छ र यसबाट जीवनका क्रियाकलाप चल्छ। भोक, प्यास, क्रोध, मोह आदि बाह्यचेतनाको रूप हो। अन्तश्चेतनामा यसको कुनै सम्बन्ध हुँदैन। अन्तश्चेतना मानवको मूल शक्ति हो, जुन सर्वथा शुद्ध, निष्पाप एवं निर्मुक्त हुन्छ। अन्तश्चेतनाको शक्ति अद्भूत हुन्छ। यसको माध्यमद्वारा सबै कार्य सम्भव हुन्छ, जुन असम्भव वा कठिन भन्ने नै हुँदैन। अन्तश्चेतना कसैमा कम, कसैमा बढी जागृत हुन्छ। शुद्ध शाहकारीमा अपेक्षाकृत ज्यादा सक्रिय हुन्छ। साधक कुनै मन्त्रको जप गर्न उद्यत छ, अन्तश्चेतना उसको लागि सहायक हुन्छ। अन्तश्चेतनाको साथै साधकका मन्त्र आप्लावित हुन्छ। त्यसबेला मन्त्र सजक एवं प्राणवान बनेर फलप्रद बन्न पुग्छ। अतः मन्त्रमा सामर्थ्य बाहिरबाट नभई भित्रबाटै आउँछ।

पृथ्वीमा जति प्राणी छन् ती सबैमा अन्तश्चेतना विद्यमान छ, व्यक्तिमा अन्तश्चेतना केही ज्यादा हुन्छ। जसमा अन्तश्चेतना ज्यादा हुन्छ मानवताको दृष्टिले उच्चस्तरको हुन्छ। व्यक्ति आफ्नो सामर्थ्य (प्रयास)बाट अन्तश्चेतनाको सजग एवं सक्रिय गराउँछ। यसका लागि साधकले नित्यरूपमा अभ्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

४. श्याम पीठिका

यो सर्वाधिक कठिन पीठिका हो । विरलै साधकहरू यस पीठिकाद्वारा उत्तीर्ण हुन्छन् । एकान्त स्थानमा, बन्द कक्षभित्र सोह्र बर्षीया वस्त्ररहित सुन्दर स्त्रीको सम्मुख बस्नुपर्छ । यस समयमा साधक अलिकति पनि विचलित नभई एकात्मक भावले मन्त्र जप गर्छ भने त्यो श्यामा पीठिका हो ।

मन्त्रको आवश्यकता सबैले सम्झनुपर्छ । मन्त्रको आत्मा के हो ? के मन्त्र शिव हो ? मन्त्रमा के शक्ति छ ? अणु/परमाणु छ ? कुनै पनि तवरले शिव, शक्ति र अणु यी तीन गुण समावेश हुनु जरुरी छ । विश्व तीन तत्त्वद्वारा प्रतिष्ठित छ । अतः मन्त्रमा यी तीनै तत्त्वको उचित सामन्जस्यपूर्ण अस्तित्त्व हुन्छ । शिव निरापद छ, शक्ति सानन्द छ । यी दुईमा पार्थक्य सम्भव छैन । शिवशक्तिको माध्यमद्वारा नै सृष्टि, स्थिति, संहार आदि कार्य हुन्छन् । यी कार्यका आधार आत्मा नै हो । यसप्रकार शिव, शक्ति, आत्मा सर्वोपरि छ । यी तीन तत्त्वका उचित प्रमुद्रित रूप नै मन्त्र हो । शक्तिशाली, तेजयुक्त एवं शिवत्व अभिव्यक्ति दिन सक्ने सामर्थ्य मन्त्रमा हुन्छ । शिव र शक्तिको उचित सामन्जस्यको कारण नै मन्त्र हो । जसमा भोग र मोक्ष दुबै गति दिने सामर्थ्य छ । यहाँसम्म मन्त्र स्त्रोत्रमा पनि भेद सम्झनुपर्छ । स्तोत्र केवल कुनै देवताको स्तुति वा प्रार्थना हो, जुन कुनै प्रकारले शब्दमा सम्भव छ । स्तोत्रमा निहित शब्द बदल्दा कुनै अन्तर हुँदैन । मन्त्रमा निहित शब्द बदल्नु टाढाको कुरा हो, यसको अनुस्वार आदिमा पनि असर पर्दैन । यसमा समान धर्म वा समान अर्थबोधक शब्द बदलेर राख्नु पनि ग्राह्य हुँदैन अर्थात् जटा, माला, रेखा, ध्वज, दण्ड, रथ, घन क्रमशः वेदका पाठ गर्ने पद्धति हुन् ।[४] जसमा यो लक्षण घट्दैन त्यसलाई मन्त्र (वेद) भन्न सकिँदैन ।

प्रार्थना, स्तुति, स्तोत्रमा एउटै भावलाई भिन्न-भिन्न शब्दमा प्रस्तुत गर्न सकिन्छ । मन्त्रमा यो सम्भव छैन । यो नै मूलभूत अन्तर हो । मानवस्थूल दुई मनमा विभक्त छ, एउटा आन्तरिक मन, दोस्रो बाह्य । गलत कार्य गर्ने समयमा यी दुई मनको संघर्ष हुन्छ । आन्तरिक मनले 'यो कार्य गलत ठान्छ' जब

---

४ जटा माला शिखा रेखा ध्वजो दण्डो रथो घनः । अष्टौ विकृतयः प्रोक्ताः क्रमपूर्वा भिः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कि बाह्य मनले 'यो कार्य गर्न स्वीकृत दिन्छ।' मानवको आभ्यान्तरिक मन ईश्वरको प्रतिकृति हो। विशिष्ट साधुसन्तको यो आभ्यान्तरिक मन अति प्रबल हुन्छ। कुनै महर्षि वा सन्त आफ्नो आभ्यान्तरिक मनको संयोगद्वारा कुनै स्तुति वा स्तोत्र पाठ नियमित गर्दछन् भने स्तुति पनि मन्त्रको रूपमा धारण हुन्छ। कालान्तरमा यो स्तुति फलप्रद बन्दछ। हनूमान् चालीसा, कनकधारा, नवग्रह स्तोत्र यसैगरी मन्त्रको रूपमा प्रयुक्त भई साधकको कार्यमा सफलता मिल्छ।

वस्तुतः मन्त्र सशरीर हुँदैन किनकि शरीरवाला प्राणीमा मलिनता अवश्यम्भावी छ। मन्त्रमा दूषित सम्भव छैन, अतः मन्त्र मूलतः निराकार भए पनि सामर्थ्यवान एवं संवेग हुन्छ। अतुलनीय वेगद्वारा साधक एवं सम्बन्धित देवताको बीच सफल मध्यस्तताको कार्य गर्छ। मन्त्रको सामर्थ्य कसरी प्राप्त हुन्छ भन्ने बारेमा यस्तो भनाइ रहेको छ "साधक आसनमा बसेको समयमा सामान्य मानिसभन्दा माथि रहेको हुन्छ जस्तो कि मानवका दुई मन हुन्छन्, अन्तर्मन र बाह्यमन। दोस्रो शब्दमा यसलाई अन्तश्चेतना र बाह्यचेतना पनि भनिन्छ। बाह्यचेतना स्थूल हुन्छ र यसबाट जीवनका क्रियाकलाप चल्छ। भोक, प्यास, क्रोध, मोह आदि बाह्यचेतनाको रूप हो। अन्तश्चेतनामा यसको कुनै सम्बन्ध हुँदैन। अन्तश्चेतना मानवको मूल शक्ति हो, जुन सर्वथा शुद्ध, निष्पाप एवं निर्मुक्त हुन्छ। अन्तश्चेतनाको शक्ति अद्भूत हुन्छ। यसको माध्यमद्वारा सबै कार्य सम्भव हुन्छ, जुन असम्भव वा कठिन भन्ने नै हुँदैन। अन्तश्चेतना कसैमा कम, कसैमा बढी जागृत हुन्छ। शुद्ध शाहकारीमा अपेक्षाकृत ज्यादा सक्रिय हुन्छ। साधक कुनै मन्त्रको जप गर्न उद्यत छ, अन्तश्चेतना उसको लागि सहायक हुन्छ। अन्तश्चेतनाको साथै साधकका मन्त्र आप्लावित हुन्छ। त्यसबेला मन्त्र सजक एवं प्राणवान बनेर फलप्रद बन्न पुग्छ। अतः मन्त्रमा सामर्थ्य बाहिरबाट नभई भित्रबाटै आउँछ।

पृथ्वीमा जति प्राणी छन् ती सबैमा अन्तश्चेतना विद्यमान छ, व्यक्तिमा अन्तश्चेतना केही ज्यादा हुन्छ। जसमा अन्तश्चेतना ज्यादा हुन्छ मानवताको दृष्टिले उच्चस्तरको हुन्छ। व्यक्ति आफ्नो सामर्थ्य (प्रयास)बाट अन्तश्चेतनाको सजग एवं सक्रिय गराउँछ। यसका लागि साधकले नित्यरूपमा अभ्यास

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गर्नुपर्छ। अशान्त, कोलाहलबाट टाढा रहेर स्वच्छ वातावरणमा पद्मासनमा बसेर एकाग्र मनले ध्यान गर्नुपर्छ। ध्यानले एकाग्रता हुन्छ, फलस्वरूप बाहिरी ध्वनि सुन्नुपर्दैन। बाहिरको आवाज कानमा परेमा एकाग्रता भङ्ग भएको बुझ्नुपर्छ। अन्तश्चेतना वा अन्तर्मन व्यापक छ। यसले क्षणांशमा पूरै विश्व चक्कर लगाउँछ। अन्तश्चेतनाको व्यापकताबाट सन्तसाधु वा साधक हजारौँ कोश टाढा प्रत्यक्ष देख्न सक्छन्। अन्तश्चेतना कालातीत हुन्छ, त्यसैबाट सही सही पहिचान गर्न, भन्न सक्ने क्षमता प्राप्त हुन्छ। अतः साधना क्षेत्रमा आधारभूत कुरा जसको उत्थान उपयोगद्वारा मन्त्रमा चैतन्य प्रदान गर्न समर्थ हुन सक्छ।

अन्तश्चेतनाद्वारा अनुप्राणित भई मन्त्र फलप्रद, समर्थ एवं सिद्ध हुन्छ। मानव शरीर यति रहस्यमय छ कि हजारौँ वर्षदेखि वैज्ञानिक चिकित्सक, योगी साधकहरूले यसको रहस्य बुझ्ने प्रयास गरिरहेका छन्। लामो समयको प्रयासबाट पनि अहिलेसम्म यसको रहस्यको कुनै अंश ज्ञात हुन सकेको छैन। यस अन्तश्चेतना सर्वदा सक्रिय, शुद्ध एवं निर्मल बन्छ। योगी, ध्यानी, ऋषि, साधु, सन्त आदिले आफ्नो लक्ष्य वा ब्रह्मत्व प्राप्त गर्न अन्तश्चेतनाको विकास गर्न लाग्नुपर्छ। यसको विकासले नै लक्ष्य प्राप्त हुन सक्छ। अन्तश्चेतनाको विकास एवं नियन्त्रित गर्न आसन, आधार, प्राणायामको अभ्यास आवश्यक हुन्छ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रमा जपको विधान

साधनामा जपको अत्यन्तै ठूलो स्थान र महत्त्व हुन्छ। गोभिलको मतानुसार "जप निरन्तर गर्नुपर्छ, एक दिन पनि छुटाउन हुँदैन नत्र सिद्धिमा बाधा हुन्छ। विस्तारै, स्पष्टसँग, न त शीघ्र, न त ढिलो अर्थात् विधानका अनुसार जप गर्नुपर्छ।"

सर्वेषां कर्मणां श्रेष्ठं जपज्ञानं महेश्वरि।
जपयज्ञो महेशानि मत्स्वरूपी न संशयः॥

- योगिनीतन्त्र १३।४९

अर्थात् 'हे महेश्वरी ! जपयज्ञ सबै कर्ममा श्रेष्ठ छ। जप मेरै स्वरूप हो, यसमा कुनै सन्देह छैन।' ग्रह शान्ति होस् वा अन्य पूजा होस्, जपलाई प्राथमिकतामा राखेकै पाइन्छ। सत्ययुगमा एक पटक जप्ने मन्त्रलाई त्रेतामा दुईगुना, द्वापरयुगमा तीनगुना र कलियुगका चार गुण जप गर्नुपर्दछ।[1] युगअनुसार मानिसको खानपान, चिन्तन, वातावरण आदिले फरक पार्ने भएकाले जपको क्रममा अन्तर आएको हो। जप मुख्यतः तीन प्रकारका हुन्छन्।

(क) वाचिक (ख) उपांशु (ग) मानसिक

जप गर्ने समयमा मन्त्र दोस्रो व्यक्तिले पनि सुन्न सके त्यसलाई वाचिक भनिन्छ। जप गर्ने समयमा मन्त्र स्वयंले मात्र सुन्ने भए त्यसलाई उपांशुजप

---

१ कल्पान्ते तु कृते संख्या त्रेतायां द्विगुणा स्मृता।
द्वापरे त्रिगुणा प्रोक्ता कलौ संख्या चतुर्गुणा॥

-तन्त्रसार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भनिन्छ । जप गर्ने समयमा ओठ र जिब्रो नचलेर केवल मनमामात्र ध्यान गर्ने भए त्यसलाई मानसिक जप भनिन्छ ।

फलमेतद्वाचिकस्य जपस्य परिकीर्तितम् ।
तस्माच्छतगुणो पांशुः सहस्रो मानसो मतः ॥

-योगिनीतन्त्र १३।५५

अर्थात् 'वाचिक जपको फल उपांशुको भन्दा सय गुणा र मानसिक जपको भन्दा हजार गुण बढी हुन्छ ।' वाचिक जपमा अन्यको भन्दा ठूलो आवाज आउने भएकाले कतिपयले यसलाई अन्यको तुलनामा कम महत्त्व दिएको पनि देख्न पाइन्छ । यिनीहरूका आफ्नै विशेषताहरू छन् । जस्तै अभिचारकर्ममा वाचिक जप, शान्ति तथा पुष्टि कार्यमा उपांशुजप र मोक्ष साधनमा मानसिक जप गर्नु उत्तम हो । वशीकरणकर्ममा पूर्वतिर मुख पारी जप गर्नुपर्छ, अभिचारादि कर्ममा दक्षिणतिर मुख पारी जप गर्नुपर्छ । धनको अभिलाषा हुँदा पश्चिम मुख गरी बस्नुपर्छ । आयुरक्षा शक्ति एवं पुष्टिकर्ममा उत्तरतिर मुख पारी जप गर्नु राम्रो हुन्छ । वशीकरणभन्दा स्तम्भनकर्मश्रेष्ठ हो । स्तम्भनभन्दा मोहन, मोहनभन्दा विद्वेषण, विद्वेषणभन्दा उच्चाटन तथा उच्चाटनभन्दा मारणकर्म श्रेष्ठ मानिन्छ । दिनको शेषांशमा शान्ति तथा पुष्टिकर्म, सन्ध्याकालमा मारणकर्मको अनुष्ठान गर्नुपर्छ । शत्रु भय गराउन अरु विकल्प छैन । यसका लागि मारणकर्म अनुष्ठान गर्नुपर्छ । शत्रुको घरबाट दीपाग्नि वा धूपाग्नि ल्याएर अभिचारकर्म गर्नुपर्छ । विद्वेषण आदि अभिचारिक कर्मको होमको समयमा क्रव्यादंशको परित्याग गर्नुहुन्न । यथाविधि अग्नि स्थापना गरेर शरतृणद्वारा अग्निको परिस्तरण गर्नुपर्छ । तत्पश्चात नीमको तेललाई काग वा उल्लूको प्वाँखबाट हवन गर्नुपर्छ । जसको नाश अभिलाषाका लागि कर्म गरिन्छ त्यसको लक्ष्य गरे दारय एवं मारणमा वाक्योच्चारण गरी मानसिक मन्त्रद्वारा एक सय आठपटक हवन गर्नुपर्छ । हवनपछि अग्निको समीप कृत्यादेवीको पूजन गर्दै "मेरो जुन शत्रु हुन्, तिनका मासुको भक्षण गर" भनी निवेदन गर्नुपर्छ । नियमपूर्वक अग्निको रक्षा गरे झैँ नौ रात्रिसम्म जप, होम आदि गरे शत्रुको नाश हुनपुग्छ । मारणकर्ममा वस्त्र तथा फेटा रातोवर्णको हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जप, होम आदि कर्म गर्नुभन्दा पहिले सङ्कल्प गरेर मात्र कार्य आरम्भ गर्नुपर्छ । शान्तिकर्ममा नमः, वशीकरणमा स्वाहा, स्तम्भनमा वषट्, विद्वेषणंमा वौषट्, उच्चाटनमा हुँ, मारणमा फट् शब्दको प्रयोग गरी हवन गर्नुपर्छ । मन्त्रको अन्तमा यी शब्दमा जोड्नुपर्छ । कर्मअनुसार फरक देवतालाई विभिन्न रूपमा ध्यान गर्नुपर्छ । जस्तै शान्तिकर्ममा पुष्टि, वशीकरण, आकर्षण यी चार कार्यमा साधना गर्दा देवता अत्यन्त सुन्दर, आभूषणयुक्त, नवयौवन सम्पन्न तथा प्रसन्न वदनले ध्यान गर्नुपर्छ । ध्यान आकृष्ट गरी जसरी बल्छीद्वारा माछालाई समात्नुपर्छ, त्यसैप्रकारले आकर्षणकर्मद्वारा अभिलाषित मनुष्य आफूतिर आकर्षित हुनपुग्छ । अभिचारकर्म गर्ने भए त्यस कार्यको अनुष्ठान शवारुढ भई (मुर्दामाथि बसेर) गर्नुपर्छ । देवताको पनि महाकराल रूपमा ध्यान गर्नुपर्छ । मन्त्रका अधिष्ठाता देवता हुन्छन् । जप गर्दा सम्बन्धित देवतालाई ध्यान दिनुपर्छ । १. रुद्र २. मङ्गल ३. गरुड ४. गन्धर्व ५. यक्ष ६. रक्ष ७. भुजङ्ग ८. किन्नर ९. पिशाच १०. भूत ११. दैत्य १२. इन्द्र १३. सिद्ध १४ .विद्याधर १५. असुर यी १५ देवता अधिठातृ देवता हुन् । कतै १८ देवता पनि भनिएको पाइन्छ । एक वर्णनात्मक मन्त्रको कर्तरी, द्वयक्षर मन्त्र सूची, त्रयाक्षर मन्त्रको मृदगर, चार अक्षरको मुसल, पञ्चाक्षरको क्रुर, षडक्षरको श्रङ्खला, सप्त वर्णात्मकको क्रकच, अष्टाक्षरको शूल, नवाक्षरको वज्र, दशाक्षरको शक्ति, एकादशाक्षरको परशु, द्वादशाक्षरको चक्र, त्रयोदशाक्षरको कुलिश, चुतर्दशाक्षरको नारायण, पञ्चदशाक्षरको भुसुण्डी तथा शोड्षाक्षरको पद्म रहेको छ ।

बीजमन्त्रास्तथामन्त्रा मालमन्त्रास्तथापरे ।
त्रिधामन्त्रगणाः प्रोक्ता बुधैरागमवेदिभिः ॥
बीजमन्त्रादशार्णान्तास्ततो मन्त्रानखावधि ।
विंशत्यधिकवर्णा ये मालामन्त्रास्तु ते स्मृताः ॥

-मन्त्रमहोदधि २४।७५-७६

अर्थात् 'आगमवेत्ताहरूले बीजमन्त्र, मन्त्र तथा मालामन्त्र गरी तीन भेद बताएका छन् । दश अक्षरसम्म भएकालाई बीजमन्त्र, एघारदेखि बीस अक्षरसम्म

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भएकालाई मन्त्र र त्यसभन्दा माथिलाई मालामन्त्र गरी विभाजन गरिएको छ।' उपासकहरूले बाल्य अवस्थामा बीज मन्त्र सिद्धि गर्नुपर्छ, युवा अवस्थामा मन्त्र एवं वृद्धा अवस्थामा मालामन्त्र सिद्ध गर्नुपर्छ।[२] मन्त्रको भेदअनुसार नै त्यसका अनुष्ठान एवं प्रयोग विधान पनि फरक-फरक छन्। मन्त्रच्छेदमा कर्तरी, भेदकर्मको सूची, भजनमा मृदगरं, क्षोमणमा मुसल, बन्धनमा शृंखल, छेदनमा क्रकच, घातकर्ममा शूल, स्तम्भनमा वज्र, वन्धनमा शक्ति, विद्वेषमा परशु, सर्वकर्ममा चक्र, उत्साहमा कुलिशं, सेन्यभेदमा नारीच, मारणमा भुसुण्डी शक्ति, शान्ति-पुष्टि आदि कर्ममा पद्म, रज्जककर्ममा चक्रपूर्ण मानिन्छ। यी सबै कर्ममा नामाचार विरोधी जान्नुपर्छ। सहस्राक्षर भएको मन्त्रादिको प्रयोगमा विधि देखेमा मातृका देवी पचासद्‍र्णरूपिणी हो। यी सबै वर्ण उत्पन्न मन्त्रद्वारा तीनै लोकमा भय हुन्छ। मानिसले जुन इच्छाले मन्त्र जप्छ उसैअनुसार कार्य सिद्ध हुन्छ। मन्त्रलाई विधानअनुसार प्रयोग गर्न जान्नुपर्छ भन्ने विषयमा वाचस्पति मिश्रले पनि जोड दिएका छन्।[३] 'मन्त्रहीन, वर्णहीन, स्वरहीन, मिथ्या शब्दको प्रयोग वाणीका वज्र हुन्। अशुद्ध उच्चारण भएमा यजमानलाई भय हुन्छ ज़स्तै इन्द्रलाई मार्न उत्पन्न भएका इन्द्रशत्रु वृत्रासुर उच्चारण भेदले आफैँ मारिए[४]।' मन्त्रलाई शुद्ध उच्चारण गर्नका लागि गुरुको मार्गनिर्देशन, साधकको अभ्यास, शान्त-पवित्रस्थानको आवश्यकता पर्दछ। मन्त्र दृढ संकल्प हो, त्यसैले हिन्दूहरू जन्मदेखि मृत्युपर्यन्तका अनुष्ठानमा मन्त्रको प्रयोग गर्दछन्। यसरी मन्त्र, विकास र जीवन पर्यायवाची बन्न पुगेका छन्। मन्त्र दुई प्रकारका हुन्छन्।

१. पल्लव २. योजन

---

२ -मन्त्रमहोदधि २४।७७

३ नैरुक्त्यं यस्य मन्त्रस्य विनियोगः प्रयोजनम्।
प्रतिष्ठानं विधिश्चैव ब्राह्मणं तदिहोच्यते ॥

-वाचस्पतिमिश्रः

४ मन्त्रो हीनः स्वरतो वर्णतो वा मिथ्याप्रयुक्तो न तमर्थमाह।
स वाग्वज्रो यजमानं हिनस्ति यथेन्द्रशत्रुः स्वरतोऽपराधात् ॥

–पाणिनि शिक्षा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. पल्लव

जुन मन्त्रको आदिमा नामको योजना हुन्छ, त्यसको नाम पल्लव हो। मारण, संहार, ग्रहभूत निवारण, उच्चाटन तथा विद्वेषण यी सबै कार्यमा पल्लव मन्त्र पूर्ण छ।

२. योजन

जुन मन्त्रको अन्तमा नामको योजना छ, त्यो योजन मन्त्र हो। शान्तिपुष्टि, वशीकरण, प्रायश्चित, मोहन तथा दीपन सबै कार्यमा योजन मन्त्र नै हुन्छ। यसको अतिरिक्त स्तम्भन, उच्चाटन, उच्छेद तथा विद्वेषणमा योजना मन्त्रको प्रयोग गर्नुपर्छ। बामको प्रथम, मध्य तथा अन्त मन्त्र भए उनका नाम रोध हुन्छ। अभिमुखीकरण एवं सबै प्रकारका पीडा निवारण, ज्वर, ग्रह, विष आदिको शक्ति कार्यमा यो मन्त्र पूर्ण छ। सम्मोहनकर्ममा रोध मन्त्रको प्रयोग गर्नुपर्छ। नामको एक अक्षरको पछि मन्त्र भए पर नामक मन्त्र हुन्छ र यसको प्रयोग शान्तिकर्ममा हुन्छ। नामको प्रथम अनुलोम तथा अन्तमा विलोम मन्त्र भए त्यो सम्पुट हुन्छ। कीलक आदि कार्यमा यसको प्रयोग गर्नुपर्छ। सम्पुट मन्त्रको स्तम्भन, मृत्यु निवारण तथा रक्षादि कार्यमा प्रयोग गर्नु उचित हुन्छ। मन्त्रका दुई/दुई अक्षर उच्चारण गरे विद्रर्भ मन्त्र हुन्छ। वशीकरण, आकर्षण तथा पुष्टिकर्ममा यसको प्रयोग गर्नुपर्छ।

बन्धन, उच्चाटन, विद्वेषण तथा सङ्कीर्णमा 'हुँ', छेदनमा 'फट्', अरिष्ट ग्रह शान्तिमा 'हुँ फट्', पुष्टिकर्ममा आप्यायन, बोधन तथा मालिनीकरण कर्ममा 'वाबढ्', होमकर्ममा 'स्वाहा' तथा अर्चना पूजामा 'नमः' शब्दको प्रयोग गर्नुपर्छ। वशीकरण, आकर्षण, ज्वर, निर्मूल पार्ने कर्ममा स्वाहा शब्द पूर्ण छ। क्रोध, शान्ति, प्रीति वर्द्धन कार्यमा 'नमः' शब्दको प्रयोग गर्नुपर्छ। सम्मोहन, उद्दीपन, पुष्टि, मृत्यु निवारणमा 'वौषट्' शब्दको प्रयोग गर्नुपर्छ। प्रीति भजन, छेदन तथा मारणमा 'हुँ' शब्दको प्रयोग हुन्छ। अन्धीकरण, मन्त्र, चैतन्य, लाभ, हानि आदि कार्यमा वषट् शब्दको प्रयोग गर्नुपर्छ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शाबरमन्त्र

जीवनलाई सार्थक, संस्कृतिलाई सबल बनाउन ऋषिमुनिहरूले अनेक प्रकारका विद्याहरूको प्रयोग र परीक्षण गरेको पाइन्छ । यिनीहरूलाई समय, परिस्थिति, आवश्यकतालाई ध्यान दिएर समर्थ साधकले केही परमाजिर्तत गरेको देखिन्छ । प्राचीन लोकमान्यताअनुसार शबर ऋषिद्वारा प्रणीत मन्त्रलाई शाबरमन्त्र भनिन्छ । ब्राह्मणग्रन्थमा वर्णन भएअनुसार ऐतरेय ब्राह्मणमा विश्वामित्र ऋषिका पचास पुत्र श्रापद्वारा आन्ध्र, पुण्ड्, शबर एवं मूतिब आदि भनियो । शबर जातिवाचक शब्द पनि हो । जंगलमा रहने, अविकसित समाजलाई प्राचीनकालमा शबर भनिन्थ्यो । लोकोक्तिअनुसार जंगली वा ग्रामीण इलाकामा बोलचालको भाषामा रहेको मन्त्र नै शबर थियो । स्कन्दपुराण, मत्स्यपुराण आदिमा कीकट देशमा रहने शिवभक्त शबर ऋषिको नामले विख्यात थिए । शबर ऋषि चिताभस्म प्राप्तको लागि स्वयं दग्ध गर्न प्रवृत्त थिए । मन्त्रका दृष्टिले अन्यको तुलानामा शाबरका आफ्नै विशेषता र पहिचान छन् । विशेष गरी नेपाल र भारतका ग्रामीण क्षेत्रमा यसको लोकप्रियता बढ्नुमा पनि यही कारण हो । सामान्य साधना विधि, उच्चारण प्रक्रियाबाट पनि यसले अत्यधिक फल दिन्छ । शाबरमन्त्रका विशेषता निम्न छन् ।

(१) शाबरमन्त्रमा संस्कृतभाषा निष्ठा हुँदैन ।

(२) अध्ययनका लागि संस्कृतको ज्ञान आवश्यक पर्दैन ।

(३) व्याकरण शुद्धि हुँदैन एवं यसको ज्ञान चाहिन्न ।

(४) यसमा विनियोग, न्यास हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(५) यसमा प्रयोग हुने भाषा बोलचालाका एवं ग्रामीण क्षेत्र हुन्छ ।

(६) यसमा देह शुद्धि, आन्तरिक शुद्धि, बाह्य शुद्धिको विचार हुँदैन ।

(७) यसमा व्यक्तिको साधना एवं गुरुको शक्ति प्रधान हुन्छ ।

(८) आराध्यदेव वा मन्त्रमा निर्दिष्ट देवतालाई सुगन्ध प्रदान गरिन्छ ।

(९) यसमा स्वयंको साधना विशेष हुन्छ, गुरु शक्तिमा जोड दिइन्छ ।

(१०) यो मन्त्र प्रयोगमा नक्षत्र कलापको प्रधानता देखिन्छ ।

(११) वैदिकमन्त्रको भाषा शिष्ट, सभ्य, सुसंस्कृत हुन्छ तर शाबरमन्त्रमा गाली गलौचको भाषा राम्रो मानिन्छ ।

(१२) शाबरमन्त्र नेपाली, हिन्दी, बंगला, उर्दू, आसामी, पञ्जावी अनेक भाषामा पाइन्छन् । एउटै कार्य वा अनुष्ठानका लागि अनेक मन्त्र पाइन्छन् । यसका संख्या यति नै छन् भनी एकीन गर्न सकिँदैन । व्याकरणका चौध सूत्रलाई संसारको अलौकिक शाबरमन्त्र भनिन्छ ।

नृत्तावसाने नटराजराजो ननाद ढक्कां नवपञ्चबारम् ।
उद्धर्तुकामः सनकादिसिद्धान् एतद्विमर्शे शिवसूत्रजालम् ॥

-नन्दिकेश्वरकारिका

तपस्यारत सनकादि सिद्ध मुनिहरूलाई दर्शन दिने क्रममा शिवले नाच्दै चौध पटक डम्बरु बजाए यसैबाट तलका १४ सूत्रहरूको जन्म भयो । शाबरतन्त्रले यसलाई महामन्त्र मानेको छ ।

१	अ इ उ ण्
२	ऋ लृ क्
३	ए ओङ्
४	ऐ औच्
५	ह य व र ट्
६	लण्
७	ञ, म, ङ, ण न म्

८	झ भ ञ्
९	घ ढ ध ष्
१०	ज ब ग ड दश्
११	ख फ छ ठ थ च ट त व्
१२	क प य्
१३	श ष स र्
१४	हल्

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महेश्वरको अनुकम्पाबाट प्राप्त भएकाले यसलाई माहेश्वर सूत्र पनि भनिन्छ । यो सूत्र ज्यादै महत्त्वपूर्ण छ । विद्वान्हरूले यसलाई शाबरमन्त्रको दर्जा दिएका छन् । पौराणिक मान्यताअनुसार भगवान् शिवले अर्जुनसँग किरात देशमा युद्ध गरे । त्यसबेला भगवान् शङ्कर, शक्ति स्वरूपा माता पार्वती, सागर समीप सुखारण्यमा विराजमान थिए । पार्वतीले शङ्करद्वारा आत्मा विषयक ज्ञान जान्ने इच्छा प्रकट् गर्नुभयो । जगन्माताले आद्यदेवलाई प्रश्न गर्नुभयो "भक्ति मुक्तिको मन्त्र के हो ?"

यसको समाधानका लागि शङ्करले जगन्मातालाई जन्म, मृत्यु वा आत्मा सम्बन्धी ज्ञान दिनुभयो। माता पार्वती समाधिस्त हुनुभयो। यसरी आशुतोष भगवान्को मुखबाट शावरमन्त्र एकपछि अर्को हुँदै कालान्तरसम्म चल्दै आएको पाइन्छ। कलियुगमा परम सिद्ध एवं तपस्वी मत्स्येन्द्रनाथको कालमा शाबरमन्त्र प्रक्रियामा पनुर्जागरण आयो । वैदिककालमा यो मन्त्रको चर्चा कतै पाइन्न। मत्स्येन्द्रनाथका शिष्य गोरखनाथ सिद्धयोगी एवं तान्त्रिकरूपमा विख्यात भए । गुरु गोरखनाथले जनहितका लागि लोकभाषामा केही मन्त्र बनाए, त्यो मन्त्र शाबर नामले प्रचलित भयो। आगमशास्त्रमा शाबरमन्त्र सिद्धि गर्ने एघार आचार्यहरू क्रमशः नागार्जुन, जडभरत, हरिशचन्द्र, सत्यनाथ, भीमनाथ, गोरखनाथ, चपटनाथ, अवघटनाथ, कन्यधारी, जलन्धरनाथ, मल्यार्जुनको चर्चा छ । शाबरमन्त्रको छुट्टै परम्परा, विधि र इतिहास छ । यो सहज, सुलभ प्राप्य अनमोल रत्न सिद्ध छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रको स्त्री, पुरुष, नपुंसकादि निरूपण

मन्त्रका विभिन्न रूप छन् । अक्षरका आधारमा, अनुष्ठानका आधारमा, प्रयोग र समयका आधारमा मन्त्रलाई अनेकौँ खण्ड र उपखण्डमा शास्त्र र विद्वान्हरूले बयान गरेका छन् । यहाँ भने संज्ञकका आधारमा १. स्त्रीसंज्ञक २. पुरुष संज्ञक ३. नपुंसक संज्ञक गरी तीन भागमा विभाजन गरिएको छ । जुन मन्त्रको अन्त्यमा स्वाहा पद रहन्छ त्यो स्त्री संज्ञक हो । जुन मन्त्रको अन्त्यमा नमः पदको प्रयोग हुन्छ त्यो नपुंसक संज्ञक हो । जुन मन्त्रको अन्त्यमा 'हुँ फट्' पद हुन्छ त्यो पुरुष संज्ञक हुन्छ । पुरुष संज्ञक मन्त्र वशीकरण, शान्ति तथा अभिचारकर्ममा प्रयुक्त हुन्छ । स्त्री संज्ञक मन्त्र क्षुद्र क्रियादिको नाशमा प्रयुक्त हुन्छ । नपुंसक संज्ञक मन्त्रको प्रयोग अतिरिक्त कर्ममा पनि हुन सक्छ ।

पुंस्त्रीनपुंसकाः प्रोक्ता मन्त्रास्त्रिविधा बुधैः ।
वषडन्ताः फडन्ताश्च पुमांसो मनवः स्मृताः ॥
वौषट्स्वाहान्तगा नार्यो हुंनमोन्ता नपुन्सकाः ।

-मन्त्रमहोदधि २४।९२-९३

अर्थात् 'विद्वान्हरूले पुरुष, स्त्री र नपुङ्सक गरी तीन प्रकारका मन्त्र बताएका छन् । जुन मन्त्रमा वषट् र फट् जोडिएको छ त्यसलाई पुलिङ्ग, जिसमा वौषट र स्वाहा लागेको छ, त्यसलाई स्त्री लिङ्ग एवं जसमा हुँ र नमः लागेको छ त्यसलाई नपुङ्सक मन्त्र भनिन्छ ।' जुन मन्त्रको अन्त्यमा ॐ शब्द छ, त्यसको नाम आग्नेय भनी बुझ्नुपर्छ । मन्त्रमा इन्द्र तथा अमृताक्षर विद्यमान छ भने त्यो सौम्य मन्त्र हुन्छ । आग्नेय मन्त्रको अन्त्यमा नमः पदको प्रयोग भएमा त्यसलाई पनि सौम्य मन्त्रमा गणना गरिन्छ । सौम्य मन्त्र 'हुँ फट्'

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वारा पल्लवित भए आग्नेयवत् हुन्छ । सुप्त मन्त्र कुनै समयमा पनि सिद्धि प्रदान हुँदैन । जबसम्म वाम नासिकामा श्वास चल्छ, त्यतिबेला मन्त्रको सुप्तावस्था जान्नुपर्छ । दायाँ नासिकाबाट श्वास चलेको समयलाई मन्त्रको जागृतावस्था सम्झनुपर्छ । निद्रित अवस्थामा मन्त्रको जप गरे निष्फल हुन्छ । जबसम्म दायाँ नासिकाबाट श्वास चल्छ तब आग्नेय मन्त्र जपिन्छ । जब बायाँ नासिकाबाट श्वास चलिरहन्छ तब सौम्य मन्त्र जागृत रहन्छ, दुबै नासिकाद्वारा श्वास चलेको समयमा सबै मन्त्र जागृत हुन्छन् । जागृत मन्त्रको जप गर्दा अवश्य सिद्धि प्राप्त हुन्छ । शत्रुको भय वा अन्य कुनै प्रकारको महाभय उपस्थित हुने हुँदा त्यसको न्यून वा निर्मूल गर्न कालाकालको विचार गर्नुपर्छ । विपत्तिको बेलामा होम, जप, पूजन आदि कुनै प्रकारको तान्त्रिक अनुष्ठानको सम्बन्धमा विधि निषेधको कुनै नियम लागू हुँदैन । १. अरि २. साध्य ३. सिद्धि ४. सुसिद्धि गरी मन्त्रका चार प्रकृति छन् । जस्तो प्रकृति हुन्छ, उस्तै फल प्राप्त हुन्छ । यदि मन्त्रको प्रकृति शत्रुभावमा छ भने कार्य बन्दैन । यदि साध्य प्रकृति भए काम बिग्रिन्छ । सिद्धि प्रकृति छ भने समय आएपछि कार्य सिद्ध हुन्छ । सुसिद्धि प्रकृति भए कार्य ज्यादै छिटो सिद्ध हुन्छ । मन्त्रको प्रकृति जान्ने विधि यस्तो छ ।

प्रस्तुत १२ कोठामा आफ्नो नाम र मन्त्रको आदि अक्षर हेर्नुपर्छ । आफ्नो कोठाबाट मन्त्रको कोठा, पहिलो, पाँचौ वा नवौँ भए मन्त्र सिद्धि जान्नुपर्छ । दोस्रो, छैठौँ, आठौँ भए साध्य सम्झनुपर्छ । तेस्रो, सातौँ वा एघारौं भए सुसिद्धि मान्नुपर्छ । चौथो, आठौँ, बाह्रौँ भए शत्रु सम्झनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन्त्रमा तीन वा चार बीज भए लोभ प्रतिलोभको विधिद्वारा बीज सुसिद्धि हुन्छ । उस मन्त्रको आदिमा लाग्नुपर्छ । जस्तै वेनुकुमार क श ह यो मन्त्र जप्न चाहने भए लोभ प्रतिलोभको विधिद्वारा मन्त्र शक्लै हुन्छ ।

१ क श ह	२ क ह श	३ श ह क
४ ह क श	५ ह क श	६ ह क श

यी सबै शक्लका तीन अक्षर उपर्युक्त बाह्र कोठे मन्त्रमा हुन्छ । वेनुकुमार आदिका अक्षर 'व' ११ औँ कोठामा छ र मन्त्रको पहिलो अक्षर पहिलो कोठामा छ । एघारौँदेखि तेस्रो सुसिद्धि हुन्छ, उत्तम हुन्छ । दोस्रो अक्षर 'श' छैठौँ कोठामा छ, एघारौँदेखि आठौँ अरि हुनाले अति निकृष्ट हुन्छ । तेस्रो अक्षर 'ह' मन्त्रको नवौँ कोठामा छ । एघारदेखि नवौँ सुसिद्धि हुनाले अति उत्तम हुन्छ । दोस्रो अक्षर 'श' मन्त्रको छैठौँ कोठामा छ । एघारौँदेखि आठौँ अरि हुनाले निकृष्ट हुन्छ । मन्त्रसाधनमा निम्न कुरा विचार गर्नुपर्छ ।

१. ऋणी धनीको विचार २. वर्ग र राशिको मिलान ३. मास, बार, तिथि, नक्षत्र, चन्द्रमा, योगिनी, दिक्शूल दिशा र लग्नको विचार, कूर्मचक्रानुसार आसन आदि सबै कर्ममा विचार गरे कार्य सिद्ध हुन्छ । नराम्रो विचार दोष निवारण बिना साधन आरम्भ गरे कार्य निष्फल हुन्छ । मन्त्र साधनमा मन्त्र-यन्त्रमाथि पूर्ण विश्वास गर्नुपर्छ । स्नानादि गरेर कर्ममा लीन भएर मन्त्र, यन्त्र कार्य गर्नुपर्छ । तीन दिनसम्म पूजन गर्ने, तीन रातसम्म पृथ्वीमा शमन गर्नुपर्छ । ब्रह्मचार्य व्रत पालन गरेर तेस्रो दिन अधिष्ठातृ देवता स्वपलद्वारा वाणी प्राप्त हुन्छ कि मन्त्र, साध्य, सुसिद्धि, सिद्धि वा शत्रु छ ।

भूत डामरमा मन्त्र उत्कीलन विधिको प्रकार

१. पहिलो विधि

जुन मन्त्रको जप गर्ने हो, त्यसलाई भोजपत्रमाथि अष्ट गन्धद्वारा १०८ पटक लेखेर धूप, दीप, नैवेद्यद्वारा पूजन गरी ब्रह्माण भोज गराउनुपर्छ । त्यसपछि ताम्रपत्रमा पानी भरेर मन्त्र लिखित भोजपत्र हालेर जाय वा नदीमा अर्पण गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. दोस्रो विधि

इष्टदेव मृत्तिकाद्वारा पुरुषाकार प्रतिमा बनाएर प्राण प्रतिष्ठा गर्नुपर्छ। भोजनपत्रमा मन्त्रलाई शुभ तिथि तथा शुभ घडीमा लेखी प्रतिमाको छातीमा लगाउने। यसमा एक महिनासम्म धूप, दीप, नैवेद्य आदिले पूजन गर्नुपर्छ। गुरुबाट आज्ञा लिई मन्त्रको जप गरी प्रतिमालाई नदीमा बगाउनुपर्छ। ब्रह्माण भोज गरेपछि मन्त्रको जप गर्दा सिद्ध हुन्छ।

३. तेस्रो विधि

तेस्रो विधिअन्तर्गत दश संस्कार गर्नुपर्छ।

(क) जन्म (ख) जीवन (ग) ताड्न (घ) वोधन (ङ) अवशेष (च) विमलीकरण (छ) आव्यापन (ज) तर्पण (झ) दीपन (ञ) गोपन ॐ। मन्त्र संस्कार निम्नानुसार गरिन्छ।

पहिलो संस्कारः मात्रा वर्णको पुट लगाएर मन्त्र १०८ पटक जप गर्नुपर्छ। उदाहरार्थ ॐ नमो नारायणाय १६ स्वरमा ८ जोड हुन्छ। अ, आ, इ, ईबाट अं अः सम्म एक/एक जोडेको पुट यसरी लगाउनुपर्छ। ॐ नमो नारायणाय आं यसप्रकार आठ जोडको पुट लगाउनुपर्छ।

दोस्रो संस्कारः मन्त्रमा प्रणवको पुट दिएर १०८ पटक जप गर्नुपर्छ।

तेस्रो संस्कारः मन्त्रको अक्षर भोजपत्रमा लेखेर चन्दन, घिउ, कपुर मिलाएर प्पानी तयार गर्नुपर्छ। फेरि फूल लिएर वायुबीज हं द्वारा जलको मन्त्रमा १०८ पटक अभिशेक गर्नुपर्छ।

चौथो संस्कारः ताम्रपत्रमा मन्त्र लेख्नुपर्छ। मन्त्रको जति अक्षर छ, उति नै कनेरको पुष्प लिएर ॐ फट् मन्त्रले १०८ पटक हवन गर्नुपर्छ। फूल मन्त्रमा लगाए बन्धन हुनेछ।

पाँचौं संस्कारः मन्त्र जति अक्षर छ उति पीपलको पात लिएर मन्त्र ताम्रपत्रमा लेखी सबै पातलाई एकै ठाउँमा पारी मूलमन्त्रद्वारा जल चढाउनुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

छैठौं संस्कारः मनमनै मन्त्रको ध्यान गरी १०८ पटक हुं फट् शब्द उच्चारण गर्नुपर्छ ।

सातौं संस्कारः प्रणव, आकाश तथा अग्निबीजमा तातो जलद्वारा प्रत्येक अक्षर ताम्रपत्रमा चढाउनुपर्छ ।

आठौं संस्कारः ताम्रपत्रमा मन्त्र लेखी १०८ पटक मूलमन्त्रले तर्पण गर्नुपर्छ ।

नवौं संस्कारः प्रणवबीज, मायाबीज, लक्ष्मीबीज । तीन सम्पुट लगाई मन्त्र १०८ पटक जप गर्नुपर्छ ।

दसौं संस्कारः कुनै व्यक्तिले चाल नपाउने गरी मन्त्र जप गर्नुपर्छ । यो विधिद्वारा १०८ पटक जप गरे मन्त्रको चमत्कार दृष्टि गोचर हुन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गुरु महिमा

गुरुबिना पौरस्त्य ज्ञान र विज्ञान एक इन्च पनि अघि बढ्दैन। गुरु ज्ञानका सम्वाहक हुन्। गुरुले संस्कार, शिक्षा एवं मन्त्र शक्तिबाट शिष्यको पुनर्जन्म गराउँछन्। योगिनीतन्त्रको प्रथम पटलमा गुरु महिमा व्यापक छ। तन्त्रशास्त्र तथा जगत् गुरुमूलक हो, गुरु परब्रह्म तथा गुरु साक्षात् शिवस्वरूप हो, जसले गुरुलाई श्रद्धा गर्दछ, उसलाई सम्पूर्ण देवताले प्रणाम गर्छन्।[१] महाव्याधियुक्त छ भने पनि गुरुको चरणामृत पिएमा देवपुरी प्रदान गर्ने हुन्छ। गुरुको आज्ञा विधिको वशीभूत भई असंस्कृत सुरापान गर्ने जातकलाई पनि प्रायश्चित नहुने तथा उसमा वेदविधिको अमर्यादा पनि नहुने हुन्छ। तन्त्र विरुद्ध हुँदा पनि वेदतुल्य तथा शिववचन सरह सम्झनुपर्छ। तत्त्वागमबिना सबै कार्यमा गुरुआज्ञा लिनुपर्छ। देवताको ऐश्वर्य अद्वैत हुन्छ। गुरुमा यस्तो अद्वैत भाव हुँदैन। अद्वैत गुरु तथा गुरु कार्यको कोही अतिक्रमण गर्न सक्दैन, त्यसले गुरु समान अरु कोही छैन। स्वर्गलोक, मर्त्यलोक तथा नागलोकमा गुरु नै महान् हुन्छन्। गुरु नै देवता र देवी हुन्। अल्पज्ञान हुन वा बहुज्ञान हुनमा

---

१ योगिनीतन्त्र १।२४

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पनि गुरुको सदा गति हो। गुरुको पुत्र तथा गुरूपुत्रको पुत्रलाई पनि गुरु समान व्यवहार गर्नुपर्छ। गुरूपत्नी पनि गुरुसमान हो। गुरुको उच्छिष्ट समान गुरूपुत्रको उच्छिष्ट पनि भोजन गराउनुपर्छ। यसमा विकार उत्पन्न भएमा अधोगति उत्पन्न हुन्छ। गुरुको उच्छिष्ट ब्रह्मादिका लागि पनि दुर्लभ हुन्छ। त्यो परम पवित्र तथा परात्पर वस्तु हो। गुरु, गुरूपत्नी वा गुरूपुत्रद्वारा दिएको मुठ्ठी भोजनले बीस वर्षसम्म भोजन गरेझैँ अनुभूति हुन्छ। यसले वृद्धावस्थामा रोगमुक्त भएर चिरञ्जीवी हुन्छ, शिवत्व पनि प्राप्त हुन पुग्छ।

घृणा शङ्का भयं लज्जा जुगुप्सा चेति पञ्चमी
कुलं शीलं तथा जातिरष्टा पाशाः प्रकीर्तिताः
पाशबद्धः पशुः प्रोक्तः पाशुमुक्तः सदाशिवः
तस्मात् पाशहरो योऽत्र स गुरुर्नान्य उच्यते॥

अर्थात् गुरुले शिष्यलाई विभिन्न तर्फबाट मार्ग प्रदर्शन गर्नुपर्दछ। जसरी पाशले बाँधिएको पशु पनि हिंड्न सक्तैन, त्यसैगरी घृणा, शङ्का, भय, लज्जा, जुगुप्सा आदि अज्ञानरूपी पाशले बाँधिएको शिष्य पनि अज्ञानतामै अल्झिएको हुन्छ, त्यस्तो अज्ञानतालाई विनाश गरेर शिष्यलाई मार्ग प्रदर्शन गर्ने गुरुको कर्तव्य हो। जो मानिस भैरवाचार सम्पन्न तथा गुरुको चरणकमलको सेवक बनी गुरु समीप पचास वर्षसम्म निवास गर्छ, त्यसले यो लोकमा उत्तम भोग गरी अन्त्यमा देवतामा गणना हुन्छ। जबसम्म सूर्य, चन्द्र, तारागण विद्यमान हुन्छन् तबसम्म रूप, यौवन सम्पन्न भई रुद्र कन्यामा विहार गर्छ। जो मनुष्य प्रातःकालमा उठी गुरु, गुरूपुत्र, गुरुकन्यालाई विधिपूर्वक प्रणाम गर्छ, ऊ अवश्य नै सिद्ध हुन्छ। गुरुस्थान नै कैलाश हो, गुरुघर नै चिन्तामणिको घर हो, गुरु गृहको वृक्षवली वा कल्पक्षावलीमा कल्पलता हो, गुरुको घरको जल गंगाजल सरह हुन्छ, गुरुका सबै कुरा पुण्यमय हुन्छन्, गुरुगृह मन्दिरसरह भएकाले प्रदक्षिणा गर्दा सप्तदीपमयी पृथ्वी प्रदक्षिणा गरेको फल प्राप्त हुन्छ।[२] आदिनाथ महाकाल पनि परम गुरु हो। शैव, शाक्त, वैष्णव, गाणपत्य, ऐन्द्र, महाशैव, सौरादि मन्त्रमा यही मन्त्र व्यक्त छ।

---

२ योगिनीतन्त्र १।३७-४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जे–जसरी माने पनि हामीले जीवनमा तीनवटा गुरुलाई नमः गर्न छुटाउनु हुँदैन। जबसम्म तिमी मानव चोला लिएर बाँच्दछौँ तबसम्म तीन कुरालाई नछोड। वेदान्तको गुरु जसले मुक्तिको कुरा बताउँछ, दोस्रो गुरु जसले शास्त्रको अध्यापन गराउँदै ईश्वरको सान्निध्यमा पुऱ्याएर मुक्ति दिलाउँछ। तेस्रो ईश्वर जसले चराचर जगत्लाई सञ्चालन गर्दछ। असल गुरुले शिष्यहरूका आँखा खोलिदिएर शास्त्रको मार्गबाट ईश्वरको दर्शन गराउँछ। त्यसैले त गुरु छैन त केही छैन। प्राचीनकालमा गुरु शब्दको उच्चारण गर्न साथ शिष्यको शरीर रोमाञ्चले भरिन्थ्यो, ह्रदयभरि श्रद्धा उम्लन्थो र शिष्यहरू गुरुको पवित्र चरणस्पर्श गर्नका लागि हतारिन्थे। त्यो समयमा संसारमा दुई थरिका मानिसहरूमात्र बसोबास गरेझैँ लाग्दथ्यो, एउटा गुरु अर्को चेला। आफू अनुशासनमा बसेर गुरुले चेलालाई शासन गर्दथे। 'शिष्य' शब्दको उत्पत्ति *"शिष् अनुशिष्टौ"* र *"शाष् अनुसिष्टौ"* धातुबाट भएको छ। अर्थात्, अनुशासनमा रहनु वा अनुशासनको पालना गर्नु भन्ने अर्थमा शिष् धातुको उत्पत्ति भएको छ। *"शासितुं योग्य शिष्यः"* जो अनुशासित गुरुको छायाँमा रहेर गुरुको शासन र प्रशासनमा रमाउँछ त्यो नै शिष्य हो। यस्ता हजारौँ शिष्यहरू मध्येबाट एउटा छात्र निश्कन्थ्यो। *"गुरोर्दोषावरणम् छत्रमस्यास्तीति छात्रः"* अर्थात्, गुरु पनि मानिस हो। उहाँहरूमा पनि दोषहरू हुन सक्छन्, ती सबै दोषलाई त्यागेर गुरुका राम्रा गुण ज्ञान लिएर असल छात्र बन्ने प्रयास गर्नुपर्छ। गुरुमाथि श्रद्धा र विश्वास गर्नं पर्दछ अनि मात्र गुरुले पढाएको फलिभूत हुन्छ।

यथा देवस्तथा मन्त्रो यथा मन्त्रस्तथा गुरुः।
देवमन्त्रगुरुणाञ्च पूजया सदृशं फलम्॥

–कुलार्णवतन्त्र १३।६५

अर्थात् 'जो देवता हुन् उही मन्त्र हो। जो मन्त्र हो, उही गुरु हो। त्यसकारण देवता, मन्त्र र गुरुको पूजाको समान फल हुन्छ।' यही महिमाका कारण गुरुलाई साक्षात् देवता भनिएको हो। गुरु पनि मानिस हो, त्यसलाई किन नमस्कार गर्नें भन्यो भने फल त्यस्तै प्राप्त हुन्छ। गुरुको पवित्र चरणकमलमा पाप, कुविचार, खराब आदि सोच्ने शिर राख्यो र गुरुलाई देवता सम्झियो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भने दयानन्द, विवेकानन्द शिवाजीजस्ता उदाहरणीय शिष्य बन्दछन् । त्यसैले विद्या, ज्ञान, सीप प्राप्त गर्नु छ भने गुरुमा पूर्णरूपेण समर्पित भएर योग्य शिष्य वा छात्र बन्नुपर्दछ । उदाहरणको लागि परशुरामका शिष्य कर्ण थिए भने, भीष्मपितामह र आचार्य द्रोण छात्र थिए ।[३] त्यस्तै द्रोणका छात्र अर्जुन थिए । प्राचीन समयमा विद्यार्थी हुँदैन्थे, विद्यार्थीको अर्थ हुन्छ, *"अर्थ प्रयोजनं अस्यास्तीति अर्थी" "विद्याया अर्थी विद्यार्थी "* अर्थात्, कुनै वस्तु प्राप्त गर्ने स्वार्थी उद्देश्य राखेर जो क्षणिक समय गुरुको पछिलागेर तदनुरूप काम गर्दछ, त्यो अर्थी हो, जो अर्थी हुन्छ त्यो स्वार्थी नै विद्यार्थी हो । विद्या प्राप्त गर्ने स्वार्थले जो आउँछ, ऊ विद्यार्थी हो । वास्तवमा गुरु विद्यार्थीको लागि देवता हो, गुरुले देखाएको बाटो हिँड्ने कुनै पनि शिष्यले वेरोजगार बस्नु पर्दैन । शिक्षा र सरस्वती कहिल्यै बन्ध्या हुँदिनन् तर त्यसका लागि गुरुको अनुसरण गर्न छोड्नु हुँदैन । त्यसले शास्त्रहरूले शिवस्वरूप मन्त्रदाता गुरु शिरोरूप पद्ममा जुन प्रकार ज्ञान गर्दछ, शिल्प पनि आफ्नो शीर्ष कमलमा उस्तै प्रकारको ज्ञान गर्छ । मन्त्र दिने समयमा यी अमानुष देवका अधिष्ठान हुन्छ । गुरु माहात्म्यको वर्णन सबै शास्त्रमा गरिएको छ । पशुमन्त्र दिँदा गुरुका दश पौरुषी मर्यादा हो । वीरमन्त्र दिँदा पच्चीस पौरुषी, सर्वमहाविद्या मन्त्र दिएमा पचास पौरुषी तथा ब्रह्मयोग दिएमा शत पौरुषी मर्यादा सम्झनुपर्छ । सबै तीर्थमा स्नान गर्दा जो पुण्य प्राप्त हुन्छ, गुरुको चरणामृत पिएमा उस्तै पुण्यको लाभ हुन्छ । जो मनुष्य मस्तकमा गुरुको चरण धुली धारण गर्छ, ऊ सबै पापद्वारा मुक्त भई शिवतुल्य हुन्छ । जो मानिस गुरुको पदरजद्वारा आफ्नो मस्तकमा तिलक लगाउँछ, त्यो चतुर्भुज भई वैकुण्ठको स्वामी हुन्छ । जो व्यक्ति गुरुको पदरज भक्षण गर्छ उसलाई कोटी यज्ञ गरेसमान पुण्य प्राप्त हुन्छ ।

•••

---

३ के ईश्वर छ ? - हरिप्रसाद सोडारी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दीक्षितको गुरूप्रतिको आचरण

तन्त्रसाधनामा गुरुको महत्त्वपूर्ण स्थान छ । गुरुको राम्ररी परीक्षा गरेर लिएको दीक्षामात्र फलदायी हुन्छ । नेपालीमा उखानै छ 'पानी पिउनु छानेर गुरु मान्नु जानेर' दीक्षा लिइसकेपछि दीक्षित व्यक्तिको गुरूप्रति हुनुपर्ने श्रद्धा, आचारको बारेमा बुझ्नुपर्ने हुन्छ । गुरु सम्पूर्ण देवताभन्दा पनि श्रद्धेय हुन्छन् । गर्नुपर्ने अथवा गर्न नहुने कुराहरू गरेको वा नगरेको साक्षी एकमात्र मन्त्र गुरु हुन्छन् । यो नियमको परिपाटी बसाल्ने गुरुलाई जानेर वा नजानेर मानिराखेकै छौँ, स्वीकारी राखेकै छौँ । जे–जसरी माने पनि हामीले जीवनमा तीनवटा गुरुलाई नमः गर्न छुटाउनु हुँदैन ।

यवाज्जीवं त्रयो वन्द्या वेदान्तो गुरुरीश्वरः ।
आद्यौ विद्या प्रसिद्ध्यर्थं कृतघ्नत्वापनुत्तये ॥

जबसम्म तिमी मानव चोला लिएर बाँच्दछौँ तबसम्म तीन कुरालाई नछोड । पहिलो वेदान्तको गुरु जसले मुक्तिको कुरा बताउँछ, दोस्रो गुरु जसले शास्त्रको अध्यापन गराउँदै ईश्वरको सान्निध्यमा पुऱ्याएर मुक्ति दिलाउँछ । तेस्रो ईश्वर जसले चराचर जगत्लाई सञ्चालन गर्दछ । असल गुरुले शिष्यहरूका आँखा खोलिदिएर शास्त्रको मार्गबाट ईश्वरको दर्शन गराउँछ । त्यसैले त गुरु भनेको चेलाका लागि महत्त्वपूर्ण सम्पत्ति र अभिभावक हो । गुरुको वचनलाई मन्त्र र गुरुको उपदेशलाई शास्त्र मान्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया।
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्त्वदर्शिनः ॥

–गीता ४।३४

अर्थात् 'ज्ञान प्राप्त गर्न गुरुलाई साष्टाङ्गदण्डवत् गरी अत्यन्त विनितभावले प्रश्न गर्नुपर्छ अनि ज्ञानी र तत्त्वदर्शी गुरुहरूले उपदेश गर्नेछन्।' सम्पूर्ण कार्य गुरुका आज्ञाले गर्नु, गुरुमा सदा-सर्वदा श्रद्धा गर्नु, गुरु पूजन गर्नु परमावश्यक हुन्छ। तान्त्रिक साहित्यहरूमा गुरु पूजाको महत्वपूर्ण अर्थ विधानको व्यापक वर्णन छ। ठूला-ठूला अनुष्ठान, कर्म, पर्व आदिमा गुरुकै आवश्यकता पर्दछ। विवाह, व्रतबन्धमा गुरुलाई श्रद्धापूर्वक आमन्त्रण गरेर पवित्रस्थानमा स्वागत गर्नुपर्छ। त्यसपछि विधिपूर्वक यन्त्र लेखेर यसमा गणेश, धर्म, वरुण, कुवेर, भैरवहरूको पूजा गरी आठवटा र तीनवटा सिद्ध गुरुको आह्वान, पूजन गर्नुपर्छ। गुरुलाई स्थापित गरेपछि उहाँका मस्तकमा गुरुका पनि गुरु अर्थात् परमगुरु र तिनका पनि गुरु परमेष्ठी गुरुको पूजन गर्ने विधान तान्त्रिक साधना शास्त्रमा वर्णन गरिएको छ। गुरु तीन प्रकारका हुन्छन्। दिव्यौघ, सिद्धौघ र मानवौघ अथवा दिव्य, सिद्ध र मानव। यिनीहरूको पूजा आफ्नो गुरुको भन्दा पहिले गर्नु आवश्यक हुन्छ। यी गुरुचाहिँ सर्वत्र एउटै हुँदैनन्, बेग्लाबेग्लै हुन्छन्।

मन्त्रमा उपदेश गर्ने देवता, ऋषिहरू, सिद्ध हुन्छन्, यिनीहरू पृथक् पृथक् हुन्छन्। यिनी दिव्य र सिद्ध गुरुहरू हुन्। मानव गुरुचाहिँ परात्, पर, परमेष्ठी, परम (आफ्नो गुरु, जसबाट सोझै दीक्षा पाएको छ) गरी चार वटा हुन्छन्। उनीहरूलाई गुरुका पनि पङ्क्तिकै पूजन गर्नु आवश्यक छ। गुरूप्रति चेलोले पालन गर्नुपर्ने आचारसंहिता नै छ। एउटै आसनमा चेलोले गुरुसँगै बस्ने, सुत्ने गर्नुहुँदैन। गुरुलाई देख्ने वित्तिकै आफ्नो आसनबाट उठिहाल्नुपर्छ। गुरु आफूभन्दा जाति, विद्या, धन सबैमा जहिले पनि श्रद्धेय नै हुन्छन्। गुरुलाई श्रद्धापूर्वक दर्शन गर्नु, आउँदा अगाडि लाग्नु, जाँदा पछि-पछि जानु, प्रणाम गरी आज्ञा लिएर एक छेउमा बस्नु। झूठो नबोल्नु, बक्-बक् नगर्नु, ऋण लिने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिने, सामान किनबेच गर्ने काम नगर्नु । परिश्रमी, आज्ञाकारी, नैतिकवान बनेर उभिएका शिष्यहरूलाई गुरुले आशीर्वाद दिन समय लगाउनु हुँदैन । त्यसैले देवताभन्दा गुरुको महिमा ठूलो छ । कवीरले पनि भनेका छन्ः-

गुरु गोविन्द दोऊ खडे काके लागौं पाय ।
बलिहारि गुरु आपनु गोविन्द दियो दिखाय ॥

सन्तशिरोमणि कवीरको अगाडि एक पटक भगवान् र उनका गुरु रामानन्द उभिए छन् । कवीरलाई संकट परेछ, पहिले गुरुलाई नमस्कार गरौँ कि भगवान्लाई ? उनले तुरुन्तै सोचिहाले छन्, मलाई भगवान्सम्म पुऱ्याउने त गुरु नै हुनुहुन्छ, त्यसकारण मेरो लागि त गुरु नै महान् हुनुभयो भनेर गुरुको पाउमा लागेछन् । त्यो घटनाले भगवान् र गुरु दुबै प्रसन्न हुनुभए छ । त्यसैले गुरुबिना जीवनको कुनै अर्थ हुँदैन । गुरुको अगाडि हाम्रा सबै लौकिक नाताहरू गौण हुन्छन् । गुरुलाई पूज्य मान्नु, आफ्नो उत्कर्षको बखान नगर्नु, गुरुको पदचिह्न, छायाँ नकुल्चिनु, ननाघ्नु, यथाशक्ति समर्पण गर्नु, गुरुको नाम नलिनु आदि आचरणको पालन गऱ्यो भने गुरु प्रसन्न हुन्छन् । गुरु प्रसन्न भए भने विद्या सफल हुन्छ । यति मात्र होइन गुरुलाई स्वयं शिव, गुरुआमालाई पार्वती, गुरूपुत्रलाई गणेश, गुरुको घर शिवमन्दिर, गुरुबाट पाएको कुरा ईश्वरको प्रसाद मान्नुपर्छ । गुरुले दिएको विद्यालाई आफ्नो कल्याण गर्ने मार्ग सम्झने साधक मात्र सफल हुन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



दीक्षाका लाभ

दीक्षाकै माध्यमबाट गुरुको ज्ञान शिष्यमा हस्तान्तरण गरिन्छ। दीक्षाबिनाको मन्त्र, ज्ञान, सीप, कला कसैको पनि अर्थ हुँदैन। तन्त्रमा त दीक्षाका अझ महत्त्वपूर्ण स्थान छ। दीक्षाका लागि पात्र, समय, स्थान आदिको छनौट गरिन्छ। दीक्षाले गुरु र शिष्य भावमा बाँडेर ज्ञानको परम्परालाई संरक्षण गर्दछ। दीक्षा स्वयं शिवले मात्र दिन सक्ने हुनाले गुरुलाई शिवांश मान्ने चलन पनि उत्तिकै छ।

वन्दे देवमुमापतिं सुरगुरुं वन्दे जगत्कारणम्।
वन्दे पन्नगभूषणं मृगधरं वन्दे पशूनां पतिम्।
वन्दे सूर्य शशाङ्क वह्निनयनं वन्दे मुकुन्दप्रियम्।
वन्दे भक्तजनाश्रयं च वरदं वन्दे शिवं शङ्करम्॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् 'जगज्जननी भगवती उमाका पति, देवताहरूका गुरु, विश्वप्रपञ्चका परमस्रोत, कालसर्पका गहना लगाएका, चैतन्यका प्रतीक, मृगलाई हातमा लिएका, ईश्वरमा रहने, ऐश्वर्यको अभाव बन्ध हो, यही चेतनावान् पशुहरूको पशुता हो, यिनै पशुहरूलाई आफ्नो अनन्त, अपरिमित विभूशक्ति अर्थात् ज्ञानशक्ति अझ भनौँ ईश्वरशक्तिले रक्षा गर्ने हुनाले पशुहरूका पनि पति पशुपति जसको नाम छ। सूर्य, चन्द्र र अग्नि जसका तीन आँखा छन्, भगवान् विष्णुका पनि अत्यन्त प्यारा, भक्तहरूलाई सदासर्वदा आफ्नो आश्रयमा राख्ने, जगत्को कल्याण गर्न सदा तत्पर भएकाले जसको नाम शिव छ, यस्ता देवाधिदेव महादेव पशुपतिलाई प्रणाम गर्दछु।' व्रतबन्ध नगरीकन द्विजहरूको वेदाध्ययन आदि कर्ममा जसरी कुनै अधिकार हुँदैन त्यसैगरी उपासना सात्विक, राजस वा तामस जेहोस् सकाम वा निष्काम जुन प्रकारको होस् मन्त्र जप्न, देवताको पूजा गर्न, दीक्षा नलिएका व्यक्तिहरूको कुनै अधिकार हुँदैन।[१] मन्त्र, जप, अर्चना गर्न जो चाहन्छ एवं जसका यी कर्महरू गर्ने परम्परा छ, त्यसले आफूलाई मन्त्रद्वारा संस्कृत गराउनुपर्छ अर्थात् दीक्षित हुनुपर्छ। भित्र र बाहिर शुद्ध भएर सदासर्वदा ईश्वरमा चित्त लगाउने, प्राणीहरूमा दयाभाव राख्ने, आत्मालाई देवता मानेर पूजन गर्ने ज्ञानी नै वास्तवमा सात्विक अर्चक हो।

मनमा सदासर्वदा राग राखेर कामना पूर्तिको लागि पूजा गर्ने व्यक्ति राजस अर्चक हो। अत्यन्त क्रोधी, जे मन लाग्यो उही बोल्ने, अर्काको द्वेष गर्ने, ठग्ने, श्रद्धा नगरीकन देवताको पूजन गर्नेलाई तामस भनिन्छ। जस्तो भए पनि उपासना, ध्यान, पूजाका लागि दीक्षा ग्रहण गर्नु अत्यावश्यक छ। दीक्षा नलिएको व्यक्तिका निमित्त मोक्ष सम्भव छैन। त्यस्तो व्यक्तिबाट पुण्य टाढा भाग्छ। दीक्षा सद्गुरुबाट शास्त्रीय विधिपूर्वक लिनुपर्दछ। दीक्षा लिँदा सर्वप्रथम बडो नम्र भएर, हात जोड्दै श्रद्धा र भक्तिपूर्वक शुद्ध चित्तले गुरुलाई नमस्कार गरेर भन्नुपर्छ 'भगवन् ! हजुर परमात्मा स्वरूप हुनुहुन्छ, परम कारुणिक

१ द्विजनामनुपनीताना स्वधर्माध्यायनादिषु .....
नाधिकारोऽस्त्यतः कुर्यादात्मानं शिवसंस्कृतम् ॥
–गौतमीयतन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दयावान् हुनुहुन्छ, अज्ञान नाश गर्न समर्थ हुनुहुन्छ यसकारण हे गुरुदेव ! धर्म, अर्थ, काम र मोक्ष सम्पूर्ण पुरुषार्थ सिद्ध गर्ने महामन्त्र प्रदान गरेर ममाथि अनुग्रह गर्नुहोस् ।' दीक्षा गुरु वास्तवमा शिष्यका लागि ईश्वर नै हो ।

दीयते ज्ञानविज्ञानं क्षीयन्ते पापराशयः ।
तेन दीक्षा इति प्रोक्ता प्राप्ता चेत्सुगुरोर्मुखात् ॥

-मेरुतन्त्र १।७१

अर्थात् गुरुबाट प्राप्त ज्ञानविज्ञानले जन्मजन्मान्तरका पाप राशिलाई नाश गर्दछ । यसलाई योग्य गुरुकै मुखबाट सुन्नुपर्छ, यसलाई नै दीक्षा भनिन्छ । गुरुको विधिपूर्वक वरण गरेर उहाँकै आज्ञाले सम्पूर्ण अङ्गभूत कर्मको सम्पादन गर्नुपर्छ । त्यसपछि देवीदेवताहरूको अर्चना, जप, होम आदि कर्म गरिन्छन् । गुरुले पनि शिष्यलाई अग्निका नजिकै वेदीमा बसालेर अभिमन्त्रित जलहरूले अभिषेक गर्दछन् । शिष्यको शिरमा हात राखेर अत्यन्त वात्सल्यपूर्वक कल्याणका कामनाले आशीर्वाद दिन्छन् अनि गुरुको पूजन हुन्छ र मन्त्रदान हुन्छ यही दीक्षा हो । दीक्षा अनेकौँ प्रकारका हुन्छन्- वर्णमयी दीक्षा, कलावती दीक्षा, वेधमयी दीक्षा, पञ्चायतनी दीक्षा आदि । वर्णमयी दीक्षामा शिष्यको शरीरमा वर्णहरूको सन्निवेश गरेर शरीरको चैतन्यलाई परमात्मा चैतन्यसँग मिलन गराइन्छ, यसबाट शिष्य स्वयं देवतास्वरूप हुन्छ ।[२] कलावती दीक्षामा शिष्यको शरीरका विभिन्न अङ्गहरूमा निवृत्ति, प्रतिष्ठा, विद्या, शान्ता, शान्त्यतीता गरी पाँच कलाहरूको सान्निवेश गरिन्छ । यसबाट विभिन्न सिद्धिहरू प्राप्त गर्न सकिन्छन् । वेधमयी दीक्षा शिष्यका शरीरमा रहेका मूलाधार, स्वाधिष्ठान, मणिपूर, अनाहत, विशुद्धि र आज्ञाचक्रलाई वेध गराएर कुण्डलिनी शक्तिका साथ आफूलाई परशिवसँग मिलन गराइन्छ । यसबाट अज्ञान नष्ट हुन्छन्, सर्वज्ञ होइन्छ । साक्षात् सदाशिवत्व प्राप्त गर्न सकिन्छ । पञ्चायनी दीक्षामा शिव, सूर्य, विष्णु, देवी, गणेश यी पाञ्चायन देवताहरूको पूजन गरी अभीष्ट मन्त्र प्राप्त गरिन्छ ।

---

२ कुलार्णवतन्त्र १४।४३–४५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आणवी, शाक्ती र शाम्भवी दीक्षाका तीन भेद हुन् । मन्त्र दीक्षा आणवी दीक्षा हो, यसबाट आणवमलको विनाश हुन्छ । गुरुले योगमार्गबाट शिष्यका शरीरमा प्रवेश गरेर ज्ञानचक्षु खुलाइ दिने दीक्षा नै शाक्ती दीक्षा हो । गुरुले देख्नासाथ, छोइदिनासाथ अथवा एकपल्ट कुरा गर्ना साथ शिष्यलाई झल्याँस्स ब्यूँझेजस्तो भएर समस्त ज्ञानराशिको साक्षात्कार गराइदिने दीक्षालाई शाम्भवी दीक्षा भनिन्छ । शाक्त सम्प्रदायमा क्रमदीक्षाको ठूलो महत्त्व छ । यसैबाट विभिन्न महाविद्या, सिद्धविद्या, उपविद्याहरू प्राप्त गरेर देवताको साधना गर्ने अधिकार प्राप्त गरिन्छ । यो विशिष्ट दीक्षा हो । क्रमैसँग साधनाका तहहरू चढ्दै अन्तमा साक्षात् शिवस्वरूप तुल्याउने हुनाले यसको नाम क्रमदीक्षा भनिएको हो, जो ज्यादै सार्थक छ । दिव्यभाव प्रदान गरेर तीन प्रकारका मल नाश गरेर, धर्म, अर्थ, काम र मोक्ष चार पुरुषार्थ प्रदान गर्ने हुनाले यसको नाम दीक्षा राखिएको हो । दीक्षाका स्रोत सद्गुरु हुन् ।

गुरुर्ब्रह्मा गुरुर्विष्णुर्गुरुर्देवो महेश्वरः ।
गुरुः साक्षात् परंब्रह्म तस्मै श्रीगुरवे नमः ॥

वास्तवमा गुरु ब्रह्मा हो, जसले अज्ञानी विद्यार्थीहरूमा ज्ञानको उपत्ति गराउँछ, गुरु विष्णु हो, जसले ज्ञानलाई फूलाउँदै, फलाउँदै एक कक्षामा भर्ना भएर क ख लेख्न नजान्ने विद्यार्थीलाई डिग्री र पिएच. डी गराइ प्रोफेसर, उपकुलपति, विद्वान्, लेखक आदि बनाउँछ । गुरुलाई शिवस्वरूप मान्न पनि सकिन्छ, जसले पढे लेखेको विद्यार्थीमा घमण्ड आएमा त्यसको नाश गराउनु हुन्छ । *"गृह्णाति ब्रह्मतत्त्वं उपदिशति शिष्यान् इति गुरुः"* अर्थात्, ब्रह्मतत्त्व प्राप्त गरेर योग्य बनेका महापुरुषहरूले शिष्यहरूलाई ज्ञान दिएर आफूजस्तै योग्य बनाउने कार्य गर्दछन्, त्यस्ता उदारमनालाई नै गुरु भनिन्छ । उहाँले दिएको ज्ञान अर्थात् दीक्षा नै अमृत हो जसबाट ज्ञान परम्परा पनि चल्दछ ? शिष्यले भुक्ति र मुक्ति पनि प्राप्त गर्दछ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शैवागमद्वारा प्रतिपाद्य दर्शन

जसरी वेदलाई प्रमाण मानेर दर्शनहरूको मूल स्रोत वेदका अङ्ग, सूत्रसाहित्य र पुराणहरू पनि मानिन्छन् । यही अनुरूप शिवशास्त्र पनि पूर्ण वैदिक वा वेदावद्ध नै मानिन्छ । महर्षिहरूले नै प्रत्यक्ष अनुभूत गरेका मान्यताहरू आज विश्व विश्लेषित रूपमा लोकलाई प्राप्त भएको छ ।

वेदाच्छैव ततो वामं ततो दक्षं ततः कुलम् ।
ततो मतं ततश्चापि त्रिकं सर्वोत्तमं परम् ॥

-तत्त्वालोक ३४ पृ.

वेदबाट शैव, त्यसबाट वाम, वामबाट दक्ष, दक्षबाट कुल, कुलबाट मत, त्यसबाट पनि त्रिकशास्त्रको उत्पत्ति भएको सर्वोत्तम मानिन्छ । यसमध्ये आगमशास्त्र र यसको कालखण्डलाई निम्नानुसार वर्णन गरिएको छ । आगमशास्त्र मानव रचित मानिदैन । शिवले आफूदेखि अभिन्न रहेको परमार्थ स्वरूप परविद्यालाई लोककल्याणका लागि स्वयं गुरु पदमा रहेर आफ्नी पराशक्ति उमालाई शिष्यभावमा राखी आविर्भूत गर्नुभएको मानिन्छ । परब्रह्मदेखि अज्ञानवद्ध पशुहरूको अज्ञान निवृत्त गर्न कारुण्य भावले मन्त्रमय मूर्ति ईशान, तत्पुरुष, सद्योजात, अघोर, वामदेव, कालाग्निरूप समेतका ६ मूर्तिको स्वरूप धारण गर्नुभयो । आफू गुरु भावमा बसेर पराशक्ति उमालाई पनि कामेश्वरी, पूर्णेश्वरी, कुब्जेश्वरी, निशेश्वरी र सिद्धेश्वरी ५ वज्रेश्वरी समेतकी ६ शक्तिका रूपमा शिष्यभावमा राखी संपूर्ण शिवशास्त्रको उपदेश गर्नुभएको हो । यसैको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अध्ययन र अनुपालनबाट लोकको पशुत्व निसृत भएकाले शिवलाई पशुपतिका रूपमा आज पनि आराधना गरिन्छ ।

शिवबाट निसृत आगम वा तन्त्रका ज्ञानराशिलाई व्यापकरूपमा प्रकाशित गर्ने धेरै तन्त्र ग्रन्थहरू छन् तापनि मूल आगमबाट लिइएका र विश्लेषित गरिएका हुन् । मूल आगम १०, १८ र ६४ गरी यिनका नाम भेद धेरै ठाउँमा दार्शनिक, तन्त्र चिन्तक विद्वान्हरूले दिएका छन् । प्रकृतमा त्रिकशास्त्रका मूल आधार शिवसूत्रहरू नै हुन् भन्ने मान्यता छ । शिवसूत्रका वार्तिकमा 'सूत्रमाह महेश्वरः ....' यी वाक्य लेखिएका छन् । शिवसूत्र त्रिकशास्त्रमा उल्लेख भएअनुसार यी सूत्रहरूको संख्या सत्तहत्तर छन् । शैव आगमहरूमा तीनवटा प्रमेय स्वीकृत छन्- १. पति २. पशु ३.पाश । प्रमाणबाट जानिने वस्तु नै प्रमेय हो । आगमहरूमा स्वयम्भुव सात, पौष्कर र मतङ्गमा ६, मत्पराख्यमा पाँच पदार्थको निरूपण पाइन्छ । तापनि पति र पशु पदार्थदेखि बाहेक सबै पाश पदार्थभित्र पर्न सक्ने हुँदा तीनैवटामात्र पदार्थ वास्तविक मानिन्छन् । यीमध्ये पहिलो पदार्थ पति हो ।

१. पति

गुणत्रयातीत (सत्त्व, रज र तमो गुणभन्दा टाढा) ब्रह्मा, विष्णु, रुद्ररूप त्रिमूर्तिका पनि कारण एवं स्थूल, सूक्ष्म र शून्यका साथै रूप नभएका चित्, ज्ञान स्वरूप, आनन्द, परमसुख स्वरूप पति हुन् । नाम, रूप नभए तापनि व्यापक भएकाले ब्रह्मा, रक्षा गर्ने भएकाले विष्णु, संहार गर्ने भएकाले रुद्र यिनैका नाम हुन् । नाम र रूप वास्तविक होइनन् मायाले गर्दा भएका हुन् । पति अनन्त भएकाले अप्रमेय, नदेखिने हुनाले अलक्ष्य, अर्को कुनै वस्तु त्यस्तै नहुनाले अनौपम्य, विमल हुनाले अनामय, त्यस्तै सूक्ष्म, व्यापक, नित्य, ध्रुव आगम हुन् । पतिको तटस्थ लक्षण हो पञ्चकृत्यकारित्व अर्थात् सृष्टि, स्थिति, संहार, तिरोधान र अनुग्रह । यी पाँच कृत्य पतिका कार्य हुन् । यसैले यिनलाई पति भनिन्छ ।

घडा देख्दा यसलाई बनाउने कर्ता कुमालेको अनुमान भएजस्तै यस विश्वका ज्ञाता, कर्ता पनि कोही छ भन्ने अनुमान हुन्छ । त्यही कर्ता अचेतन

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माया आदिका प्रवर्तक भएकाले पति भनिन्छ । यही कर्ता अवस्था भेदले गर्दा शक्त, उपयुक्त र प्रवृत्त भनिन्छ । सम्पूर्ण कार्य उपादानमा लीन हुँदा जननशक्ति सम्पन्न भएकोले शक्त कार्य उत्पादनमा अभिमुख भई उपर्युक्त र प्रवृत्त हुँदा प्रवृत्त हुन्छ । यही एउटै कर्ता नौ प्रकारको देखिन्छ । १-४ शिव, शक्ति, नाद र बिन्दु-निष्कल ५ सदाशिव, सकल, निष्कल ६-९ महेश्वर, रुद्र, विष्णु र ब्रह्मा सकल । यसमा दुई शक्तिका भेद र सात शिवका भेद हुन् ।

एउटै शक्ति पनि अवस्था भेदले गर्दा बिन्दु, शक्ति, मनोन्मनी, माहेश्वरी, उमा, लक्ष्मी र वाणी- यी सात प्रकारका मानिन्छन् । शिवबाट विश्वको आविर्भाव-कर्ताको कर्तृत्व सङ्कल्पमय र कारणमय गरी दुई प्रकारको हुन्छ । शिवको सङ्कल्पबाट बिन्दुमा क्षोभ हुन्छ । शिवको शरीर मन्त्रमय छ, पञ्चमन्त्रमय । यिनै पाँच मन्त्र सृष्टि, स्थिति, संहार, तिरोभाव र अनुग्रह पाँच कृत्यमा उपयोगी हुन्छन् । पाँच शिवका शिर मानिन्छन् । शिव, सत्य, परम आनन्द, प्रकाशस्वरूप शिवबाटै यो चेतन र अचेतना विश्वको आविर्भाव भएको हो ।

२. पशु

चिद्रूप भएको नाताले पशु पनि पतिभन्दा बेग्लै होइन । तापनि देह र इन्द्रियादिदेखि भिन्न नित्य, ज्ञानस्वरूप, अनेक, व्यापक, अनादिकालदेखि मलले आवृत, अस्वतन्त्र कर्ता हो । शरीर आत्मा होइन । जुन हुनाले देहमा चेष्टा देखिन्छ, जुन नहुनाले देखिंदैन, त्यही सूक्ष्म चैतन्य आत्मा हो । त्यो शरीरचाहिँ अवश्यै होइन । त्यसैगरी इन्द्रियहरू पनि आत्मा होइनन् किनभने इन्द्रियले काम नगर्दा पनि स्वप्नमा ज्ञान हुन्छ । त्यसैगरी मन पनि आत्मा होइन, प्राणवायु पनि आत्मा होइन, ज्ञान सन्तति (धारण) पनि होइन । आत्मा त स्थायी छ, व्यापक छ, चेतनशील छ । आत्मा प्रतिशरीर भिन्न-भिन्न छ । त्यसैले यो एउटा छैन अनेक छ, निराकार छ ।

आत्माका तीन अवस्था छनः केवलावस्था, सकलावस्था, शुद्धावस्था । जुनबेला स्थूल र सूक्ष्म देह, प्राणेन्द्रिय, अन्तःकरणहरू नहुँदा अभिव्यञ्जक नभएकाले आणवमलले सङ्कल्प, ज्ञान, क्रिया शक्तिहरूलाई आवृत गर्दछ, त्यो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अवस्था केवल अवस्था हो। जुन बेला सूक्ष्म देह अन्नमय, प्राणमय, मनोमय, विज्ञानमय र आनन्दमय कोशहरूले अवच्छिन्न हुन्छ त्यो अवस्था सकलावस्था हो। जुनबेला कर्मसाम्य हुन्छ, शक्तिपात भएपछि गुरुका कृपाले शिवानन्दको अभिव्यक्ति भएर तीन प्रकारका मलहरूको निवृत्ति हुन्छन्, शिवको मात्र अभिव्यक्ति हुन्छ, त्यो अवस्था शुद्धावस्था हो। आत्माका विविध अवस्थाहरूमध्ये निर्मल जाग्रत, निर्मल स्वप्न, निर्मल सुषुप्ति, निर्मल तुरीय र निर्मल तुर्यातीत अवस्था पनि छन्। पशु तीन प्रकारका छन्:- सकल, प्रलयाकल र विज्ञानाकल।

३. पाश

शिवानन्दको अभिव्यक्तिको विरोधी पाश हो। पाश पाँच प्रकारका हुन्छन्- आणव, तिरोधायक शक्ति, बिन्दु, माया र कर्म। तिरोधायक शक्ति चिद्रूप हुन्छ र अरु चार आणव, बिन्दु, माया र कर्मचाहिँ जड हुन्छन्। मल पनि सात प्रकारका हुन्छन् -मोह, मद, राग, विषाद, ताप, शोष र वैचित्तय। मल र आत्माको सम्बन्ध संयोग हो।

आणवमलले आत्माका दृक्शक्ति र क्रियाशक्तिलाई अवरुद्ध गर्दछन्। आणवमलको अनुग्राहक शिवत्वको रोधक शक्ति भएको हुँदा यसलाई पनि पाश मानिन्छ। शुद्ध शब्द र शुद्ध तत्त्वहरूको उपदान बिन्दु हो। यो जड छ, भगवान्का परिग्रहशक्ति भएकोले यसको नाम कुण्डलिनी पनि हो। यही शिवको लयादि अवस्था भेद हुन्छ, रुद्राणुहरूको प्रबोध र मुक्ति पनि हुन्छ। यसै बिन्दुबाट शिव, शक्ति, सदाशिव, ईश्वर, शुद्ध विद्या- यी पाँच तत्त्वको आविर्भाव हुन्छ। ज्ञानमात्रले युक्त भएर परमात्मामा अधिष्ठित तत्त्व शिवतत्त्व हो। क्रियामात्रले युक्त भएर परमात्मामा अधिष्ठित तत्त्व शक्तितत्त्व हो। ज्ञान र क्रिया दुबैले युक्त भएको अधिष्ठित तत्त्व ईश्वरतत्त्व हो। अधिक ज्ञानयुक्त भएको अधिष्ठित तत्त्व विद्या तत्त्व हो। जसले गर्दा विश्व प्राप्त हुन्छ, त्यो माया हो। यो पनि कलादेखि पृथ्वीसम्मका उपादान, जड भगवान्का परिग्रहशक्ति हो। यो एउटै छ, नित्य छ र व्यापक छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कर्म तीन प्रकारका हुन्छन्-मन, वाक् र काय । यिनै तीन कर्मका कार्य हुन्- आध्यात्मिक, आधिदैविक र आधिभौतिक सुख-दुःख । यी पाँच कर्महरू वैषयिक र दुःखसुखमा कारण भएकाले पाश मानिन्छन् । शिवशास्त्रमा वर्णित ३६ तत्त्वहरू यसप्रकार रहेका छन् -अणु, शक्ति, बिन्दु, माया, कर्म, कला, कारण, नियति, विद्या, राग, पुरुष, प्रकृति, चित्त, बुद्धि, अहंकार, मन, शब्द, स्पर्श, रूप, रस, गन्ध, तन्मात्राहरू, पञ्चमहाभूत (आकाश, वायु, तेज, जल र पृथ्वी), पाँच ज्ञानेन्द्रिय र पाँच कर्मेन्द्रियहरू ।

यीमध्ये कलादेखि पृथ्वीसम्मका ३१ तत्त्वहरूले प्राणीहरूको भोगायतन शरीर बन्दछ, पुर्यष्टक नामक सूक्ष्म शरीरको निर्माण हुन्छ । वास्तवमा कार्यभित्रै यी ३१ तत्त्व पनि पर्ने हुनाले माथि बताइएका पाँच वटा पाश मानिन्छन् । यिनै पाँच पाशहरूको संस्पर्श नभएमा आत्माको शिवसँग एकता स्थापित हुन्छ अनि शिवानन्दको अभिव्यक्त हुन्छ । यही मुक्ति हो । ब्राह्मण, क्षत्रीय, वैश्य, शूद्र, सवर्णादि अनुलोम जाति जब कर्म साम्य एवं मलपरिपाक हुन्छ, त्यसबेला त्यसमा परमेश्वरको शक्तिपात हुन्छ । त्यस समयमा राम्रा कुरा जाने श्रद्धा पैदा हुन्छ । विषयहरूबाट वैराग्य उदय हुन्छ अनि ऊ गुरुकुल जान्छ । सद्गुरुबाट समय दीक्षा पाएर समय धर्महरूको परिपालनबाट शिवको आराधना गर्दछ । उनका कृपाले ज्ञान प्राप्त हुन्छ र चाँडै शिवसायुज्य प्राप्त हुन्छ । "म आत्मा हुँ, शिव अर्कै हो जसलाई परमात्मा भनिन्छ" यसरी मोहवश चिन्तन गर्ने व्यक्तिले शिवत्व कहिल्यै प्राप्त गर्न सक्तैन । शिव र आफूमा पार्थक्यको भाव छोडेर एउटै हुँ भन्ने भावना गर्ने व्यक्तिलाई ज्ञान प्राप्त हुन्छ, त्यसको अज्ञान निवृत्त भएर स्वयं शिव हुन पुग्दछ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आगममा षट्‌को प्रयोग र महत्त्व

वैदिक र आगमशास्त्रमा ६ अङ्कको ठूलो महत्त्व छ । वेदका षडङ्ग[1], दर्शनमा षड्दर्शन आदिको स्थान उत्तिकै गरिमामय छ । त्यस्तै आगममा षड्को उच्च स्थान भएकाले साधकले इष्ट देवीदेवता वा फल प्राप्तिका लागि यसलाई विशेष ध्यान दिनुपर्छ । आगमको निर्देशनअनुसार त्यसलाई प्रयोग गरिएन भने लक्ष्य भेदन गर्न सकिँदैन । साधनाका लागि सहयोग पुगोस् भन्ने हेतुले षट्‌को प्रयोजनलाई निम्नानुसार वर्णन गरिएको छ ।

षट्कर्म

शान्तिवश्यस्तम्भनानि विद्वेषोच्चाटने तथा ।
मारणं परमेशानि षट्कर्मेद प्रकीर्तितम् ॥

-योगिनीतन्त्र ४।३

अर्थात् 'हे परमेशानि ! शान्तिकरण, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन, मारणलाई षट् कर्म भनिन्छ ।' उक्त कर्मबाट विभिन्न कार्य गर्न सकिन्छ, समस्याहरूलाई समाधान गर्न सकिन्छ । जसलाई निम्नानुसार वर्णन गरिएको छ ।

१. शान्तिकरण-जसबाट रोग, कृव्या तथा गृह आदिको दोष शान्ति हुन्छ, त्यसलाई शान्तिकर्म वा शान्तिकरण भनिन्छ ।

---

१ शिक्षा कल्पो व्याकरणं निरुक्तं ज्योतिषांचिति ।
छन्दो विचितिरित्येष षडङ्गो वेद उच्यते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. वशीकरणः जातकले स्त्री, पुरुष, पशु, भूत, प्रेत आदि वशीभूत गर्दछन् भने त्यसलाई वशीभूत भनिन्छ ।
३. स्तम्भनः जातकद्वारा जीवको प्रवृत्तिसरह विरोध हुन्छ भने त्यो स्तम्भन हो ।
४. विद्वेषणः जसबाट परस्पर मित्र भावापन्न पुरुषको प्रीति समाप्त गरिन्छ, त्यसलाई विद्वेषण भनिन्छ ।
५. उच्चाटनः जसबाट कुनै मनुष्यको आफ्नो देश, स्थान आदि टाढा पार्ने कार्य हुन्छ, यसलाई उच्चाटन भनिन्छ ।
६. मारणः जसबाट कुनै जीवको प्राण नाश गरिन्छ, त्यसलाई मारण भनिन्छ ।

षट्कर्म सम्पादन गर्नका लागि त्यसका अधिष्ठाता देवताको राम्रो जानकारी हुनुपर्छ । तन्त्रशास्त्रका अनुसार शान्तिकर्मको रति, वशीकरणको वाणी, स्तम्भनको रमा (लक्ष्मी), विद्वेषणको ज्येष्ठा, उच्चाटनको दुर्गा र मारणको भद्रकाली देवता मानिन्छन् । कुनै पनि कर्मको प्रारम्भकालमा उसका देवताको पूजा गर्न आवश्यक हुन्छ ।

षट्कर्मका दिशा

शान्तिकर्म ईशान दिशामा, वशीकरण उत्तर दिशामा, स्तम्भन पूर्व दिशामा, विद्वेषण नैऋत्य दिशामा, उच्चाटन वायव्य दिशामा र मारणकर्म आग्नेय दिशामा गर्नुपर्छ । जुन कर्म गर्नु छ, त्यसमा उपयुक्त नियमानुसार दिशा र अनुहार राखेर वस्नु आवश्यक छ । यसबारेमा विभिन्न विद्वान्हरूका आफ्नै विचार पनि रहेका छन् । स्तम्भन तथा उच्चाटनको लागि पूर्व दिशा, अभिचारकर्मको लागि अग्निकोण, विद्वेषणको लागि दक्षिण दिशा र नैऋत्यकोण, शान्तिकर्मको लागि पश्चिम दिशा र वायुकोण, कुलोच्छेदको लागि वायुकोण तथा कलह विग्रहको लागि नैऋत्यकोण भनेका छन् । जुन कर्म यहाँ भनिएको छैन त्यसको लागि ईशानकोणतर्फ मुख फर्काएर कार्य गर्नु उपयुक्त हुन्छ ।

षट्कर्मका ऋतु

सूर्योदयबाट प्रत्येक दश-दश घडी (चार घण्टा)मा वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर ऋतुको भोग हुन्छ । अढाई घडी (दुई घडी तीस पला)को

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एक घण्टा हुन्छ । यसको लागि प्रत्येक चार घण्टापश्चात् एक ऋतु बदलिन्छ । उदाहरणार्थ सूर्योदय प्रातः ६ बजे भयो भने ६ बजेदेखि १० बजेसम्म वसन्त, १० बजेदेखि २ बजेसम्म ग्रीष्म, २ बजेदेखि साँझ ६ बजेसम्म वर्षा, साँझ ६ बजेदेखि राति १० बजेसम्म शरद, १० बजेदेखि रातिको २ बजेसम्म हेमन्त र राति २ बजेदेखि प्रातः ६ बजेसम्म शिशिर ऋतु मानिन्छ । दिनको पूर्वभागमा वसन्त, मध्याह्नमा ग्रीष्म, अपरान्हकालमा वर्षा, सन्ध्याकालमा शिशिर ऋतु, अर्द्धरात्रिकालमा शरद ऋतु, उषाकालमा हेमन्त ऋतु मान्ने मतमतान्तर पनि छ ।

षट्ऋतुको कर्म

हेमन्त ऋतुमा शान्तिकर्म, वसन्त ऋतुमा वशीकरण, शिशिर ऋतुमा स्तम्भन, ग्रीष्म ऋतुमा विद्वेषण, वर्षा ऋतुमा उच्चाटन तथा शरद ऋतुमा मारणकर्म गर्नुपर्छ ।

षट्कर्मको तिथि-बार

१. शान्तिकर्ममा द्वितीय, तृतीय, पञ्चमी, सप्तमी तिथि एवं बुध, बृहस्पति, शुक्र तथा सोमबार उत्तम हुन्छ ।
२. पुष्टिकर्ममा गुरुबार, सोमबारयुक्त षष्ठी, चतुर्थी, त्रयोदशी, नवमी, अष्टमी, दशमी तिथि उत्तम हुन्छ । जसबाट धनजनको वृद्धि हुन्छ त्यसलाई पुष्टिकर्म भनिन्छ ।
३. आकर्षणमा दशमी, एकादशी, अमावस्या, नवमी, प्रतिपदा तिथि तथा रवि एवं शुक्रबार प्रशस्त हुन्छ ।
४. विद्वेषणकर्ममा शनिबार, रविबारयुक्त पूर्णिमा तिथि उपयुक्त मानिन्छ ।
५. उच्चाटनकर्ममा शनिबारयुक्त षष्ठी, चतुर्दशी एवं अष्टमी तिथि प्रशस्त मान्न सकिन्छ । यसका लागि प्रदोषकाल अत्यन्त श्रेष्ठ मानिन्छ ।
६. मारणकर्ममा चतुर्दशी, अमावस्या तिथि तथा शनि, मङ्गल र रविबार उत्तम हुन्छ ।

षट्कर्मका काल

दिनको पूर्वभागमा वशीकरण, मध्यभागमा विद्वेषण र उच्चाटन, शेष भागमा शान्ति तथा पुष्टिकर्म, सन्ध्याकालमा मारणकर्म गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षट्कर्मका नक्षत्र

ज्येष्ठा, उत्तरषाढा, अनुराधा र रोहिणी यी चार नक्षत्र माहेन्द्रमण्डल मध्यगत मानिन्छ। उत्तरभाद्रपद, मूल, शतभिषा, पूर्वभाद्रपद, अश्लेषा यी पाँच नक्षत्र वारुणमण्डल मध्यगत मानिन्छ। स्वाति, हस्ता, मृगशिरा, चित्रा, उत्तरफाल्गुनी, तिष्य र पुनर्वसु यी सात नक्षत्र अग्निमण्डल मध्यगत मानिन्छ। अश्विनी, भरुणी, आर्द्रा, धनिष्ठा, श्रवण, मघा, विशाखा, कृतिका, पूर्वफाल्गुनी र रेवती यी दश नक्षत्र वायुमण्डल मध्यगत मानिन्छ। माहेन्द्र तथा वरुणमण्डल मध्यगत नक्षत्रमा स्तम्भन, मोहन तथा वशीकरणकर्म गर्न प्रशस्त हुन्छ। यिनको अतिरिक्त पूर्वषाढा नक्षत्र पनि श्रेष्ठ मानिन्छ। बाह्यमण्डल तथा वायुमण्डल मध्यगत नक्षत्रमा विद्वेषण तथा उच्चाटनकर्म गर्नुपर्छ। मारणकर्म पनि यी नक्षत्रमा गर्न सकिन्छ।

षट्कर्म

सिंह तथा वृश्चिक लग्नमा स्तम्भन, कर्कट वा तुला लग्नमा विद्वेषण र उच्चाटनकर्मका लागि उपयुक्त हुन्छ। मेष, कन्या, धनु र मीन लग्नमा वशीकरण, शान्ति, पुष्टि तथा मारणकर्म गर्नुपर्छ। उच्चाटनकर्म पनि यी लग्नमा गर्न सकिन्छ।

षट्कर्मको तत्त्व

जलतत्त्वको उदयमा शान्तिकर्म, अग्नितत्त्वको उदयमा वशीकरण, पृथ्वीतत्त्वको उदयमा स्तम्भन, आकाशतत्त्वको उदयमा विद्वेषण, वायुतत्त्वको उदयमा उच्चाटन, पृथ्वीतत्त्व वा अग्नितत्त्वको उदयमा मारणकर्म गर्नुपर्छ। जुन तत्त्वको उदयकालमा जो-जो कार्य गरिन्छ, यसको उदयकालमा उही कार्यका अनुष्ठान कर्म गर्नुपर्छ।

षट्कर्मका वर्ण भेद

वशीकरण, आकर्षण तथा क्षयोभणमा देवताको लोहित वर्ण। शान्तिकरण, विषदूरीकरण तथा पुष्टिकर्ममा शुभ्र वर्ण। स्तम्भनमा पीतवर्ण, उच्चाटनमा धूम्रवर्ण, उन्मादमा लोहित वर्ण, मारणकर्ममा कृष्णवर्ण देवताको ध्यान गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

षट्कर्ममा देवताको उत्थितादिको वर्णन, मारणकर्ममा देवताको उपस्थित भयो भने उच्चाटनकर्ममा सुकला भयो । अन्य सबै कर्ममा बसेको भए सो कुरा बुझेर त्यसै स्वरूपको ध्यान गर्नुपर्छ ।

षट्कर्ममा सात्विकादि वर्ण विशेष चिन्तन

सात्विककर्ममा देवताको समासीन एवं शुभवर्ण, राजसकर्ममा पीत, लोहित एवं श्यामवर्ण, तामसकर्ममा यानमार्ग गत एवं कृष्णवर्ण ध्यान गर्नुपर्छ । मुक्तिको कामना गर्ने व्यक्तिले सात्विककर्म, राज्यको अभिलाषा गर्नेले राजसकर्म, शत्रुनाश, सर्वपीडा निवारण, शान्तिकरण तथा सबै प्रकारका उपद्रव न्यून गर्नको लागि तामसकर्मको आचरण गर्नुपर्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



ज्योतिषशास्त्रसँग तन्त्रशास्त्रको सम्बन्ध

आकाशीय पिण्डले मानवजीवनका अनेक पक्षमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्दछन् । आकाशीय पिण्डको अवस्था एवं समय विभाजन गर्ने काम ज्योतिषविज्ञानले गर्दछ । वेद, व्याकरण आदिसँग मात्र होइन ज्योतिषशास्त्रसँग पनि तन्त्रको नजिकको सम्बन्ध छ । वेदले पनि ज्योतिषलाई आँखा भनेको छ । तिथि, बार, नक्षत्र, योग, करणको समिश्रणलाई पञ्चाङ्गा भनिन्छ । तन्त्र अनुष्ठानमा यिनीहरूको निकटसम्बन्ध छ । कुन दिशा, तिथि, बार, योगमा कस्तो अनुष्ठान ? कसरी गर्ने ? भन्ने ज्ञान ज्योतिषशास्त्रबाट लिनुपर्छ । अनुकुल समयमा गरिएको साधनाले मात्र पूर्ण प्रतिफल दिन्छ । निम्न तथ्यहरूले यसलाई अझ प्रष्ट बनाउनेछ ।

दिशा शूल विचार

सोमबार र शनिबार पूर्व, रविबार र शुक्रबार पश्चिम, बुधबार र मङ्गलबार उत्तर, गुरुबारको लागि दक्षिण दिशामा दिशा शूल रहन्छ ।[1] जुन

---

१ शनौ चन्द्रे त्यजेत्पूर्वां दक्षिणां दिशं गुरौ ।
सूर्यो शुक्रे पश्चिमां च बुधे भौमे तथोत्तरम् ॥

- ज्योतिः सार शिरोमणि, मुहूर्तप्रकरण ४४०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन जुन दिशामा दिशाशूल हुन्छ, त्यसदिन त्यस दिशा कुनै पनि तरहले प्रस्थान गर्न वर्जित छ ।

न गच्छेन्मन्दबारे च पूर्वदेशं मम प्रिये ॥
पश्चिमे सवितुर्वारे दक्षिणां बुधवासरे ।
कुजबारे चोत्तराञ्च बुध वापि दिशं त्यजेत् ॥
जीवबारे तु नैर्ऋत्यां वायव्यां भृगुवासरे ।
शनिबारे तथैशान्यां सोमे चैव विशेषतः ॥

-योगिनीतन्त्र, उत्तरखण्ड २।७-९

अर्थात् शनिबार पूर्वतर्फ, आइतबार पश्चिम, बुधबार दक्षिण, मङ्गलबार उत्तर, विहीबार नैर्ऋत्यकोण, शुक्रबार वायव्यकोण, शनिबार अझ विशेष गरी सोमबार ईशानकोणमा यात्रा गर्न हुँदैन ।

योगिनी विचार

प्रतिपदा तथा नवमी तिथिको पूर्व दिशामा, तृतीया तथा एकादशीको आग्नेयकोणमा, पञ्चमी तथा त्रयोदशीको दक्षिण दिशामा, चतुर्थी तथा द्वादशीको नैर्ऋत्यकोणमा, षष्ठी तथा चतुर्दशीको पश्चिम दिशामा, सप्तमी तथा पूर्णिमाको वायव्यकोणमा, द्वितीया तथा दशमीको उत्तरदिशामा, अष्टमी तथा अमावस्याको ईशानकोणमा योगिनीको निवास रहन्छ । पीठ तथा वायाँ योगिनी शुभफलदायक तथा सामुन्ने तथा दायाँ योगिनी अशुभकारक हुन्छ ।

तिथि विचार

नन्दा भद्रा जया रिक्ता पूर्णा च तिथयः क्रमात् ।
वरत्रयं समावर्त्य तिथयः प्रतिपन्मुखाः ॥

-मानसागरी १।१७

तिथि पाँच प्रकारका हुन्छन् । १.नन्दा २.भद्रा ३.जया ४.रिक्ता ५.पूर्णा । प्रतिपदा, षष्ठी र एकादशीको नन्दा तिथि, द्वितीया, सप्तमी र द्वादशीको भद्रा तिथि, तृतीया, अष्टमी र त्रयोदशीको जया तिथि, चतुर्थी, नवमी र चतुर्दशीको रिक्ता तिथि एवं पञ्चमी, दशमी एवं पूर्णिमा वा अमावस्याको पूर्णा तिथि मानिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सिद्धि योग

शुक्रबारमा नन्दा, बुधबारमा भद्रा, मङ्गलबारमा जया, शनिबारमा रिक्ता, गुरुबारमा पूर्णा तिथि भए सिद्धि योग बन्छ। सिद्धियोगमा गरेको कार्यमा सफलता प्राप्त हुन्छ तथा मृत्युयोगमा आरम्भ गरेको कार्य असफल वा दुःखदायी हुन्छ।

चन्द्र र सूर्यको अधिकार

कृष्णपक्षको नौ तिथिमा सूर्य तथा शुक्लपक्षको नौ तिथिमा चन्द्रमाको विशेष अधिकार हुन्छ। कृष्णपक्षको ६ वटै तिथिमा चन्द्रमाको तथा शुक्लपक्षको ६ वटै तिथिमा सूर्यको अधिकार रहन्छ। यसलाई निम्नअनुसार सम्झनुपर्छ। शुक्लपक्षको प्रतिपदा, द्वितीया, तृतीया, सप्तमी, अष्टमी, नवमी, त्रयोदशी, चतुर्दशी, पूर्णिमा तथा कृष्णपक्षको चतुर्थी, पञ्चमी, षष्ठी, दशमी, एकादशी तथा द्वादशीलाई चन्द्र तिथि पनि भनिन्छ। यी तिथिमा चन्द्रमाको अधिकार रहन्छ। शुक्लपक्षको चतुर्थी, पञ्चमी, षष्ठी, दशमी, एकादशी, द्वादशी एवं कृष्णपक्षको प्रतिपदा, द्वितीया, तृतीया, सप्तमी, अष्टमी, नवमी, त्रयोदशी, चतुर्दशी तथा अमावस्यालाई सूर्य तिथि भनिन्छ। यस तिथिमा सूर्यको बाहुल्य रहन्छ।

चन्द्रमाको स्थिति

मेष, सिंह तथा धनु लग्नमा चन्द्रमाको स्थिति पूर्व दिशामा, मिथुन, कुम्भ र तुला लग्नमा पश्चिम दिशामा, कर्कट, मीन र वृश्चिक लग्नमा उत्तरदिशा एवं वृष, कन्या र मकर लग्नमा दक्षिण दिशामा हुन्छ।

चन्द्र दिशाको वर्णन

चन्द्रमा एक राशिमा सवा दुई दिन रहन्छ। यो समयावधि १३५ घडीको हुन्छ। यो १३५ घडीमा चन्द्रमा आठौँ दिशालाई भोग गर्दछ। चन्द्रमाको स्थिति जुन दिशामा हुन्छ उसैबाट गणना प्रारम्भ गर्नुपर्छ। पूर्व दिशामा १७ घडी, आग्नेय कोणमा १५ घडी, दक्षिण दिशामा २१ घडी, नैऋत्यकोणमा १६ घडी, पश्चिम दिशामा १८ घडी, वायव्यकोणमा १९ घडी, उत्तरदिशामा १५ घडी, ईशानकोणमा १४ घडी सम्झनुपर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

राशि तथा ग्रह

राशि संख्या १२ वटा छन् : मेष, वृष, मिथुन, कर्कट, सिंह, कन्या, तुला, वृश्चिक, धनु, मकर, कुम्भ, मीन ।

यसैगरी ग्रहहरू मुख्य ७ वटा छन्, सूर्य, चन्द्र, मङ्गल, बुध, बृहस्पति, शुक्र, शनि, राहु र केतु (राहु र केतु पृथ्वीको छायाँ मानिन्छ) यसलाई पनि ग्रहको स्थान दिन सकिन्छ । राहु, केतुसहित कुल ग्रहसंख्या ९ वटा पुग्दछन् ।

नक्षत्र तथा राशि र स्वामी

नक्षत्र मुख्यतः २७ वटा छन् । अश्विनी, भरुणी, कृत्तिका, रोहिणी, मृगशिरा, आर्द्रा, पुनर्वसु, अश्लेषा, मघा, पूर्वफाल्गुनी, उत्तरफाल्गुनी, हस्त, चित्रा, स्वाती, विशाखा, अनुराधा, ज्येष्ठा, मूल, पूर्वषाढा, उत्तरषाढा, श्रवण, धनिष्ठा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद, रेवती । अभिजितलाई उत्तरषाढा र श्रवणको बीचको मानिएकोले यसलाई पनि नक्षत्रको रूपमा लिन सकिन्छ, यस दृष्टिले हेर्दा नक्षत्र संख्या २८ वटा मानिन्छ ।

प्रत्येक नक्षत्रको चार/चार चरण हुन्छन् र नक्षत्रको नौ चरणको एक राशि हुन्छ । केवल मकर राशिमा उत्तरषाढाको ३, अभिजितको ४, श्रवणको ४, धनिष्ठाको २ गरेर कुल १३ चरण हुन्छन् । प्रत्येक नक्षत्रको प्रत्येक चरणको लागि एक-एक अक्षर निश्चित छ । नामाक्षरअनुसार उसको नक्षत्र तथा राशिको ज्ञान प्राप्त गर्न सकिन्छ । सात ग्रह १२ राशिका स्वामी हुन् । ५ वटा ग्रह दुई-दुई राशिका तथा दुई ग्रह एक राशिको स्वामी मानिन्छ ।

मेष र वृश्चिक राशिको स्वामी मङ्गल, वृष र तुला राशिको स्वामी शुक्र, मिथुन र कन्या राशिको स्वामी बुध, धनु र मीन राशिको स्वामी बृहस्पति, मकर र कुम्भ राशिको स्वामी शनि, कर्कट राशिको स्वामी चन्द्रमा, सिंह राशिको स्वामी सूर्य ग्रह हुन् ।[२] राहू र केतुलाई छायाँ ग्रह मानेकाले यिनीहरूको स्थान देखिँदैन ।

---

२ धराजशुक्रज्ञशशीनसौम्यसितारजीवार्कजमन्दजीवाः ।
क्रमेण मेषादिषु राशिनाथस्तदंशपाश्चेति वदन्ति सन्तः ॥

-जातकपारिजात १।२५

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रमाको फल

आद्ये चन्द्रः श्रियं कुर्यान्मनस्तोषं द्वितीयके ।
तृतीये धनसम्पत्तिश्चतुर्थे कलहागमः ॥
पञ्चमे ज्ञानवृद्धिश्च षष्ठे संपत्तिरुत्तमा ।
सप्तमे राजसम्मानं मरणं चाष्टमे तथा ॥
नवमे धर्मलाभश्च दशमे मनसेप्सितम् ।
एकादशे सर्वलाभो द्वादशे हानिरेव च ॥

-ज्योतिः सार शिरोमणि (संवत्सरप्रकरणम् श्लोक १२५, १२६, १२७)

आफ्नो राशिको चन्द्रमा कल्याणकारक, आफ्नो राशिबाट दोस्रो राशिको चन्द्रमा सन्तोषकारक, तेस्रो राशिको चन्द्रमा धन सम्पत्तिदायक, चौथो राशिको चन्द्रमा कलहकारक, पाँचौँ राशिको चन्द्रमा ज्ञान वृद्धि प्राप्त गर्ने, छैठौँ राशिको चन्द्रमा लाभकारक, सातौँ राशिको चन्द्रमा राज्य सम्मानकारक, आठौ राशिको चन्द्रमा मारक, नवौँ राशिको चन्द्रमा धर्म तथा लाभदायक, दशौँ राशिको चन्द्रमा अभिलाषा पूर्ति गर्ने, एघारौँ राशिको चन्द्रमा लाभदायक, बाह्रौँ राशिको चन्द्रमा हानिकारक हुन्छ ।

शुभाशुभ मास र बारको वर्णन

चन्द्रमास शुक्लपक्षको प्रतिपदाबाट कृष्णपक्षको अमावस्यासम्म हुन्छ । यस मासमा प्रारम्भको १० दिन उत्तम, मध्यको १० दिन मध्यम तथा अन्त्यको १० दिन निकृष्ट हुन्छ । शुक्लपक्षको पहिलो बृहस्पति, रविबार तथा चन्द्रबारको दिन अत्यन्त उत्तम मानिन्छ । यी तीन दिनमा जुन शुभ कार्यको प्रारम्भ गरिन्छ त्यो शीघ्र प्राप्त हुन्छ ।

निकृष्ट नक्षत्र र वर्ग

प्रतिपदाको मूल, पञ्चमीको भरणी, अष्टमीको कृतिका, नवमीको रोहिणी, दशमीको अश्लेषा नक्षत्रलाई निकृष्ट मानिन्छ । यिनमा कुनै शुभ कार्यको आरम्भ गर्नुहुँदैन । धनिष्ठा, शतभिषा, पूर्वभाद्रपद, उत्तरभाद्रपद तथा रेवती यी पाँच नक्षत्रको पञ्चक संज्ञा हो । यो पञ्चकमा पनि कुनै शुभ कार्य गर्नु राम्रो होइन । अक्षरअनुसार कुन वर्ग हुन्छ निम्न तालिकाबाट जान्न सकिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गरुड	अ, इ, उ, ए
बिलाव	क, ख, ग, घ
सिंह	च, छ, ज, झ
श्वान	ट, ठ, ड, ढ, ण

सर्प	त, थ, द, ध, न
मूषक	प, फ, ब, भ, म
मृग	य, र, ल, व
भेडा	श, ष, स, ह

कुन वर्गको कुन वर्ग शत्रु मित्र वा उदासिन हो । यो निम्नअनुसार तालिकामा राखिएको छ ।

वर्गको स्वामी	परस्पर शत्रु	परस्पर मित्र	परस्पर उदासिन
गरुड	सर्प	श्वान	सिंह
विलाव	मूषक	सर्प	श्वान
सिंह	मृग	मूषक	सर्प
श्वान	मेष	मृग	मूषक
सर्प	गरुड	मेष	मृग
मूषक	विलाव	गरुड	मेष
मृग	सिंह	विलाव	गरुड
मेष	श्वान	सिंह	विलाव

ऋणी धनी (काकिणि) को विचार

ऋणी/धनीको भन्ने कुरा जान्नको लागि आफ्नो वर्गको संख्यालाई दुईले गुणा गर्ने र (स्थान, साझेदारी र कामदार) अर्को व्यक्ति वा स्थानको वर्ग सङ्ख्या जोड्ने र ८ ले भाग गर्ने शेष धेरै छभने ऋणी हुन्छ शेष कम भए धनी हुन्छ ।

अ देखि अं अः = वर्ग १
क देखि ङ = वर्ग २
च देखि ञ = वर्ग ३
ट देखि ण = वर्ग ४

त देखि न = वर्ग ५
प देखि म = वर्ग ६
य व र ल = वर्ग ७
श ष स ह = वर्ग ८

मानौँ, मोहनप्रसादको वर्ग संख्या ६ नन्दलालको वर्ग संख्या ५ हुन्छ
दुबैलाई २ गुणा बनाउने

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मोहनप्रसाद

६ X२ =१२

१२+५ = १७ (नन्दलालको वर्ग)

१७ ८ = १ शेष

नन्दलाल

५ X२ = १०

१०+६ = १६ (मोहनप्रसाद वर्ग)

१६ ८ = ० शेष

यस विधिअनुसार ० भन्दा १ शेष अधिक भयो र मोहनप्रसाद ऋणी देखियो त्यसैले नन्दलालसँगको साझेदारी अशुभ हुने देखियो। नन्दलालका लागि भने शुभ हुने देखिन्छ।

वर्गको मिलान

तन्त्र एवं ज्योतिषमा मात्रै होइन जीवनका हरेक क्षणमा वर्ग मिलन महत्त्व हुन्छ। त्यसकारण वर्ग मिलानसम्बन्धमा यहाँ विस्तृत चर्चा गरिन्छ। आफ्नो वर्गबाट पाँचौ वर्ग शत्रु, चौथो वर्ग मित्र, तेस्रो सम हुन्छ। वर्गमा ३६ मिलान हुन्छन्। यदि ऋणी, धनी दुबै वर्गका भए श्रेष्ठ, धनीको वर्ग प्रवल भए अति श्रेष्ठ, ऋणीको वर्ग प्रवल भए कार्य सिद्ध हुन विलम्ब हुन्छ।

पहिलो वर्ग	दोस्रो वर्ग	प्रबल	निर्बल
गरुड	गरुड	सम	सम
गरुड	विलाव	गरुड	विलाव
गरुड	सिंह	गरुड	सिंह
गरुड	श्वान	गरुड	श्वान
गरुड	सर्प	गरुड	सर्प
गरुड	मूषक	गरुड	मूषक
गरुड	मृग	गरुड	मृग
गरुड	भेंडा	गरुड	भेडा
विलाव	सिंह	सिंह	विलाव
विलाव	सिंह	सिंह	विलाव
विलाव	श्वान	श्वान	विलाव
विलाव	सर्प	विलाव	सर्प
विलाव	मूषक	विलाव	मूषक
विलाव	मृग	विलाव	मृग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विलाव	भेडा	विलाव	भेडा
विलाव	विलाव	सम	सम
सिंह	श्वान	सिंह	श्वान
सिंह	सर्प	सिंह	सर्प
सिंह	मूषक	सिंह	मूषक
सिंह	मृग	सिंह	मृग
सिंह	भेडा	सिंह	भेडा
सिंह	सिंह	सम	सम
श्वान	श्वान	सम	सम
श्वान	सर्प	श्वान	सर्प
श्वान	मूषक	श्वान	मूषक
श्वान	मृग	श्वान	मृग
श्वान	भेडा	श्वान	भेडा
सर्प	मृग	सर्प	मृग
सर्प	भेडा	सर्प	भेडा
सर्प	मूषक	सर्प	मूषक
सर्प	सर्प	सम	सम
मूषक	मूषक	सम	सम
मूषक	मृग	सम	सम
मूषक	भेडा	सम	सम
मृग	मृग	सम	सम
मृग	भेडा	भेडा	मृग
भेडा	भेडा	सम	सम

षट् कर्म चक्र

कुन कर्ममा कुन देवी, दिशा, ऋतु र वर्ण हुन्छ यसप्रकार सम्झन सकिन्छ ।

षटकर्म	शान्तिकर्म	वशीकरण	स्तम्भन	विद्वेषण	उच्चाटन	मारण
देवी	रति	सरस्वती	लक्ष्मी	ज्येष्ठा	दुर्गा	भद्रकाली
दिशा	ईशान	उत्तर	पूर्व	नैऋत्य	वायव्य	अग्नि
वर्ण	श्वेत	लाल.	पीला	लाल	धुम्र	काला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तिथिको शुभाशुभ स्वामी संज्ञा पालन

तिथि	नाम	फल	स्वामी	संज्ञा	शुक्ल	कृष्ण	पालनं
१	प्रतिपदा	सिद्धि	अग्नि	नन्दा	अशुभ	शुभ	काशीफल
२	द्वितीया	कार्य	ब्रह्मा	भद्रा	अशुभ	शुभ	बाबोल
३	तृतीया	आरोग्य	गौरी	जय	अशुभ	शुभ	लवण
४	चतुर्थी	हानि	गणेश	रिक्ता	अशुभ	शुभ	तील
५	पञ्चमी	शुभ	सर्प	पूर्णा	अशुभ	शुभ	रायो
६	षष्ठी	अशुभ	स्कन्द	नन्दा	मध्य	मध्य	तैल
७	सप्तमी	शुभ	सूर्य	भद्रा	मध्य	मध्य	आवला
८	अष्टमी	शुभ	शिव	जया	मध्य	मध्य	नारिवल
९	नवमी	मृत्यु	दुर्गा	रिक्ता	मध्य	मध्य	भोपला
१०	दशमी	धन	यम	पूर्णा	शुभ	मध्य	परबल
११	एकादशी	शुभ	विश्वे	नन्दा	शुभ	अशुभ	पावटे
१२	द्वादशी	सर्वसिद्ध	हरि	भद्रा	शुभ	अशुभ	मसूर
१३	त्रयोदशी	सर्वसिद्ध	मदन	जया	शुभ	अशुभ	वैगुन
१४	चतुर्दशी	उग्र	शिव	रिक्ता	शुभ	अशुभ	मधु
१५	पूर्णिमा	पुष्टि	चन्द्र	पूर्णा	शुभ	०	वृत
३०	अमावस्या	अशुभ	पित्तर	पूर्णा	०	अशुभ	स्त्रीसङ्ग

मन्त्र साधना पूर्व जातकको जन्मकालिक ग्रह नक्षत्रको आधारमा उपासना के कस्तो अवस्थामा सफल हुन्छ भन्ने धारणा यहाँ वर्णन गरिएको छ ।



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जन्मकुण्डलीमा बृहस्पति, मङ्गल एवं बुध साथ छ वा परस्पर दृष्टि भए व्यक्ति साधना क्षेत्रमा सफल हुन्छ। गुरु, बुध दुबै नवम भावमा भए ब्रह्म साक्षात्कार गर्ने हुन्छ। सूर्य उच्च भई लग्नेशको साथ छ भने श्रेष्ठ साधक हुन्छ। लग्नेशमा गुरुको दृष्टि भए ऊ स्वयं मन्त्र स्वरूप हुन पुग्छ। दशमेश दशमस्थानमा भए त्यो व्यक्ति साकार उपासक हुन्छ। दशमेश शनिको साथ भए व्यक्ति तामसी उपासक हुन्छ। अष्टम भावमा राहु भए जातक अद्भूत मन्त्र साधक वा तान्त्रिक हुन्छ। यस्ताले व्यक्ति आफैँलाई गोप्य बनाइ राख्छन्। दशमेशको शुक्र वा चन्द्रमामा सम्बन्ध हुन्छ भने दोस्रोको सहयोगले उपासना साधनामा सफलता प्राप्त हुन्छ। पञ्चम स्थानमा सूर्य छ वा सूर्यको दृष्टि छ भने शक्ति उपासनामा पूर्ण सफलता प्राप्त हुन्छ। पञ्चम एवं नवम भावमा शुभ वली ग्रह भए त्यो व्यक्ति सगुणोपासक हुन्छ। नवम भावमा मङ्गल वा मङ्गलको दृष्टि भए शिवाराधनामा सफलता मिल्छ। नवम स्थानमा शनि भए जातक साधु बन्छ। नवममा शनि स्वराशि वा उच्च राशिको भए व्यक्ति वृद्धावस्थामा विश्व प्रसिद्ध सन्यासी बन्छ। जन्मकुण्डलीमा सूर्य वली छ भने शक्ति उपासना गर्नुपर्छ। चन्द्रमा वली छ भने उपासनामा सफलता मिल्छ। मङ्गल वली छ भने शिव उपासनामा मनोरथ प्राप्त हुन्छ। बुध प्रबल छ भने तन्त्रसाधनामा सफलता प्राप्त हुन्छ। चन्द्रमा नवम भावमा छ वा यसमा कुनै ग्रहको दृष्टि छैन भने त्यो व्यक्ति निश्चय सन्यासी वनेर सफलता प्राप्त गर्ने हुन्छ।

दशम भावमा तीन ग्रह बलवान वा उच्च छ भने निश्चय जातकले साधनामा उन्नति प्राप्त गर्छ। दशम भावको स्वामी सप्तम भावमा छ भने जातक तान्त्रिक क्षेत्रमा सफल हुन्छ। दशम भावमा उच्च राशिको बुध भई गुरुको दृष्टि भए जातक जीवनमुक्त हुन्छ। बलवान नवमेश गुरु वा शुक्रको साथ भए व्यक्ति निश्चय साधना क्षेत्रमा सफलता प्राप्त गर्ने हुन्छ। दशमेश दुई शुभ ग्रहको वीचमा भए जातकले साधना क्षेत्रमा सफलता पाउँछ। वृषको चन्द्रमा गुरुको साथ वा शुक्रको साथ केन्द्रमा भए व्यक्तिले उपासना क्षेत्रमा उन्नति गर्छ। दशमेश र लग्नेशको परस्पर स्थान परिवर्तन योग जन्म कुण्डलीमा भए जातक सिद्ध बन्छ। सबै ग्रह चन्द्र र गुरुको बीच भए जातकले तान्त्रिक क्षेत्रको अपेक्षा मन्त्रानुष्ठान क्षेत्रमा विशेष सफलता प्राप्त गर्छ। केन्द्र र त्रिकोणमा सबै ग्रह भए जातकले प्रयास गरेर साधना क्षेत्रमा सफलता प्राप्त गर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

साधना सिद्धिका लागि उपयुक्त समय, स्थानका साथ साथै योगको पनि उत्तिकै भूमिका रहेको हुन्छ । शुभ समयमा कार्य प्रारम्भ गरेमा निश्चयं नै सफलता प्राप्त हुन्छ । जस्तै गुरुबारमा पुष्य नक्षत्र भए पूर्ण सिद्धि योग बन्छ । रवि पुष्य पनि यस प्रकारको कार्यमा शुभ हुन्छ । वराह मिहिरले साधनामा सफलता प्राप्त गर्न बाह्र महिनामा प्रत्येक दिन कलशको अद्वितीय मानी पूरै प्रशंशा गरेका छन् । उनले उपयुक्त समयमा साधना प्रारम्भ गरियो भने निसंदेह सफलता प्राप्त हुन्छ भनेका छन् । वराह मिहिरले निर्देशित गरेको विजयकाल निम्नानुसार दिइएको छ ।

चैत्र, वैशाख, साउन, भदौ, माघ, फाल्गुन यी ६ महिनामा निम्न समय निर्विवाद स्वयं सिद्धकाल हो ।

बार		**स्टैण्डर्ड समय**
रविबार	प्रातः	६।००-६।४८सम्म
	रात्रि	६।४८-७।३६सम्म
	रात्रि	३।३६-४।२४सम्म
सोमबार	रात्रि	७।३६-९।१२सम्म
मङ्गलबार	रात्रि	७।३६-९।१२सम्म

	रात्रि	३।३६-४।२४सम्म
बुधबार	दिन	३।३६-४।२४सम्म
	रात्रि	९।१२-१०।४८ सम्म
गुरुबार	रात्रि	७।३६-९।१२सम्म
शुक्रबार	रात्रि	१।१२- ३।३६ सम्म
शनिबार		हुँदैन ।

विवाहपूर्व भकूट, नाडी, गण आदिको मिलान गरिन्छ । त्यसैप्रकार मन्त्र साधनाद्वारा पूर्व साधक एवं मन्त्रको परस्पर सम्बन्ध उपयुक्त हुन्छ वा हुँदैन सो जानकारी लिनुपर्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

कलश पूजाको नियम

नित्य, नैमित्यिककर्मदेखि ठूला-ठूला अनुष्ठानमा कलशको प्रयोग हुन्छ। वैदिक होस् वा तान्त्रिक, कलशबिनाको पूजन वा अनुष्ठानको कुनै अर्थ रहँदैन। एकाक्षरी कोषका अनुसार 'क'को अर्थ प्रजापति (ब्रह्माजी), 'ल'को अर्थ धनकी अधिष्ठात्रीदेवी लक्ष्मी, 'श'को अर्थ शोभा, कल्याण, शुभ आदि हुन्छ। यात्रा आदिमा पनि कलश राखेर शुभ साइत र सौभाग्यको प्रतीक मानिन्छ। कलशमा सम्भव भए सम्पूर्ण तीर्थस्थल एवं समुद्रको जल राखिन्छ। कलशलाई *सर्वे देवता त्वयि स्थिता* अर्थात्, सबै देवीदेवता तिमीमा बस्छन् भनेर पूजा गरिन्छ। कलशको प्रत्येक भागमा देवताहरू बस्दछन्।

कलशस्य मुखे विष्णुः कण्ठे रुद्रः समाश्रितः
मूले त्वस्य स्थितो ब्रह्मा मध्ये मातृगणाः स्मृताः ॥

अर्थात्'कलशको मुखमा विष्णु, घाँटीमा रुद्र, फेदमा ब्रह्मा र बीचभागमा सम्पूर्ण मातृगणहरूको निवासहुन्छ।' सामान्य पूजामा एउटा र ठूला यज्ञहरूमा पञ्चकलश राखिन्छ। त्यसमध्ये ईशानकोण(पूर्व र उत्तरको बीच)मा रहेको कलशमा सबै देवीदेवताको पूजा प्रार्थना गरिन्छ। यसकारण कलश पूजाबाट ज्ञान, शान्ति, वैभवको जन्म होस्, धनधान्यकी देवी लक्ष्मीको कृपादृष्टि परोस्,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जीवन शुभ र मङ्गलमय होस् भन्ने कामना गरिन्छ । धार्मिक अनुष्ठानमा कलश नराख्नु वा लड्नु दुबैलाई अशुभ मानिन्छ ।सामान्यतः नदीको प्रवाह दक्षिणं र पूर्वतर्फ हुन्छ । पूर्वतर्फ बहने नदीमा उत्तर फर्किएर र दक्षिण बहने नदीमा पूर्व फर्किएर नुहाउनुपर्छ र पानी ल्याई कलश स्थापना गर्नुपर्छ ।

सर्वे समुद्राः सरितस्तीर्थानि जलदा नदाः ।
आयान्तु मम शान्त्यर्थं दुरितक्षयकारकाः ।।
ऋग्वेदोऽथ यजुर्वेदः सामवेदो ह्यथर्वणः ।
अङ्गैश्च सहिताः सर्वे कलशं तु समाश्रिताः ।।

अर्थात् 'सबै समुद्र, नदी र तीर्थहरू ! मलाई शान्ति प्रदान गर्न आउनुहोस् । ऋग्वेद, यजुर्वेद, सामवेद, अथर्ववेद र तिनका अङ्गहरू पनि कलशमा नै रहेका छन् ।' कलशमा वेद, तीर्थ, नदीहरूबसेर यज्ञलाई सफल बनाइदिने, विघ्नबाधालाई हटाइदिने, आशीर्वाद प्रदान गर्ने, भुक्ति-मुक्तिको कारक बनिदिन्छन् । विधि-विधानसँग कलश स्थापना गरेर अनेक प्रकारको उपचारद्वारा भद्रकालीदेवीको पूजन गर्नुपर्छ । शूलहस्त, महाभयंकर स्वरूप, सर्वशत्रुनाशक, पूर्णचन्द्रको आभायुक्त, वृषवाहन रुद्र देवको ध्यान गरिन्छ । त्र्यम्बकं यजामहे सुगन्धिं पुष्टि वर्द्धनं ऊर्वारुकमिव बन्धनान्मृत्योर्मुक्षीयमामृतात्"[१] यो रुद्र मन्त्रले देवताको पूजन गर्नुपर्छ । रुद्रदेवको पूजापछि पृथक् नैवेद्यादिबाट भद्रकालीको पूजा गर्नुपर्छ । यस देवताको पूजामा रेशमीवस्त्र, विभूषण, बलिदानादि भिन्नभिन्न तरिकाले अर्पण गर्नुपर्छ ।

•••

१ शुक्लयजुर्वेद ३।६०

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हवन, कुण्ड, द्रव्य र बह्नि

मन्त्रयोग संहितामा भनिएको छ "नो सिद्धयत्यजपान्मन्त्रो नाहुतश्च फलप्रदः" जपबिना मन्त्र सिद्ध हुँदैन तथा हवनबिना सिद्धिको फल मिल्दैन। यसैले हवन कार्यलाई अनुष्ठानमा प्राण स्वरूप मानिएको छ। कस्तो अनुष्ठान गर्न लागिएको हो, त्यहीअनुसार हवनका सामग्री, पद्धति र कार्य फरक-फरक हुन्छन्। कुण्डको आकार पनि त्यहीअनुसार बनाएको हुन्छ। जस्तै विद्वेषणकर्मको अनुष्ठान गर्न दुई मेखला भएको कुण्ड बनाउनुपर्छ। कुण्ड एक हात बराबर निर्माण गर्नुपर्छ। कुण्डको मुख नैऋत्यकोणमा हुनुपर्छ। शत्रुपक्षको उच्चाटन गर्न नैऋत्यकोणमा कुण्ड बनाउनुपर्छ। देवोच्चाटनका लागि मण्डपको वायव्यकोणमा कुण्ड निर्माण गर्नुपर्छ। योनीकुण्डमा अरितापन कर्मको अनुष्ठान गर्नुपर्छ। मण्डपको अग्निकोणमा यो कुण्ड निर्माण गर्नुपर्छ। शत्रु मारणकर्मको साधन गर्न मण्डपको दायाँ भागमा अर्द्धचन्द्र कुण्ड निर्माण गर्नुपर्छ। शत्रुको पीडा वृद्धि गर्न मण्डपको नैऋत्यकोणमा त्रिकोण कुण्ड बनाउनुपर्छ। विद्वेषण कार्यको लागि मण्डपको अग्निकोणमा पूर्ण चन्द्रको समान कुण्ड बनाउनुपर्छ। यसको अतिरिक्त यस कार्यका लागि सर्व सुलक्षणयुक्त चौकोण कुण्ड बनाउन सकिन्छ। वशीकरणकर्मको लागि चौकोण कुण्ड बनाउनुपर्छ। स्तम्भन तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उच्चाटनकर्मका लागि त्रिकोण कुण्ड बनाउनुपर्छ। उच्चाटनकार्यको लागि वायुकोणमा र मारणकर्म साधनको लागि दक्षिणदिशामा कुण्ड बनाउनुपर्छ। अभिचारकर्ममा कुण्डको परिमाण न्यूनाधिक भएर कुनै दोष हुँदैन। विवाह आदि कर्मको शुभ तथा स्तम्भनदेखि मारणसम्मको कर्म क्रुर कर्म मानिन्छ। शान्ति तथा पुष्टिकर्ममा पूर्वको वा उत्तरको मुखमा होमादि गर्नुपर्छ। आकर्षणकर्ममा उत्तर मुख पारी वायुकोणस्थ कुण्डमा हवन गर्नुपर्छ। विद्वेषणकर्ममा नैऋत्यकोणमा मुख पारी वायुकोणस्थ कुण्डमा हवन गर्नुपर्छ। मारणकर्ममा दक्षिण मुख हुने र दक्षिण दिग्वर्ती कुण्डमा हवन गर्नुपर्छ। ग्रह भूतादिको निवारणमा वायुकोण मुख पारी षट्कोण कुण्डमा हवन गर्नुपर्छ। वशीकरणकर्ममा वायव्यकोणमा मुख पारी त्रिकोण कुण्डमा हवन गर्नुपर्छ। स्तम्भनकर्ममा पूर्व मुख पारी षट्कोण कुण्डमा हवन गर्नुपर्छ।

साधकले कुन फल र उद्देश्य प्राप्तिका लागि अनुष्ठान गर्न खोजेको हो, त्यसैअनुसारका द्रव्य आवश्यक पर्दछन्। जस्तै शान्तिकर्ममा दूध, घिउ, पीपल आदि वृक्षको पात, गिलोय आदिले हवन गर्नुपर्छ। पुष्टिकर्ममा वेलपत्र, सेतो सर्स्यौं, लवण तथा चमेलीको फूलले हवन गर्नुपर्छ। कन्याको अभिलाषामा खींलोद्वारा हवन गर्नुपर्छ। स्त्रीको अभिलाषामा कमलद्वारा हवन गर्नुपर्छ। महासमृद्ध प्राप्त गर्न एवं दरिद्रता दूर गर्ने इच्छा भए दही र घिउबाट हवन गर्नुपर्छ। महानिधि प्राप्त अभिलाषामा घिउ, विल्ब र तीलद्वारा हवन गराउनुपर्छ। आकर्षणकर्ममा प्रिपंगु, बेल, चमेलीको फूल, पलाशको फूल, सिदोनुनद्वारा हवन गर्नुपर्छ। आकर्षणमा कनेरको फूलले हवन गर्नुपर्छ। उच्चाटनमा उच्चाटनीय मनुष्यको केश, कपासको बीउ र नीमको बीज मठ्ठीमा मिलाएर हवन गराउनुपर्छ। मोहनकर्ममा कागको प्वांखद्वारा हवन गर्नुपर्छ। मारणकर्ममा धतुरोको बीउ, रक्तमिश्रित विष, वाखोको दूध, घिउ, कपासको बीउ, मनुष्यको हड्डी र मासु जसलाई मार्न चाहेको हो, त्यस मनुष्यको रगत र रौंलाई मिलाएर सर्स्यौंको तेलले हवन गर्नुपर्छ। मारणकार्यमा काग, उल्लू आदि क्रुर पक्षीको पंख, कुचला, भिलावा, मरिच, सर्स्यौं, सिक्थ, आँकको दूध, सूठो, कालो मरिच, पीपल, कटु

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तेल तथा सिउँडीको दूध मिलाएर पनि हवन गर्नुपर्छ । अभिचारकर्ममा तुष सुक्न कपांसको बीउ, सर्स्यौं तथा लवणद्वारा हवन गर्नुपर्छ, आयुवृद्धि कर्ममा घिउ, तेल, दुबो तथा आँपको पातबाट हवन गर्नुपर्छ । ज्वरो शीघ्र कम पार्न आँपको पातबाट हवन गर्नुपर्छ । मृत्युलाई जित्न वा घोडा, हात्तीजस्ता शक्ति प्राप्त गर्न गिलोयबाट हवन गर्नुपर्छ । गाईको पीडा शीघ्र नष्ट गर्न सेतो सर्स्योंद्वारा हवन गर्नुपर्छ । वर्षाको इच्छा भए बेतको समिधा र पातद्वारा हवन गर्नुपर्छ । पुष्टि लाभको लागि जीविका पत्रिकाको समिधाद्वारा हवन गर्नुपर्छ । वाक्यतित्त्वं प्राप्त गर्न घिउ र गूगलबाट हवन गर्नुपर्छ । सरस्वती सिद्ध गर्न मल्लिकापुरुष, जातीपुरुष, मुँगा, नागकेशरको फल एवं पुन्नाग पुरुषद्वारा हवन गर्नुपर्छ । वर्षा रोक्न दूध र लवणद्वारा हवन गर्नुपर्छ । जुन मन्त्रको साथमा जुन वस्तु हवनको रूपमा वर्णन गरिएको छ, त्यही कार्य गर्नु उत्तम हुन्छ ।

अग्निका अनेक जिह्वा छन् । तिनीहरूलाई कुन कर्ममा ? कुन जिह्वामा हवन गर्ने ? त्यसको वर्णन शास्त्रमा पाइन्छ । सुवर्ण, भद्रलोहिता, श्वेता, धूमिनी र करालिका जिह्वाको राजसी जिह्वामा काम्यकर्म गर्न आवश्यकता पर्छ । विश्वमूर्ति, स्फुलिङ्गिनी, धूम्रवर्णा, मनोजह्वा, लोहिता, कराला र काली यी सबै अग्निलाई तामसी जिह्वा भनिन्छ । मारणादि क्रुर कर्ममा यी सबै जिह्वाको आवश्यकता पर्छ । सबै जिह्वाको वर्णअनुसार कर्मको निश्चित गर्नु उपयुक्त हुन्छ । हिरण्या, गगना, रक्ता, कृष्ण, सुप्रभा बहुरूपा तथा अतिरिक्त यी सबै अग्नि सात्विक जिह्वाअन्तर्गत पर्छन् । योगकर्ममा यी जिह्वाको आवश्यकता पर्छ । यिनको अतिरिक्त वह्निको ईशानकोणमा, सुवर्ण वर्ण, हिरण्या नामक जुन जिह्वा छ, त्यसको आकर्षणकर्ममा आवश्यकता पर्छ । पूर्व दिशामा गगनानामक नीलकान्तमणि समान नीलवर्ण एक जिह्वा छ, त्यसको स्तम्भन आदि कर्ममा आवश्यक पर्छ । नैऋत्यकोणमा नीलपद्मको समान कृष्णा नामक एक जिह्वा छ, त्यो मारणादि कर्ममा सहयोगी हुन्छ । पश्चिम दिशामा लोहित वर्णको सुप्रभा नामक एक जिह्वा छ, त्यो शान्तिकर्ममा समेटिएको छ । वायुकोणमा सुवर्णझैँ समान वर्ण भएको अतिरिक्ता नामक एक जिह्वा छ,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

त्यसको उच्चाटनकर्ममा आवश्यक पर्छ । कुण्डको बीचमा बहुरूपा नामक एक जिह्वा छ, त्यसमा होम गर्दा अर्थ लाभ हुन्छ ।

विभिन्न कर्ममा अग्निको नामोच्चारण फरक हुन्छ । पूर्णाहुतिमा मृद, शान्तिकर्ममा वरद, पुष्टिकर्ममा बलद, अभिचारकर्ममा क्रोध, वशीकरणमा कामद, वलिदान कर्ममा चूडक, लक्ष्य होममा बहिन, कोटीहोममा हुताशन नाम उच्चारण गर्नुपर्छ । शत, सहस्र, दस सहस्र, लक्ष्य र कोटीहोमको सर्वत्र व्यवस्था छ । शतादि संख्यामा आठको संख्या अधिक गर्नुपर्छ । यज्ञीय वस्तुको अभाव भए घिउले मात्र होम गर्नुपर्छ । मूल देवताको मन्त्र जति जप गरिन्छ, त्यसको दशांशक अग्र देवताको मन्त्र जप गर्नुपर्छ । घिउको होम असम्भव छ भने होमको संख्याभन्दा दुई गुणा जप गर्नुपर्छ । जुन स्थानमा होम र जप संख्या भनिएको छैन, त्यहाँ आठ सहस्र जप र त्यति नै होम गर्नुपर्छ । होम कर्म तथा वलिदानको मन्त्रपछि स्वाहा शब्दको प्रयोग गर्नुपर्छ । पूजाको अन्त्यमा नमः शब्दको प्रयोग गर्नुपर्छ । तर्पणको अन्त्यमा देवताको नाम जोड्नुपर्छ । जुन स्थानमा होम र जपको संख्या उल्लेख छैन, उहाँ एक हजार आठ जप तथा यति नै होम पनि गर्न सकिन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



स्रुक र स्रुवको नियम

स्रुकको छत्तीस, चौवीस अङ्गुल प्रमाण हुनुपर्छ। यसको मुख्य सात अङ्गुल प्रमाण, कण्ठ एक अङ्गुल तथा वेदी आठ अङ्गुल बराबर हुनुपर्छ। दण्डको चौडाई तथा लम्वाई क्रमशः बीस तथा ६ अङ्गुल राख्नुपर्छ। स्रुक र स्रुव यी दुबैको कुण्डको भाग चार अङ्गुल वा तीन अङ्गुल विस्तृत हुनुपर्छ। यसमा चार अङ्गुलको गर्त होस्। गर्त गोलाकार तथा तीन अङ्गुल प्रमाण राख्नुपर्छ। गर्तको बाहिर दुई अङ्गुल मेखला होस् र यसको बाहिर शोभायमान बनाउनुपर्छ। कुण्डको मुख तथा अग्रभागको विस्तार वेदीको तेस्रो अंश वरावर हुनुपर्छ। स्रुकको अग्रभागको विस्तार वेदीको तेस्रो अंश वरावर हुनुपर्छ। स्रुकको अग्रभागमा घिउ निकाल्न सकिने छिद्र हुनुपर्छ। यो कनिष्ठाग्र समान हुनुपर्छ।

स्रुक र स्रुवको निर्माण चाँदी, तामा, फलाम, कुचल वा अन्य काठद्वारा पनि हुन सक्छ। स्रुक र स्रुव बनाउँदा चन्दन, खेरे, पीपल, मिलखन, आँप, चम्पा, अमला, ढाकको काठ उपयोग गर्न सकिन्छ। मुद्रबिना आहुति दिएर देवताले ग्रहण गर्दैनन्। यसर्थ मुद्राको सहयोगले नै होम गर्नुपर्छ। मुद्राबिना

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

भोजन पनि गर्नुहुन्न । मन्दबुद्धि वा मोहले वशीभूत भई बिना मुद्रा होमको अनुष्ठान गर्दछ भने त्यो आत्मा तथा यजमानलाई पतित गराउँछ । होम कार्यमा तीन प्रकारको मुद्रा व्यहार हुन्छ ।

१. मृगी

हातको सिकोडले शूकरी मुद्रा बन्छ (हातले सिकोडेर आहुति दिनुपर्छ) यसलाई शूकरी मुद्रा भनिन्छ ।

२. हँसी

कनिष्ठाको अतिरिक्त अन्यान्य अङ्गुलीबाट हंसी मुद्रा बन्छ (कनिष्ठा अङ्गुली छोडेर आहुति दिने कर्मलाई हँसीमुद्रा भनिन्छ) ।

३. शूकरी

कनिष्ठा एवं तर्जनीले मृगी मुद्रा बन्छ । कनिष्ठा र तर्जनीको योगले आहुति दिनुपर्छ । यसालाई मृगी मुद्रा भनिन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मालाका प्रकार

साधना र उपासनाका सामग्रीमध्ये माला पनि एक हो । पुराण आदिमा शिवले रुद्राक्षको, सरस्वतीले स्फटिकको, चण्डीले नरमुण्ड आदिको माला लगाएको प्रसङ्ग छ । अन्य देवीदेवता, ऋषिमुनिहरूका गलामा माला भएको तस्वीर देख्न र पुस्तकमा पढ्नसमेत पाइन्छ । मन्त्र एवं तन्त्रसाधनामा मालाको महत्त्वपूर्ण भूमिका रहन्छ । *असंख्यया यज्जपते तत्सर्वं निष्फलं भवेत्*, संख्या गनेर जपिएन भने त्यसको फल व्यर्थ हुन्छ । मन्त्र संख्या र विधान पुगोस् भन्ने इच्छाले मालाको प्रयोग गरिन्छ ।

वैष्णवे तुलसीमाला गजदन्तैर्गणेश्वरे ।
त्रिपुराया जपे शाक्ता रुद्राक्षैः रक्तचन्दनैः ॥

—मन्त्रमहार्णव (देवा खण्ड)

अर्थात्, 'वैष्णवहरूले तुलसीको, गाणपत्य(गणेश) सम्प्रदायले हात्तीको दाँतको, त्रिपुरादेवीको पूजा गर्ने शाक्तहरूले रुद्राक्ष र रक्तचन्दनको मालाद्वारा क्रमशः विष्णु, गणेश र देवीको जप गर्दछन् ।' मालाले ध्यानलाई आकृष्ट गर्न, मनलाई नियन्त्रण गर्न, गन्ति गर्नुपर्ने संख्यामा कमीवेसी हुन नदिन सहयोग गर्दछ । इष्टदेवी वा मन्त्रअनुसार फरक-फरक पदार्थका मालाहरूको प्रयोग गरिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चन्द्रमन्त्रं जपेद्देवि तथैवं वेदमातरम् ।
सावित्रीं प्रजपेद्देवि करेण शिवमालया ॥
चन्द्रमन्त्रं जपेद्देवि कराद्वा शक्तिमालया ।
सावित्रीजपने शस्ता सर्वदा करमालिका ॥
स्फाटिकी मौक्तिकी कौशी शस्ता स्याच्छंखसम्भवा ॥

-योगिनीतन्त्रम् २।४२-४३

अर्थात् 'हे देवी ! चन्द्रमन्त्र अथवा सावित्रीमन्त्र करले जप्नुपर्छ । शिवमालाबाट सावित्रीमन्त्रको जप गर्नुपर्छ । करमाला वा शक्तिमालाबाट चन्द्रमाको जप गर्नुपर्छ । सावित्रीमन्त्रको जपमा करमाला, स्फटिकमाला, मोतीमाला, कुशमाला अथवा शङ्ख निर्मित माला श्रेष्ठ हुन्छ ।' मालालाई विभिन्न दृष्टिले अनेक भागमा विभाजन गर्न सकिन्छन् । सामान्यतः साधानाको क्रममा पुत्रजीवा, शङ्ख, कमलको काठ, मणि, कुशको गाँठो, रुद्राक्षबाट बनाइएका माला उत्तरोत्तर फलदायी मानिन्छन् ।[1] मुख्यतः मालालाई तल वर्ण गरिएअनुसार दुई भागमा विभाजन गर्न सकिन्छ ।

१. कर माला:

औँला एवं त्यसका पर्वहरूबाट बनाइएको मालालाई करमाला भनिन्छ । जपका क्रममा करमालामा तर्जनी, अनामिका र कनिष्ठा अङ्गुलीका तीन पर्व, मध्यमा अङ्गुलीको एक पर्व ग्रहण गर्नुपर्छ । मध्यमा अङ्गुलीको अन्य दुई पर्व मेरुरूपमा कल्पित गर्नुपर्छ । जब अष्ठोत्तरशतादि जपिन्छ तब पूर्वोक्त नियमानुसार शतादि संख्यक जप पूरा भई अनामिकाको मूलपर्वमा आरम्भ गरी कनिष्ठादिको क्रमानुसार तर्जनीको मध्यपर्वसम्म अष्टपर्व आठपटक जप गर्नुपर्छ । अनामिकाको तीन पर्व, कनिष्ठको तीन पर्व, मध्यमाको तीन पर्व तथा तर्जनीको मूलपर्वलाई दश पर्वमा जप गर्नुपर्छ । जसले तर्जनीको अग्र तथा मध्यपर्वमा शक्ति मन्त्रको जप गर्छ, ऊ पापको भागीदार हुन्छ । अष्टोत्तर शतादि सहायक शक्ति मन्त्रको जप गर्छ । पूर्वोक्त नियमानुसार शतादि संख्यक जप गरी अनामिकाको मूल पर्वमा आरम्भ गरी कनिष्ठादि क्रमानुसार मध्यमाको मूल पर्व आठ पटक जप गर्नुपर्छ । श्रीविद्याको मन्त्र जपमा भने अनामिकाको मूल

१ मन्त्रमहार्णव (देवा खण्ड)

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

र अग्र यी दुई पर्व, मध्यमाको मूल र अग्र यी दुई पर्व, कनिष्ठाको तीन पर्व तथा तर्जनीको तीन पर्व गरी दश पर्वमा जप गर्नुपर्छ । अनामिका एवं मध्यमाको दुई पर्वको मेरु जान्नुपर्छ । श्रीविद्याको अष्टोत्तर शतादि संख्यक जपमा पूर्वोक्त नियमानुसार शतादि संख्यक जप गरेर कनिष्ठको मूलपर्व आरम्भ गरी तर्जनीको मूलपर्वसम्म आठ पर्वमा प्रदक्षिणाको क्रमानुसार आठ पटक जप गर्नुपर्छ ।

२. वर्णमालाः

'अ' कारादिबाट 'क्ष'सम्म सबै अक्षर वर्णमाला हुन् । यी इक्वायन अक्षर 'अ'देखि 'ह'सम्म पचास वर्णको माला तथा 'क्ष' उसको मेरु हो । यी सबै अक्षरमा अनुस्वार जोडी 'अ'देखि आरम्भ गरेर 'ह'सम्म एवं 'ह'देखि आरम्भ गरी 'अ'सम्म अनुलोम विलोमको क्रमानुसार जप गर्नुपर्छ । वर्णमाला अष्टवर्गमा विभक्त छ, जसलाई तल वर्णन गरिएको छ ।

१.	अ वर्ग	अ, आ, इ, ई, उ, ऊ, ऋ, ॠ, ऌ, ॡ, ए, ऐ, ओ, औ, अं, अः	यी सोह्र वर्ण 'अ' वर्गमा पर्दछन् ।
२.	क वर्ग	क, ख, ग, घ, ङ	यिनीहरू 'क' वर्गमा पर्दछन् ।
३.	च वर्ग	च, छ, ज, झ, ञ	यिनीहरू 'च' वर्गमा पर्दछन् ।
४	ट वर्ग	ट, ठ, ड, ढ, ण	यिनीहरू 'ट' वर्गमा पर्दछन् ।
५.	त वर्ग	त, थ, द, ध, न	यिनीहरू 'त' वर्गमा पर्दछन् ।
६.	प वर्ग	प, फ, व, भ, म	यिनीहरू 'प' वर्गमा पर्दछन् ।
७.	य वर्ग	य, र, ल, व	यी चार वर्ण 'य' वर्गमा पर्दछन् ।
८.	श वर्ग	श, ष, स, ह यी	चार वर्णहरू 'श' वर्गमा पर्दछन् ।

अकारादि वर्णको प्रत्येक वर्गमा अनुस्वर जोडी एक-एक वर्णको पछि एक-एक बार मन्त्र उच्चारणसहित जप गर्नुपर्छ । यही विधिले एक सय आठ पटक जप गर्नु आवश्यक छ । प्रथम 'अ' वर्णको उच्चारण गरी एक पटक मूलमन्त्रको जप गर्नुपर्छ । यसैगरी 'ह' सम्म प्रत्येक वर्णको अनुस्वारयुक्त एक-एक पटक मूलमन्त्रको जप गर्नुपर्छ । 'ह' सम्म जप पूरा भई पुनर्वार 'ह'देखि आरम्भ गरी 'अ'सम्म एक एक वर्णको, पछि एक-एक पटक मन्त्र जप गर्नुपर्छ । यसैलाई वर्णमाला जप भनिन्छ । सबै तन्त्रमा मालाको विधि यस्तै नै पाइन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

समस्त वर्णको अन्तिम अक्षर 'क्ष' नै मालाको मेरु हो । अतः जपको समयमा मेरुको उल्लंघन गर्नुहुँदैन ।

बाह्यपूजामा पद्म बीजादि माला धेरै छन् । रुद्राक्ष, शङ्ख, कमल, गट्टा, जीवपुत्रिका, मोती, स्फटिक, मणि, रत्न, स्वर्ण, मूँगा, चाँदी तथा कुशमूल यीमध्ये कुनै एकद्वारा गृहस्थ व्यक्तिबाट जपमालाको गर्नुपर्छ । अङ्गुलीको पर्वमा जप गर्दा आठ गुणा फल मिल्छ । जीवपुत्रिकाको मालाबाट दश गुणा, शङ्खको मालाबाट सय गुणा, प्रवाल (मूँगा)को मालाबाट सहस्र गुणा, मोतीको मालाबाट लाख गुणा, कमलको मालाबाट दश लाख गुणा, स्वर्ण निर्मित मालाबाट करोड गुणा, कुशमूल निर्मित मालाबाट करोड गुणा तथा रुद्राक्षको मालाबाट जप गर्दा अनन्त फल प्राप्त हुन्छ । सबै मालाले मनुष्यको लागि मुक्ति फल प्रदान गर्छन् । रुद्राक्ष, इन्द्राक्ष तथा स्फटिकादि निर्मित मालामा जीविका पुत्रिकादिको माला मिलाउनुहुँदैन । जसले एक जातीय मालामा अर्को जातीय माला मिलाएर जप गर्छ, उसको कामना पूर्ण हुँदैन, मोक्ष फल प्राप्त हुँदैन भनेर कालिकापुराणमा उल्लेख छ । वशीकरण मन्त्रलाई मोती वा हिराको मालाले जप्नुपर्छ । आकर्षणमन्त्रको जप गजयुक्त मालाद्वारा गर्नुपर्छ । विद्वेषण तथा उच्चाटनमन्त्र बहेडेको मालाले जप्नुपर्छ । मारणमन्त्र आफैँ मरेको गधाको दाँतको मालाले जप्नुपर्छ । धर्म कामार्थ सिद्धिको मन्त्रमा शङ्खमणि निर्मित मालाले जप्नुपर्छ । सर्वकामार्थ सिद्धिको मन्त्र पद्माक्षले बनेको मालाले जप्नुपर्छ । रुद्राक्षको माला सबै मन्त्रको जपमा सिद्धिदायक हुन्छ । शान्ति र पुष्टकर्ममा मालाको दुबै भाग कमलको तन्तुमा वेरिएको हुनुपर्छ । आकर्षण तथा उच्चाटनकर्ममा मालाको दुबै भागमा घोडाको पुच्छरको रौँ बेर्नुपर्छ । मारणकर्ममा मालाको दुबै भाग मान्छेको नसामा बेर्नुपर्छ । बहेडे आदिको मालाको दुबै भाग रुवा निर्मित डोरीमा लपेट्नुपर्छ ।

मुण्डमालातन्त्र

मुण्डमालातन्त्रमा धूमावतीको विषयमा श्मसानको धतूरोको माला श्रेष्ठ मानिएको छ । मानिसको अङ्गुलीको हड्डीबाट माला बनाई जप गरेमा सबै कामना पूरा हुन्छ भनिएको छ । उक्त माला मानिसले आफ्नो नाडीमा ढाकेर सदैव गुप्त राख्नुपर्छ । कामना भेदअनुसार अलग-अलग द्रव्यद्वारा माला बनाउनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जस्तै शत्रु नाश कार्यको लागि कमल, गट्टेको माला, पाप नाश कार्यमा कुशमूलको मालां, पुत्र सम्पत्ति प्राप्त गर्न जीवपुत्रिकाको माला, अभिलाषित फल प्राप्त गर्न चाँदीको माला, विपूल धन प्राप्त गर्न मूँगाको मालाले जप गर्नुपर्छ । पूर्व फर्केर जप गर्दा अरुलाई वशमा राख्न सकिन्छ, दक्षिण फर्केर गरेमा अभिचारकर्ममा सफलता मिल्छ, पश्चिम फर्केर गर्दा धनदायक र उत्तर फर्केर गर्दा शान्तिदायक हुन्छ ।[२] पवित्र, एकान्त र शान्त ठाउँमा जप, ध्यान, प्रार्थना गर्दा धेरै फल प्राप्त हुन्छ । यस्ता स्थलहरू शान्त र ऊर्जामय हुन्छन् । यही महिमा थाहा पाएर हाम्रा ऋषिमुनिहरूले पहाडको कन्दरा, खोलाका किनार, हिमालका तालतलैया आदिमा जप र तपस्या गरेको देखिन्छ ।

बाराहीतन्त्र

भैरवीविद्याको विषयमा **बाराहीतन्त्र**का अनुसार "सुवर्ण, मणि, स्फटिक, शङ्ख, मूँगाको माला बनाउनुपर्छ । जीवपुत्रिका, कमलगट्टा, रुद्राक्ष एवं भद्राक्षको माला बनाउनुहुँदैन । त्रिपुरसुन्दरीको मन्त्र जपमा रक्तचन्दन बीजमाला फलदायी हुन्छ । रक्तचन्दन बीजमाला भोग तथा मोक्ष दिने हुन्छ । विष्णुका मन्त्र जप्न तुलसीको माला, गणेशको मन्त्र जप्न गजदन्तको माला, त्रिपुरमन्त्र जप्न रुद्राक्ष तथा लालचन्दनको माला श्रेष्ठ हुन्छ ।

मुण्डमालातन्त्र

मुण्डमालातन्त्रमा यसरी वर्णन गरिएको छ "तारामन्त्र जप्न महाशङ्खको माला फलदायी हुन्छ । मनुष्यको ललाटको हड्डीद्वारा बनेको जयमाला महाशङ्खमयी माला हो । कान र आँखा बीचको हड्डी महाशङ्ख हो ।"

मुण्डमालातन्त्रमा मणिको लक्षण यसरी बताइएको छ "जुन मणिको माला बनाइन्छ । सबै परस्पर समान हुन्छन् तर अत्यन्त सूक्ष्ममा स्थूल हुनुहुँदैन । कीराले खाएको वा जीर्ण पनि हुनुहुन्न ।"

गौतमीयतन्त्र

गौतमीयतन्त्रमा लेखिएको छ "पचास मणिको माला बनाउनुपर्छ । अर्थ सिद्धि कामना साधनको लागि सत्ताइस मणिको माला हुनुपर्छ । मारणादि

२ शिवपुराण, वायवीयसंहिता (उत्तरखण्ड) १४।४६–४७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अभिचारकर्ममा पन्ध्रमणि, कार्य सिद्धको लागि चौवन्न मणि, सर्वकार्य सिद्धको लागि एक सय आठ मणिको माला चाहिन्छ।"

योगिनीतन्त्र

योगिनीतन्त्रमा भनिएको छ "वर्णमालाको प्रतिनिधि महाशङ्खमयी माला मङ्गलदायिनी हो। जसको हातमा महाशङ्खको माला छ, सिद्धि पनि निकट हुन्छ। यसको अभावमा स्फटिकमाला नै सर्वसिद्धदायक मान्नुपर्छ।"

मालाको मणि सङ्ख्याको विधान यसप्रकार छ। पच्चीसको संख्यामा मोक्ष लाभ, सत्ताइसको संख्यामा पुष्टि लाभ, तीसको संख्यामा धन लाभ, पचासको संख्यामा मन्त्र सिद्धि तथा एक सय आठको संख्यामा सबै कामना सिद्ध हुन्छ। अनामिकाको मध्यपूर्वबाट आरम्भ गरी कनिष्ठादि अङ्गुलीको क्रममा तर्जनीको मूलपर्यन्त दश पर्वद्वारा जप गर्नुपर्छ। मध्यमाको मूल पर्वको मेरु रूपमा सम्झनुपर्छ।

शक्तिमालाको विवरण यसप्रकार छः- अनामिकाको मध्यपर्वबाट शुरु भई कनिष्ठादिद्वारा तर्जनी मूलपर्यन्त दश पर्वद्वारा जप गर्नुपर्छ। मध्यमाको दुबै पर्वको तर्जनीको मेरु जान्नुपर्छ। अतः दुबैको स्पर्श गर्नुहुन्न। अष्टोत्तर जपकालमा आद्य तथा अन्त्य पर्वको त्याग गर्नुपर्छ। करमालाद्वारा नित्यजप गर्नुपर्छ। काम्यजपमा यसको प्रयोग गर्न हुन्न। मालाको अभावमा काम्यजप गरे हानिचाहिँ हुँदैन। नित्यकर्ममा गर्ने जप नै नित्यजप हो। स्नान, तर्पण, होम, वलि र तृप्ति यी सबै कर्ममा गनिन्छन्। सबै मालामा अनुलोम, विलोमको क्रमानुसार जप गर्नुपर्छ। शिवमालाद्वारा **'पुँ'** मन्त्र तथा शक्तिमालाद्वारा शक्तिमन्त्रको जप गर्नुपर्छ। करमालाद्वारा चन्द्रमन्त्र तथा वेदमन्त्रबाट सावित्रीको जप गर्नुपर्छ। शिवमालाबाट सावित्रीमन्त्र, करमाला र शक्तिमालाबाट चन्द्रको जप गर्नुपर्छ। सावित्रीमन्त्र जप्ने कार्य करमाला स्फटिक, मोति, कौसी (कुश) एवं शङ्ख निर्मितमाला श्रेष्ठ मानिन्छ। शान्ति, पुष्टि, स्तम्भन तथा वशीकरणमा अङ्गुठीको अग्रभागबाट माला चलाउनुपर्छ। आकर्षणमा अङ्गुठी तथा अनामिका अङ्गुलीबाट माला चलाउनुपर्छ। विद्वेषणमा अङ्गुठी तथा तर्जनी अङ्गुलीबाट माला चलाउनुपर्छ। मारणकर्ममा अङ्गुठी तथा कनिष्ठा अङ्गुलीबाट माला चलाउनुपर्छ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जप विधान

विनान्यास जप, पूजादि गर्न हुँदैन । न्यासले साधकलाई देवस्वरूप बनाउँदछ र देवताको अर्चन गर्ने अधिकार दिन्छ । शास्त्रले भनेको छ 'देवो भूत्वा यजेत् देवान् नादेवो देवमर्चयेत् ।' न्यासको अर्थ आफ्नो शरीरमा देवताको स्थापना गर्नु हो । यसबाट देहमा कवच उत्पन्न हुन्छ र साधक देवताको तेज सहन गर्न समर्थ हुन्छ । कुलार्णवतन्त्रले न्यासको व्युत्पत्ति यस्तो गरेको छ–

न्यायोपार्जितवित्तानामङ्गेषु विनिवेशनात् ।
सर्वरक्षाकराद्देवि न्यास इत्यभिधीयते ॥

-कुलार्णवतन्त्र १०/५६

अर्थात् "हे देवि ! न्यायले उपार्जित धनलाई शरीरमा उपयोग गर्नाले सबै प्रकारको रक्षा हुनेहुनाले यसलाई न्यास भनिएको हो ।" शास्त्रले धेरै प्रकारका न्यासहरूको वर्णन गरेका छन् । तीमध्ये अन्तर्मातृकान्यास, बहिर्मातृकान्यास, करन्यास, हृदयादि षडङ्गन्यास, ऋष्यादिन्यास, तत्त्वन्यास, अक्षरन्यास, सृष्टिन्यास, स्थितिन्यास, संहारन्यास, व्यापकन्यास, शक्तिकलान्यास, शिवकलान्यास, योगपीठन्यास आदि प्रमुख छन् । आश्रमादि अन्य विद्याहरूको भेदले सृष्ट्यादि न्यासको क्रम र न्यास गर्ने तरिका फरक हुन्छ । पूर्णाभिषेकी साधकको लागि 'पीठन्यास' तन्त्रले निर्दिष्ट गरेको छ । यसका पनि दुई भेद छन्–लघु पूर्णाभिषेकीको लागि लघुषोढान्यास र महापूर्णाभिषेकीका लागि महाषोढान्यास । आ-आफ्ना आम्नायका आ-आफ्नै न्यास हुन्छन् ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बिना संकल्प[1] एवं नियमपालना नभएको जपबाट सम्यक फल प्राप्त हुँदैन । यसर्थ नियममा बसेर जप गर्नुपर्छ । तील, दूर्वादल, कुश, फलसहित जलपूरित ताम्रपत्रबाट विधिअनुसार आचमन गर्नुपर्छ । शिरोपद्ममा करुणामय गुरुको अर्चना गरेर उत्तरदिशा वा पूर्व दिशातिर मुख फर्काउनुपर्छ । मास, पक्ष, तिथि, नक्षत्र, ग्रहको स्थिति, अनुष्ठान गर्ने स्थान, पर्वादि साथै आद्यन्तकाल तथा यजमानको गोत्र, नाम उच्चारण गरी म जप क्रिया गर्छु भनेर ईशानकोणमा जल छर्कनुपर्छ ।[2]

साधना वा जपका लागि समय, कालमाथि ध्यान दिनुपर्छ । सामान्यतः जपका लागि चान्द्र र सौर्यकाल सर्वत्र छन् । तिथि निर्णयमा चान्द्रकाल धेरै हुन्छ तर क्रूर कर्ममा गौण हुन्छ । ऋण, दान तथा पौष्ठपद्यादिमा नक्षत्रद्वारा हुने मास उक्त हुन्छ । श्रावणमास वर्ष पर्वमा उक्त हुन्छ । यसै गरी केही जप र साधना उपयुक्त युगयुगमा उक्त हुन्छन् । कलियुगमा सर्वत्र सौर्यमास उक्त हुन्छ । सौर्यमासमा दीक्षा कल्याणदायिनी हुन्छ । चान्द्र, नाक्षत्रिक वा श्रावण मासमा दीक्षा विधान हुँदैन । वेदमयी क्रिया चान्द्रमासमा श्रेष्ठ हुन्छ । शुक्लपक्ष सर्वत्र श्रेष्ठ हुन्छ र कृष्णपक्षको सर्वत्र अशुभ हुन्छ । जो सम्यक प्रकारले फल प्राप्तिको कामना गर्छ, उसले प्रातःकालमा आरम्भ गरी मध्याह्नपर्यन्त सबै कार्य समापन गर्नुपर्छ । क्रूरकर्म शेषमा गर्दा कुनै हानि हुँदैन, पहिलो प्रहर विते पनि तेस्रो यामसम्म जपकाल उत्तम हुन्छ भनिएको छ । रात्रिको अर्द्धयाम विते पनि अर्द्धयाम स्थितिपर्यन्त पूजाको समय रहेको मानिन्छ । यसकालमा पूजा गर्दा धर्म अर्थ, काम, मोक्ष प्राप्ति हुन्छ । रातिको मध्यभागको जुन दुई घडी शेष छ उसैलाई महारात्रि भनिन्छ । महारात्रिमा जुनसुकै कर्म गर्न सकिन्छ । यसको फल अक्षय, मोक्षदायक हुन्छ ।

---

१ संकल्प्य च तथा कुर्यात् स्नानदानव्रतादिकम् ।
अन्यथा पुण्यकर्माणि निष्फलानि भवन्ति हि ॥

२ हरिः ॐ तत्सत् हरि ॐ तत्सत् हरि ॐ तत्सत् ॐ विष्णुः ॐ विष्णुः ॐ विष्णुः श्रीमद्भगवतो महापुरुषस्य विष्णोराज्ञया प्रवर्तमानस्य सकलजगत् सृष्टिकारिणो ब्रह्मणोऽन्हि द्वितीयपरार्धे श्रीश्वेतवाराहकल्पे वैवस्वतमन्वन्तरे अष्टाविंशतितमे कलियुगे कलि प्रथम चरणे जम्बुद्विपे भारतवर्षे भरतखण्डे आर्यावर्तैक देशान्तर्गते नेपाल देशे, ...पुण्य क्षेत्रे, ...पुण्य अञ्चले आदि ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैष्णवकर्म, सौरकर्म, महासौर तथा पैतृककर्म रात्रिकालमा गर्नुहुन्न । मध्यांह्नको अतिरिक्त शुक्ल तथा कृष्णपक्षको भेदमा यत्नपूर्वक दीक्षा कार्य गर्नुहुन्छ । मुक्तिको कामना गर्ने मानिस कृष्णपक्षमा, भोग अभिलाषा गर्ने मानिस शुक्लपक्षमा, ऐश्वर्यको इच्छा राख्ने मानिसले कृष्णपक्षको पञ्चमीको दिनमा कार्य आरम्भ गर्नुपर्छ । शुभकालमा कार्य गर्दा सबै फल प्राप्त हुन्छ । आतुर मानिसलाई अशुभकालमा पनि कार्य गर्न आज्ञा छ । ग्रहणकाल तथा महातीर्थमा कालदोष हुँदैन ।

षड्कर्मका लागि पनि समय र विधानको निरूपण गरिएको छ । रति, वाणी, रमा, ज्येष्ठा, मतंगी, कुल, कामिनी, दुर्गा तथा भद्रकाली यी कर्मादि सिद्धिका लागि हुन् । साहसीले आफ्नो सामर्थ्यअनुसार षोडशोपचारद्वारा पूजा गर्नुपर्छ । शून्यागार महाख्य, देवमन्दिरमा पूर्वोक्त पाँच कर्म गर्नुपर्छ । मारणकर्म मृतदेहमा बसी सम्पन्न गर्नुपर्छ । यसको अभाव भए श्मसान भूमिमा मारणकर्म गर्नुपर्छ । साधकको धारण गर्न दिग्वस्त्र (नग्न) हुनुपर्छ भने दोस्रो बाघम्बर हो । यसको अभावमा रेशमी वस्त्र धारण गर्नुपर्छ, अरु वस्त्र निषिद्ध छ । शान्तिकर्ममा सुवर्णको माला, वशीकरणमा रजत, स्तम्भनमा शिला, विद्वेषण र उच्चाटनमा ताम्र तथा मारणमा नरकपाल श्रेष्ठ हुन्छ । ब्राह्मण तथा अन्य जात (कृष्णवर्ण, युवा वा दुर्भिक्ष)को पीडारहित एवं निरोग मृतमनुष्यको अस्थिमाला पनि शुभ रहन्छ । यसको अभावमा स्फटिकको माला वा इन्द्राक्षको मालाले जप गर्नुपर्छ । माटो वा कोमल कुशासनमा मुण्ड वा योनीको व्याघ्रत्वचामा एक हात, दुई हात वा चार हात रुस्थानमा सम्यक् प्रकारद्वारा स्थिर आसन गर्नुपर्छ । साधक साधनाकालमा निर्भय रहनुपर्छ । भय उत्पन्न हुँदा भैरवोक्त मन्त्रको जप गर्नुपर्छ ।

वज्रजाल विषयुग्म हुनु, युग्म तथा कूर्चमन्त्रको अन्तमा भैरवोक्त मन्त्रले समस्त भय निर्मूल पार्छ । यसबाहेक साधकले धर्मसम्मत् भूत बलि प्रदान गर्नुपर्छ तथा धर्मकीलकको स्थापना गर्नुपर्छ । सूर्यबारादि योगमा पञ्चकर्णको आचरण र शनिबारको मारणकर्म गर्नुपर्छ । रात्रियोगमा सबै मारणकर्म पूर्ण हुन्छ । विद्वान् मनुष्यले पहिले दश सहस्रको संख्यामा आफ्नो मन्त्र शवमाथि बसेर जप गर्नुपर्छ । फल प्राप्तिका लागि आफ्नो रक्षाको विधान गर्नु आवश्यक छ । मन्त्रवान् व्यक्तिले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रात्रिकालमा एक प्रहर वितेपछि गणादि देवतासहित कुल विनाशिनीदेवीको पूजन गर्नुपर्छ । नग्न भई समस्त कपाल छोडेर कुलकीलक तथा शक्तियुक्त भई सदैव मन्त्र तथा देवीको स्मरण गर्नुपर्छ । लाखबार शक्ति पूजा गरेपछि नित्य ब्राह्मणको हितान्तरमा कुलकौलक गणको भोजन गराउनुपर्छ । मासु, मद्य, मत्स्यद्वारा अग्निमा सयपटक होम गरी गुरुलाई गुरुत्तर रूपमा दक्षिणा दिनुपर्छ । जो व्यक्ति विधिपूर्वक सबै कार्य साधन गर्छ, त्यसले सबैबाट देवताको पनि आफ्नो स्थानमा बोलाउन समर्थ हुन सक्छ । महाप्रयोगमा कालो बाखो बलि दिनुपर्छ । पूजापश्चात् उसको मासु अग्निमा अर्चना गर्नुपर्छ । दिव्य, वीर, पशुक्रममा सर्वत्र यो विधि मानिन्छ । क्रमानुसार कार्य गरे फल प्राप्त हुन्छ र भेद गरे पाप लाग्छ ।

शान्तिकर्ममा माध्वी, वशीकरणमा स्फाटिकी, स्तम्भनमा डाकिनी, विद्वेषणमा पौष्टिकी, उच्चाटनमा गौडी तथा मारणमा भैरवी शक्ति शुभ मानिएको छ । शान्तिकर्ममा पद्मिनी, वशीकरणमा शंखिनी, स्तम्भन तथा उच्चाटनमा नागवल्लभा एवं मारणकर्ममा डाकिनी शत्रुको मृत्यु दिने हुन्छ । साधन विषयमा रक्त नेत्रा पद्मिनी शुभदायक हुन्छ । दीर्घागी तथा मन्त्र सिद्धि शंखिनी सब मानिसको मनोरञ्जन गर्ने हुन्छ । समान अङ्गवाला, शूद्रतुल्य देह धारिणी, न अधिक छोटो, न अधिक लामो, दीर्घकेशी, मध्यपुष्टा, नागवल्लभा मीठो बोल्ने हुन्छ । कृष्णाङ्गी, कुशाङ्गी, तन्दुरा, मद तापिता, ह्रस्वकेशी, दीर्घनासा, सदैव निष्ठुर बोल्ने, सदैव क्रुद्ध, दीर्घ शरीरवाला, महाशब्दवाला, निर्लज्ज, हाँस्यहीन, सदैव सुत्ने, धेरै भोजन गर्ने, डाकिनी, मृत्यु योगमा श्रेष्ठ हुन्छ । सबै जातिमा उत्पन्न यही नै शक्ति हो । यो सन्ततियुक्त, पतियुक्त शुभ कारिणी हुन्छ । सबै शक्ति ग्रहण गर्न योग्य छ । सबै कामिको कुल रसद्वारा भक्तिभावद्वारा पूजा गर्नुपर्छ । कालिका बीजाक्षर, ताराका बीज, त्रि अक्षर तथा वज्र वैरोचनीका बीज एकादशाक्षर हुन्छ । यो सर्व तेजोपहारी मन्त्र मानिन्छ । शक्तियुक्त भई एकाग्र चित्तद्वारा देवीको जप गरेमा निस्सन्देह फल प्राप्त हुन्छ । यदि खल व्यक्ति फल प्राप्त हुन्छ तथा सबल व्यक्ति निष्फल हो भने सबै व्यर्थ हुन पुग्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यन्त्रको प्रयोग र ज्योतिषीय मान्यता

मन्त्र, तन्त्र र यन्त्रको संयोग भयो भने काम्यकर्म सहजरूपमा सिद्ध हुन्छ । तान्त्रिकको दृष्टिमा मानव शरीर सबैभन्दा श्रेष्ठ यन्त्र हो । शरीरमा सबै किसिमका शक्तिको निवास भएकाले पनि यसलाई अद्वितीय यन्त्र मानिन्छ । काम, क्रोध, लोभ, मोह आदिबाट उत्पन्न भएका दोष नियन्त्रण गर्ने हुनाले यसलाई यन्त्र भनिएको हो, यन्त्रमा पूजा गर्नाले देवता पनि खुसी हुन्छन् ।[१] पौरस्त्य ज्ञानबाट भारतवर्षमा विकास भएको यन्त्रलाई पश्चिमाले विस्तारै मेशिनमा रूपान्तरण गर्दै लगे । उनीहरू आज विकसित हुनमा यन्त्रकै हात छ । हामी भने यन्त्रलाई जन्त्रको रूपमा परिणत गरेर झारफुकमा मात्रै सीमित गराउन पुग्यौँ । पश्चिमीयन्त्रले मानिसको जीवनलाई सहज बनाउँछ भने पौरस्त्य यन्त्रले भौतिक र आध्यात्मिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेको छ ।

विना यन्त्रेण पूजायां देवता न प्रसीदति ।
सर्वेषामपि देवानां यन्त्रे पूजा प्रशस्यते ।
देहात्मनोर्यथाऽभेदो यन्त्रदेवतयोस्तथा ।
तया यन्त्रं मन्त्रमयं मन्त्रात्मा देवतेति च ।
कामक्रोधादिदोषोत्थसर्वदुःखनियन्त्रणात् ।
यन्त्रमित्याहुरेतमिस्मन् देवः प्रीणाति पूजितः ।

१ कामक्रोधादिदोषोत्थसर्वदुःखनियन्त्रणात् ।
यन्त्रमित्याहुरेतस्मिन् देवः प्रीणाति पूजितः ॥

—कुलार्णवतन्त्र ६।८६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात् 'पूजामा यन्त्र नभई देवता प्रसन्न हुँदैनन् । सम्पूर्ण देवताहरूको पूजा यन्त्रमै गर्नु राम्रो हुन्छ । शरीर र आत्मा जसरी अभिन्न छन्, त्यसैगरी यन्त्र र देवतामा कुनै भेद छैन । यन्त्रचाहिँ मन्त्रमय हुन्छ र मन्त्र देवतास्वरूप हुन्छन् । काम, क्रोध आदि दोषहरूबाट दुःखको जन्म हुन्छ । यिनै दुःखहरूको नियन्त्रण वास्तवमै यन्त्र पूजनबाट हुन्छ, त्यसैले नै यसको नाम यन्त्र राखिएको हो । यसैमा पूजन गर्नाले देवता तुरुन्त खुसी हुन्छन् ।' यन्त्र अनेकौँ पदार्थहरूबाट बन्न सक्छन् । मुख्यतः मणि, सुन, चाँदी, तामा, स्फटिक, शालग्रामको शिलाबाट निर्माण गर्ने प्रचलन देखिन्छ । यी उपलब्ध छैनन् भने अपराजितपुष्प, जपापुष्प, रातो करवीर, द्रोणपुष्प आदिका यन्त्र हुन सक्छन् । यी पनि पाइँदैनन् भने तीर्थ, खोलानाला, कुवाको शुद्धजलमा पनि यन्त्रको भावना गरेर पूजन गर्न सकिन्छ । त्यो पनि छैन भने शुद्ध ठाउँ हेरेर पृथ्वीमा यन्त्रको कल्पना गरेपछि देवपूजन प्रारम्भ गर्नुपर्छ । यन्त्र नबनाई त्यसै पूजा गरेमा आयु, धन, सन्तान नष्ट हुन सक्छ भन्ने शास्त्रीय वचन पनि छ । यन्त्र जुन वस्तुबाट बनाइएको छ, त्यसका भेदले पनि फल बेग्लाबेग्लै हुन्छन् । तामाका यन्त्रमा पूजन गर्नाले लाख गुणा बढी फल हुन्छ भने चाँदीका यन्त्रमा करोड गुणा, सुवर्ण तथा स्फटिकका यन्त्रमा अनन्त फल पाइन्छ । मणिको यन्त्रमा त फल कति हो हिसाबै गर्न सकिन्न ।

भूमिमा सिन्दुरले यन्त्र बनाएर पूजन गर्नाले सम्पूर्ण कामनाको पूर्ति हुन्छ । सुवर्णयन्त्र पूजनबाट शक्तिशाली व्यक्तिहरू पनि आफ्ना वशमा पर्न आउँछन् । चाँदीका यन्त्र पूजनबाट दीर्घायु र आरोग्य पाइन्छ । तामाको यन्त्र पूजनबाट समस्त ऐश्वर्य लाभ हुन्छ । मणिको यन्त्र पूजनबाट शत्रुको विनाश हुन्छ । दश भाग सुन, सोह्र भाग चाँदी र बाह्र भाग तामा मिलाएर बनाएको लोहयन्त्रमा पूजन गर्नाले सौभाग्य प्राप्तिको साथै अभीष्ट सिद्धिलाभ हुन्छ । वंग, शीशा, फलाम, फल्याक, कपडाको यन्त्र भित्तामा राख्नुहुँदैन । यसबाट कुल धन, सन्तान निर्मूल भएर जान सक्छन् । खण्डित, फुटेबिग्रेको, दग्ध(डढेको), भ्रष्ट (लात्ती लागेको), अङ्गहीन, अयोग्य पशुले छोएको, खराब (अशुद्ध) ठाउँमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खसेको, अर्कै देवताका मन्त्रले पूजन गरिसकेको, पतित व्यक्तिले छोइदिएको यन्त्रहरूमा कहिल्यै देवताको अर्चना गर्नुहुँदैन, निषिद्ध छ ।

सम्प्रदाय, देवता, अनुष्ठानको लक्ष्य आदिलाई ध्यानमा राखेर यन्त्र बनाउने पद्धति पनि बेग्लाबेग्लै छन् । दक्षिणमार्गमा आठ किसिमको चन्दन लगाएर यन्त्र बनाइन्छ भने वाममार्गमा रक्त चन्दन लगाएर यन्त्रको निर्माण हुन्छ । आ-आफ्ना कुल परम्परा, शास्त्रीय निर्देश, गुरुका उपदेशबाट यन्त्र बनाएर पूजा गर्नु श्रेयस्कर हुन्छ । यन्त्र चार प्रकारका हुन्छन्ः- भूप्रस्तार, कूर्मप्रस्तार, पद्मप्रस्तार एवं मेरूप्रस्तर । सतहभन्दा न्यून रेखा भएमा भूप्रस्तार, ऊर्ध्वरेखा भएमा कूर्म र पद्मप्रस्तार, सतहभन्दा उठाएर बनाएमा मेरूप्रस्तार हुन्छ । यन्त्र बनाउँदा सोझो-सोझो रेखा तानेर बनाउनु पर्दछ, यसबाट लक्ष्मी वृद्धि हन्छ, ऐश्वर्य बढ्दछ । टेढा र बाङ्गा रेखा भएमा दरिद्रताको शिकार बन्नुपर्ने सम्भावना रहन्छ । सबै देवताको एउटै किसिमको यन्त्र हुँदैन । प्रत्येक देवताको बेग्लाबेग्लै यन्त्र हुन्छ । अझ एउटै देवताका पनि ध्यान र मन्त्र भेदले गर्दा अलग-अलग यन्त्रहरू हुन सक्छन् । यन्त्रका बीचमा मूल देवताको र वरिपरि आवरण देवताहरूको पूजन हुन्छ ।

विभिन्न कामनाहरूको पूर्तिका लागि बेग्लाबेग्लै यन्त्रहरूको पूजन र धारण गर्न सकिन्छ । मारण, मोहन, आकर्षण, वशीकरण, स्तम्भन, विद्वेषण, उच्चाटन आदि अभिचारकर्मका लागि यन्त्र प्रयोग गरिन्छ । शान्ति प्राप्त गर्न, डर हटाउन, रोग नष्ट गर्न, सर्प, भूत, प्रेत आदिको बाधा-बन्धनबाट मुक्त हुन, मोक्ष प्राप्त गर्न समेत विभिन्न यन्त्रहरूको निर्माण, संस्कार, पूजन, धारण गर्ने विधान तन्त्रशास्त्रहरूमा पाइन्छन् । यन्त्रहरूको संस्कार गर्नुपर्छ । संस्कार नगरेको यन्त्रमा पूजन गर्नाले, धारण गर्नाले देवता खुसी हुनुको सट्टा क्रुद्ध हुन्छन् । यसबाट आफ्नो इष्ट सिद्धि सम्भव हुँदैन । यन्त्रको महिमा अनन्त छ । यसको विधिपूर्वक गरिएका उपयोगबाट भोग र मोक्ष दुबै प्राप्त हुन सक्छ । यसको दुरूपयोग वा निषिद्ध उपयोगबाट देवताका श्रापको भागी हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यसकारण आ-आफ्ना परम्पराअनुसार योग्य गुरुबाट दीक्षा प्राप्त गरेर शास्त्रीय विधिपूर्वक यन्त्रको ग्रहण, पूजन र धारण गर्नु कल्याणकारी हुन्छ । सुन, चाँदी, तामा, पीठ, भोजपत्र, पृथ्वी यिनीहरूमा यन्त्र नलेखी पूजा गर्नुहुँदैन । वाममार्गमा आद्यपुष्प, रक्तले लेखिन्छ अथवा अपराजिता पुष्पमा रक्तचन्दन लगाएर यन्त्र बनाइन्छ । यसका अन्य विधि पनि छन् । प्रत्येक देवताको अधिष्ठान चक्र बेग्लाबेग्लै हुन्छन् । तिनीहरूलाई ध्यान दिएर निम्नानुसार यन्त्र तयारी गरिन्छ ।

१. कालीयन्त्रमा पाँचवटा त्रिकोण, तीन वृत्त, अष्टदल वृत्त र भूपुर हुन्छन् ।
२. ताराको यन्त्रमा त्रिकोण, वृत्त, अष्टदल र दुई भूपुर रहन्छन् ।
३. षोडशी त्रिपुरसुन्दरीयन्त्रमा बिन्दु, त्रिकोण, अष्टकोण, दुई दशकोण, चौध कोण, वृत्त, अष्टदल, षोडशदल, तीन वृत्त र तीन भूपुर हुन्छन् ।
४. भुवनेश्वरीयन्त्रमा षट्कोण, वृत्त, अष्टदल, वृत्त, षोडशदल र भूपुर हुन्छन् ।
५. भैरवीयन्त्रमा नौ त्रिकोण, वृत्त, अष्टदल र भूपुर रहन्छन् ।
६. छिन्नमस्तायन्त्रमा त्रिकोण, तीन वृत्त, अष्टदल र तीन भूपुर हुन्छन् ।
७. बगलामुखीयन्त्रमा त्रिकोण, षट्कोण, वृत्त, अष्टदल र भूपुर रहन्छन् ।
८. धूमावतीयन्त्रमा षट्कोण, वृत्त, अष्टदल र भूपुर रहन्छन् ।
९. मातङ्गीयन्त्रमा षट्कोण, वृत्त, अष्टदल र भूपुर रहन्छन् ।
१०. कमलालक्ष्मीयन्त्रमा षट्कोण, वृत्त, अष्टदल र भुपूर हुन्छन् ।

यी दश महाविद्याहरूमा पूजाका अधिष्ठान चक्रहरू भए । एउटा देवताको एउटै मात्र चक्र हुँदैन । प्रत्येक चक्रमा सम्बद्ध देवताको मूल बीज मुख्यरूपले बीचमा रहन्छ । आवरण देवता वा तिनका बीजहरू अन्य कोणहरूमा रहन्छन् । यस्तै किसिमले गणेश, शिव, विष्णु, सूर्य, दुर्गा आदिमा यन्त्र पनि भिन्न-भिन्न हुन्छन् । पूजा गर्दा तन्त्रशास्त्रमा उल्लिखित रीतिले, गुरुले उपदेश गरेको, परम्परामा चलेको यन्त्र बनाउनुपर्छ । आफूले लिएको दीक्षाअनुसार देवताको बीजमन्त्र प्रधानरूपले यन्त्रको मध्यभागमा लेखी श्रद्धा र भक्तिसाथ नित्यपूजा गर्नुपर्दछ । नैमित्तिक रूपमा पनि विधिपूर्वक अर्चन गर्ने गर्नुपर्दछ । यिनका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिरिक्त विविध कामनाहरूका पूर्तिका लागि पनि भिन्न यन्त्रहरूको पूजन गर्ने विधान तन्त्रहरूमा पाइन्छन् ।

स्थायी यन्त्रहरूको मन्दिरमा प्रतिष्ठा गरेर पूजन गरिन्छ । धातुका चक्कामा चन्दन लगाएर यन्त्र लेखी नित्य, नैमित्तिक एवं काम्य पूजा गरिन्छ । इष्ट देवता, कुलदेवताहरूको सुन, चाँदी, तामा, मणि, भोजपत्र, कागज जे उपलब्ध हुन्छ, त्यसमा यन्त्र लेखी पूजा गरेर शिर, घाँटी, हात, कमरमा बाँधिन्छ । यन्त्र धोएको दूध वा पानीलाई प्रसाद मानेर पिइन्छ । यसरी यन्त्रका प्रयोगहरू पनि अनेकौँ छन् । संस्कार गरेर ग्रहण वा धारण गरिसकेपछि मन्त्रले अभिषिक्त यन्त्रको प्रकाश गर्नुहुँदैन, नत्र देवता क्रुद्ध हुन्छन् । प्रतिमा र कपडामा लेखिएको यन्त्रलाई सधैँ स्नान गराउनु हुँदैन, केवल पर्वपर्वमा मात्र मलनिवारण गर्नु उचित हुन्छ । दक्षिणायन वा उत्तरायणको दिन, संक्रान्ति परेको बेला, चन्द्र-सूर्य ग्रहणको अवसरमा र विशेष पर्वकालमा यन्त्रको धारण गर्ने विधान छ ।

यन्त्र लेखन कार्यको लागि मुख्यतः भोजपत्र एवं यसका अतिरिक्त स्वर्णपत्र, रोप्यपत्र, ताम्रपत्र, कागज तथा अन्य प्रकारका पत्रको प्रयोग गर्न सकिन्छ । प्रायः प्रत्येक यन्त्रको आफ्नो लेखन विधि हुन्छ । जुन विधिले निर्देशित यन्त्र लेखन गर्ने हो, त्यसैले लेख्नुपर्छ । जहाँ यन्त्रको विधान छैन, त्यहाँ भोजपत्रमाथि यन्त्र लेख्नुपर्छ । यन्त्र लेखनको कार्यमा गन्धको वर्णन पनि गरिएको पाइन्छ । गन्धक नभए अष्टगन्ध (गोरेचन, कपूर, हात्तीको मद, अगर, कस्तुरी, केशर, रक्तचन्दन, श्वेत) वा अष्टगन्धको एक वस्तुबाट यन्त्र लेख्नुपर्छ । यन्त्र लेखन कलमको विधि पनि यन्त्रअन्तर्गत पर्छ । जहाँ यन्त्र लेखन कलमको विधान छैन, त्यहाँ सुनको सलाई प्रयोग गर्नुपर्छ । कार्य सिद्धिको लागि चमेलीको कलम, आकर्षणको लागि जामुनको कलम, स्तम्भनको लागि बरगदको कलम, वशीकरणको लागि कुशको कलम र शुभ कार्यको लागि सुन, चाँदीको कलमले यन्त्र लेख्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यन्त्र कुनै वस्तुमा भरेर धारण गर्न सकिन्छ। जहाँ कुनै प्रकारको उल्लेख छैन, त्यहाँ सुन, तामा, चाँदीको बीजमा भरेर यन्त्र धारण गर्नुपर्छ। यन्त्र शरीरको कुनै उपयुक्त अङ्गमा धारण गर्न सकिन्छ। जहाँ कुनै प्रकारको उल्लेख छैन त्यहाँ पुरुषको दायाँ भुजामा, स्त्रीको बायाँ भुजामा यन्त्र धारण गर्नुपर्छ। सबै यन्त्रको लेखन कार्य शुद्ध हृदयले गर्नुपर्छ। यन्त्र पूजा गर्नुभन्दा पहिले नुहाउने, चन्दन लगाउने, सुन्दर वस्त्र धारण गर्ने, शुद्ध स्थानमा बसेर मात्र यन्त्र लेख्नुपर्छ। दुईवटा कुरुकुरु तथा यसको तल वियदयुक्त सर्गबीज 'अः' लेख्नुपर्छ। त्यसपछि ईशानादि चारै कुनामा हंस सोऽहं तथा प्राणीबीजको चारै तथा दिग्बीजको प्रत्येक दिशामा यन्त्र गायत्रीमा लेख्नुपर्छ। ' यन्त्रराजाय विद्महे महायन्त्राय धीमहि तन्नो यन्त्र प्रचोदयात्' मन्त्रद्वारा यन्त्रको चारैतिर वेष्टित गर्नुपर्छ। सावधानीपूर्वक यन्त्रमा लेखेर सुवर्णादिद्वारा यन्त्र वेष्टित गरी प्रतिष्ठाको सर्वतोभद्र मण्डलद्वारा आठौं समूहमा कलश स्थापित गर्नुपर्छ। यसमाथि यन्त्र राखी समूहको कोणमा चार कलश राख्नुपर्छ। प्रत्येक कलशमा हात राखेर 'आं ह्रीं क्रौं' यी तीन अक्षर विद्यामा कूर्चबीज लगाएर कलशको जलद्वारा अभिशेक मन्त्रद्वारा मन्त्र देवताको प्राणप्रतिष्ठा गर्नुपर्छ। यन्त्र गायत्रीद्वारा मन्त्रको षोडशोपचार पूजा गर्नुपर्छ। ब्राह्मण, सुवासिनी तथा कन्यालाई भोजन गराई दक्षिणा दिनुपर्छ। जुन अङ्गमा यन्त्र धारण गर्ने विधान हो, उसै अङ्गमा यन्त्र धारण गर्नुपर्छ।

सर्वप्रथम साधकले यन्त्रमा विश्वास गर्नुपर्छ। कल्पमा अविश्वास हुँदा अभिचार हुन पुग्छ र अविश्वासले गरेको साधना हानिकारक हुन्छ। स्नान गरेपछि पवित्र मनले कुल देवताको पूजा गर्नुपर्छ। एकान्तस्थानमा यन्त्र लेखी तीन दिनसम्म भोग विधानअनुसार पूजा गर्नुपर्छ। ब्रह्मचर्यपालन गरी शुद्ध मनले तीन दिनसम्म भूमिमा शयन गरेको तीन दिनमा स्वप्नद्वारा अधिष्ठातृ देवता सिद्ध, साध्य, सुसिद्ध आदिको लक्षण प्रकट हुन्छ। स्वप्न नभए कार्य असिद्ध भएको मान्नुपर्छ। स्वप्नावस्थामा साधकले देवताको मुखबाट जे सुनेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ, त्यसअनुसार फल प्राप्त हुन्छ। जुन मन्त्रद्वारा, जुन यन्त्रको सिद्ध गरिन्छ, त्यस मन्त्रलाई ग्रहण गर्नु उचित हुन्छ। निषिद्ध विधिको त्याग गर्नुपर्छ।

यन्त्र चार प्रकारका हुन्छन् १.सिद्ध २.साध्य ३.अरि ४.सुसिद्ध। नौ, एक, पाँचमा सिद्ध, ६, दश, दुईमा साध्य, तीन, सात, एघारमा सुसिद्ध तथा चार, आठ, बाह्रमा रिपु संज्ञक हुन्छ। आफ्नो राशिद्वारा यन्त्रको राशि नवौँ, पहिलो वा पाँचौँ भए सिद्ध, छ दश वा दोस्रो भए साध्य, तेस्रो, सातौँ वा एघारौं भए सुसिद्ध एवं चौथो, आठौं, बाह्रौं भए शत्रुसंज्ञक हुन्छ। सिद्धकालमा सिद्ध हुन्छ, साध्यकालमा सिद्ध हुन्छ वा नहुन पनि सक्छ। राशि, काल, स्वप्न साधकको मनोगतअनुसार बुझेर यन्त्र साधनको कार्य आरम्भ गर्नुपर्छ। यन्त्र साधकले साधनापूर्व स्नान गर्नुपर्छ। पवित्र, एकान्तस्थानमा बसेर नसिलाएको वस्त्र धारण गर्नुपर्छ। मुहूर्त विचार गरेर कूर्मचक्रमा विधिअनुसार आसनमा बसी यन्त्र साधन गर्नुपर्छ। यन्त्र साधनकालमा ब्रह्मचर्यपालन गरी (स्त्रीसम्बन्ध नगरी) हलुका भोजन गर्नुपर्छ। दिनमा वा रातमा जुन स्थानमा बसेर यन्त्र लेख्ने हो, त्यहाँ बत्ती जलाउनुपर्छ। जलपूरित कुम्भ वा गंगासागर आदिमा भाव गरी कुनै पात्रमा जल भरेर सामुन्ने राख्नुपर्छ। लेखनको अन्त्यमा यन्त्रलाई नैवेद्य, पुष्पादिद्वारा पूजन गर्नुपर्छ। मित्रताको लागि यन्त्र लेख्ता मुखमा मिश्री वा गाईको घिउ राख्नुपर्छ। अगर, तगर, चन्दन, चूरा, गुग्गुल, मिश्री, गाईको घिउ, शहद, कपुर, दालचिनी, जायाफल, मेवा आदिलाई एकत्र पारी धूप दिनुपर्छ। मारणकर्मको लागि यन्त्र लेख्ता मुखमा सिदेनुन वा नीमका पात राखेर लेख्नुपर्छ र धूप दिनुपर्छ। जिभ्रो बन्द गरी यन्त्र लेख्ने भए मुखमा मोम राख्नुपर्छ। यसैलाई धूप दिनुपर्छ। यन्त्रको प्रकारसम्बन्धी मुसलमानहरूको विचारमा चारवटा छन् १.खाकी २.वादी ३.आबी ४.आल्सी। राशिको संज्ञा निम्नानुसार छ। जसले मनोरथ सिद्ध गर्ने हो, उसले प्रबल संज्ञावाला यन्त्र प्रयोग गर्दा सदा सिद्धिदायक हुन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

संज्ञा	राशिका नाम
खाकी	वृष, कन्या, मकर
वादी	मिथुन, तुला, कुम्भ
आबी	कर्कट, वृश्चिक, मीन
आल्सी	मेष, सिंह, धनु

तान्त्रिक साधनमा विभिन्न प्रकारका देवीदेवताको पूजन यन्त्रका वर्णन गर्नुका साथै स्वरूपको दिग्दर्शन नहुनाले यहाँ तान्त्रिक साधनमा प्रयुक्त मुख्य-मुख्य यन्त्रको स्वरूप चित्रण गरिएको छ ।

वर्ण	रुद्र	शक्तिरूप	विष्णु	शक्ति
अ	श्रीकण्ठ	पूर्णोदरी	केशव	कीर्ति
आ	अनन्त	विरजा	नारायण	कान्ती
इ	सूक्ष्म	शात्मली	माधव	तुष्टि
ई	त्रिमूर्ति	लोलाक्षी	गोविन्द	पुष्टि
उ	अमरेश्वर	वर्तुलाक्षी	विष्णु	धृति
ऊ	अर्धीश	दीर्घघोणा	मधुसूदन	क्षान्ति
ऋ	भावमूर्ति	सुदीर्घमुखी	त्रिविक्रम	क्रिया
ऋ	तिथि	गोमुखी	वामन	दया
लृ	स्थाणु	दीर्घजिह्वा	श्रीधर	मेधा
लृ	हर	कुण्डोदरी	ऋषिकेश	हर्षा
ए	भिन्टिश	ऊर्ध्वकेशी	पद्नाभ	श्रद्धा
ओ	सद्योजात	ज्वालामुखी	वासुदेव	लक्ष्मी
च	कूर्म	आत्मशक्ति	हली	वाणी
छ	एकनेत्र	भूतमाता	मुषली	विलासिनी
ज	चतुरानन	लम्बोदरी	शूली	विरजा
झ	अजेश	द्राविणी	पाशी	विजया

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ञ	शर्व	नागरी	अङ्कुशी	विश
ट	सोमेश्वर	वैखरी	मुकुन्द	वित्तदा
ठ	लाङ्गली	मञ्जरी	नंदज	सुतदा
ड	दारुक	रूपिणी	नन्दी	स्मृति
ढ	अर्धनारीश्वर	वीरिणी	नर	ऋद्धि
ण	उमाकान्त	कोटरी	नरकजित	समृद्धि
त	आषाढी	पूतना	हरि	शुद्धि
थ	दण्डी	भद्रकाली	कृष्ण	मुक्ति
द	अद्रि	योगिनी	सत्य	मुक्ति
ध	मीन	शंखिनी	सत्त्वत	मति
न	मेष	गर्जिनी	शौरि	क्षमा
प	लोहित	कालरात्रि	शूर	रमा
फ	शिखी	कुब्जिनी	जनार्दन	उमा
ब	छगलण्ड	कपर्दिनी	भूधर	क्लेदिनी
भ	हिरण्ड	महावज्र	विश्वमूर्ति	क्लिन्ना
म	महाकाल	जया	वैकुण्ठ	वसुदा
य	कपाली	सुमुखेश्वरी	पुरोषत्तम	वसुधा
र	भुजकोश	रेती	वली	परा
ल	पिनाकी	माधवी	वलानुज	परायणा
व	खड्गीश	वारुणी	वाल	सूक्ष्मा
श	वक	वायवी	वृषघ्न	सन्ध्या
स	भृगु	सहजा	प्रभा	
ष	श्वेत	रक्षोविदारिणी	प्राज्ञा	
ह	नकुली	लक्ष्मी	निशा	
क्ष	शिव	व्यापिनी	अमोद्या	
त्र	संवर्तक	माया	विद्युता	

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्णअनुसारका ऋषि एवं छन्दका प्रकारलाई निम्नानुसार उल्लेख गरिएको छ ।

वर्ण	ऋषि	छन्द
अ आ	अर्जन्यायन	मध्या
इ ई	भार्गव	प्रतिष्ठा
उ ऊ ऋ	आग्निवेश्य	सप्रतिष्ठा
ॠ ऌ ॡ ए	गौतम	गायत्री
ऐ ओ	लौहित्यायन	अनुष्टुप
औ अं	वशिष्ठ	वृहति
अः	माण्डव्य	दण्डक
क	मौद्गायन	पङ्तिम
ख ग घ ङ	अज	त्रिष्टुप
च	योग्यायन	जगती
छ	गोपाल्यायन	अतिजगती
ज	नषक	शक्वरी
झ	अज	शक्वरी
ञ	काश्यक	अतिशक्वरी
ट	शुनक	अष्टि

वर्ण	ऋषि	छन्द
ठ	सौमनस्य	अत्यष्टि
ड	काख	धृति
डण	माण्डव्य	अतिधृति
त थ द ध	साङकृत्यायन	कृति
न प फ	कात्यायन	प्रकृति
ब	दाक्षायण	आकृति
भ	व्याघ्रायण	विकृति
म	शाण्डिल्य	सङ्कृति
य र	काण्डिल्य	अतिकृति
ल	दाण्डयायन	उत्कृति
व	जातायन	दण्डक
श	लाट्यायन	दण्डक
स ष ह	जय	दण्डक
क्ष	माण्डव्य	दण्ठक

वर्ग र ग्रह यसप्रकार छन् ।

वर्ग	स्वर वर्ग	क वर्ग	च वर्ग	ट वर्ग	त वर्ग	प वर्ग	य वर्ग
ग्रह	सूर्य	मङ्गल	शुक्र	बुध	गुरु	शनि	चन्द्र

राशि र वर्ण यसप्रकार छन् ।

राशि	मेष	वृष	मिथुन	कर्कट
वर्ग	अ आ इ ई	उ ऊ ऋ	ॠ ऌ ॡ	ए ऐ
राशि	सिंह	कन्या	तुला	वृश्चिक
वर्ग	ओ औ	अं अः श स ष ह ल	क ख ग घ ङ	च छ ज झ ञ
राशि	धनु	मकर	कुम्भ	मीन
वर्ग	ट ठ ड ढ ण	त थ द ध न	प फ ब भ म	य र ल व क्ष

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्ण र नक्षत्रको सम्बन्ध यस्तो रहेको छ ।

वर्ण	नक्षत्र
अ आ	अश्विनी
इ	भरुणी
इ उ ऊ	कृतिका
ऋ ऋ लृ लृ	रोहिणी
ए	मृगशिरा
ऐ	आर्द्रा
ओ औ	पुनर्वसु
क	पुष्य
ख ग	अश्लेषा
घ ङ	मघा
च	पूर्वफाल्गुनी
च ज	उत्तरफाल्गुनी
झ	हस्त
टठ	चित्रा

वर्ण	नक्षत्र
ड	स्वाती
ढण	विशाखा
त थ द	अनुराधा
ध	ज्येष्ठा
न प फ	मूल
ब	पूर्वषाढा
भ	उत्तरषाढा
म	श्रवण
यर	धनिष्ठा
ल	शतभिषा
वश	पूर्वभाद्रपद
सषहक्ष	उत्तरभाद्रपद
अंअ:ञ	रेवती

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

खण्ड - चार

विभिन्न यन्त्र र तिनीहरूको उपयोगिता

छिन्नमस्ता पूजन यन्त्र



'ॐ वीं ह्रीं क्लीं ऐं वज्रवैरोचनीये ह्रीं ह्रीं फट् स्वाहा'

श्रीछिन्नमस्तादेवीको पूजनमा माथिको यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीशमशानकाली पूजन यन्त्र





'ऐं ह्रीं श्रीं क्लीं कालिके ऐं ह्रीं श्रीं क्लीं'

श्रीशमशानकालीको पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरेर पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीमातङ्गी पूजन यन्त्र



'ॐ ह्रीं क्लीं हूं मातंग्यै फट् स्वाहा'

श्रीमातङ्गीदेवीको पूजामा माथिको चित्रानुसारको यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीचण्डी पूजन यन्त्र   चण्डिका बीसा यन्त्र





'ॐ ह्रीं त्रीं हुं फट्'

श्रीचण्डीदेवीको पूजनमा माथिको चित्रानुसारको यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीतारा पूजा यन्त्र





'ऐं ह्रीं क्लीं चंडिकायै नमः'

श्रीतारादेवी पूजा यन्त्रको स्वरूप निर्माण गरेर पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीवगलामुखी पूजन यन्त्र





'ॐ ह्लीं बगलामुखि सर्वदुष्टानां वाचं मुखं स्तम्भय जिह्वां कीलय बुद्धिं नाशय ह्लां ॐ स्वाहा'

श्रीवगलादेवीको पूजनमा माथिको चित्रानुसारको यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीत्रैलोक्य मोहिनी पूजन यन्त्र



ह्रीं नमो ब्रह्मश्रीराजिते राजपूजिते जय विजये गौरिगान्धारि त्रिभुवनवशंकरि सर्वलोकवशंकरि सर्वस्त्री पुरुषवशंकरि सुसु दुदु घेघे वावा ह्रीं स्वाहा।

श्रीत्रैलोक्यमोहिनीदेवीको पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीसिद्धिगोपाल पूजन यन्त्र



'ॐ वाल वपुषे क्लीं कृष्णाय स्वाहा'

श्रीकृष्ण पूजा यन्त्र



'क्लीं कृष्णाय गोविंदाय गोपीजन वल्लभाय स्वाहा'

श्रीसिद्धिगोपाल पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीत्रिपुराभैरवी पूजन यन्त्र





'हसैं हसकरीं हसैं'

श्रीत्रिपुराभैरवी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीगणपति पूजन यन्त्र



'गं गणपतये नमः'

श्रीगणपति पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीबटुकभैरव पूजा यन्त्र





'ॐ ह्रीं बटुकाय आपदुद्धारणाय कुरु बटुकाय ह्रीम्'

श्रीबटुकभैरव पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीभूवनेश्वरी पूजा यन्त्र





'ह्रीं'

'ऐं ह्रीं श्रीं'

श्रीभूवनेश्वरी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीविष्णु सुदर्शना यन्त्र





'ॐ नमो नारायणाय'

श्रीविष्णुसुदर्शना पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमत् यन्त्र





हनूमत् पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

●●●

हनूमान् धारणा यन्त्र



हनूमान् धारणा पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हनूमद् पूजन यन्त्र

'ह्रौं ह्स्फ्रें ख्फ्रें, ह्स्त्रौं ह्स्ख्फ्रें ह्सौं हनुमते नमः'

हनुमद् पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीनृसिंह पूजन यन्त्र




ॐ उग्रवीरं महाविष्णुं ज्वलंतं सर्वतोमुखं । नृसिंह भीषणं भद्रं मृत्युमृत्युं नमाम्यहम् ॥

श्रीनृसिंह पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महामृत्युञ्जय ऊर्ध्वमुखी पूजन यन्त्र





'ॐ हौं जूं सः भूर्भुवः स्वः ॐ त्र्यम्वकं यजामहे सुगन्धिं पुष्टिवर्धनम्।
उर्वारुकमिव बंधनान्मृत्योर्मुक्षीय माऽमृतात्। स्वः भुवः ॐ सः जूं हं ॐ'

महामृत्युञ्जय ऊर्ध्वमुखी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

●●●

चिन्तामणि यन्त्र





चिन्तामणि पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीदत्तात्रेय यन्त्र



'ॐ आं ह्रीं क्रौं एहि दत्तात्रेयाय स्वाहा'

श्रीदत्तात्रेय पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गर्नुपर्छ ।

•••

श्रीधनदादेवी पूजन यन्त्र



श्रीधनदादेवी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी. पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

धुमावतीपूजा यन्त्र





'धूं धूं धूमावति स्वाहा'

धुमावती पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

श्रीदुर्गा पुजन यन्त्र



'ॐ ह्रीं दुं दुर्गायै नमः'



हूं दुं स्वाहा, ह्रीं दुं फट्, ॐ दुं, क्लीं दुं फट्

श्रीदुर्गा पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दुर्गासप्तशती यन्त्र



ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे ॐ ग्लौं हुं क्लीं जूं सः ज्वालय ज्वालय ज्वल ज्वल प्रज्वल प्रज्वल ऐं ह्रीं क्लीं चामुण्डायै विच्चै हं सं लं क्षं फट् स्वाहा।

दुर्गासप्तशती पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

गायत्री पूजन यन्त्र





गायत्री पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीघण्टाकर्ण महायन्त्र



ॐ	घं	टा	क	र्णो	म	हा	वी	रः	स	र्व	व्या
ता	क्ष	र	पं	क्ति	भि	रो	गा	स्त	त्र	प्र	धि
खि	त्क्ष	यं	शा	कि	नी	भू	त	वे	ता	ण	वि
लि	पा	स	र्पे	ण	दं	स्य	ते	अ	ला	श्य	ना
वा	ज	च	घं	टा	क	र्णो	न	ग्नि	रा	न्ति	श
दे	र्णे	न	ह्रीं	र	ठः	ठः	मो	चौ	क्ष	वा	कः
से	क	स्य	ब्लूं	वी	स्वाहा	ठः	स्तु	र	सा	त्त	वि
ष्ठ	न्ति	त	क्लीं	र	न	ॐ	ते	भ	प्र	पि	स्फो
ति	या	णं	श्रीं	ह्रीं	ॐ	स्ति	ना	यं	भ	त्त	ट
त्वं	स्ति	र	म	ले	का	ना	नः	न्ति	व	क	क
त्र	ना	यं	भ	ज	रा	त्र	त	वाः	भद्	फो	भ
य	लः	व	हा	म	क्ष	र	क्ष	र	प्ते	प्रा	य

श्रीघण्टाकर्ण महायन्त्रको पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

●●●

लक्ष्मीप्रदायक महासिद्ध यन्त्र



'ॐ ह्रीं श्रीं क्लीं ब्लं अर्हं नमः'

लक्ष्मीप्रदायक महासिद्ध पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

महालक्ष्मी सिद्ध वीसा यन्त्र





महालक्ष्मी सिद्ध वीसा पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

लक्ष्मी पूजा यन्त्र





'श्रीं'

लक्ष्मी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मातङ्गी पूजा यन्त्र



'ॐ ह्रीं क्लीं हूं मातंग्यै फट् स्वाहा'

मातङ्गी पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

●●●

सरस्वती पूजा यन्त्र



'क्रीं हूं ह्रीं'

नील सरस्वती-भद्रकाली पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पतिवशीकरण यन्त्र

ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं ह्रीं
क्रों ह्रीं क्लीं गं 'अमुकः' गं
क्लीं ह्रीं क्रों ह्रीं क्लीं क्रों ह्रीं
ह्रीं ह्रीं ह्रीं ह्रीं

देव देव गणाध्यक्ष सुरासुरनमस्कृत। देवदत्तं महावश्यं यावज्जीवं कुरु प्रभो॥

पतिवशीकरण यन्त्र पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

सरस्वती सर्वसिद्धि यन्त्र

8	15	2	8
7	3	12	11
14	9	9	1
4	6	10	13

'ॐ ह्रीं ऐं ह्रीं ॐ सरस्वत्यै नमः'

सरस्वती सर्वसिद्धि पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीशक्ति बीसायन्त्र



'ॐ ऐं ह्रीं क्लीं चामुण्डायै विच्चे'

श्रीशक्ति बीसा पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

शीतलाका यन्त्र

9	44	9	51
74	4	4	52
3	28	87	91
9	5	39	35

शीतला पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीयन्त्र



श्रीयन्त्र पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

त्रिपुरसुन्दरी यन्त्र





'श्रीं ह्रीं श्रीं कएइलह्रीं हसकहलह्रीं सौः ऐं क्लीं ह्रीं श्रीं',

त्रिपुरसुन्दरी (षोडशी) पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रीसूर्य पूजा यन्त्र



'ॐ ह्रीं घृणि: सूर्य आदित्य श्रीं'

ॐ प्रातः स्मरामि खलु तत्सवितुर्वरेण्यं रूपं हि मंडलमृचोऽथ तनुर्यजूंषि।
सामानि यस्य किरणाः प्रभवादि हेतुं ब्रह्माहरात्मकमलक्ष्यमचिंत्यरूपम् ॥
प्रातर्नमामि तरणिंतनुवांगमनोभिर्ब्रह्मेंद्रपूर्वक सुरैर्नुत मर्चितं च॥
वृष्टि प्रमोचन विनिग्रह हेतुभूतं त्रैलोक्य पालन परं त्रिगुणात्मकं च॥
प्रातर्भजामि सवितारमनंतशक्तिं पापौघशत्रु भयरोग हरं परं च॥
तं सर्व लोककलनात्मक कालमूर्ति गोकण्ठबंधन विमोचनमादिदेवम्।

सूर्य पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ।

•••

चन्द्र पूजा यन्त्र



7	2	9
8	6	4
3	10	5

'ॐ ऐं ह्रीं सोमाय नमः'

चन्द्र पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मङ्गल पूजा यन्त्र

8	3	10
9	7	5
4	11	6

'ॐ अं अंगारकाय नमः'

मङ्गल पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

बुध पूजा यन्त्र

9	4	11
10	8	6
5	12	7

'ॐ बुं बुधाय नमः'

बुध पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बृहस्पति पूजा यन्त्र

10	5	12
11	9	7
6	13	8

'ॐ बृं बृहस्पतये नमः'

बृहस्पति पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

शुक्र पूजा यन्त्र

11	6	13
12	10	8
7	14	9

'ॐ द्रां द्रीं द्रौं सः शुक्राय नमः'

शुक्र पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शनि पूजा यन्त्र

12	7	14
13	11	9
8	15	10

'ॐ खां खीं खौं सः शनये नमः'

शनि पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

•••

राहु पूजा यन्त्र

13	8	15
14	12	10
9	16	11

'ॐ रां राहवे नमः'

राहु पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

केतु पूजा यन्त्र



14	9	16
15	13	11
10	17	12

'ॐ प्रां प्रीं प्रौं सः केतवे नमः'

केतु पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

●●●

नवग्रह दोषनासक यन्त्र

बु	शु	च
गु	र	कु
रा	श	के

तृतीय ते दृष्टिर्दरदलितहेमाम्बुजरुचिः समाधत्ते सन्ध्यां दिवसनिशयोरिन्तरचरीम् ॥

नवग्रह पूजनमा माथिको चित्रानुसार यन्त्र निर्माण गरी पूजनोपचारादि कार्य गर्नुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



आसन विधान एवं प्रयोग

यौगिक साधनामा चौरासी लाख आसन रहेको बताइन्छ । आसनले शरीरको स्थिरता हुन्छ, रोग लाग्न दिँदैन । चित्तवृत्तिलाई निरोध गर्दछ र सुख प्राप्तिमा सहयोग गर्दछ । *पाणिनि योग सूत्र* (२।४६)मा भनिएको छ "स्थिरसुखमासनम्" अर्थात् जहाँ स्थिरता र सुख हुन्छ अथवा जहाँ सुखपूर्वक बस्न सक्छ त्यही आसन हो । आसन अनुकूल नभई साधना सफल हुन सक्दैन । खान, बस्न त आसनको स्थिति विचार गरिन्छ भने साधनामा यसको स्थान विशेष रहन्छ । जप, ध्यान, योग आदिमा प्रयोग गरिने आसन सबैको व्याख्या यहाँ सम्भव छैन । यहाँ चार आसन नै उचित देखिन्छ जसको अभ्यास प्रत्येक साधकले गर्नुपर्छ । अनुष्ठानको उद्देश्य एवं कर्मानुसार उपर्युक्त आसनमा बस्ने विधि फरक-फरक किसिमका हुनछन् । कपडा, कुश अथवा छालाको आसन उत्तम हुन्छ भने काठ, पालुवा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बाँस, ढुङ्गा, गोबर, विषयुक्त छेस्का र कडाखालको आसनमा बस्न हुँदैन ।[1] भूतशुद्धि बिना कुनै प्रकारको साधना सफल हुँदैन । भूतशुद्धिको अर्थ शरीरस्थ मलित भूतको भस्म गरी नवीन दिव्य भूतको निर्माण गर्नु हो । जसको शरीर पूर्ण पवित्र भई साधनाको दिव्य लोकद्वारा प्रकाशित हुन सकोस् ।

भूतशुद्धिका लागि सर्वप्रथम स्थानादि गरी आसनमा बस्नुपर्छ । मेरो चारैतिर अग्निपुञ्ज छ जसको पार गरेर पाप निकट आउन सक्दैन भन्ने चिन्तन गर्नुपर्दछ । यस हेतुले आसनको चारैतिर अग्निबीज रं को उच्चारण गरी जल छर्कनुपर्छ । जौ, तील, कुश लिएर साधकले "ॐ आदित्यादि देवपूजा कार्य सिद्ध्‌र्थे भूत शुद्धाद्यहं करिष्ये" भनी संकल्प गर्नुपर्दछ । साधनाकै क्रममा कुण्डलिनी चिन्तनद्वारा कुण्डलिनीलाई उद्‌बुद्ध गर्ने प्रयास गर्नुपर्छ । स्वशरीरमा पैतालादेखि तालुसम्म विद्यमान रहेको पृथ्वीमण्डलको ध्यान गर्नुपर्छ । भूतशुद्धि साधना सफलताको लागि आवश्यक छ । भ्राता गुरुले कुनै महात्माबाट प्राप्त गरी अर्को प्रकारको भूतशुद्धि बताएका छन् । यसमा भूतशुद्धिको पाँच मन्त्र छन् ।

१. ॐ भूत श्रृंगारात् शिरः सुषुम्णापथेन जीव शिवं पदे योजयामि स्वाहा ।
२. ॐ यं लिङ्ग शरीरं शोषय स्वाहा ।
३. ॐ रं संकोच शरीरं दह दह स्वाहा ।
४. ॐ परम शिव सुषुम्नापथेन मूल श्रृंगट्म उल्दस ज्वल, ज्वल, प्रज्वल, प्रज्ज्वल, सोऽहं हम् स्वाहा ।
५. ॐ भ्रं भूत दह दह स्वाहा ।

उपर्युक्त मन्त्रको भावना सम्झीं आवृत्ति गर्नुपर्छ अनि मात्र उपलब्धी प्राप्त हुन्छ । साधनाका लागि कुनै समस्या नपर्ने गरी सरल आसनमा अनुष्ठान गर्नुपर्दछ । तन्त्रमा कुन लक्ष्य साध्य गर्ने हो, त्यहीअनुसार आसनमा बस्ने विधान छ, जसलाई निम्नानुसार वर्णन गरिएको छ ।

---

१ जपेन्निधाय दर्भास्त्रीन्कुशचर्मवरासने ।
काष्ठापल्लववंशाश्मगोशकृत्तृणमृन्मयम् ।
विषमं कठिनं मन्त्री त्यजेदासनमाधिदम् ॥

-मन्त्रोमहोदधि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. पुष्टिकर्ममा पद्मासनमा बस्नुपर्छ । प्रथमतः पलेंटी मारेर बस्नुपर्छ फेरि दायाँ पाउको बायाँ जाँघमा तथा बायाँ पाउको दायाँ जाँघमा समाउनुपर्छ । बायाँ हातको बायाँ घुडामा तथा दायाँ हातको दायाँ घुडामा राख्नुपर्छ । यस आसनमा पीठ, गला, शिर तथा रीढ सीधा राख्नुपर्छ ।

२. स्तम्भनकर्ममा विकटासन मुद्रामा बस्नुपर्छ । जानु र कम्मरको बीच दुबै भुजाको प्रवेश गरी बस्नुपर्छ । विकटासनको स्वस्थ चित्रमा पनि प्रस्तुत गरिएको छ ।



पद्मासन   विकटासन

३. आकर्षण, पुष्टिकर्म तथा विद्वेषणकर्ममा कुम्कुटासअनुसार बस्नुपर्छ । यो आसनको क्रिया यस्तो छ । चित्रअनुसार विकटासन गरी दुबै पाउको समान भागमा स्थापनपूर्वक जानुमा दुबै हात प्रोशित गर्नुपर्छ । यसलाई कुम्कुटासन भनिन्छ ।

४. शान्तिकर्ममा स्वस्तिक आसनद्वारा बस्नुपर्छ ।

५. उच्चाटनकर्ममा अर्द्ध स्वस्तिक आसनमा बस्नुपर्छ ।

६. मारणकर्ममा अर्द्ध स्थापन पार्ष्णिक आसनमा बस्नुपर्छ ।

७. वशीकरणकर्ममा भद्रआसनमा बस्नुपर्छ ।

यी सबै आसनको प्रयोग कुनै योगीद्वारा सिक्नुपर्छ । स्वयं आसनको प्रयोग आरम्भ गरे अभिलाषा पूर्ति नभई अनिष्ट वा कष्ट प्राप्त हुने शंका रहन्छ । साधनामा आसनको ठूलो महत्त्व भएकाले यसमाथि विचार र विवेचन गर्न

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आवश्यक छ। कुन उद्देश्य प्राप्तिका लागि अनुष्ठान गर्न लागिएको हो आसनमा त्यस्तै विछ्याउन आवश्यक पर्दछ। जस्तै वशीकरणका लागि भेडाको छालामा आसन बनाई साधना गर्नुपर्छ। आकर्षणकर्मको लागि बाघको छालामा आसन बनाई साधना गर्नुपर्छ। उच्चाटनकर्ममा उँटको छालाको आसन चाहिन्छ। विद्वेषणकर्ममा घोडाको छालाको आसन बनाउनुपर्छ। मारणकर्मको लागि भैंसीको छालाको आसन उपयुक्त हुन्छ। मोक्ष साधनको लागि हातीको छालामा आसन गर्नुपर्छ। रातो वर्णको आसन सर्वकार्यको लागि शुभ हुन्छ। आसन सफा, सुग्घर, पवित्र हुनुपर्छ। फाटेको कीराले खाएको आसन प्रयोग गर्नुहुन्न। छालाको आसन प्रयोग गर्नु पूर्व उसमा हित छ/छैन हेरेर मात्र प्रयोग गर्नुपर्छ। जप, साधनापछि आसनको सफाइमा ध्यान दिनुपर्छ। त्यसलाई पुछेर, पवित्र स्थानमा पट्याएर राख्नुपर्छ। कीरा, मूसा, कीट आदि आसनमा प्रवेश नगरोस् वा अपवित्र नबनाओस् भन्ने विषयमा ध्यान पुऱ्याउनुपर्छ।

आसनमा बस्नुपूर्व कूर्मचक्र विधिअनुसार ओछ्याउनुपर्छ। जुन स्थानमा पूजनको लागि बसेको हो, त्यसलाई नौ भाग गर्नुपर्छ। फेरि स्थानको नाममा शिरको अक्षरको भाग जुनमा पर्छ त्यसलाई पनि नौ भाग गर्नुपर्छ। पूर्व अक्षरमा जुन मास हुन्छ, त्यसैको मात्रा आसन विच्छयाउनुपर्छ। जस्तै कोठाको पछिल्लो अक्षर कूर्मको शिरमा छ। शिरको नौ भागमा मात्र उत्तरदिशाको मध्य स्थानमा छ। चित्रमा जहाँ



कालो रङ्ग छ, उहीँ नै आसन ओछ्याउने स्थान हो। यन्त्र लेख्ने, जप गर्ने स्थानमा आसन पूर्व दिशामा राख्नुपर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



दोस्रो दिन अग्निकोण, दक्षिण यसै प्रकांरले सातौँ दिन उत्तरमा राख्नुपर्छ । ईशानकोण खाली राख्नुपर्छ । शुभकार्यमा चन्द्रमा, शुभबार तथा शुभदिशाको सामुन्ने राख्नुपर्छ । योगिनी, दिशाशूल एवं निकृष्ट बारको पछि राख्नुपर्छ । मध्यम कार्यको लागि चन्द्रमा, मध्यमबारको सामुन्ने दायाँ, योगिनीको पछि तथा शुभबारको कोणमा भए सामुन्ने कोणमा राख्नुपर्छ । शुभ बार भए सामुन्नेको दिशामा निकृष्ट बारलाई हेर्नुपर्छ ।



रविबार चक्र

कुनै कर्म रविबार आरम्भ गर्ने भए निम्न चक्रअनुसार वसेमा कार्य सिद्ध हुन्छ ।



शनिबार चक्र

कुनै कर्म शनिबारबाट आरम्भ गरेमा निम्न चक्रअनुसार आसनमा बसेमा शीघ्र लाभ प्राप्त हुन्छ ।

पश्चिम मुख गरी बस्दा चन्द्रमा तथा सामान्य दिशा,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बार सामुन्ने शुक्र सामान्य बार दायाँ, योगिनी ईशानकोणमा पीठ पछि, सामान्य खोटा दिन शनिबार पीठ पछि तथा उत्तम चन्द्रबार बायाँ, शुक्रको देखिने हुन्छ। योगिनीको दृष्टि बायाँ र मङ्गलमा पर्छ तथा बृहस्पति आइतबारको देखिन्छ।



बुधबार चक्र :

अधिकार वृद्धिका लागि बुधबारको कार्य आरम्भ गर्नुपर्छ। निम्न तालिकाको चक्रअनुसार बसेमा कार्य सिद्ध हुन्छ। पूर्व मुख बसे चन्द्रमा र बुध सामुन्ने हुन्छ। आइतबारपछि बुधको देखिन्छ। शुक्र-गुरु दायाँ, मङ्गल बायाँ, योगिनी र शनि दुबै पछि हुन्छ, ईशान मुख हुन्छ। चन्द्रमा, बुधबार, गुरु दायाँ, योगिनी बायाँ, शनि पछाडि हुन्छ। मङ्गल पनि बायाँ सरह हुन्छ। यो मारण, उच्चाटनको आरम्भ गर्ने भए नैर्ऋत्य मुख बसेर शनिबार धेरै खोटो हिन सम्मुख योगिनी, दायाँ बृहस्पति शुभबार बायाँ तथा चन्द्रमा पनि बायाँ हुन पुग्छ।



रविबार चक्र

अधिकार प्राप्त गर्न आइतबारको दिन निम्न चित्रअनुसार बस्नुपर्छ। पूर्वमुख चन्द्रमा तथा शुभबार, रविबार सामुन्ने छ, गुरु, योगिनी तथा दिशाशूल पीठ पछि रहन्छ। अति निकृष्ट शनिबार बायाँ भए मनोरथ

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शीघ्र पूरा हुन्छ । कुनै कार्य विलम्ब भएमा यसै विधिमा साधना आरम्भ गर्नुपर्छ ।

चित्रमा सामुन्ने योगिनी, दायाँ शनि, दिशाशूल बायाँ बुध पछि रवि, चन्द्र उत्तम तथा शुक्रमाथि मङ्गल दृष्टि छ ।

गुरुबार चक्र

कुनै मनोरथको प्राप्ति, वैरी वा क्रोधको लागि शुक्लपक्षको पहिलो गुरुको बायाँ सुटमा बसेर पूर्व मुख तथा योगिनी शुभकोण, शुभदिशामा भए अति शीघ्र सिद्धि प्राप्त हुन्छ । निम्न चित्रअनुसार यस सम्बन्धमा देखाइएको छ ।



कार्यनाशक सिद्धिचक्र

कसैलाई बाधा पुऱ्याउने, बिगार्ने, उपाय गर्ने हो भने निम्न चक्रअनुसार बसेर गर्नुपर्छ ।



ईशानमुखमा बसेर शनिश्चर दायाँ, योगिनी बायाँ पछि चन्द्रबार सामुन्ने शून्य हुन्छ । यस्तो अवस्थामा मनोरथ अवश्य सिद्ध हुन्छ । पौरस्त्य दर्शन एवं ग्रन्थहरूमा विभिन्न प्रकारका आसनको चर्चा छ जसमध्ये केहीलाई तल वर्णन गरिएको छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

१. स्वस्तिकासन

जानुनोरन्तरे सम्यक कृत्वा पादतले उभे ।
समकाय सुखासीन स्वस्तिकं तत् प्रचक्षते ॥


स्वस्तिकासन

स्वस्तिको अर्थ शुभ अर्थात् कल्याणयुक्त हुन्छ । यसमा जानु (जङ्घा)को मध्यमा दुबै पादतललाई राम्रोसँग स्थापित गरेको हुन्छ । यस आसनमा बायाँ खुट्टा तल, दायाँ खुट्टामाथि रहन्छ । गोली गाँठा जानु वा जङ्घाको बीचमा राख्नुपर्छ । गर्दन, छाती र मेरुदण्ड पुरै सीधा गरी बस्नुपर्छ । स्वस्तिक आसन सुखदायक, आराम तथा धेरै समयसम्म सुविधायुक्त तरिकाले बस्नको लागि उचित हुन्छ । धारणा, ध्यान, समाधि आदिका लागि यो आसन शुभ छ । यसमा चित्त एकाग्रता हुने बित्तिकै तनावको अवस्था कम हुनपुग्छ ।

२. समासन


समासन

कसैकसैले समासनलाई गुप्तासन वा समानासन पनि भन्छन् । यसमा बायाँ खुट्टाको औँला अण्डकोषको मुनि राखिन्छ, तन भूमिमा स्पर्श गर्नुपर्छ । बायाँ खुट्टामाथि दायाँ खुट्टा राख्नुपर्छ । यो आसन र स्वस्तिकासनमा यो फरक छ कि स्वास्तिकासनमा गोलीगाँठा बराबरी राख्नु हुँदैन, यसमा दुबै खुट्टाको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

गोलीगाँठा बराबरी जनेन्द्रियको माथि राख्नुपर्छ। हात सिधा र नेत्र सामुन्ने हुन्छ। गुप्तरोगको निवारणमा यो आसन अत्यधिक उपयोगी हुन्छ।

३. सिद्धासन

सिद्धासन अन्तश्चेतना जागृत गर्नका लागि सर्वश्रेष्ठ मानिन्छ। दायाँ खुट्टा, गोली गाँठा, गुदाको मध्य भागमा दृढताको साथ राखेर बायाँ खुट्टाको गोली गाँठा

सिद्धासन



सिद्धासन

मुतेन्द्रियमाथि सावधानीपूर्वक राख्नुपर्छ। मुतेन्द्रिय र वृक्कको वाधा नपुगोस्। दुबै घुँडा भूमिमा स्पर्श गरेको होस्। मुतेन्द्रिय र अण्डकोष दुबै गोलीगाँठाको बीचमा रहोस्। रीढको हड्डी सीधा पारी तर्जनी मोडेर अङ्गुठीको सरह लगाउनुपर्छ। यस आसनमा अभ्यासद्वारा मूल बन्ध स्वतः नै खुल्दछ। प्राण ऊर्ध्व गमन गर्दा विस्तारै सुषुम्नाको मार्ग खुल्न पुग्छ।

४. पद्मासन

पद्मासनलाई योगीजनले श्रेष्ठ आसन मान्छन्। यो आसनले सबै मनोरथ स्वतः सिद्ध हुन्छ।

बायाँ खुट्टाको दाहिने जाँघमा तथा दाहिने खुट्टाको बायाँ जाँघमा यस प्रकार



पद्मासन

पद्मासन

राख्नुपर्छ कि तल दुबै गोलीगाँठा जुटेको होस्। मेरुदण्ड, गर्दन, शिर सीधा पारी श्वासप्रश्वास क्रिया शिथिल गर्नुपर्छ। साथै दृष्टि नासिकाको अग्रभागमा स्थिर गरी सीधा बस्नुपर्छ। यो आसन अनेक व्याधाको निवारण गर्न सहायक छ। श्वसन क्रियाको नियमित गर्न सक्षम हुन्छ। यो आसन सर्वाधिक अनुकूल,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुखदायक एवं सफलदायक हुन्छ । अन्तश्चेतना जागृत एवं उत्थित गर्न यो आसनको प्रयोग गर्नुपर्छ । अभ्यासपछि साधक बाह्र/बाह्र घण्टा यो आसनमा बस्नुपर्छ । पद्मासनपश्चात् साधकलाई आधार लिएर जानकारी एवं अभ्यास गर्नु उत्तम हुन्छ ।

आधार

हाम्रो शरीर ईश्वरको कलाकृति हो, यो जटिल छ, गहन पनि छ । यो शरीरको मूल भावना एवं मूल रहस्य सम्झन समर्थ छ । साथै यो देहस्थित चक्र एवं रहस्य सम्झन सक्नुपर्छ ।



शून्यचक्र

हाम्रो प्राणमय कोषको मूलाधार सुषुम्ना नाडी हो । यो नाडी सूक्ष्म, ज्ञानवाहक, गतिवाहक छ । यो मेरुदण्डभित्र शरीरको आलोकित एवं ज्योतिरुस्न गर्न समर्थ छ । जहाँ-जहाँ नाडी गुच्छा झैँ बन्छ, त्यहाँ चक्रको आकार देखिन्छ ।

१. मूलाधार मन्त्र

पृथ्वीतत्त्व प्रधान चक्र हो, जुन शुण्डाकृतिको रूपमा जामुनजस्तो देखिन्छ । यो गुदाभन्दा माथि गणेश चक्रसम्म अश्व पुच्छवत् देखिन्छ । यसको दर्शन गर्नु नै यथार्थ दर्शन मानिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

२. स्वाधिष्ठानचक्र

मूलाधारबाट लगभग चार अङ्गुलमाथि मूत्राशय वा गर्भाशयको मध्यमा स्वाधिष्ठान चक्र अवस्थित हुन्छ। जसको रङ्ग दूधजस्तै छ। यो स्वर्ण बटुकाको समान हुन्छ। अभ्यासपछि यसमा जुन वाफ निस्कन्छ, त्यो मन र प्राणलाई पूर्ण तृप्ति दिनुका साथै सहायक हुन्छ। यसको दर्शनले ब्रह्मचर्य स्थिर एवं दृढ बन्छ।

३. मणिपुरचक्र

कतिपय साधकहरूले यसलाई नाभिचक्र पनि भन्छन्। मेरुदण्डको सामुन्ने नाभि प्रदेशमा यो अवस्थित छ। नाभि केन्द्रीय स्थान हो, जहाँबाट हजारौँ नाडी चतुर्दिक निस्कन्छ र हजारौँ नाडी आएर समाहित हुन्छन्। जसबाट नाडीको एक चक्र बन्छ र किरण निस्कने सूर्यसमान हुन्छ। यो अग्निसरह हुनाले गर्भस्थ बालको प्राण उष्मा यसैबाट प्राप्त हुन्छ।

४. सूर्यचक्र



नाभिबाट केही माथि दाहिने भागमा सूर्य चक्रस्थित हुन्छ। जुन अग्नितत्त्व प्रधान हुन्छ, ध्यानस्थ भई साधकले यसै चक्रबाट साक्षात्कार गर्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

रजोगुणद्वारा क्रियाशील चित्त, अहंकार सूक्ष्म प्राणको परिणाम सात्विक अवस्थामा चित्त र अहंकारको परिणाम चित्तमा रजोगुणद्वारा क्षुभित अहंकारको परिणाम ।

५. चन्द्रचक्र



यो चक्र नाभिमाथि अवस्थित चन्द्र विम्बिवत् हुन्छ । जीवनको सम्पूर्ण भोजन पचाउन, मीठो बनाउन यो सहायक हुन्छ । यो चक्रको दर्शन योगीजन आत्मसाक्षात्कारका लागि गर्दछन् ।

६. अनाहतचक्र

योगीजन यसलाई हत् चक्र पनि भन्छन् । छातीको दुबै अङ्गमा यो अवस्थित हुन्छ ।

जीवात्माको निवास यसैलाई मानिन्छ, साधक जब यसमा प्रवेश गर्छ तब साक्षात् ब्रह्मको दर्शन गर्दछ । यसपछि अनिर्वचनीय आनन्दमा विलीन हुन्छ ।

७. विशुद्धचक्र

यो चक्र हृदयमाथि कण्ठप्रदेशमा स्थित हुन्छ । यसको कमलवत् सोह्र दल हुन्छ । साधक आफ्नो साधनाको बलले यो चक्रमा प्रवेश गर्छन् ।

यो दिव्य श्रुत बन्छ, मन स्थिर हुन्छ, भोक प्यास समाप्त हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

८. आज्ञाचक्र

यो निधारको भूमध्यमा स्थित हुन्छ । यसलाई सर्वोपरी चक्र पनि मानिन्छ । यस चक्रमा प्रवेश गरी दीपशिखावत् ज्योतिको अनुभूत गर्दछन् । यसलाई दिव्य दृष्टि सम्पन्न चक्र भनिन्छ । साधक यहाँ पुग्न सके दूरदेशका घट्ना, पदार्थ, स्थिति आदि देख्न समर्थ हुन्छ । उसको दिव्य नेत्र प्राप्ति हुन्छ । शिवको तेस्रो नेत्रको अवस्थिति यसै आज्ञाचक्रको मध्य मानिन्छ । साधकअनुसार आज्ञाचक्रसम्म साधकको स्थिति मानिन्छ । संसारको समस्त शक्ति उसैसँग स्वतः हुन्छ । ऊ जे सोच्छ, आज्ञा दिन्छ त्यो कार्य तुरुन्त हुन्छ । शिवको महन दहन यस भनाइको ज्वलन्त उदाहरण हो । आज्ञाचक्रमा प्रवेश गरेपछि साधक सहस्रार चक्रमा प्रवेश गर्छ ।

९. सहस्रारचक्र



साधकहरू यसलाई ब्रह्मरन्ध्र पनि भन्छन् । भृकुटीबाट करीब तीन इन्चमाथि शिरको मध्यमा ज्योतिर्पिण्ड समान हुन्छ । यो ज्योतिर्पिण्ड हजारौँ किरणद्वारा उज्ज्वलित भएको देखिन्छ । त्यसैले यसलाई सहस्रार चक्र भनिन्छ । जो जोगी वा साधक सहस्रार चक्र भेदन गर्छ, ऊ लौकिक कार्यबाट माथि उठ्छ । भोक, प्यास, रोग, शोक, मरणको भय हुँदैन । ऊ अष्टसिद्धि, नवनिधिको स्वामी ब्रह्मवित् हुन पुग्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

खण्ड - छ

पञ्चमकार र पञ्चतत्त्व

पञ्चमकार तन्त्रको प्रमुख अङ्ग हो। पञ्चमकार तन्त्रको प्राणरूप हो। पञ्चमकार बिना तान्त्रिकको कुनै कार्यमा अधिकार हुँदैन। पञ्चमकार देवताका लागि दुर्लभ छ भने अरुको लागि त के होला ? आफैँ प्रष्ट हुन्छ। मद्य, मांस, मत्स्य, मुद्रा तथा मिथुन यी पाँच मकारद्वारा जगदम्बिकाको पूजा गर्नु सर्वोत्तम हुन्छ। यो बिना कुनै पनि कार्य सिद्ध हुँदैन। काली र ताराको मन्त्र ग्रहण गरी जो मद्य सेवन गर्दैन ऊ कलिमा पतित हुन्छ। जप, होम आदि कार्यमा अनाधिकारी हुन्छ। त्यस व्यक्तिको पितृ तर्पण व्यर्थ हुन्छ। जुन व्यक्ति काली र ताराको मन्त्र पाएर वीराचार गर्दैन, उसले शूद्रत्व प्राप्त गर्छ। सुरा सबै कार्यमा उपयुक्त हुन्छ तथा पृथ्वीमा यो एउटा मुक्तिदायिनी हो। सुराको नाम नै तीर्थ वा पान हो। वैदिक आदि ग्रन्थमा जुन मासुको मद्य भनिएको छ, त्यो मासु विशुद्ध हो। जुन मीनको भक्ष्ययोग्य मानिन्छ, त्यो मत्स्य सिद्धिप्रदायक हो। पृथुक, चिउडा, गोधूम, चणक आदि मुद्रा हुन्। यो मुद्रा मुक्तिप्रदायिनी हो। मकारमा प्रथम मद्य, द्वितीय मांस, तृतीय मत्स्य, चतुर्थ मुद्रा, पञ्चम मिथुन हो। जसबाट माया र मलादिका प्रशमन, मोक्षमार्गका निरूपण र आठ प्रकारको दुःखको अभाव हुन्छ, उसको नाम मत्स्य हो। माङ्गल्य जनन, समिदाको आनन्ददायक तथा सबै देवताको प्रिय हुँदा यसको नाम मांस भएको हो। पञ्चमकार सबै कार्यमा प्राणसरह प्रिय छ। पञ्चमकार बिना चण्डीमन्त्रको जप हुँदैन, यस सिद्धि पनि असम्भव छ। आनन्द नै परम ब्रह्म हो र पञ्चमकार यसको सूचक हो।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सुमनः सेवितत्त्वाच्च राजत्वात् सर्वदा प्रिये ।
आनन्दजननादेवि सुरेति परिकीर्तिता ।
मुदं कुर्वति देवानां मानांसि द्रावयन्ति च
तस्मान्मुद्रा इति ख्याता दर्शिता व्याकुलेश्वरि ॥

उत्तम पुरुष यसको सेवन गर्छन् । राजत्व र आनन्द जननको हो, यसैले यसको नाम सुरा हो । यसद्वारा देवताको मन आनन्दित एवं द्रवीभूत हुन्छ । यो देख्ने वित्तिकै परमेश्वरी पनि व्याकुल हुन्छिन्, त्यसैले यसको नाम मुद्रा भएको हो । मद्यपान गर्दा अष्टैश्वर्य, परमोक्ष एवं मांसको भक्षणबाट मात्र साक्षात् नारायणत्व लाभ हुन्छ, मत्स्य भक्षण गर्ने समय कालीको दर्शन हुन्छ, मुद्राको सेवनले मात्र विष्णुरूप प्राप्त हुन्छ, मिथुनद्वारा शिवतुल्य हुन्छ ।[१] मधु, मत्स्य, मांस, मुद्रा र मिथुन यी पाँच मकारद्वारा भैरवेश्वरको पूजा गर्नुपर्छ । कोटी कन्यादान गर्दा तथा भूमि, सुन दान गरेमा जुन फल हुन्छ, कौत्लिक कार्यमा यसको एक बूँद दान गरें उति नै पुण्यलाभ हुन्छ । सुवर्ण संयुक्त पृथ्वी दान दिँदा जुन फल मिल्छ, प्रथमयुक्त तृतीय द्रव्य वा प्रथमयुक्त द्वितीय द्रव्य दान दिँदा त्यही फल हुन्छ । माता, योगिनी, भैरवादि सबै यसबाट तृप्त हुन्छन् । जुन साधकले पञ्चमकार छोडी अन्य द्रव्य कल्पित गर्छ, उसको सबै निष्फल हुन्छ र यसलाई अत्यन्त सत्य मान्नुपर्छ । चाण्डाली, चमारिन, मल्लाहीन, मछुई, कलाली, धोबिनी, नाइनी, वेश्या यी आठ स्त्री कुलयोगिनी हुन् । यी सबै सिद्धि दिने हुन् ।

संशोधनमनाचर्य स्त्रीषु मद्येषु साधकः ।
आचार्यः सिद्धिहानिः स्यात् क्रुद्धा भवति सुन्दरी ।

---

१ अष्टैश्वर्यं परं मोक्षं मद्यपानेन शैलजे ।
मांसभक्षणमात्रेण साक्षान्नारायणो भवेत् ॥
मत्स्यभक्षणमात्रेण काली प्रत्यक्षतामियात् ।
मुद्रासेवनमात्रेण भूसुरो विष्णुरूपधृक् ॥
मैथुनेन महायोगी मम तुल्यो न संशयः ॥

–महानिर्वाणतन्त्र ११ पटल

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जुन साधक पञ्चमकारको शोधनबिना मद्यादि व्यवहार गर्छन् । उसको कार्यमा हानि हुन्छ, त्यसमा देवी पनि क्रुद्ध हुन्छिन् र कदापि सिद्धि प्राप्त हुँदैन । जीवन सफल बनाउन एवं मृत्युपछि मोक्ष प्राप्त गर्न मकार अमृत समान छ । गुरु परम्पराको अभाव एवं शास्त्र मर्यादालाई ध्यान दिन नसक्दा पञ्चमकारको दुरूपयोग भएको देखिन्छ । पञ्चमकारलाई शोधन गर्न जानेन भने अर्थको अनर्थ लाग्न र हुन सक्छ । मांसादिको शोधन गर्नुपर्छ भने पहिले भाँति मण्डल बनाएर उसमा आधारशक्ति कूर्म, अनन्त साथै पृथ्वीको पूजा गर्नुपर्छ । त्यस मण्डलको मद्य, मत्स्य, मांस साथै मुद्रा स्थापित गर्नुपर्छ । 'हुँ'बीज मन्त्र समन्त्रित गरी ' फट्' मन्त्रद्वारा प्रोक्षण गरी धेनु आदि मुद्रा देखाउनुपर्छ । यसपछि मायाबीज, वधूबीज र श्रीबीजको क्रमशः जप गर्नुपर्छ । अनिमात्रै मूलमन्त्र उच्चारण गरी भक्तिपूर्वक 'पवित्रं कुरु देवेशि' मन्त्र वाचन गर्दै 'हुँ फट्' मन्त्रले दशपटक मूलमन्त्र जप्नुपर्छ । यसले मत्स्य, मुद्रा र मांश शोधित हुन्छ । आफ्नो बायाँ तथा षट्कोणान्तर्गत त्रिकोण विन्दु लेखी वृत्तचतुरस्त्र विधानपूर्वक सामान्यार्घ्योदकद्वारा त्यसलाई अभ्युक्षित गरी 'शक्त्यै नमः' मन्त्रद्वारा पूजा गर्नुपर्छ ।

नमः मन्त्रद्वारा आधार पात्रको प्रक्षालित गरी उसमण्डलको माथि राख्नुपर्छ । 'म वहिमण्डलाय दशकलात्मने नमः' मन्त्रले पूजा गर्नुपर्छ । 'हुँ फट्' मन्त्रद्वारा कलश प्रक्षालित गरी रातो वस्त्र माल्यादि विभूषित गर्दै आधारमाथि देवी मानेर स्थापना गर्नुपर्छ । यसपछि 'म वहिमण्डलाय दशकलात्मने नमः' मन्त्रले आधार पूजा गर्दै 'अं अर्कमण्डलाय द्वादशकलात्मने नमः' मन्त्रद्वारा कलश एवं 'ॐ सोममण्डलाय षोडशकलात्मने नमः' मन्त्रले पूजा गर्नुपर्छ । यसपछि 'हुँ फट्' मन्त्रद्वारा वीक्षण गर्नुपर्छ । अनन्तर अभ्युक्षण गरी मूलमन्त्रद्वारा तीन पटक गन्ध ग्रहण गर्नुपर्छ । अनन्तर ॐ मन्त्रले कुम्भमा पुष्पमा निक्षेप गर्नुपर्छ । 'हें सौः' मन्त्रले त्रिकोण अङ्किकत गरी 'हें सौ हेसौं नमः' मन्त्रले पूजा गरी 'द्रं कीं परमस्वामिनी परमाकाशशून्यवाहिनी चन्द्रसूर्याग्नि भक्षिणी पात्रं विश विश स्वाहा' मन्त्रले दशपटक जप गर्नुपर्छ । 'ऐं ह्रीं क्रीं आनन्देश्वराय विद्महे सुधा देव्यै धीमहि तन्नोऽर्द्धनारीश्वरः प्रचोदयात्' मन्त्र पात्रमाथि जपेमाश्राप विमोचन हुन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अन्यच्च्य श्रृणु देवोशि यथा पानादि कर्मणि
दोषो नजायते देवि तान् वै मन्त्रान् श्रृणुष्व मे ॥
एकमेव परं ब्रह्म स्थूलसूक्ष्ममयं ध्रुवम्
कचोद् भवां ब्रहमहत्यां तेन ते नाशयाम्यहम् ॥
सूर्यमण्डल सम्भूते वरुणालय सम्भवे
अगावीजमये देवि शुक्रशापाद्विमुच्यताम् ॥

यी तीन मन्त्रद्वारा सूरा अभिमन्त्रित गरी कालिकालाई प्रदान गर्नुपर्छ । यसपछि स्वयं भोजन गर्नुपर्छ । देवीको घट थामेर यो मन्त्र तीन पटक जप्नु 'ॐ वां र्वी वूं वैं वौं व ब्रहमहत्याविमोचितायै सुधादेव्यै नमः' । यो मन्त्र जपेपछि ब्रह्मश्राप विमोचित हुन्छ । 'ॐ शां शीं शूं शैं शौं श शुक्रशापाद्विमोचितायै सुधादेव्यै नमः' मन्त्र दशपटक शुक्रश्राप विमोचित हुन्छ । 'ऐं हीं श्रीं क्रां क्रौं क्रू क्रैं क्रौं शापंविमोचाय अमृतं स्रावय स्रावय स्वाहा' मन्त्र दशपटक जपे कृष्णश्राप विमोचित हुन्छ । तान्त्रिकको जुन प्रकारले पञ्चमकार साध्य हुन्छ त्यसै प्रकारले समस्त कार्यमा पञ्चतत्त्वको आवश्यकता हुन्छ । पञ्चतत्त्वद्वारा पूजा गर्दा सिद्धि हुन्छ । सबै सम्प्रदायको लागि पञ्चतत्त्व जान्नु आवश्यक छ, गुरुतत्त्व, मन्त्रतत्त्व, मनस्तत्त्व, देवतत्त्व र ध्यानतत्त्व यी पाँचतत्त्व हुन् । पञ्चमकारमा द्रव्यलाई विशेष ध्यान दिनुपर्छ । द्रव्य शुद्धि भए मात्र अनुष्ठानको लक्ष्य प्राप्ति हुन्छ ।

हं सः शुचिषदस्सुरन्तरिक्षसद्धोता वेदिषदातिथिर्दु रोणसत्
नृषद्वरसदृतसद्व्योमसदब्जा गोजा ऋतजा अद्रिजा ऋतं वृहत् ।

यो मन्त्रले द्रव्यमाथि तीन पटक पढ्नुपर्छ । यसपश्चात् द्रव्यमा आनन्दभैरव तथा आनन्द-भैरवीको मन्त्रद्वारा ध्यान गर्नुपर्छ । पहिले पञ्चमकारको विषय वर्णन गरिएअनुसार पञ्चमकारका सेवन पुण्यप्रद छ । शोधन र साधनबिना मद्यपान गर्न निषेध छ । यसर्थ कुलार्णवतन्त्रमा पञ्चमकारको सोधन विषय महत्त्वपूर्ण छ । मानिस मिथ्याज्ञानद्वारा विडम्बित भई मद्यादि पान गरेर पुण्यको कल्पना क्रिया गर्छन् । यो महाभ्रम हो । मद्य पिएर सिद्धि लाभ हुने भए रक्सी शराबले पनि सिद्धि लाभ हुन्छ । भक्षण गरेर कुनै पुण्यवान् हुन सक्ने भए सबै

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मांसभक्षी मनुष्य पुण्यवान् हुन पुग्छ । स्त्री सम्भोगद्वारा मुक्ति हुने भए सबै लम्पटी अनायास मुक्त हुने थिए । रहस्य र अनुष्ठानलाई नबुझी मद्य-मदिरा पिउनु अनर्थ मानिन्छ । सबै प्रकारका मद्य अपेय छन्, अन्नको मल नै मदिरा हो । त्यसैले द्विजलाई कदापि मदिरा पिलाउनु हुँदैन । यदि कुनै पनि मदिरा देखेमा सूर्यको दर्शन गर्नु उचित हुन्छ । संयोगवश सुरा सुँघेमा उसले प्राणायाम मन्त्र त्रयको आचरण गर्नुपर्छ । पानीमा खडा भई एक दिन उपवास गरे मदिरा सुघेको पाप नष्ट हुन्छ । संयोगवश मद्यको स्पर्श भएमा नाभीसम्म डुबाएर जलमा खडा भई तीन दिन उपवास वसेमा पाप मोक्ष हुन्छ । अज्ञानवश सुरा पिएमा अग्नि प्रज्ज्वलित भई स्वयं उसमा निक्षिप्त हुन्छ । यस्तो गरेमा अज्ञानवश सुरापानको पाप नष्ट हुन्छ । यसप्रकार पशुहत्यामा घातक, अनुमोदक, विश्वसिता, निहन्ता, किन्ने-बेच्ने, संस्कर्ता, उपहर्त्ता र खानेवाला सबै पापको भागी हुन्छन् ।[२] यसैले मांसु देखेमा सूर्यको दर्शन गर्नु अन्यथा निष्फल वा विशेष पापजनक हुन्छ । अतः तान्त्रिकले कुनै पनि कार्य आफ्नो इच्छानुसार गर्नुहुँदैन ।

साधिता च जगद्धात्री यद्यद्वद्रति पार्वति
तत्सर्व सत्यतां याति सत्यं सत्यं न संशय ।

नारी शोधिता हुनु जगद्धात्रीको सरह हुन्छ, उनले जे भन्छिन्, त्यो नै सत्य हुन्छ । यसमा रत्ति पनि संशय छैन । नारी शुद्धि गर्दा नारी ल्याएर उसको अग्रभागमा वा दक्षिणमा मण्डलको माथि स्थापित गर्नुपर्छ । उसको कपालमा सिन्दुरद्वारा त्रैपुरमण्डल गर्नुपर्छ, आँखामा गाजल लगाई साधकले मूलमन्त्र जप्नुपर्छ । अन्य विविध द्रव्य, शक्तिमन्त्रद्वारा त्यसको शोधन गरेर मुखमा सुपारी, ताम्बूल दिई इष्टमन्त्रको ध्यान गर्नुपर्छ । षडंग मन्त्रद्वारा षडंग न्यास गर्नुपर्छ । मूलद्वारा व्यापक गरी मस्तकमा सय पटक, मूलमन्त्रको हृदयमा, कामबीज तथा बुधबीजको नाभिमा, श्रीबीजका गुह्यदेशमा सर्वबीजको, मौलिमे कामबीजको तथा कुण्डलीमा कुण्डली शक्तिबीजको जप गर्नुपर्छ । वाम कर्णमा

२ हन्ता चैवानुमन्ता च विशस्ता क्रयविक्रयी ।
संस्कर्ता चोपहर्ता च खादकाश्चाष्टघातकाः ॥ —मनुस्मृति

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

माया श्रवण गराउनुपर्छ, यसरी गरिएको अनुष्ठानबाट नारी शुद्धि हुन्छ। यसंपछि आनन्दभैरव शिवको ध्यान गर्नुपर्छ। यसको मन्त्रले भैरवको ध्यान गरी 'हसक्षमलवरयुं आनन्दभैरवाय वषट्' मन्त्रद्वारा आनन्दभैरवको तीन पटक पूजा गर्नुपर्छ। त्यसपछि आनन्दभैरवको निम्नानुसार ध्यान गर्नुपर्छ।

भावयेच्च्य सुधां देवीं चन्द्रकोट्यायुतप्रभाम्
हिमकुन्देन्दूधवलां पञ्चवक्त्रं त्रिलोचनाम्।
अष्टादशभुजैर्युक्तां सर्वानन्दकरोद्यताम्।
प्रहसन्तीं विशालाक्षीं देवदेवस्य सम्मुखीम्।

यसप्रकारले आनन्दभैरवीको ध्यान गरी 'हसक्षमलवरयीं सुधादेव्यै वषट्' मन्त्रले पूजा गर्नुपर्छ। द्रव्यमा शक्ति चक्र लेखी क्रमानुसार हं लं क्षं लेख्नुपर्छ। यसो गर्दा शिव र शक्तिको योग हुन्छ। यसर्थ द्रव्यमा अमृततत्त्वको चिन्ता गरी धेनुमुद्राद्वारा अमृती 'वं' वरुणबीज र मूलमन्त्र आठपटक जप गर्दै देवतास्वरूप द्रव्यको ध्यान गर्नुपर्छ। यसप्रकार द्रव्य शुद्धि हुन्छ।

ॐ तद्विष्णु स्तवते वीर्येण मृगो न भीमः कुचरो गिरिष्ठाः।
यस्योदषु त्रिषु विक्रमणेष्वधिक्षि यान्ति भुवनानि विश्वा॥

मन्त्रले मांस शेधित हुन्छ। ॐ तद्विष्णोः परमं पदं सदा पश्यन्ति सूरयः हिवीव चक्षुराततम्। ॐ तद्धिप्राणे विपन्यनो जागृवां सः समिन्धते। विष्णेर्यत्परमं पद्म मन्त्रले मत्स्य शुद्धि हुन्छ। 'ॐ विष्णुर्योनि कल्पयतु त्वष्टा रूपाणि पिंशतु आसिञ्चतु प्रजापतिर्धाता गर्भ दधातु ते। गर्भ देहि सिनी सिनीवाली गर्भ देहि सरस्वती। गर्भ ते अश्विनी देवावाधत्तां पुष्करस्रजौ।' यो मन्त्रले मुद्रा शुद्धि हुन्छ। पञ्चमकार शोधित गर्न सिद्ध गुरुको आवश्यक हुन्छ। बिना सिद्ध गुरु कुनै साधक आफ्नो इच्छानुसार द्रव्य शुद्धि गर्न सक्तैन।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाशुपत सिद्धान्त

महाभारतकालमा सांख्य, योग, पाञ्चरात्र, वैदिक र पाशुपत यी पाँच दार्शनिक सम्प्रदाय प्रचलित थियो । महाभारतको शान्तिपर्वको अध्याय ३४९ मा यसरी वर्णन गरिएको छ ।

सांख्यं योगः पाञ्चरात्रं वेदाः पाशुपतं तथा ।
ज्ञानान्येतानि राजर्षे विद्धिनानामेतानि वै ॥

गीताको समर्थन यसै भनाईमा छ । धेरै पहिलेदेखि व्यापकरूपमा युरोपदेखि भारतका सबै प्रदेशमा शङ्करको पूजा चली आएको थियो । रुस, पाकिस्तान, अफगानीस्तानमा पाइएका शिवलिङ्गले यसलाई पुष्टि गर्दछ ।[1] शान्तिपर्व ३४९ अध्यायनुसार पाशुपतदर्शनको मूल आचार्य शङ्कर अर्थात् उमाका पति शिवलाई मानिन्छ । पाशुपतमतअनुसार दक्षद्वारा शङ्करको निन्दा भएकाले यज्ञमा शिवजीको हवि भाग भएन । त्यसबेला सतीदेवी र शङ्कर क्रोधित भए । शङ्करले क्रोधित भएर वीरभद्र नामक गण उत्पन्न गरे । उनले दक्षको यज्ञ विध्वंश गरिदिए । शङ्कर स्वयं अग्निमा प्रकट भए । दक्षले उनको १००८ नामले स्तुति गरे । स्तुतिको समयमा शङ्करले दक्षलाई पाशुपतव्रतको रहस्य सम्झाए । पाशुपतमतका अनुसार पशुपति (शिव) सबै देवतामा मुख्य हुन् । उनैले सारा सृष्टि उत्पन्न गर्छन् । उनको सगुण भक्तिका लागि साथसाथ स्वामी कर्त्तिकेय, पार्वती र नन्दीश्वरको पूजा विधान छ । पृथ्वी, जल, वायु, अग्नि, आकाश, सूर्य, चन्द्र,

१ चौसठ्ठी शिवलिङ्गको विश्लेषणात्मक अनुसन्धान
– सं. डा. स्वामी प्रपन्नाचार्य

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पुरुषलाई शङ्करको आठ मूर्ति मानिन्छ । सर्वप्रथम यी पञ्चभूतयुक्त ब्रह्माण्ड उत्पंन्न गरी सृष्टि गर्न ब्रह्माको उत्पन्न भयो । उनैले पञ्चमहाभूत बुद्धि, मन र महतत्त्व उत्पन्न गरे । महादेवबाट ब्रह्मा, विष्णु र रुद्रको शक्ति प्राप्त भयो ।[२] भूलोक, भूवर्लोक, स्वर्गलोक, महर्लोक, लोकालोक, मेरूपर्वत र अन्य सबै स्थानमा शङ्करै शङ्कर व्याप्त भए । उनले कामदेवमाथि विजय गरी श्मशानमा क्रीडा गरे । उनको आधा अङ्गमा पार्वती व्याप्त भइन् । उनले विद्या-अविद्या, धर्म-अधर्म दुबैको उत्पन्न गरे । महादेव जगत्का आदिकारण हुन् । चराचर जगत्मा उमा र शङ्कर दुई देह व्याप्त छन् । पाशुपतमतअनुसार सबै वर्णको मोक्ष प्राप्त हुन्छ । यसमा तपको विशेष महत्त्व मानिन्छ । जसअनुसार कोही पनि वायुको भरमा, पानीको भरमा जप गरी भगवान्को चिन्तन, अभ्यासमा धुनी लगाएर पञ्चाग्नि तापेर, दूध पिएर, हातको प्रयोग नगरी गाईको दूध पिउन सक्छन् । यही साधनाले

पानीमा हातमाथि राखेर वेद पढ्थे । महाभारतका अनुसार तेजश्वी पुत्र प्राप्त गर्न कृष्णले ६ महिनासम्म यस्ता तप गरेको उल्लेख छ ।

---

२ ब्रह्मा विष्णुस्तथा रुद्रो महेशानः सदाशिव ।
मूर्तयस्तस्य विज्ञेया याभिर्विश्वमिदं ततम् ॥
—शिवपुराण, वायवीयसंहिता (उत्तरखण्ड) ३।३

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाशुपत सिद्धान्तका अन्तर्गत यस सम्प्रदायका तीन प्रमुख रूप प्रकट भए-पाशुपत, कापालिक र शैव ।

पाशुपतधर्मको आरम्भ भगवान् शङ्करद्वारा श्रीगणेश भएको मानिन्छ । यसको प्रतिपालन र पूजन पहिले स्कन्दले गरे, फेरि अगत्स्यले सनातन शिवधर्म र पाशुपतधर्मको प्रचार गरे । यसको पूजा गर्नेवाला वीरमाहेश्वर वा वीरशैव भए पनि लिङ्गको साथ जिउने मर्ने हुन्छ । त्यो साधक सदा पञ्चाक्षरी विद्यामा रत रहन्छ, दिन रात 'ॐ नमः शिवाय' जपिरहन्छ ।

लकुलीश सिद्धान्तमा जीवलाई पशु र शिवलाई पशुपति मानिएको छ । जसको मतानुसार भगवान् पशुपतिले बिना कुनै कारण र साधनको प्रयोगबाट संसार बनाएको उल्लेख छ । हाम्रो कर्मको मूलकर्ता पनि परमेश्वर शिव नै हुन् । यस सिद्धान्तअनुसार मुक्ति दुई प्रकारका हुन्छन् । पहिलो होः- सबै दुःखको आत्यन्तिक निवृत्ति अर्थात् सारा दुःखपूर्ण रूपले निर्मूल हुन्छ । दोस्रो परम ऐश्वर्यप्राप्ति । यी पनि दुई प्रकारका हुन्छन् । एउटा दृक्शक्ति प्राप्त भएर मनुष्य सर्वज्ञ हुने, दोस्रो क्रियाशक्ति प्राप्त भई इच्छा गर्दा पूर्ण हुने । यी दुबै शक्ति सिद्धिको परमैश्वर्य मुक्ति भनिन्छ, मानिस भगवान्को दास हुनुलाई मुक्ति होइन वन्धन मानिन्छ ।

महाभारतकालपूर्व नै शैवमत मान्य थियो । भगवान् शङ्करका लागि भगवत् शब्द प्रयोग हुनु यसको प्रमाण हो । पातञ्जल महाभाष्यमा शिवको उपासकको लागि शिवभागवत् शब्दको प्रयोग प्रचलित छ । वैशेषिकदर्शनको भाष्यको अन्त्यमा भनिएको छः- "महर्षि कणाद्ले भगवान् महेश्वरको प्रसादद्वारा योग तथा आचार सम्पन्न यो सूत्र पाएका थिए ।"

न्यायभाष्यको उद्योत टीका गर्ने भारद्वाजको पनि पाशुपताचार्य मानिएको छ । भारतलगायत पाकिस्तान, बंगलादेश आदिमा हिन्दू र शिवालय हुनाले पनि शिवको व्यापकता ज्ञात हुन्छ । पुराणमा शैवमतका व्यापक वर्णन छ । पाशुपतमतका तीन रूप छन्-तान्त्रिक, वैदिक र मिश्र । तप्तलिङ्गाङ्क तथा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शूल धारण गर्ने तान्त्रिक हो । लिङ्ग, रुद्राक्ष तथा भष्म धारण गर्ने वैदिक एवं समांन रूपले सूर्य, शिव, शक्ति, गणेश र विष्णुको उपासना पूजा गर्छ भने मिश्र हुन्छ । शैव मतका तान्त्रिक साधुले मानिसको खोपडी लिन्छन् । मद्य-मांस आदिको सेवन गर्ने, भैरव वा शक्तिको बली चढाउँछन् । पहिले नरिवल पनि चढाएको उल्लेख छ । वाममार्गीय शैव जुन श्मशानमा रहेर वीभत्स उपासना कार्य गर्छन् ।

पाशुपत र शैव सिद्धान्त समान मानिन्छ । पशुपति, महेश्वर वा शिव उनका पति (स्वामी) हो । महेश्वर शिव नै कर्म आदिको कर्ता र जीवको कर्म अनुरूप फल दिन्छ । यो संसारको कार्य गर्ने एवं बनाउने ईश्वर नै शिव हो । यस ब्रह्माण्डको रचना गरेर त्यसैमा व्यप्त भएर बसेको छ ।[३] निर्दोष र पञ्चमन्त्रात्मक वा उनको शरीर पाँच मन्त्रले बनेको हुन्छ । ईशानमन्त्र मस्तक, तत्पुरुष मुख, अघोर हृदय, वामदेव गुह्य र सद्योजात चरण हो । यो सर्वज्ञ हो, सबै कुरा जान्छ, सर्वशक्तिमान हो । चाहेअनुसार कार्य गर्न सक्छन् । शैवसिद्धान्त र पाशुपतसिद्धान्त एकै हो तर तकुलीशसिद्धान्त केही भिन्न छ ।

•••

३ ततसृष्ट्वा तदेवानुप्राविशत्- तैत्तिरीयोपनिषत् २।६

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शिवलिङ्गको पूजा

स्कन्दपुराणको केदारखण्डमा लिङ्ग पूजाको कारण र रहस्य बताइएको छ । भगवान् शङ्कर दारुवनमा भिक्षाको लागि घुमिरहेथे । नित्य स्नानका लागि निस्केका ऋषि पत्नीहरूले उहाँको सुन्दर नाङ्गो रूप देखे । ऋषिका पत्नीहरू मोहित भएर शिवकै पछि-पछि लागे । मोहवश अज्ञानमा फसेर मुनिहरूको बुद्धि विपरित भयो । उनीहरूले आफ्ना श्रीमती शिवजीप्रति आकर्षित भएको भ्रममा परेर श्राप दिए । तत्कालै लिङ्ग झरेर यसरी विस्तार भयो कि जसको सुरु र अन्त कतै भेटिएन । यहाँबाट शिवलिङ्ग पूजा गर्न थालनी भएको बुझिन्छ ।

पुराणमा लिङ्गसम्बन्धी अर्को चर्चा पनि छ । ब्रह्माजी र विष्णुमा को ठूलो भन्ने विवाद भयो । यही समयमा शिवलिङ्ग उत्पन्न भयो । उनीहरूमध्ये जसले लिङ्गको भेऊ पाउन सक्छ, त्यही ठूलो भन्ने निर्णयमा पुगे । शिवलिङ्गको माथिल्लो भाग जान्नका लागि ब्रह्मा माथि गए । तलतिर गएका विष्णु थाकेर फर्किए । ब्रह्माजी भने आफ्नो विजयका लागि केतकीको फूल र गाईलाई साक्षी लिएर आए । त्यसै समय आकाशवाणीद्वारा केतकीको फूललाई श्राप भयो । यही समयदेखि शिवमा केतकीको फल चढाइदैन । गाईको भने सबै अङ्ग पवित्र हुन्छ तर मुख चाहिँ अशुद्ध हुन्छ । ब्रह्मालाई पनि कुनै पूजा नहुने भन्ने श्राप मिल्यो । यो श्रापको कारण ब्रह्माजी क्षमायाचनका लागि लिङ्गको शरणमा पुगी स्तुति गरे । भोलेनाथ प्रसन्न भई विष्णुद्वारा प्रार्थना गरी लिङ्ग धारण गरे । तब वीरभद्रले ब्रह्मा आदिको साथै शिवलिङ्गको पूजा गरे । यो नै पहिलो शिवलिङ्गको पूजा मानिन्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अव्यक्तं लिङ्गमित्याहुरानन्दं ज्योतिरक्षयम्
वेदा महेश्वरं देवमाहुर्लिङ्गिनमव्ययम् ॥

–कूर्मपुराण, पूर्वभाग २६।६३

अर्थात् 'अव्यक्त, ज्योतिस्वरूप, अक्षय, आनन्दलाई लिङ्ग भनिन्छ। वेदशास्त्रले अविनाशी महेश्वरलाई लिङ्गको धारणकर्ताको रूपमा लिइएका छन्।' लिङ्ग अव्यक्त परमेश्वरको व्यक्त रूप हो। *लीनं प्रच्छन्नं अर्थं गमयति बोधयतीति लिङ्गम्* [१] अर्थात् जसले गुप्त रहेको प्रयोजन वा ज्ञानलाई बोध गराउँछ, त्यसलाई लिङ्ग भनिन्छ। यही आधारमा लिङ्गलाई परमतत्त्व वा परमात्माको प्रतीक मानिन्छ। ब्रह्माण्डको विनाश हुँदा जसमा सबै तत्त्व, शक्ति वा ज्ञान लीन हुन्छन्, सम्पूर्ण जगत् जसमा अडेको छ, त्यसलाई ऋषिमुनिहरूले लिङ्ग भन्दछन्[२]। मेदिनीकोषकार पं. जगन्नाथशास्त्रीले भन्नुभएको छः–

लिङ्गं चिह्नेऽनुमाने च साङ्ख्योक्तप्रकृतावपि।
शिवमूर्तिविशेषे च मोहनेऽपि नपुस्संकम्।

अर्थात् "लिङ्ग भनेको चिह्न वा प्रमाण हो, सांख्य दर्शनअनुसार प्रकृति वा स्वभावलाई लिङ्ग भनिन्छ। शिवमूर्ति विशेष वा मोहनीरूप भगवान्लाईलिङ्गको उपमाले चिन्न सकिन्छ।" शास्त्रले लिङ्ग शब्दको अर्थ अंग विशेष होइन परमात्माको प्रतीकको रूपमा गरेको छ। शिवलिङ्ग वास्तवमा शिव (पुरुष) र शक्ति (प्रकृति)को प्रतिविम्ब हो।[३] पुरुषले प्रकृतिका साथमा संसारलाई चलाएको छ। प्रकृतिको आधार भनेकै पुरुष अर्थात् शिव हो। यसकारण रुद्र (पुरुष)लाई

---

१ न्यायदर्शन

२ नाशीद्वैतविभागं च सर्वं लीनं च तत्क्षणात्।
यस्माल्लीनं जगत्सर्वं तस्मिल्लिङ्गे महात्मनः॥
लयनाल्लिङ्गमित्येवं प्रवदन्ति मनीषिणः।
तथाभूतं वर्द्धमानं दृष्ट्वा तेऽपि सुरर्षयः॥

–स्कन्दपुराण केदारखण्ड ६।२८–२९

३ बिन्दुनादमहालिङ्गं शिवशक्तिनिकेतनम्।

–योगशिखोपनिषत् १।१६७

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लिङ्ग र उमा(प्रकृति)लाई जलहरीका रूपमा चित्रण गरिएको छ। पुरुषको अर्थ पुरुषजनेन्द्रिय र प्रकृति भनेको स्त्री जनेन्द्रिय होइन। यसले स्वभाव वा कार्यका बोधमात्र गराएको हो। शास्त्रका पारिभाषिक शब्दलाई बुझिएन भने अर्थको अनर्थ लाग्न सक्छ। गम्भीर अर्थ नबुझ्ने, बुझ्न प्रयास नगर्ने, अरुको अपयश चाहने, घृणा गर्नमा रमाउने, अरुको प्रगति देखेर डाहा[४] गर्नेहरूकै जमातले अर्थमा अनर्थ लगाउँछन्। गम्भीर अध्ययन नगरी, यश प्राप्त गर्न वा अन्य स्वार्थ पूर्तिका लागि पछिल्लो समयमा शास्त्रमाथि घात प्रतिघात भएका प्रमाण खोज्न टाढा जानुपर्दैन।

ब्रह्मादिस्तम्बपर्यन्तं यस्मिन्नेति लयञ्जगत्।
एकभावं समापन्नं लिङ्गं तस्माद्विदुर्बुधाः॥

—स्कन्दपुराण

अर्थात् 'चतुर्मुख ब्रह्मादेखि यो चराचरजगत् जसमा लय हुन्छ। ती समग्र जड, चेतन जगत् जसमा एकाकार हुन्छ। त्यसैलाई तत्त्ववेदी विद्वान्हरूले लिङ्ग भन्दछन्।' सबै भूमि लिङ्गमयी छ, सम्पूर्ण जगत् लिङ्गमय छ, तीर्थहरू लिङ्गमय छन् र लिङ्गमा प्रतिष्ठित छन्।[५] यही महिमा र गरिमालाई बुझेर मन्त्रद्रष्टा वैज्ञानिक ऋषिमुनिहरूले प्राचीनकालदेखि शिवलिङ्गको पूजा, उपासना गर्ने पद्धतिको प्रारम्भ गरे। पुराण आदिबाट पनि शिवलिङ्ग कसलाई भन्न खोजिएको थाहा हुन्छ। शिवले लोकहितका लागि लिङ्ग रूप धारण गर्नुभएको हो[६]। यहाँ शिवको अर्थ जटाजुटधारी होइन निराकार अथवा चराचर ब्रह्माण्डका आधार हो।

---

४ दैह्यमानाः सुतिवृणा खलाः परयशोऽग्निना।
असक्तास्तद्पदंगन्तुं ततो निन्दां प्रकुर्वते॥

५ सर्वलिङ्गमयी भूमिः सर्वं लिङ्गमयञ्जगत्।
लिङ्गमयानि तीर्थानि सर्वं लिङ्गे प्रतिष्ठितम्॥

-शिवपुराण

६ एवमुक्त्वा ततः शम्भुः साक्षात्तत्राभवच्छिवः।
लिङ्गरूपेण सर्वेषां लोकानां हितकाम्यया॥

—ब्रह्मपुराण ७८।६२

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ब्रह्माण्डमा पृथ्वी आदि नाम गरेका चौध[७] लोक छन् । प्रत्येक लोकमा तेत्तीस करोड देवीदेवताहरूको निवास छ । चौध लोकका तेत्तीसकोटी देवीदेवतालाई कलियुगका मानिसबाट पूजा, उपासना सम्भव छैन । सबै देवीदेवतालाई एकै ठाउँमा पूजा गर्न जुन आकार बनाइयो, त्यसलाई शिवलिङ्ग नामकरण गरियो । सत्ययुगमा नै उपमन्युले आठवटा इट्टाद्वारा शिवालय बनाएर पूजा गरेका थिए । विष्णुले नीलकान्तमणिबाट बनेको, इन्द्रले पद्‌मरागबाट निर्मित, कुबेरले सुनबाट निर्मित, विश्वदेवले चाँदीबाट निर्मित, वायुले पीतलबाट निर्मित, अश्विनीकुमारले माटोबाट निर्मित, राजा वरुणले स्फटिकबाट निर्मित, सूर्यले तामाबाट निर्मित, अनन्त आदि नागले प्रवालबाट निर्मित, चामुण्डा तथा मातृसमूहले बालुवाबाट निर्मित, नैऋतीले काठबाट निर्मित, लक्ष्मीले बेलपत्रबाट निर्मित, मुनिहरूले कुशको अग्रभागबाट निर्मित, सरस्वतीले रत्नबाट निर्मित शिवलिङ्गको पूजा गरेका थिए ।[८]

ब्रह्मा मणिमयं लिङ्गं पूजयत्यनिशं शुभम् ।
इन्द्रो रत्नमयं लिङ्गं चन्द्रो मुक्तामयं तथा ॥
भानुस्ताम्रमयं लिङ्गं पूजयत्यनिशं शुभम् ।
रौक्मं लिङ्गं कुबेरश्च पाशी चारक्तमेव च ॥
यमो नीलमयं लिङ्गं राजतं नैर्ऋतस्तथा ।
काश्मीरं पवनो लिङ्गमर्चयत्यनिशं विभोः ॥

-स्कन्दपुराण (माहेश्वर खण्ड) केदारखण्ड ८। २२–२४

अर्थात् 'ब्रह्माले मणिमय, इन्द्रले रत्नमय, भानुले ताम्रमय, कुबेरले स्वर्णमय, पाशी (वरुण)ले आरक्तमणि, यमले नीलमणि, नैर्ऋत्यगणले रजत, पवनले काश्मीरमणिको शिवलिङ्ग बनाएर नित्यरूपमा पूजा गरेका थिए ।' शिवलिङ्गलाई सबैले अगम्य, अबोध्य तत्त्वकै चिन्तन गर्दछन् । यसैले शिवलिङ्ग

---

७ भूः, भुवः, स्व, मह, जन, तप, सत्य (पृथ्वीभन्दा माथिका लोक हुन्) ।
अतल, वितल, सुतल, तलातल, महातल, रसातल, पाताल (यी पृथ्वीभन्दा तलका लोक हुन्)

८ लिङ्गपुराण (पूर्वभाग) ७४।२-९

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सबैका आराध्य र पूजनीय तत्त्व हो। यसैले देवीदेवता, ग्रह, ऋषिमुनि आदिले शिवलिङ्गलाई अनेक रूप र तत्त्व मानेर ध्यान र चिन्तन गरेका थिए।

इन्द्रनीलमयं वह्निर्नाम विश्वेश्वरं जपन्।
पुष्परागं गुरुर्लिङ्गं विश्वयोनिं जपन्हरम्॥

—स्कन्दपुराण, कौमारिकाखण्ड १३।१४९

अर्थात् 'अग्निले विश्वकै ईश्वर सम्झिएर इन्द्रमणिको शिवलिङ्ग बनाएर जप्दै रहे, देवताका गुरु बृहस्पतिले शिवलिङ्गलाई विश्व उत्पत्तिका कारण मानेर पुष्पराजको शिवलिङ्ग बनाई जप्दै रहे।' स्कन्दपुराणका अनुसार दानवका गुरु शुक्राचार्यले विश्वकर्ताका रूपमा पद्‌मरागमणिबाट बनेको शिवलिङ्गमा जप गर्दैरहे, कुबेरले शिवलिङ्गलाई परमात्मा बुझेर स्वर्णमय शिवलिङ्गमा जप गर्दै रहे। धन्वन्तरिले सर्वेश्वरको रूपमा गोबरको शिवलिङ्ग बनाई पुज्दै गए, गन्धर्वहरूले शिवलिङ्गलाई सबैभन्दा पूजनीय मानेर काठको शिवलिङ्ग निर्माण गरी पूज्न थाले। सम्प्रदायअनुसार देवीदेवताका अनेक मूर्ति बनाउने परम्पराको विकास शिवलिङ्ग पूजनपछि नै भएको हो भन्ने आधार यसबाट मिल्दछ। यी प्रमाणहरूले प्राचीनकालदेखि शिवलिङ्गको पूजा उपासना हुँदै आएको पुष्टि गर्दछ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रमा पाशुपत साधना

संसारका कुनै पनि प्राणी दुःखी रहन चाहँदैन । सबै दुःखको अन्त नै मन पराउँछन् । दुःख दुई प्रकारले हटाउन सम्भव छ, पहिलो हो दुःख नष्ट हुनाले, अर्को हो दुःख आउँदै नआउनाले । दुःख कहिल्यै नआउने बनाउन पशुपतिको प्रसादबाट मात्र सम्भव छ । पशुपति शब्दको अर्थ हो पशुहरूको पति । जो जीवन्तमुक्त छन्, सनक, सननन्दन, सनातन, सनत्कुमार आदि यसका उदाहरणहरू हुन् । तीबाहेक सबै चेतनावान् जीव पशु हुन् । ईश्वरमा रहेका गुण, ऐश्वर्य एवं परम स्वातन्त्र्य हो । यसमा बन्धनको लेश मात्र पनि छैन । यही ज्ञान हो । यही कारणतत्त्व हो । यही प्रभु भक्ति हो । यसैबाट प्रवृत्ति, निवृत्ति, स्थिति, इष्ट, अनिष्ट, स्थान, शरीर, इन्द्रिय विषय आदिको प्राप्ति हुन्छ । यसै ऐश्वर्यको अभाव परतन्त्रता हो । यही बन्धन हो । यही अज्ञान हो, यही कार्यता हो ।

घरमा पालिएका जनावर बन्धनमा परेर स्वतन्त्र छैनन् । अनेकौँ पाशले बाँधिएका जीव पनि पशु नै हुन्, स्वतन्त्र छैनन् । सम्पूर्ण जीवहरू रूप, रस, गन्ध, स्पर्श, शब्द विषयहरूले बद्ध छन् । जसरी पाश, डोरी, सिक्रीबाट जनावर बाँधिन्छन्, त्यसरी नै जीवहरू घृणा, लज्जा, शङ्का, भय, जुगुप्सा, कुल, शील, जातिरूपी पाशले बाँधिन्छन् । ईश्वरले यिनै पशुहरूको रक्षा गर्दछन् । आफ्नो प्रभुशक्ति, विभुशक्ति, ऐश्वर्यद्वारा अज्ञानको पाशोबाट, मलको जालोबाट मुक्त गर्दछन् । यसैले ईश्वर पति हुन्, पशुहरूका पति हुन्, पशुपति हुन् । उनैद्वारा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

प्रेरित भएर जीव विषयमा प्रवृत्त हुन्छन् । उनैको प्रसाद पाएर त्यसबाट निवृत्त पनि हुन्छन् । इष्टमा प्रवृत्ति, अनिष्टबाट निवृत्ति, प्रवृत्ति र निवृत्तिका प्रेरक नै पशुपति हुन् । पशुपतिका प्रसादले जीवलाई कसैबाट घृणा हुँदैन, न कसैमा उसलाई शंका हुन्छ, कसैबाट डर पनि हुँदैन । लाज पनि कसैबाट लाग्दैन । यो मुक्ति, पाशोबाट मुक्ति पशुपतिकै कृपाबाट, उनकै प्रसादबाट मात्र सम्भव छ ।

दुःखान्त पनि दुई प्रकारका छन् सात्मक र अनात्मक । सात्मक दुःखान्त पारमैश्रवं प्राप्ति चाहेको कुरा देख्नु, पाउनु, इच्छा लागेको ठाउँमा जान समर्थ हुनु हो । यसबाट पनि दुःखको अन्त हुन्छ । कुनै कुरा देख्न नपाएर, कुनै वस्तु उपलब्ध नभएर, केही गर्न नसके, कतै जान नपाएर मानिसलाई दुःख हुन्छ ।

पाशमैश्वर्य-दृक्क्रिया वशित्व-दृष्टि, क्रिया र वेगको सामर्थ्य पाएर यी सबै दुःखको अन्त हुन सक्छ । यही सिद्धि हो । अष्टसिद्धि हो । अणिमा, महिमा, लघिमा, गरिमा, प्राप्ति, प्राकाम्य, ईशित्व, वशित्व यी सिद्धि त्यसै पाइन्छन् । यसको निमित्त आवश्यक छ, पशुपतिको प्रसाद । यही सिद्धिको स्रोत हो । यही निःश्रेयश हो, कैवल्य हो, मोक्ष हो । यो पनि पशुपतिकै प्रसादबाट सम्भव छ । यही अभ्युदय कल्याण र निःश्रेयश मोक्षको सिद्धि हो । यो धर्मबाट मात्र सम्भव छ । धर्म हो साधना, पाशुपत साधना, पशुपतिको अनन्य आराधना ।

अचेतन मायाको प्रवर्तक, सम्पूर्ण रहस्यका ज्ञाता-सर्वज्ञ, सर्वव्यापी, सततोदित, नित्य मुक्त ईश्वर पति हुन् । विश्वका निर्माता पशु र पाशभन्दा विलक्षण दृक्क्रियात्मक ऐश्वर्यका अनन्य आश्रय ईश्वर हुन् । रथका चालक सारथिजस्तै, घडाका निर्माणकर्ता कुमालेजस्तै शक्तिसम्पन्न प्रवर्तक, विश्वका ज्ञाता पनि पशुपति हुन् । रथ स्वयं स्वतन्त्र छैन, यसलाई सारथिको अपेक्षा हुन्छ । ठीक त्यसैगरी जगत्लाई प्रवृत्त एवं निवृत्त हुन पतिको अपेक्षा रहन्छ अर्थात्पशुपतिको । यसैले पशुपति महेश्वर हुन् । यिनमा ज्ञानशक्ति र क्रियाशक्ति छन् । ज्ञानशक्तिबाट उनले विश्वलाई जान्दछन् र क्रियाशक्तिले यसको निर्माण

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

एवं परिचालन गर्दछन् । दृक्शक्ति र क्रियाशक्ति यिनका किरण हुन्-सूर्यका किरणजस्तै । यसैले पति-पशुपति सुदीप्त आत्मा हुन् ।

पशुत्वको संयोगबाट मुक्त नभएको जीव पशु हो । पशुत्वचाहिँ अनादि मल हो । पशुत्वलाई विद्वान्हरूले तामामा लागेको कालिमासँग दाँज्न मन पराउँदछन् । यही अज्ञान हो र अज्ञानता पनि । यही पापको मूल स्रोत पनि हो । पाशो उनै पतिको शक्ति, उनैदेखि अभिन्न, अनुग्राहक तत्त्व हो । मायाचाहिँ शिवको शक्ति, शिवदेखि अभिन्न शिवकै किरणको रूपमा रहेको छ । पतिले यसै मायाको बन्धनबाट पशुलाई मुक्त गर्दछन् । अनादिकालदेखि चलेर आइरहेको बन्धनलाई चुँडाएर फ्याकिदिन्छन् । यही पतिको जीवमाथिको अनुग्रह हो । प्राणायाम, न्यास, ध्यान, जप, पूजा, पाठ यी सम्पूर्ण उपचार पशुपतिको आराधनाका लागि हुन् । यसका विभिन्न मार्ग छन् । एउटै मार्गमा पनि बेग्लाबेग्लै तह छन् । विभिन्न भाव, भावानुसारका आचार । यी सब पशुपति साधनाका सोपान हुन् । यिनबाट शनैः शनैः चढ्दै गएर जीवले ईश्वरत्व प्राप्त गर्दछ । पारमैश्वर्य प्राप्त गर्नमा सफल हुन्छ । यसैले साधना एउटै मात्र यसको उपाय हो ।

पशुपतिको साधनातन्त्र साहित्यमा दुई प्रकारले प्रतिपादित छन्- सगुण र निर्गुण । नामरूपयुक्त र नामरूपविहीन । सगुणसाधनामा पशुपति मन, वचन र कर्मले गोचर हुन्छन् । मनले उनको शरीर, वर्ण, आयुध, वस्त्र, आभूषण आदिको कल्पना गरिन्छ, ध्यान गरिन्छ । वचनले स्तुति पाठको माध्यमबाट यिनैको वर्णन हुन्छ । कर्मले विभिन्न उपचारहरूद्वारा यिनैको अर्चन गरिन्छ । शिवको एक वक्त्र, चार वक्त्र, पाँच वक्त्र, ६ वक्त्र, आठ वक्त्र अनेकौँ स्वरूपमा साधकहरू उपासना गर्दछन् ।

अनेकाऽऽकारसंयुक्तं देवदेवं महेश्वरम्
नानारूपधरंदेवं नानारूपसमन्वितम् ।
महेशं सकलं विद्यात् सृष्टिस्थितिलयात्मकम्
तन्मूर्तिर्विविधा भवेत् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी हुन् तन्त्रका महत्त्वपूर्ण उक्तिहरू, जसले पशुपतिका अनेकौँ रूप, अनेकौँ चिह्न, अनेकौँ लीलाको प्रतिपादन गर्दछन् ।

जटामुकुटले समन्वित एकमुख, तीन नेत्र, चार हात, हातमा वर, अभय, मृगी, परशुको धारण, पद्मासन यो हो परमेश्वरको स्वरूप । यिनैको करोडौंको एक अंशबाट ब्रह्मा र विष्णुको उद्भव भएको हो । उनकी शक्ति उमा, त्रिकोणका रूपमा सोम, सूर्य र अग्नि छन् । पशुपतिका पाँच वर्ण, पाँच तत्त्वका परिचायक हुनका साथै पाँचवटा मूर्तिहरू छन्ः-ईशान, ईश्वर, ब्रह्मा, शिव र सदाशिव । यी सबै वस्तुतः एउटै प्रणवाकारमा परिलक्षित छन् । पशुपति-स्वयं परब्रह्म, एउटै तत्त्व, सर्वव्यापी, सतत् उदित आत्मतत्त्व । यति भएर पनि उनको साधना पाँच ब्रह्माको रूपमा सद्योजात, वामदेव, तत्पुरुष, अघोर, ईशानमा गरिन्छ । प्रत्येक मुहारका आफ्नै विशेषता, गुण र स्वरूप छन् ।

१. सद्योजातः-शङ्खजस्तै पाण्डुर वर्ण, जटामुकुट मण्डित, चार मुख, चार हात, बाह्र आँखा, विभिन्न आभूषण ।
२. वामदेवः-जपापुष्पजस्तै रातो आभा, जटामुकुट मण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, रातो वस्त्र, रातो चन्दन, रातै माला, जगतैलाई वशीभूत पार्ने अपूर्व शक्ति ।
३. तत्पुरुषः-पहेंलो वर्ण, दिव्य मुकुट, चार मुख, चारै हात, बाह्र आँखा, दिव्य गहना, जगत्को चैतन्यात्म ब्रह्मारूप ।
४. अघोरः गाजलजस्तो कालो वर्ण, अत्यन्त भयङ्कर रूप, जटामुकुट मण्डित, चार मुख, चार बाहु, बाह्र आँखा, दाँत किटेको बाघको छाला लगाएको, पाउमा नूपुर, सम्पूर्ण आभरण, दिव्य गन्ध, दिव्य पुष्प-सम्पूर्ण शत्रु विजय गर्ने शक्ति ।
५. ईशानः-स्फटिकको शुद्ध वर्ण, जटामुकुट, चार मुख, बाह्र आँखा, चार बाहु, सेतो वस्त्र र सेतै उपर्ना, दिव्य पुष्प, दिव्य गन्धको अनुलेपन, मोक्षका प्रदाता ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

यी पाँच ब्रह्मको समष्टिगत एउटै स्वरूप-चाँदीको जस्तो सेतो वर्ण, शिरमा चन्द्रमाको आभूषण, रत्नमय उज्ज्वल अङ्ग-प्रत्यङ्ग, चार हात एवं हातमा चार आयुध-परशु, मृग, वर र अभय, प्रसन्न अवस्था, पद्मासन, बाघको छालामा समासीन आदि कारण, विश्वका वन्दनीय, सम्पूर्ण भय र त्रासका विनाशक महादेव-पशुपति हुनुहुन्छ । पशुपतिको यस स्वरूपबाहेक अर्को कालाग्निरुद्र छ । विश्वको आश्रम, ब्रह्माण्डलाई अडाएर राख्ने महाशक्ति सम्पन्न स्वरूप । सेतो शरीर, रातो मुखमण्डल, दुई बाहुमाथि उठाएर विराट् ब्रह्माण्डलाई धारण गरेको । पशुपतिका पश्चिम, उत्तर, पूर्व, दक्षिण, माथि र तल ६ दिशामा मुहार उन्मुख छन् । पशुपतिका यी ६ वक्त्रका ६ शक्ति छन् । जति शिवका रूप छन् उति नै शक्ति पनि । शिव शक्ति नभई स्पन्दन पनि गर्न सक्तैनन् । शक्तिविहीन शिव शव मात्र हुन् । 'नमः शिवाय' मन्त्रलाई नै शिव र शक्तिको योग सिद्धि गरिएको छ । लिङ्ग स्वयं शिव हुन् । जसबाट समस्त चराचर जगत् प्रादुर्भूत हुन्छ । जसमा फेरि लय पनि हुन्छ यही लिङ्ग हो, यही शिव हो । लिङ्ग तीन प्रकारका छन्- भावलिङ्ग, प्राणलिङ्ग र दृष्टिलिङ्ग ।

भावलिङ्गको स्वरूप भावबाट मात्र प्राप्त गर्न सकिन्छ । यो परभन्दा पनि पर छ अनि सन्मात्र छ । प्राणलिङ्ग मनोग्राह्य छ, यो प्राणमा अन्तर्निहित छ, सकल एवं निष्कल दुबै छ । दृष्टिलिङ्ग बाहिरी आँखाले देख्न सकिने, इच्छा लागेको वस्तु पुऱ्याइदिने, अनिष्टको परिहार गर्ने, पशुपति लिङ्ग हो । ब्रह्ममा रहेको सत्, चित् र आनन्दरूप लिङ्गमा रहेको छ । सत्-भावलिङ्ग, चित्-प्राणलिङ्ग र आनन्द-दृष्टिलिङ्ग हुन् । यसैले लिङ्ग सच्चिदानन्द ब्रह्म हो । यसमा भावलिङ्ग पर, प्राणलिङ्ग सूक्ष्म र दृष्टिलिङ्ग स्थूल हो । तीनै लिङ्गहरूका दुई प्रकार छन् । भावलिङ्गको दुई प्रकारका छन्, चरलिङ्ग र शिवलिङ्ग । प्राणलिङ्गका पनि दुई प्रकारका छन्, महालिङ्ग र प्रसादाख्य लिङ्ग । दृष्टिलिङ्गको दुई प्रकारका छन्, गुरुलिङ्ग र आचार लिङ्ग ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पशुपतिको साधनामा लिङ्गस्थलपछि अङ्गस्थलको पनि ज्यादै ठूलो महत्त्व छ। अङ्ग शब्दकै अर्थ ब्रह्ममा परायणता हो। यसलाई तीन प्रकारले वर्णन गर्न सकिन्छ-योगाङ्ग, भोगाङ्ग र त्यागाङ्ग। शिवसँग जीवलाई जोडेर साधना गर्दा अत्यन्त सुखको अनुभव हुन्छ, त्यो योगाङ्ग हो। संसारलाई भ्रान्ति सम्झेर त्याग दिनु त्यागाङ्ग हो। यी तीन अङ्गहरू क्रमशः कारण, सूक्ष्म र स्थूल तीन शरीर एवं सुषुप्ति, स्वप्न र जाग्रत् तीन अवस्थाका साथै प्राज्ञ, तैजस र विश्व हुन्।

पशुपतिको साधनामा भक्तिको कम महत्त्व छैन। पहिले शिवका ६ अङ्गहरू क्रमशः सर्वज्ञता, तृप्ति, अनादिबोध, स्वतन्त्रता, अलुप्तता र अनन्त हुन्। यिनै ६ अङ्गमा प्रविष्ट ६ प्रकारका भक्ति त्यस आकारमा परिणत भएर तन्मय हुन्छन्।

१. जड वा चेतन जुनसुकै वस्तुमा पनि एउटै दृष्टि हुनु। यो पहिलो समर साकार भक्ति हो।
२. जे देखे पनि पशुपतिकै अनुग्रह ठानेर आनन्दित हुनु यो पनि भक्ति नै हो।
३. भक्ति संसार चक्रलाई नष्ट गरिदिने अनुभवाकार भक्ति हो, सर्वत्र आत्मतत्त्वको अनुभव गर्नु।
४. परमा भक्ति परमेश्वरको अवधान गर्नु।
५. नैष्ठिकी भक्ति परमेश्वरमा निष्ठा, आस्था, विश्वास राख्नु।
६. सद्भक्ति सर्वत्र सद् देख्नु, सबैलाई सज्जन ठान्नु।

पशुपतिको साधनाअन्तर्गत अष्टमूर्तिको उपासनाले अत्यन्त महत्त्व राख्दछ। यिनै आठ मूर्तिहरूलाई हर, महेश्वर, शूलपाणि, (पिनाक धनुर्धारी), पशुपति, शिव, महादेव नामहरूले अर्चना गर्दछन्। शिवको पूजा सर्वप्रथम अङ्गपूजाको रूपमा गर्नु ज्यादै आवश्यक छ। यसरी गरिएको पूजा सर्वसिद्धिप्रद हुन्छ, कोटि गुणित हुन्छ। शिवपूजन नगरीकन गरिएको अन्य पूजाको फल छैन। शिवको निर्गुण साधनाको प्रतीक अङ्ग हो। शिवको अङ्गस्थल आत्मा हो। अङ्ग र आत्माको योगसम्यक् योग, संयोग हो। सर्वज्ञता, तृप्ति, अनादिप्रबोधता,

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

स्वतन्त्रता, अलुप्तशक्तिता, अनन्तशक्तिता यी ६ वटा पशुपतिका अङ्गहरू आत्माकै अङ्ग हुन् । आत्मा सर्वज्ञ छ, नित्य तृप्त छ, ज्ञानस्वरूप छ, स्वतन्त्र छ, शक्ति कहिल्यै लुप्त हुँदैन, शक्तिको अन्त पनि छैन । यसले शिव र आत्मामा कुनै भेद मान्दैन । उपास्य भएर, पूज्य भएर जुन रूप शिवको हुन्छ, उपासक भएर, पूजक भएर, त्यही रूप आत्माको पनि हुन्छ । शिवाङ्ग, आत्माको संयोग विधि एवं साधना विधि नै हो वास्तविक भक्ति । साधक सधैँ शिवलाई आत्मा मान्दछ । यो संयोग त्यसै हुँदैन त्यसका लागि साधनाको आवश्यक हुन्छ । सर्वप्रथम संसारचक्रका तारक, अविद्या ग्रन्थिभेदक, शिवविद्याका प्रदाता परम शिवलाई गुरु मान्दछ । साधक आफ्नो अविद्या निवृत्तिका लागि शिवविद्या प्राप्त गर्न सद्गुरु कहाँ उपस्थित हुन्छ । साधक सोद्धछ- म को हुँ ?

गुरुले उत्तर दिन्छन्- तिमी नै ब्रह्म हौ । यी सम्पूर्ण देह, इन्द्रिय आदि अविद्याबाट जन्मेका भ्रान्तिले असत्य भएर पनि सत्यजस्तै भासित हुन्छन् । यस भ्रान्ति विनाशका लागि तिमी सधैँ लिङ्ग र शिवाङ्गको संयोग स्वरूप ज्ञानमा निष्ठा राख ।

लिङ्ग तत्पदको वाच्य हो । लिङ्ग, अङ्ग र यी दुईको संयोग अर्थात् क्रमशः सत्, चित् र आनन्द हुन् । अर्को शब्दमा भन्ने हो भने नाद, बिन्दु र कला हुन् । यिनीहरू मन्त्र, क्रिया र प्रयोग हुन् । प्रकृति, पुरुष र तिनका प्रेरक संयोग हुन् । अकार, उकार र मकार रूप प्रणव हुन् । वाक् अर्थ र तिनको प्रतिपत्ति हुन् । यही ज्ञान शिवले गुरु भएर शिष्य जीवलाई करुणापूर्वक प्रदान गरी समस्त पाशहरूको छेदन गर्दछन् । यसैले शिव पति, जीव पशु, मल पाश, दीक्षा पाश छेदन गर्ने कैंची हुन् । यही शैवी दीक्षा हो । यो ज्ञान पाएपछि जीवका सम्पूर्ण कर्महरू क्षीण हुन्छन् । यही साधनाको चरम लक्ष्य हो ।

'नमः शिवाय'मा 'नमः', 'शिव' र 'अय' तीन शब्द छन् । यी तीन शब्द, अङ्ग र सम्बन्धका वाचक हुन् । जीवन, परमात्मा र तिनीहरूका तादात्म्यका

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वाचक हुन् । मूलाधारदेखि आज्ञाचक्रसम्म यी मन्त्र अधिष्ठित छन् । शिवको शरीर पनि यिनै मन्त्रहरूले सम्पूर्ण छ ।

पाञ्चरात्रले भन्दछः-दृष्टिहीन भएको अधिष्ठाता आत्मा हुँदैन । त्यसैकारण नाम, रूपले विहीन भए तापनि पशुपति शरीर आदिले युक्त भईकन पनि मुक्त छन् । आत्माका चल र अचल दुई मूर्ति छन् । चल मूर्ति, तत्त्व भुवन आदि शरीरवाला हो भने अचलचाहिँ ज्ञान र क्रिया स्वभाववाला हो । अचलमूर्ति सर्वोत्कृष्ट मानिन्छ । वास्तवमा पशुपति अशरीर छन् । साधकको लक्ष्य प्राप्तिका लागि शरीरको कल्पना गरिन्छ । चेतन र अचेतन जगत्को अनुग्रहका लागि प्रभु रूपको कल्पना हुने गर्दछ । लौकिक जीवले गरिने समस्त कर्म परमार्थमा भगवान् पशुपतिबाट नै हुने कर्म हुन् । पशुपतिको शरीर शक्तिमय शरीर हो -मन्त्रात्मक अर्थात् मन्त्रमय । दृक्क्रिया शक्ति नै उनका इन्द्रिय हुन् । यिनैबाट जगत्को प्रवृत्ति र निवृत्ति हुन्छ । जसरी काल अमूर्त भएर पनि फलको साधक हुन्छ, त्यसैगरी शिव अमूर्त भएर पनि स्वेच्छाले स्वतन्त्रतापूर्वक सम्पूर्ण दिव्यकर्म सम्पन्न गर्दछन् । यही तथ्यको द्योतक पशुपतिको पञ्चाक्षर मन्त्ररहस्यको विश्लेषणबाट ज्ञात हुन्छ । 'ॐ' परिपूर्ण ब्रह्मको वाचक हो । 'नमः' नमस्कारको वाचक । 'नमः' शब्दको अर्थ प्रह्वता हो । प्रह्वताचाहिँ सत्, चित्, आनन्दस्वरूप शिवबाट मायाले बेग्लै देखिएको, शिव र जीवको एकात्मकता तादात्म्यलाई भन्दछन् ।

तन्त्रमा साधनाको दृष्टिले तीन प्रकारका पाशुपत विद्याको प्रतिपादन गरिएको पाइन्छ । लघुपाशुपतविद्या, मध्यमपाशुपतविद्या र महापाशुपतविद्या । लघु पाशुपतविद्यामा पशुपतिको ध्यान मध्याह्नकालका सूर्यको जस्तो प्रचण्ड र उज्ज्वल कान्ति, शिरमा चन्द्रमा, भयङ्कर अट्टहास, तीन आँखा, सर्पका गहना, जटाजूट, जुँघा, दाह्री, चार हातमा त्रिशूल, मुङ्ग्रो, खड्ग र शक्तिस्वरूप हतियार भएको दाह्रा, भयङ्कर दिव्य अस्त्ररूप पशुपतिमा केन्द्रित हुनुपर्छ ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मध्यमपाशुपत विद्यामा पशुपतिको ध्यान गर्दा पाँच मुख, दश हात, प्रत्येक मुखमा तीन आँखा, आगाको ज्वालाजस्तो प्रचण्ड कान्ति, जटाजूट र जुँघा, दाह्री, भयङ्कर दाह्रा भएको चर्चा गरिएको छ । उहाँले खड्ग, वाण, माला, त्रिशूल, शक्ति, बज्चरो, खेट, धनु, कुण्डिका, ब्रह्मदण्डलगायतका आयुध हातमा धारण गर्नुभएको छ । अनेकौँ गहना, सर्पको आभूषण, स्फटिकसमान स्वच्छ आभा, शान्त स्वरूप भएका संसारका रक्षक पशुपति हुनुहुन्छ । यसको निर्गुण रहस्य हो:- पशुपति पृथ्वी, जल, तेज, वायु र आकाश तत्त्वात्मक हुन् । दश दिशामा व्यापक आत्मतत्त्व, ब्रह्मतत्त्व हुन् । त्रिबिन्दु, कामकलात्मक हुन्, प्रकाश स्वरूप छन्, संहार उनको कृत्य हो । प्रकृति पुरुषात्मक हुन्, सत्त्व गुणात्मक स्वरूप छ, सिद्धि, जृम्भण, वेग, बल, न्यानोपन, प्रकाशांश, रक्षा, मोहन, तृप्ति, त्रिविध तापनाश, ब्रह्माण्ड रक्षा गर्ने स्वभावका हुन्, त्रिगुणात्मक छन्, कालविजयी हुन् भन्ने यस प्रतीकको अर्थ हो ।

विश्वरूपता, ज्यादै हिस्सी परेका, सवित् स्वरूप, त्रिकोण-कामकलात्मक सत्त्व-रज-तमोगुणात्मक, सबै प्रपञ्चलाई बाँधेर आत्मसात् गरेका, अमृतस्वरूप, परब्रह्म, आफ्नै शरीरमा सम्पूर्ण ब्रह्माण्डलाई समाविष्ट गरी, स्वयं साक्षी स्वरूप भएर रहेका, सम्पूर्ण विश्वको आधार, कालविजयी, पापनाशक, ज्ञान र अभयदाता, पञ्चकृत्यकारी, परब्रह्म पशुपति भन्ने बुझिन्छ ।

महापाशुपत विद्यामा पशुपतिको ध्यान यसप्रकार छ "करोडौं सूर्य चम्केजस्तै अत्यन्त तेजिलो आभा, करोडौं चन्द्रमा उदाएको जस्तै शीतलासम्पन्न, सुवर्णजस्तो पहेंलो वर्णको, शान्त विष्णुको मुहार, दक्षिणतर्फ कालो वर्णको दाह्रावाल भैरवको मुहार, पश्चिम दिशामा दूध र कुन्दपुष्प समान सेतो वर्णको वर्णात्मक मुखारविन्द, उत्तरतिर सेतो गोरो वर्णको गौरीशङ्कर उभयात्मक मुखमाथि बत्तीको ज्वाला स्वरूप ज्योतिर्मय मुख, त्यसमा श्रीचक्रराजको चिह्न, नाइटोमा अत्यन्त प्रज्ज्वल कालाग्निरुद्रको मुहार, प्रत्येक शिरमा जटाजूट, चन्द्रमाको अलङ्कार, परब्रह्मस्वरूप, सर्पका गहना, रुद्राक्षका माला, मुण्डमाला, रत्नै रत्नका गहना, पाउसम्म झुण्डिएको बेलपत्रको माला, प्रत्येक शिरको दुई-दुई हात, एक हातमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वेद, अर्कोमा अभयदान, यसरी आठ हात, सधैँ सोह्र वर्षका युवादर्शन, आकाशमा शून्य, शून्यमा पद्‌म, त्यसमाथि बसेका सच्चिदानन्दस्वरूप पशुपति ।

यसरी पशुपति तात्त्विक रूपमा निर्गुण ब्रह्म नै हुन् । जो सबैथोक हो, यस्तो पनि हो त्यस्तो पनि हो, त्यसैले सगुण पनि भयो । एउटै व्यक्ति कसैको बाबु, छोरा, दाजु, भाइ, गुरु, शिष्य, मामा, भाञ्जा आदि सबै हुन सक्छ । त्यस्तै आफूसँग मिल्ने रूपबाट व्यवहार गर्दछ । ठीक त्यसैगरी निर्गुण ब्रह्म स्वयं विभू छ, व्यापक छ, समष्टि पनि हो, व्यष्टि पनि, विस्तार पनि हो । यसैको अनुभवात्मक ज्ञान हुनु साधनाको वास्तविक लक्ष्य हो । यसैबाट साधक साध्यस्वरूप भएर साधक र साध्यमा तादात्म्य हुन सक्छ ।

अन्त्यमा, नेपालमा विराजमान पशुपति सबैका आधार र अधिष्ठान हुन् । जलहरिमाथि शिवलिङ्ग, त्रिबिन्दुले बनेको योनिकला, बीचको बिन्दु कार्यको प्रतिनिधित्व हो । यसैबाट लिङ्ग, ज्योतिर्लिङ्ग, विश्वको उत्पत्ति लय सम्भव भएको छ । सत्‌चित् आनन्दस्वरूप परब्रह्म परमात्मा हुन् । पशुहरूका रक्षक, मोक्षदाता पति पशुपति हुन् । उनैले पाशोको जाल अज्ञानलाई काटेर फ्याँकिदिन्छन्, आफ्ना भक्त साधकहरूका लागि यही नै उनको तात्विक स्वरूप हो ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विभिन्न तन्त्र, सम्प्रदायबीचको समानता

तन्त्र, मन्त्र र यन्त्र मानवजीवनका अपरिहार्य साधन भएकाले यसको ठूलो महत्त्व छ। यसमध्ये तन्त्र एक मौन विस्फोटक साधन हो। जीवनका अनेक मोडमा यसको काम र उपयोगिता आउँछ। यसका बारेमा अनेक भाव स्फूर्त हुन्छ। मानिसका दशा, व्यथा, संकट आदिमा तन्त्रले सहजै प्रभाव पार्छ। कतिपय मानिसहरूले तन्त्रप्रति ज्यादै सद्भाव राख्छन्। अधिकाधिक तन्त्रशक्ति अपनाएर भूतप्रेत आदिको निकृष्ट सिद्धि गरी समाजमा कष्ट दिएको पनि पाइन्छ। उपकार र उद्धारका लागि षट्कर्म लोकोपहारी विद्या हो। समाजमा बौद्धिक चिन्तक तथा साधक वर्ग हुन्छन्। उनीहरूले तन्त्रको आत्ममार्गको रूपमा स्वीकार गर्छन्। झारफुक गर्ने, रोग निदान गर्ने, ग्रह एवं प्रेतादिबाट मुक्ति दिलाउने साधक नै तान्त्रिक हुन्। चमत्कार देखाई जनमानसमा भ्रम पारी इन्द्रजाल गर्ने पनि तान्त्रिक हुन्। वर्तमान अवस्थामा तान्त्रिकको बारेमा विभिन्न चर्चा पाइन्छन्। तान्त्रिक, तन्त्रसम्राट, तन्त्रमर्मज्ञ, तन्त्रराज, तन्त्रशिरोमणि आदि उपाधिले युक्त तान्त्रिकको बाजरमा कमी छैन। वास्तविक रूपमा तान्त्रिक भनेका मानवहितका लागि जुट्ने परोपकारी हुन्। यिनको मूल लक्ष्य पराम्बाको नित्यार्चन हो, जीवनमुक्ति हो। यस्ता तन्त्रले भट्किएको व्यक्तिले, समाजलाई सही आश्रयमा ल्याउने कार्य गर्दछ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पौराणिक साहित्यमा तन्त्रको बारेमा उल्लेख भएको पाइन्छ । शिवपुराणको सन्दर्भमा जालन्धर युद्धको समयमा विष्णुद्वारा पतिव्रता वृन्दाको संसर्गलाई चित्रण गरिएको छ । महाभारतका अनुसार पराशर मुनिले डुङ्गामा मत्स्यगन्धालाई सत्यवतीमा रूपान्तरण गरी दिवाकालमा रतिदान गर्नु तन्त्रकै उपज थियो । पराशर ऋषि वास्तवमा कुलीन र संस्कारी थिए, कामुक थिएनन् । वेद, उपनिषद, पुराण आदि तन्त्रका रूप हुन् । वेदको मन्त्र भाषा एवं योग्य गुरुको अभावमा दुरुह बन्यो । सहज होस् भनी यसको व्याख्या उपनिषद्मा भयो । कालान्तरमा उपनिषद् पनि कठिन भयो । पुराणमा यसको व्याख्या भयो र पुराणको सामयिक व्याख्या गर्नको लागि तन्त्रको प्रतिपादन हुन पुग्यो । तन्त्रको प्रचारप्रसार नेपाल, भारतमा मात्र सीमित छैन । एशियाका विभिन्न मुलुकजस्तै चीन, मंगोलिया, बर्मा, तिब्बत, भूटान आदिमा पनि छ । यी देशमा वज्रयानी बौद्धतन्त्रको अत्यधिक प्रचार थियो । तन्त्रका अनुसार साधकले जीवको अपहरण गर्नुपर्छ, झुटो कुरा गर्ने कसैले पनि दिइएको वस्त्र ग्रहण गर्ने, स्त्रीमा रमण गर्न सक्ने हुनु नै वज्रमार्ग हो ।

इन्द्रभूति कृत ज्ञानसिद्धिको कथनअनुसार "तीनै लोक मिल्ने प्राणीलाई बध गरी धनको अपहरण गर्नु र स्त्रीमा समागम गर्नुपर्छ ।"

नीलपटदर्शनका अनुसार "संसारमा तीन रत्न वेश्या, मदिरा र कामदेव मानिन्छ ।"

नेपालको पशुपतिक्षेत्र, गुह्येश्वरी शक्तिपीठ विशुद्ध तन्त्रसम्मत् पीठ हो । सन् १९९९ मा नेपाल प्रवासमा वामाचारिणी साधिका मणिपद्मापाले गुह्येश्वरी क्षेत्रको विषयमा अद्भूत जानकारी दिइन्, पशुपतिको केही रहस्य पनि बताइएकी थिइन् । मणिपद्मापाका अनुसार परमगुह्याको विधिवत पूजन गरी द्वितीय चक्रमा गुह्यको घृणा नगरी श्रद्धापूर्वक पूजन गर्नुपर्छ । पूजनपछि पशुपतिको दर्शन पूजा गरे साधकलाई मुक्ति तथा भुक्ति मिल्छ । तन्त्रको अन्य शास्त्र एवं सम्प्रदायसँग पनि नजिकको सम्बन्ध छ । जसलाई निम्नानुसार वर्णन गरिएको छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नाथसम्प्रदाय र शाबरमन्त्र

साधनास्थल नेपालमा तन्त्रका अनेक सम्प्रदाय पाइन्छन् । मूलधर्ममा पलाएको विकृतिसँग कालान्तरमा अनेक सम्प्रदायको विकास भएको पाइन्छ । *सम्यक् प्रकारेण उदेतीति सम्प्रदाय* अर्थात् राम्रोसँग उदय हुनुलाई सम्प्रदाय भनिन्छ । कृष्णलाई इष्टदेवका रूपमा वैष्णव, कृष्णप्रणामी, ब्रह्मकुमारीराजयोगलगायतका सम्प्रदायहरूले पूजा, उपासना गर्दछन् तर उनीहरूले लगाउने टीकाको रङ, आकार, स्वरूपमा भिन्नता छ । नाथसम्प्रदाय मन्त्र साधनाका दृष्टिले संवृद्ध छ । शाबरमन्त्र साधनाको अत्यन्त शक्तिशाली एवं लोकप्रिय छ । नाथपन्थको जन्म पतञ्जलिभन्दा पहिले भएको मानिन्छ । यी पन्थको सम्पूर्ण साधुहरूको नामपछि नाथ शब्द प्रयोग गर्छन् । बौद्धधर्मको प्रसिद्धिताका पनि नाथपन्थमा अनेक सिद्ध थिए । एकनाथ, आदिनाथ, मत्स्येन्द्रनाथ, उययनाथ, दण्डनाथ, सत्यनाथ, सन्तोषनाथ, कुर्मनाथ र जालन्धरनाथ आदि साक्षात् शिव थिए । यसबाहेक शेषनाथ पनि सिद्ध थिए, उनैलाई गोरक्षनाथ पनि भनिन्छ । यी मत्स्येन्द्रनाथको शिष्य थिए । यसको जन्म नवौँ शताब्दीतिर मानिन्छ, जन्म स्थान भारत भनिए पनि एकिन छैन ।

गुरु गोरखनाथले नाथपन्थलाई संगठित पारी सबै साधुका लागि कठोर नियम बनाए । गोरखनाथपूर्व नाथपन्थमा यस्ता अनेकौँ योगी आए, जो आफ्नो सिद्धिमा रही ब्रह्मचर्यको पालन गरेनन् । गोरखनाथका गुरु मत्स्येन्द्रनाथ स्वयं यस्तै आचरणमा लिप्त थिए । एकपटक मत्स्येन्द्रनाथ कामरूपमा रानी मैनाकिनीमा मोहित हुनाले समस्या आयो । त्यो समयमा उनको रक्षा गोरखनाथले गरे । गोरखनाथले नाथपन्थका योगीलाई अन्य समुदायभन्दा अलग राख्न कानमा कुण्डल लगाउने प्रथा सुरु गरे । यसैकारण गोरखनाथका शिष्यलाई कानफाटा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

योगी भनियो । वसन्त पञ्चमीमा वा सुअवसरमा कान छेडी पवित्र धातु वा अन्य वस्तुको कुण्डल लगाउँछन् । गोरखनाथभन्दा पहिले भर्तृहरिले कानमा माटोको कुण्डल लगाएका थिए । यसबाट कानछेडी कुण्डल धारण गर्ने प्राचीन प्रमाण अवगत हुन्छ । मन्त्र लिँदा विशेष विधिहरूलाई ध्यान दिनुपर्छ ।

शुक्लपक्षे त्रयोदश्यां चन्द्रताराबलन्विते ।
गत्वा च दक्षिणामूर्तेः सन्निधौ पूजयेच्च तम् ॥
कलशस्थापनं कृत्वा तदग्रे तु परिक्षिपेत् ।
तालपत्रे लिखित्वाथ मन्त्रं देवं च पूजयेत् ॥

-मेरुतन्त्र ६।५८५-५८६

अर्थात् शुक्लपक्षको त्रयोदशी तिथिका साथै चन्द्र एवं ताराको बललाई ध्यान दिएर कलशको स्थापना गर्नुपर्छ । ताडपत्रमा लेखी मन्त्रलाई देवताको स्वरूप मानी पूजा गर्नुपर्छ । शाबरतन्त्रमा पनि मन्त्रलाई देवता स्वरूप मानिन्छ । उनीहरूले कुण्डलाई पनि पवित्र धारणीय वस्तु मान्दछन् । तामिलनाडुको उत्तरीजिल्लामा परशुरामेश्वर नामको प्राचीनमन्दिरमा यस्तै कुण्डल लगाइएको मूर्ति छ । आठौं शताब्दीको एलीफेंटाको गुफामा शिवको यस्तै मूर्ति पाइन्छ । प्राचीनकालमा पनि कुण्डल लगाउने परम्परा थियो । गोरखनाथले आफ्नो कालमा योगसाधनालाई अनिवार्य अङ्ग बनाए । जुन प्रथा आजसम्म पनि विद्यमान छ । नाथपन्थमा कान छेडेर कुण्डल धारण नगर्ने अघोरी हुन् । प्रत्येक कानफाटा योगी कान छेड्न अघोरी हुन्छन्, कान छेडेपछि अघोरी कानफाटा हुन्छन् । मत्स्येन्द्रनाथ, गोरखनाथ पहिले कानफाटा थिए तर जालन्धरनाथ आजीवन अघोरी बने । अघोरीले मत्स्येन्द्रनाथ, जालन्धरनाथ र गोरखनाथ तीनैलाई आफ्ना गुरु मान्दछन् । तन्त्रसम्प्रदायका साधन यिनका समीप मानिन्छ । तान्त्रिक सम्प्रदाय, तान्त्रिक तथा कानफाटा साधुमा रहेको अन्तर तान्त्रिक शक्तिको उपासक हुन्छन् र अघोरीनाथ शिवका उपासक मानिन्छ । गुरूप्रति दुबै पन्थका साधक अत्यन्त समर्पित रहन्छन् ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

बौद्धतन्त्र र गोरखतन्त्र

तन्त्र यस्तो शक्ति वा साधना हो जसलाई कसैले नसुनेको होस् । कुनै पनि स्थानमा तन्त्र जान्ने, सुन्ने मानिस पाइन्छन् । यसबाट कोही अछुतो रहन सक्दैन । तन्त्र विशाल साहित्य हो, विश्वका अनेक भाषामा तन्त्रसाहित्य उपलब्ध छ । यसको जन्म भने भारतवर्ष नै भएको पाइन्छन् । बौद्ध साधना वा साहित्यमा यसको चर्चा र व्याख्या पाइन्छ । बौद्धधर्मका जननी बुद्धका आधारमा शुभ अशुभ कर्मका फल जातकअनुसार नै प्राप्त हुन्छन् । पातञ्जलयोग र तान्त्रिकयोगबाट प्रभावित भई बुद्ध समाधियोगबाट तान्त्रिक बनेको भनाइ छ । तान्त्रिक साधना र दर्शनका कारण यसमा ठूलो अन्तर छ । 'ॐ मणि पद्मे हुँ' मन्त्र आज पनि प्रचलित छ र तान्त्रिक साधनाको दृष्टिले महत्त्वपूर्ण मानिन्छ । तान्त्रिक ग्रन्थमा बुद्ध र प्रज्ञापारमिताको उही सम्बन्ध स्वीकार गरी शिवशक्तिको नजिक तुलना गरिएको छ । बौद्ध तान्त्रिक तत्त्वमा मन्त्र, तन्त्र, पञ्चमकार, शक्ति कल्पना, नाडी, चक्र, कमल, अधिष्ठात्री देवी आदिको गणना गरिन्छ । वर्तमानकालमा तान्त्रिक वर्ग शिवतन्त्रको प्रणेता शक्ति मान्छन् । सबै तन्त्र साधक शिवको इष्ट स्वीकार छन् ।

बौद्धकालमा तन्त्रविद्या चरम विख्यात बनेको थियो । त्यसैले तान्त्रिकहरू चरम सिद्धि मान्दै सांसरिक बन्धनबाट मुक्त रहे । तान्त्रिकमतअनुसार तन्त्रले मनको निर्मल शक्ति सम्पन्न गरी षट्चक्र भेदनमा साधकलाई समर्थ बनाउँछ । साधकको भौतिक सिद्धिको चमत्कार सहजै प्राप्त हुन सकोस् भन्ने लक्ष्य हुन्छ । यसका लागि त साधकको विवेक र बुद्धिमा निर्भर हुन्छ । साधनामा लिप्त नभई लक्ष्य प्राप्त गर्न सम्भव छैन । बौद्धतन्त्रमा नाथसम्प्रदाय पनि प्रकाश भयो । नाथसम्प्रदायका साधक विलक्षण सिद्धिका स्वामी थिए । सामान्य हड्डीको टुक्रा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

जलाई तान्त्रिक क्रियाद्वारा जातकको भूत, वर्तमान, भविष्य देख्थे । मेघ, बादल नहुँदा पनि तुफान आँधी उत्पन्न गर्न, पक्षीझैँ आकाशमा उड्न, अदृश्य हुन, सरल सम्झिन्थे । तिनीहरू नितान्त संयमी, उदासीन र चरम शान्तिका उपासक थिए । समयक्रमसँगै केही साधक भ्रष्ट हुनु चाहिँ अपवाद हो । गुरु गोरखनाथकै कारण नाथसम्प्रदाय सफल सिद्धिले चारैतिर लोकप्रिय भए । 'समय एव करोति बलाबलम्' भनेझैँ अंग्रेजहरूको अतिक्रमणले भारतीय उपमहाद्विपमा तन्त्रविद्या लोपोन्मुख भयो । तान्त्रिक विद्या जटिल हुनाले कहिलेकाहीँ तामसी, क्रुर, विभत्स आदि कार्य यसैको नाममा भएको देख्नुपर्छ । केही तान्त्रिकहरू लोभ, लालचमा फसेका हुनाले असल तान्त्रिकहरूको प्रामाणिकता न्यून बनेको छ । यस विषयमा अनेक व्यक्तिमा नानाथरिका भ्रम पाइन्छन् ।

गोरखनाथले शाबरमन्त्र साधनापद्धतिं स्वीकारी कुलाचार पद्धतिबाट पृथक रहे । उनको जीवन योगाचारद्वारा ओतपोत थियो, यौनाचार थिएन । शारीरिक सम्बन्धलाई यिनले साधनामा बाधक मान्छन् । उनी जीवनभर यसबाट टाढा रहे । उनका अनुसार शरीर शुद्ध नहुञ्जेल सिद्ध ज्ञान प्राप्त हुँदैन । उनका विचारमा शरीर शोधन वा रेचन अत्यावश्यक छ । गुरु गोरखनाथको अन्तरज्ञान, ध्यान, सदाचार, शील आदि विचार गरी 'यन्त्र तन्त्र मनोगच्छेत तत्र तत्र शिवं पदम्' मा विश्वास गर्थे । जहाँजहाँ मनको गति छ, त्यहाँ शिवतत्त्व हुन्छ भन्ने विश्वास गर्दथे । गोरखनाथपूर्व क्रीडा गर्ने गराउने साधन थिए, आज पनि यस्ता साधक दृष्टिगोचर छन् । जो अघोरी वा वामाचारी हुन् ।

चौरासी सिद्ध नवनाथ प्रचलित भनाई हो । सिद्ध संख्या चौरासी तथा नाथ संख्या नौ राख्नु विचारणीय पक्ष हो । यस भनाइमा अनेक उदाहरण दिएको पाइन्छ । मत्स्येन्द्रनाथ र गोरखनाथको विषयमा कसैले किटेर भनेको छैन अपितु मत्स्येन्द्रनाथको साधनापद्धति अधिक सरल थियो । गोरखनाथ वास्तवमै मत्स्येन्द्रनाथका शिष्य भएको सम्बन्धमा एकमत छ । नाथसम्प्रदायका नवनाथले शाबरमन्त्रको प्रचारप्रसार तथा शक्ति उत्पन्न गर्न जुनसुकै कार्य गरे । संसारमा जबसम्म शाबरमन्त्र विद्यमान छ तबसम्म गोरखनाथको नाम अमर रहन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दक्षिणमार्ग र वाममार्गको तुलना

मनुष्यले मुक्तिबोधका लागि अपनाउने माध्यमहरूलाई तान्त्रिक वाङ्मयमा मार्ग भनिन्छ । त्यस्ता मार्गहरू १.दक्षिणमार्ग २ वाममार्ग ३ कौलमार्ग गरी तीन प्रकारका छन् । दक्षिणमार्ग क्रियाप्रधान मार्ग हो, वाममार्ग विचार वा चिन्तनप्रधान मार्ग हो भने कौलमार्ग ज्ञान वा बोधप्रधान मार्ग हो । मानिसको मनस्थिति वा भावअनुसारको आचार एवं आचार अनुरूपको मार्ग हुन्छ भनी तन्त्रशास्त्रमा निर्धारण गरिएको छ । मानिस आफ्नो जीवनशैली सरल, सहज र सभ्य होस् भन्ने अभिप्रायले विभिन्न क्रियाकलाप वा व्यवहार गरिरहेका हुन्छन् । यसो हुँदाहुँदै पनि कतिपय त मनभरि महत्त्वाकाङ्क्षा लिएर तृष्णाहरूको जालोमा जेलिइरहेका छन् । कतिपय हीनताबोध, द्वैतभाव, उत्तेजना, असम्भव इच्छा, स्वामित्वको अभीप्सा अङ्गालेर संसारमा रुमल्लिरहेका पाइन्छन् । यिनै सकारात्मक एवं नकारात्मक भावको कसीमा घोटेर तौलँदै मूल्याङ्कन गर्ने मनोवृत्ति प्रायः मानिसमा देखिन्छ । मूल्याङ्कनको माथिल्लो तहमा स्थापित हुनु सबै मानिसको अभीष्ट नै हो । त्यस्तो अभीष्ट सिद्धिका खातिर संसारमा प्रशस्त आदिभौतिक, आदिदैविक र आध्यात्मिक उपायहरू पनि छन् । यीमध्ये आदिभौतिक उपायहरू विश्वमा पाइन सक्ने भौतिक सामग्रीहरूको उपयोगबाट सिद्ध हुन सक्दछन् । आदिदैविक उपायचाहिँ मानसिक अवस्थितिहरूको उपयोग गरिने कुरा हो भने आध्यात्मिक उपाय विवेक वा ज्ञानसँग सम्बन्धित उपाय हो ।

विभिन्न प्रविधि वा स्रोतबाट उपर्युक्त उपायहरू उपयोग गर्नु मानवीय कौशल हो । त्यसका लागि तन्त्रशास्त्रले भरपर्दो सहयोग पुर्‍याउन सक्दछ । हरेक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

शास्त्रीय, सामाजिक, व्यावहारिक अनुकूल र प्रतिकुल संसाधनहरूलाई समेत उपंयोग गर्दै धर्म-अर्थ-काम-मोक्ष चार पुरुषार्थ परिप्राप्तिका निम्ति नियोजन गर्नु तन्त्रशास्त्रको वैशिष्ट्य हो । त्यसैले तान्त्रिक साधनाका लागि, तान्त्रिक आचार र मार्ग निर्धारणका प्रारम्भिक र आधारभूत तत्त्वका रूपमा उल्लिखित छ । मानवीय व्यवहारमा कार्यव्यापारअनुसारका विभिन्न सोचविचारहरू हुन्छन् । नातासम्बन्ध अनुकुलका भाव बन्दछन् । भाव भनेको मनको अवस्था हो । मानवीय मानसपटलमा अनेक-अनेक तरङ्गहरू तैरिन्छन् । कल्पना, सोच र विचारहरूको छाल छचल्किरहेका हुन्छन् । त्यस्ता सबै मनोव्यापारहरूको समष्टिगत तह वा स्तरलाई तान्त्रिक वाङ्मयमा भाव भनिन्छ । सम्पूर्ण भौतिक एवं आध्यात्मिक उपलब्धिको मूलकारक मन नै हो । भनिएको पछि छ "मन एव मनुष्याणां कारणं बन्धमोक्षयोः" मनकै अवस्था विशेषबाट भाव उत्पन्न हुन्छ र भावद्वारा नै देवदर्शन, परंज्ञानप्राप्ति वा मोक्ष सम्भव हुन्छ । भावबिनाको पूजा, होम, जप, अर्चनादि शुभकर्महरू सबै निष्फल हुन्छन् ।

भावेन लभते स्सर्वं भावेन देवदर्शनम् ।
भावेन परमं ज्ञानं तस्मात् भावावलम्बनम् ॥

अर्थात् 'भावले नै सबै पाइन्छ, भावबाट देव दर्शन हुन्छ । भावद्वार परम ज्ञान पाइने हुनाले भावलाई नै अवलम्बन गर्नुपर्छ ।' भावबाट प्राप्त गर्न असम्भव केही पनि छैन । भव मनको धर्म हो, भनिएको पनि छः- भावस्तु मानसो धर्मः । भावहरू मनमै उत्पन्न हुन्छन् र मनमै विलय हुन्छन्ः-'मनस्युत्पद्यते भावो मनसि हि प्रलीयते ।' भाव देवता उपासनाका लागि पहिलो अपरिहार्य सोपान हो । 'पितरो वाक्यमिच्छन्ति भावमिच्छन्ति देवताः' भन्ने सूक्तिअनुसार पनि देवीदेवताको उपासनामा भावको पहिलो स्थान रहन्छ भन्ने पुष्टि हुन्छ । साधकको अभीष्ट सिद्धिका लागि तान्त्रिक उपासनाका विभिन्न तरिका र पद्धतिहरू हुन्छन् । एकै देवी वा देवताको उपासनाका पनि अनेक शैली छन् । ती शैलीअनुसारका भिन्नभिन्न फलहरू हुन्छन् । कुन फल परिप्राप्तिका लागि कुन शैली वा तरिका अपनाउने भन्ने निर्धारण तन्त्रशास्त्रमा गरिएको छ । तान्त्रिक

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

चिन्तनअनुसार यस्तो भावअनुरूपको आचार एवं आचार अनुगत मार्ग हुने हुन्छ । दक्षिणमार्ग र वाममार्गको तुलनात्मक खोजतलासको परिणाम निकाल्नुभन्दा पहिले भावको आचारहरूको परिचयात्मक प्रस्तुति पस्किएको छ । तन्त्रमा भाव वा मनोऽवस्थालाई साधनापरक साँचोमा कुँदेर पृथकीकरण गरी तीन भागमा विभाजन गरिएको पाइन्छ । १. पशुभाव, २. वीरभाव, ३. दिव्यभाव ।[1] यिनीहरूको सामान्य परिचय तल दिइएको छ ।

(क) पशुभावः-

यी तीन भावमध्ये पशुभाव आधारभूत वा प्रारम्भिक भाव हो । वेदोक्त फलका लागि अनुकुल यो भाव द्वैत मनस्थिति विशेष छ । यस भावमा कर्तव्याकर्तव्यको नियमपूर्वक परिपालना गर्दै निषेध गरिएका आचारको परित्याग गर्नुपर्दछ । पशुभावका साधकले इष्ट देवीदेवतालाई शुद्ध स्फटिकझैँ सफेद र शुभ स्वरूपमा ध्यान गर्नुपर्दछ । भावचूडामणितन्त्रमा प्रष्ट भनिएको पनि छः-

पशुभावं प्रवक्षामि श्रृणु वत्स समाहितः ।
देवता शुभवर्णा तु ध्यातव्या सुसमाहितैः ॥

बिहान सूर्योदयअगाडि, दिउँसो, मध्याह्नमा र सायमकालको सूर्यास्तअघि तीन पटक सन्ध्याबन्धन, जप र देवपूजन गर्नु यस भावका साधकको धर्म हो । रातीको समयमा भने जप ध्यान गर्नु र माला छुनु समेत निषेधित छ ।

त्रिसन्ध्यं देवपूजां तु त्रिसन्ध्यं जपमाचरेत् ।
रात्रौ मन्त्रं च मालां च न स्पृशेच्च कदाचन ॥

त्यस्तै स्त्रीहरूमा विशेष श्रद्धा भाव राख्नु, पुराण श्रवणमा आस्था जाग्नु, वेद-वेदाङ्गको आशयलाई अवलम्बन गर्नु, नित्यकर्म, नित्यश्राद्ध, गयाश्राद्धहरूमा कर्तव्यनिष्ठ भएर लाग्नु, तीर्थाटन, पीठक्षेत्र भ्रमणमा अभिरुचिका साथ संलग्न

---

१ भावस्तु त्रिविधो देवि दिव्यवीरपशुक्रमात् ।
आदौ भाव पशु कृत्वा पश्चात् कुर्यादवश्यकम् ॥
वीरभावं महाभावं सर्वभावोत्तमोतमम् ।
तत्पश्चाच्छ्रेयसां स्थानं दिव्यभाव महाफलम् ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुनु यस भावका साधकको लक्षण हो ।[२] कुलपूजा अधिकारका लागि पशुभाव अपरिहार्य मानिन्छ । शरीरमा स्थिर रहनु, आत्मामा स्थिर रहन नसक्नु, सत्त्व, रज, तम गुणहरूको परिधिभित्र रहनु, शरीर, इन्द्रिय, मन, अहङ्कार, बुद्धि, चित्तका साथ नराम्रा वृत्तिहरूमा प्रभावित हुनु पशुसाधकको लक्षण हो । 'पाशवद्धः पशुः प्रोक्त पाशमुक्तः सदाशिवः' भन्ने शास्त्रीय वचन छ । आणव, माय र कार्ममलहरूको पाशोले बाँधिएका चेतनजीवहरू सबैलाई पशु भनिन्छन् । चित्तवृत्ति बहिर्मुखी हुने अदीक्षित, क्रियाहीन, मन्त्रतन्त्र विवर्जित साधकलाई यस भावमा महापशु भनिन्छ । इन्द्रियहरूको वशमा रहने र इन्द्रियको पोषणलाई ख्याल गर्ने जीवहरू पशु हुन् भन्ने तन्त्रशास्त्रीय वचन पाइन्छ ।[३] मनअनुसारको व्यवहार, भावअनुसारको आचार भनेझैं पशुभावका साधकले परिपालना गर्ने साधनात्मक क्रियाकलाप पश्वाचार हो । समयाचार भनेर पनि बुझिने यस पश्वाचारभित्र वेदाचार, वैष्णवाचार र शैवाचार गरी तीन प्रकारका आचार छन् । यी तीन आचारको समष्टी स्वरूप अझै मुख्य आचार छ, त्यो हो दक्षिणाचार । जसको सामान्य परिचय यहाँ वर्णन गरिएको छः-

अ. वेदाचार :

वेदाचारमा शरीरशुद्धि, कर्मानुशरण र स्वर्गप्राप्तिको कामना विशेष रहन्छ । यसमा श्रुति, स्मृति, पुराणका विधि निषेध, कर्मकाण्डीय क्रियाकलापहरू पर्दछन् । वर्णाश्रमीय आचार, स्वर्गादि फल कामनायुक्त क्रियाकलापलगायत वेद, वेदाङ्ग शास्त्रलाई प्रमाण मानेर गरिने सम्पूर्ण आचारहरू वेदाचार हुन् । यस आचारमा ब्रह्मचर्यको परिपालना, त्रिकाल स्नान, त्रिकाल सन्ध्या, नित्य सहस्रगायत्री जप, अग्निहोत्र, देवकर्म र पितृकर्मको पालना, पञ्च देवोपासना इत्यादि सबै नियमहरूको सम्यक् परिपालना गर्नुपर्दछ ।

---

२ ऋतुकालं विना चापि न गच्छेत् स्त्रियमादरात् ।
पुराणश्रवणे श्रद्धा वेदवेदार्थतत्पर ॥
नित्यं श्राद्धं गयाश्राद्धं सन्धयावन्धनमेव च ।
तीर्थस्नानं पीठदेशं गमनं धर्मतत्परः ॥

३ इन्द्रियाण्येव पश्यन्तीति पशवः पशुः जीव ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

आ. वैष्णवाचार :

यस आचारमा क्रियात्मक भक्तिको अवस्था हुन्छ । गुरुको आज्ञापालन गर्नु, विष्णुलोक प्राप्तिको कामना गर्नु, वैष्णवाचारको वैशिष्ट्य हो । शुद्धता र अशुद्धतामा धेरै नै प्रवाह गर्नु, हिंसामुक्त रहनु, पाञ्चरात्रको आचार अवलम्बन गर्नु, शरीरमा देवताको विन्यास गर्नु, तिलक, तुलसीको माला, गोपीचन्दन आदि धारण गर्नु, विष्णुको मूर्तिपूजा र उपासनारत रहनु, एकादशीको विशेष व्रत लिनु यस आचारका प्रमुख विशेषता हुन् । त्यस्तै गोलोकधाम प्राप्ती परम लक्ष्य हुने वैष्णवाचारीहरू आफूलाई देवदास मान्दछन् । सदा दासभावले द्वैत मनस्थितिले प्रभुको पाउमा पर्दछन् ।

इ. शैवाचार :

सर्वत्र शिवावस्थको भावना राखी उपासना गरिनु यस आचारको लक्षण हो । शैवाचारीहरू शिवशास्त्र वा शैवागम अनुकूल आचरणमा रहन्छन् । शिव नै दीनभक्त भन्ने अभिप्रायले उपासना गरिने यस आचारमा शुद्ध द्वैतभाव देखिन्छ । कार्य, कारण, योग, विधि र दुःखान्तको परिप्राप्तिका लागि उपासकहरू पाशुपताचार अवलम्बन गर्दछन् । जगत्लाई तुच्छ सम्झनु, संसारबाट आफू अलग वा पृथक् रहनु, एकान्तवासमा रम्नु, शिवको चिन्तन गर्नु, भस्मधारण गर्नु, सधैँ ब्रह्मचर्याश्रममा रहनु, भिक्षाले जीविकोपार्जन गर्नु, शैवदास भावले साँढेसमान भई आफूलाई अज्ञानको पाशोले बाँधिएको पशु सम्झनु, शिवलाई पति ठान्नु यस आचारका विशेषता हुन् । पशुपतिको प्रसादबाट दुःखको अन्त्य भई अज्ञानी पशुत्वको नाश भएर मुक्ति पाउनका लागि यिनीहरू शैवाचारमा रहिरहन्छन् । 'अप्रमादी गच्छेत् दुःखानामन्तं ईशप्रसादात्' भन्ने सिद्धान्तलाई आत्मसात् गर्दछन् ।

ई. दक्षिणाचार :

सर्वप्रथम दक्षिणामूर्तिले अवलम्बन गरेको आचार दक्षिणाचार हो । बाहिरी शुद्धि, अन्तशुद्धि र शास्त्रानुशीलनद्वारा प्राप्त ज्ञानलाई यस आचारमा उपयोग गरिन्छ । यस भावका साधकले कुलाचार, लोकाचार र वैदिकादि शास्त्राचार

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अनुरूपका आचरणमा रहेर साधनाका नियमहरू परिपालना गर्नुपर्दछ ।[४] यस आचारमा 'दासोऽहं'को भावनाले देवताको आराधना गरिन्छ । परमात्मा परमेश्वर कर्ताभर्ता सबै हुनुहुन्छ, हामी उहाँका दास हौँ भन्ने भावनाले उपासना गर्नु यस आचारको विशेषता हो । दक्षिणाचारमा विधिनिषेधको बहुत ख्याल गरिन्छ । विशेष गरी यस आचारमा देवस्थान, गुरुस्थान, चौबाटो र मसानमा शौचादि कर्म गर्नै हुँदैन । यिनीहरूले कन्या र स्त्रीको अत्यन्त आदर गर्नुपर्दछ ।[५] प्रमत्ता, पुष्पिता, कन्या, कमार्ता, पतितस्तनी, नग्ना र विरूपा स्त्रीहरूसँग बोल्नु पाप ठान्दछन् । परमैश्वर्यमा ईर्ष्या गर्नुहुन्न । गाई, धान, गुरु, देव, पिता, माता, तीर्थ, मन्दिर, पूजाका स्थानमा रहने जाति, पूजाका वस्तु र पुस्तकलाई कहिल्यै पाउले छुनुहुन्न र नाघ्न पनि हुँदैन । परनिन्दाबाट सधैँ टाढा रहनुपर्दछ । सन्यासी र व्रती, विप्र, वेद-वेदाङ्ग, आगम, पुराण धर्मशास्त्रहरूको निन्दा गर्नु यस आचारमा वर्जित हुन्छ । दक्षिणाचार शुद्ध वैदिकाचार हो । यस आचारमा पञ्चमकारको निन्दा गरिन्छ । भनिएको पनि छ 'पश्वाचारस्तु विज्ञेयाः पञ्चतत्त्वेषु निन्दक' तर पञ्चामृत, पञ्चगव्यजस्ता उपकरणको प्रयोग हुन्छ । पशुभावयुक्त उक्त चारमध्ये कुनै एक वा सबै आचारसम्बन्धी साधनामार्गलाई तान्त्रिक वाङ्मयमा दक्षिणमार्ग भनिन्छ । दक्षिणाचारको अर्थ आचार अनुकूल हो । अहङ्कार त्याग गरी आफ्ना धर्म मानी चल्ने आचार नै दक्षिणाचार हो ।

(ख) वीरभाव

अद्वैतज्ञान सागरको एक वुँदमात्र भए पनि रसस्वासदन गर्न सक्ने पशुभावबाट केही माथि उठेको भाव वीरभाव हो । वीरभावका दुई भेद छन्:- (क) सभाव र (ख) विभाव ।[६] ज्ञानवीरले झैं अज्ञानको डोरीलाई डढाउन प्रयत्नरत सभाववीर सत्त्वगुण प्रधान एवं विभाववीर रजोगुण प्रधान हुन्छन् । देवीदेवता नै 'मै हुँ' भनी

---

४ राजसो दक्षिणोमार्गः प्रतिमायाञ्च पूजनम् ।
बह्योपचारैः पुष्पाद्यैस्तदा ध्यानं विशिष्यते ॥

५ यत्र नार्यस्तु पूज्यन्ते रमन्ते तत्र देवता ॥

-मनुस्मृति

६ वीरश्च द्विविधो देवि विभावश्च सभावकः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तदनुरूप साधना गर्ने, ऐश्वर्ययुक्त, शक्तिवान्, सर्वगुणसम्पन्नताको भाव वीरभाव हो। वीरभावका साधकले परिपालना गर्ने साधनात्मक क्रियाकलाप वीराचार हो।

गन्धं दद्यान्महीतत्त्वं पुष्पमाकाशमेव च।
धूपं दद्याद्वायुतत्त्वं दीपं तेजः समर्पयेत्॥
नैवेद्यं तोयतत्त्वेन प्रदद्यात् परमात्मने॥

अर्थात् "यस आचारअन्तर्गत तान्त्रिक ब्रह्मोपासना गर्ने क्रममा पृथ्वीतत्त्वलाई चन्दन, जलतत्त्वलाई नैवेद्य, तेजतत्त्वलाई बत्ती, वायुतत्त्वलाई धूप र आकाशतत्त्वलाई फूलका रूपमा पूजासामग्रीको अनुकल्पना गरेर मानसपूजा गरिने विधान छ।" प्रायः यस आचारमा पञ्चतत्त्वबाट सम्पादन गरिएका पूजा सामग्री, पाञ्चभौतिक देहले अर्पण गरी देवीदेवताको आराधना गरिन्छ। पूजामा देवीदेवतालाई पञ्चतत्त्व चढाई उपचार गरिन्छ। पञ्चतत्त्वोपचारमा पाञ्चभौतिक देह नै पूजासामग्री हुन्छ। जति पनि दैहिककर्म हुन्छन् ती सबै उपचार नै हुन् भन्ने मान्यता यस आचारमा पाइन्छ। अर्चना देहले गर्छ मिलेको पञ्चतत्त्वले। देवतालाई त्यही तत्त्व चढाई पूजन गरिन्छ। यसको अर्थ पूजाको देह नै उपचार हो। देहका जति छन् कर्म अर्चनाकै विधान हुन्। लोकले निषेध गरेका कुरालाई पनि मोक्षमार्गमा सदुपयोग गर्न सक्ने हुनाले यस आचारमा रहनेलाई वीर भनिन्छ। यस आचारअन्तर्गत १ वामाचार २ शाक्ताचार ३ सिद्धान्ताचार।

वामाचारः

पशु आचारबाट उत्तीर्ण वीरभवका साधकको आचारलाई वीराचार भनिन्छ। लोकसम्मति रविमतिको प्रवाह नगरी चित्त विक्षुब्ध नपारीकन ईश्वरसँग आफ्नो अभेद स्थापना गर्दै साधनामा रहेर साधकले अभीष्ट प्राप्ती यस आचारबाट गर्दछ।

वाममार्गेण दीक्षायां गुप्ता त्तयस्रा तु वैदिका।
स्तम्भानामुपरि स्थाप्यान्यव्रणानि ऋजूनि च॥

वामाचारमा गुरु, मन्त्र, देवता र आत्मामा कुनै भिन्नता नराखी साधना गरिन्छ। गुरु देवता नै हुन्छन्। देवताले नै प्रत्यक्ष गुरुको रूपमा आएर दीक्षामन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

दिन्छन् अर्थात् “गुरुशिष्यपदे स्थित्वा स्वयं देव सदाशिवः । पूवोत्तरपदैर्वाक्यैस्तन्त्रं समावतारयत्” भन्ने मान्यता अनुरूप अवतरित भएको तन्त्रशास्त्रको प्रसारमा देवतारूपी गुरु स्वयं मन्त्रदान गर्दछन् । देवताभावले ओतप्रोत शिष्य वा उपासकले विद्या ग्रहण गर्दछन् । उपासकले गुरुको ज्यादै मानसम्मान, श्रद्धा गर्नु यस आचारको विशेषता हो । यस आचारअनुसारको पूजामा कतै मासुको, कतै मदिराको, कतै माछाको, कतै मुद्राको, कतै मैथुनको प्रयोग हुन्छ भने कतै पाँचै मकारको प्रत्यक्ष वा अनुकल्पको रूपमा प्रयोग हुने गरेको पाइन्छ । पञ्चमकार अनुकल्पका रूपमा प्रयोग गर्नेहरूलाई दक्षिणवीर भनिन्छन् ।

पाँचै मकारको साक्षात् प्रयोग वामवीरले ।
गर्छ तर अनुकल्प लिन्छ दक्षिणवीरले ॥

वीर उपासकले पूजा, उपासना गर्दा 'सोऽहं'को भावना राख्दछ । उपास्य देवता र आफूमा ऐक्य मान्दछ । जसले सांसारिक भावलाई चटक्क छोडेको हुन्छ । वीरले सदा चक्रको पूजा गर्दछ । वीरसाधक स्वयं भैरव भई भैरवीसँग मिल्दछ । उच्चनीच, जातपात, वर्णव्यवस्थाको सांसारिक चक्रबाट माथि उठेको हुन्छ । उसका लागि सारा पुरुषहरू शिव हुन् भने स्त्री सबै शक्तिस्वरूपा पार्वती हुन् । सांसारिक चक्र नै शिवशक्ति स्वरूप हो भन्ने उसको भाव रहन्छ । वाममार्ग सगुण र निर्गुण बीचको साधनामार्ग हो । बायाँ हातले पूजा गरिन्छ । वाम शब्दका धेरै अर्थ छन् । ती अर्थमध्ये श्रेष्ठ अर्थमा वाम शब्दको प्रयोग भएको पाइन्छ ।

वाम आचारमा बाँया हातले हुन्छ पूजन ।
वामको अर्थ हो राम्रो यो हुन्छ श्रेष्ठ पूजन ॥

सर्सर्ती हेर्दा वाममार्गको आचार दक्षिणमार्गको आचारको विपरीत लाग्दछ । दक्षिणमार्ग प्रवृत्त मार्ग हो भने वाममार्ग निवृत्त मार्ग हो । प्रवृत्तमार्गमा संसारका विषयहरू अलग-अलग लाग्दछन् । सबै वर्ण, जातजाति, संस्कार, संस्कृति, कुल, आश्रमका व्यवस्थाहरू यस मार्गमा भिन्नाभिन्नै हुन्छन् तर निवृत्तमार्गमा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वर्णभेद, जातिभेद, संस्कार, संस्कृति, कुल, आश्रमको विभेद रहन्न । साधक यी सबै विभेदका दायराबाट माथि उठेर साधनारत हुन्छ ।

शाक्ताचार :

यद्यपि वामाचार नै शाक्ताचार एक पाटो हो तर पनि तन्त्रसाहित्यमा शाक्ताचारको विशेष उल्लेख पाइन्छ । शक्तिस्वरूपाबाहेक केही कसैको अस्तित्त्व नस्वीकारी पञ्चमकारद्वारा शक्तिको उपासना गरिने तान्त्रिक आचार नै शाक्ताचार हो । अन्य शवै आचार निर्जीव हुन् तर शाक्ताचार एकमात्र सवीजाकार हो भन्ने मान्यता शाक्ताचारमा रहनेहरूको हुन्छ ।

शक्तियुक्तोऽपि शाक्तः स्यात् शक्तिपूजन तत्परः ।
शक्तिदेवीं विना देवि नान्यदेवं विचिन्तयेत् ॥

सिद्धान्ताचार

वामाचारको चरमोत्कर्ष सिद्धान्ताचार हो। वाममार्गी साधनाको निरन्तर अभ्यासबाट यो आचारमा पुग्न सकिन्छ । यस आचारमा 'सोऽहं'को ध्यानबाट उपासना हुन्छ । यतिबेला शुद्धाशुद्धिको भेद ज्ञानले रहित भएर साधक परिपूर्ण भैरवावस्थाको अनुभूति गर्न थाल्दछ ।

भया सर्वं रवयति सर्वदो व्यापकोऽखिले ।
इति भैरवशब्दस्य सन्ततोच्चारणच्छिव ।

यस परिस्थितिमा साधकले आफू परिपूर्ण देवता भएको र आफ्नै ध्यान गरेर परितृप्त भएको महसुस गर्न थाल्दछ । तब, साधकको जीव, श्वासप्रश्वस सबै शिवमय हुन पुग्दछ ।

आत्मानं देवतां मत्वाऽप्यात्मानं तोषयेत् यदि ।
सिद्धान्ताचारो विज्ञेयस्तस्यजीवः शिवो भवेत् ॥

वीरभावमय यी वीराचार, शाक्ताचार र सिद्धान्ताचारसम्बन्धी साधनामार्ग वाममार्ग हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

(ग) दिव्यभावः

दिव्यभाव सबैभन्दा उत्तम भाव हो । समाधिमा पुगेको योगारुढ योगीको भावलाई दिव्यभाव भनिन्छ । म ब्रह्म नै हुँ 'अहं ब्रह्मास्मि' म स्वयं शक्ति स्वरूपा देवी नै हुँ 'अहं देवी न चान्योऽस्मि ब्रह्मैवाहं न शोकभाक्' भन्ने उच्च भावनाले ओतप्रोत दिव्य साधकमा 'शिवोऽहं'को बोध हुन्छ ।

सर्वज्ञः सर्वकर्ता च व्यापकः परमेश्वरः ।
स एवाहं शैवधर्मा इति दार्ढ्याद्भवेच्छिवः ॥

भाव र भावकको भेद समाप्त भई केवल भावमात्र रहने यस अवस्थामा उपचारबिना नै पूजा हुन्छ र सांसारिक साधनबिना नै उपासना हुन्छ ।

कौलाचारः

दिव्य साधकले आफ्नै उपासना गर्छ । एकान्तमा स्थिर रहने, आनन्दै आनन्दको अनुभूतिमा रम्ने, दिव्य साधकको आचार नै कौलाचार हो । कुल भनेको मूलाधारचक्रको कुण्डलिनी शक्तिस्वरूपा धरातत्त्व हो भने अकुल भनेको सहस्रारचक्रमा अवस्थित शिवतत्त्व हो ।

अकुलस्यास्य देवस्य कुलप्रथमशालिनी ।
कौलिकी सा पराशक्तिरवियुक्तो यया प्रभुः ॥

कुण्डलिनी जागरणको योग प्रक्रियाद्वारा यी दुई तत्त्वको मिलन गराएको र शिवशक्ति सामरस्यको अलौकिक आनन्दरूपी अमृतपान गरिरहने साधकका जे जे व्यवहार, चालचलन, क्रियाकलाप हुन्छन् ती सबै कौलाचार हुन् । कौलाचार अनुरूपको मार्ग कौलमार्ग हो । पशुभाव, दक्षिणाचार वा दक्षिणमार्गसँग वीरभाव, वामाचार वा वाममार्गसँग त्यस्तै दिव्यभाव, कौलाचार वा मोक्षमार्गसँग सम्बन्धित छ । दक्षिणाचार भनेको क्रियाचार हो । यस आचारमा क्रियायोग प्रधान रहन्छ । त्यस्तै वामाचार ज्ञानाचार हो । यसमा ज्ञानयोगको स्थान मुख्य छ । त्यसैगरी कौलाचार क्रिया र ज्ञानको विलय भूमि हो । यहाँ आनन्दको आधिक्य रहन्छ । कौलाचारले दक्षिणमार्ग र वाममार्गको समन्वयमा ठूलो भूमिका निर्वाह गरेको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। दायाँ-बायाँ दुबै हातले पूजा आराधना गर्न प्रेरित गर्ने यस आचारले अशुद्ध र असभ्य मानिने विषय वस्तुलाई समेत शुद्धीकरण गरी साधनामा समुपयोग गर्न उत्साह प्रदान गरेको पाइन्छ। दक्षिणमार्ग सगुण साधनामार्ग हो। अहङ्कार त्याग गरी मनका वासनाहरू छोडेर आ-आफ्नो धर्म, वर्णाश्रमका सबै आचरण परिपालना गर्दै आचारमा रहनुपर्दछ।

वैदिकयुगको सँगसँगै विकसित भएको तान्त्रिक साधनाको प्रवाहका धारा उपधाराहरू समय अन्तरालसँगै विभिन्नरूपमा बगेर अनेक आचार, मार्गहरूमा विभाजन भएको देखिन्छ। वर्तमान समयमा तान्त्रिक उपासकहरूले कुनै एकमात्र उपासनामार्ग नअपनाई विविध मार्गका मान्यताहरू मिसाएर उपयोग गरेको भेटिन्छ। नेपालमा प्रमुख तान्त्रिक मूर्ति मन्दिरहरूमा हुने पूजा-उपासना, वार्षिक तान्त्रिक पर्वहरूका उत्सव साधनाहरूको अवलोकन र अध्ययन गरेको खण्डमा देख्न सकिन्छ। तन्त्रको विवेचना गर्नु पूर्व आगम र यामलको विषयमा चर्चा गर्नु युक्ति सङ्गत देखिन्छ।

आगमको परिचय

सृष्टिश्च प्रलयश्चैव देवतानां यथार्चनम्
साधनं चैव सर्वेषां पुरश्चरणमेव च।
षट्कर्म साधनञ्चैव ध्यानयोगश्चतुर्विधः
सप्तभिर्लक्षणैर्युक्तं आगमं तद्विदुर्बुधाः॥

शास्त्रहरूका अनुसार सृष्टि, प्रलय, देवार्चन, सर्वसाधन, पुरश्चरण, षट्कर्म र ध्यानयोग गरी सात लक्षणले युक्तलाई नै 'आगम' भनिन्छ।

यामलको परिचय

सृष्टिश्च ज्योतिषाख्यानं, नित्यकृत्य प्रदीपनम्।
क्रमसूत्रं वर्णभेदो जाति भेदस्तथैव च॥
युगधर्मश्च संख्यातो यामलस्याष्टलक्षणम्।

अर्थात् सृष्टि अथवा ज्योतिष आदिलाई बताउने जुन उपर्युक्त आठ लक्षणले युक्त हुन्छ, त्यसलाई यामल भनिन्छ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

तन्त्रको परिचय

सर्गश्च प्रतिसर्गश्च मन्त्रनिर्णय एव च ।
देवतानाञ्च संस्थानां तीर्थानाञ्चैव वर्णनम् ॥
तथैवाश्रमधर्मश्च विप्रसंस्थानमेव च ।
संस्थानञ्चैव भूतानां यन्त्राणां चैव निर्णय ः॥
उत्पत्तिर्विबुधानाञ्च तरूणांकल्पसंज्ञितम् ।
संस्थानं ज्योतिषाञ्चैव पुराणाख्यानमेव च ॥
कोषस्य कथनञ्चैव व्रतानां परिभाषणम् ।
शौचाशौचस्य चाख्यानं नरकाणाञ्च वर्णनम् ॥
हरचक्रस्य चाख्यानं स्त्रीपुंसोश्चैव लक्षणम् ।
राजधर्मोदानधर्मो युगधर्मस्तथैव च ॥
व्यवहारः कथ्यते च तथा चाध्यात्मवर्णनम् ।
इत्यादिलक्षणैर्युक्तं तन्त्रमित्यभिधीयते ॥

सृष्टि, मन्त्रनिर्णय, देवता र तीर्थ, वर्णाश्रम, धर्म विचार, पञ्चमहाभूत र यन्त्र निर्णय, ग्रह नक्षत्र, पौराणिक आख्यान, व्रत, शौचाशौच, नरक, व्यवहार र अध्यात्म आदिको वर्णन गर्ने शास्त्रलाई 'तन्त्र' भनिन्छ ।

आम्नायको संक्षिप्त परिचय

वेद, स्मृति, पुराण, शैवागम शास्त्रमा जति पनि तन्त्रको चर्चा भएको छ, ती सबै चर्चाहरूमा तन्त्रको विशेष रहस्य रहेकै हुन्छ । यसै कारण कुलार्णवतन्त्रमा शिवजीले पार्वतीजीलाई यस प्रकार भन्दछन् :-

वेदशास्त्रपुराणानि प्रकाश्यानि कुलेश्वरि ।
शैवशाक्तागमाः सर्वे रहस्याः परिकीर्तिताः ॥
रहस्यातिरहस्यानि कुलशास्त्राणि पार्वति ॥

अर्थात् वेद, शास्त्र, पुराणहरू सबै स्वयं प्रकाशमान् छन् । शैव-शाक्त आगमहरू अर्थात् तन्त्रशास्त्रहरू सबै रहस्यात्मक छन् । तीमध्ये पनि

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अतिरहस्यात्मक कुलशास्त्र हो । यही फलशास्त्रलाई नै आम्नाय भनिन्छ । यसै कुलशास्त्रलाई शिवजीले पार्वतीलाई आम्नाय भनी बताएको पाइन्छः–

मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः
पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा ।
ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षमार्गाः प्रकीर्तिताः ॥

अर्थात् मेरा यी पाँच मुखबाट पूर्वाम्नाय, दक्षिणाम्नाय, पश्चिमाम्नाय, उत्तराम्नाय र ऊर्ध्वाम्नायसमेत गरी पाँच आम्नाय निस्के । सामान्य रूपमा हेर्दा आम्नाय शब्दले सम्यक् अभ्यास वा पाठ प्रतिपादित गर्दछ । अतः गुरुमुखबाट प्राप्त विद्या वा उपदेशको नियमपूर्वक अभ्यास गर्नु नै 'आम्नाय' हो । अमरकोषका अनुसार आम्नायको अर्थ 'वेद' हो "श्रुतिः स्त्री वेद आम्नायः" महाभारतमा आम्नायबाटै सर्वतोमुखी वेदहरू 'स्मृतिहरू'को प्रचार भएको पाइन्छ ।

आम्नायवचनं सत्यमित्ययं लोकसंग्रहः ।
आम्नायेभ्यः पुनर्वेदाः प्रसृताः सर्वतोमुखाः ॥

यस प्रकार पूर्वादि दिशाहरूमा प्रचलित वेद (ज्ञान) र त्यसको सम्यक् अभ्यासको अर्थमा आम्नायलाई लिन सकिन्छ । यसै परिप्रेक्ष्यबाट हेर्दा समस्त तन्त्रशास्त्रलाई आम्नाय शब्दले बताएको छ । यस भनाइलाई यस उक्तिले पुष्टि गर्दछ ।

आम्नायो नवधा प्रोक्तश्चोत्तमादि प्रभेदतः ।
त्रिभेदे बहुभेदत्वं त्रितयं त्रितयं त्रिषु ॥

शक्तिबाहेक अन्य देवताहरूलाई उपम्नायमा विभाजन नगरिएकोले मुख्यतः आम्नाय ६ नै मानिन्छन् । यी ६ आम्नायहरू सदाशिवका ६ मुखबाट निस्केका छन्, भन्ने तन्त्रशास्त्रमा उल्लेख पाइन्छ । जसअनुसार शिवजीका तत्पुरूषरूप अर्थात् पूर्वमुखबाट पूर्वम्नाय, अघोररूप दक्षिणमुखबाट दक्षिणम्नाय, सद्योजातरूप पश्चिममुखबाट पश्चिमाम्नाय, वामदेवरूप उत्तरमुखबाट उत्तराम्नाय एवं ईशानरूप ऊर्ध्वमुखबाट ऊर्ध्वम्नाय निस्केका हुन् ।[७] उपर्युक्त वचनबाट

---

७ मम पञ्चमुखेभ्यश्च पञ्चाम्नायाः समुद्गताः ॥
पूर्वश्च पश्चिमश्चैव दक्षिणश्चोत्तरस्तथा ।
ऊर्ध्वाम्नायश्च पञ्चैते मोक्षमार्गाः प्रकीर्तिताः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मूलतः आम्नाय पाँचमात्र देखिन्छन् तथापि तन्त्रान्तरमा शिवको अघोरवक्त्र अर्थात् कालाग्निरुद्रबाट छैटौं आम्नायको उत्पत्ति भएको हो भन्ने पाइन्छ । पाँच आम्नायको सारबाट बौद्धमतानुसार अधराम्नायको उत्पत्ति भएको हो भन्ने पनि भनाई छ । कुलार्णवतन्त्रअनुसार पूर्वाम्नाय सृष्टिरूप, दक्षिणाम्नाय स्थितिरूप, पश्चिमाम्नाय संहाररूप र उत्तराम्नाय अनुग्रहरूप हो ।[८] क्रमचिन्तामणितन्त्रले चाहिँ उत्तरलाई अन्तर्लीन, ऊर्ध्वलाई अनुग्रह र अधाराम्नायलाई विश्रान्तिरूप भनेको छ ।

मन्त्रयोगं विदुः पूर्वं शक्तियोगञ्च दक्षिणम् ।
पश्चिमं कर्मयोगञ्च ज्ञानयोगं तथोत्तरम् ॥

-कुलार्णवतन्त्र

अर्थात् 'पूर्वाम्नायमा मन्त्रयोग, दक्षिणमा शक्तियोग, पश्चिममा कर्मयोग र उत्तरमा ज्ञानयोग हुन्छन् ।' ऊर्ध्वाम्नायमा चाहिँ बहिर्याग र अन्तर्याग मिलाई चारै योगको ऐक्यद्वारा राजाधिराजयोगबाट उपासना हुन्छ । त्यसैगरी कुनकुन आम्नायको उपासकले कस्तोकस्तो फल प्राप्त गर्दछ भन्ने बारे मेरूतन्त्रमा यस प्रकारको भनाइ पाइन्छः-

दक्षिणोपासकः काल ऊर्ध्वः सायुज्यमाप्नुयात् ।
देवतायास्तथा पूर्वः सारूप्यं लभते परम् ॥
सामीप्यं चोत्तरो लोके पश्चिमस्त्वैहिकं फलम् ।
लाभस्त्यागश्चोपकारो ह्यधो मार्गेऽत्युदर्ककृत् ॥

अर्थात् 'दक्षिणाम्नायी उपासक साक्षात् महाकाल बन्दछ, ऊर्ध्वाम्नायीले सायुज्य, पूर्वाम्नायीले सारूप्य, उत्तराम्नायीले सामीप्य मुक्ति र पश्चिमाम्नायीले ऐहिक फल प्राप्त गर्दछ । अधराम्नायमा पनि लाभ, त्याग, उपकार आदि उदर्क फल पाइन्छ ।' तन्त्रानुसार उपर्युक्त षडाम्नायबाहेक अरू चार आम्नायलाई उप आम्नाय भनिन्छ । यी उप आम्नाय मुख्य चार आम्नायको मिश्रणबाट बन्दछन् ।

---

८ पूर्वाम्नायः सृष्टिरूपः स्थितिरूपश्च दक्षिणः संहारः पश्चिमो देव उत्तरोऽनुग्रहो भवेत् ॥
-कुलार्णवतन्त्र

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उत्तराम्नायअनुसारको अन्तर्याग र पूर्वाम्नायअनुसारको बहिर्याग मिल्दा संहाररूप 'ईशानाम्नाय' बन्दछ। त्यसैगरी पूर्वाम्नाय र दक्षिणाम्नायबाट स्थितिरूपं 'आग्नेयाम्नाय' दक्षिणाम्नाय र पश्चिमाम्नायबाट अभिचाररूप 'नैऋत्याम्नाय' एवं पश्चिमाम्नाय र उत्तराम्नायबाट सृष्टिरूप 'वायव्याम्नाय' बन्दछन्। यीमध्ये नैर्ऋत्याम्नाय अभिचारात्मक र क्षुद्रविद्याको उपासनापरक भएकाले अधराम्नायमा मिल्दछ। मुक्तिमार्गका लागि त्याज्य छ। अरू तीन क्रमशः ईशान, वायव्य र आग्नेयआम्नाय समष्टि भई पश्चिमाम्नायमा मिल्दछन्। त्रिशक्ति चामुण्डाको रूप बन्दछ। कुन-कुन आम्नायमा कुन-कुन आचारबाट उपासना हुन्छ भन्नेबारे आगमोक्ति यस्तो छ–

पश्वाचारो भवेत् पूर्वे वीराचारस्तु पश्चिमे।
दक्षिणोत्तरयोरूर्ध्वे त्वाचारौ तावुभौ शिवे॥
विहाय सर्वं सर्वत्र कौलाचारः प्रशस्यते॥

अर्थात् 'पूर्वमा पश्वाचार, पश्चिममा वीराचार, दक्षिण, उत्तर र ऊर्ध्वमा दुबै आचार एवं कौलाचारको सर्वत्र उपासना हुन सक्दछ।' तन्त्रचिन्तामणिमा उल्लेख भएअनुसार पूर्वमा दक्ष र वाम, दक्षिणमा दिव्य र वाम, पश्चिममा कौल र दक्ष, उत्तरमा कौल र वाम, ऊर्ध्वमा दिव्य एवं पातालमा वामाचारबाट मात्र उपासना हुन्छ।[९] कुलार्णवतन्त्रअनुसार पूर्वाम्नायमा देवताका प्रमुख २४ भेद, दक्षिणाम्नायमा २५ भेद, पश्चिमाम्नायमा ३२ भेद, उत्तराम्नायमा ३६ भेदहरू छन्। ऊर्ध्वाम्नायमा चाहिँ यस्तो केही छैन, यो विश्वरूप नै हो भनिएको छ।[१०]

९ पूर्वाम्नाये दक्षवामौ दक्षिणे दिव्यवामकौ।
कौलदक्षौ पश्चिमे तु कौलवामौ तथोत्तरे।
ऊर्ध्वे दिव्यो महेशानि पाताले वाम एव च॥
-तन्त्रचिन्तामणि

१० पूर्वाम्नायस्य सङ्केतश्चतुर्विंशतिरीरिताः।
दक्षिणाम्नायसङ्केत : पञ्चविंशतिरीरिताः॥
पश्चिमाम्नायसङ्केताः द्वात्रिंशत् समुदाहृतः।
विदुः षट्त्रिंशदाम्नाये संकेताः श्रीमदुत्तरे॥
साक्षाच्छिवस्वरूपत्वान्नकिञ्चित् कर्म विद्यते।
दक्षिणाम्नायको सामान्य परिचय तथा दीक्षाक्रम॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उपर्युक्त भनाइमा नै आम्नायहरू शिवजीका मुखबाट प्रादुर्भाव भएका हुन् भन्ने कुरा सिद्ध भइसकेको छ । त्यसमा विशेष गरेर दक्षिणाम्नायको नै महत्त्व देखिन्छ । भन्नुको तात्पर्य जुनरूपमा दक्षिणाम्नायको विवेचना भएको पाइन्छ त्यति रूपमा अन्य आम्नायहरूको विवेचना भएको खासै पाइँदैन । मन्त्रयोग, ज्ञानयोग, कर्मयोग आदिको बारेमा अन्य आम्नायहरूको उल्लेख भए तापनि मानिसहरूले कलियुगमा भगवत् प्राप्तिका लागि भक्ति गर्नु परेको हुनाले सायुज्य भक्तियोगको बारेमा राम्रोसँग दक्षिणाम्नायले नै निर्वाह अथवा भूमिका खेलेको पाइन्छ । यसै परिप्रेक्ष्यमा दक्षिणाम्नायको परिचय दिनु सान्दर्भिक नै देखिन्छ ।

दक्षिणाम्नाय

चित्त अथवा मनले रचेर, बुद्धिमा स्थिर गरेर, बोध भइसकेको पदार्थलाई संकलित गरेर त्यही पदार्थ स्फुरणात्मक रूपमा प्रादुर्भाव गर्नु अथवा स्थिररूपमा बोध गर्नु नै दक्षिणाम्नाय हो । दक्षिणाम्नायात्मक चित्तको स्फुरणतत्त्वमा मणिपुरको जलतत्त्व मिल्दा द्वीपकुलको तत्त्व बनी आपसद्वीपचक्र, शाम्भवमणिपुरचक्र रूपहरू प्रादुर्भाव हुन्छन् । त्यसैको अन्त्यमा उपासकले उपासनाद्वारा स्फुरणात्मकरूप प्राप्त गर्नु नै दक्षिणाम्नाय हो । पहिले शाम्भवकामन्त्रहरू उद्वार गरी देवताचक्रको संकेतलाई स्थिर गर्दै परमेश्वरको मन्त्र आज्ञाचक्रको कर्णिकामा एवं विश्वेश्वरमन्त्रलाई विशुद्धिचक्रमा पुऱ्याउने, हंशेश्वरको मन्त्रलाई अनाहतचक्रमा, सम्वर्तेश्वरमन्त्रलाई स्वाधिष्ठानचक्रमा, द्वीपेश्वरमन्त्रलाई मणिपुरचक्रमा, नवात्मेश्वरमन्त्र मूलाधाचक्रमा मनन गर्नुपर्दछ । यस भनाइबाट योग अभ्यासबाट अनाहत चक्रदेखि स्वाधिष्ठानमा झरी पुनः मणिपुर चक्रमा उक्लिएर मूलाधारमा झर्नुपर्दोरहेछ भन्ने सङ्केत पाइन्छ । यसको प्रयोग गरेर बताउन अलिकति मुस्किल भएको हुँदा यथार्थ तरिकाले गुरुमुखबाट निहीत हुनुपर्छ । यसैकारण "सङ्केत विद्या गुरुवक्त्र गम्या" भनेर आगमले बताएको हो चामुण्डातन्त्रमा यस्तो उक्ति छः-

गुरुमुख्याः क्रियाः स्वर्वाः भुक्तिमुक्तिफलप्रदाः ।
तस्माद् सेव्यो गुरुर्नित्यं मोक्षार्थिभिःसमाहितैः ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अर्थात्, 'गुरु सबैको भुक्ति–मुक्तिको कारक तत्त्व हुनुहुन्छ। मोक्ष वा योग्यता चाहने शिष्यहरूले गुरुको सेवा गर्दै विद्यार्जन गरोस्।' गुरुबाट सिकेर गरेको काम अथवा विद्या मुक्ति दिने हुन्छ। गुरुमुखबिना आफैँ सिकेर अथवा पुस्तकका टीका हेरेर गरेको काम जहिले पनि निष्फल हुन्छ। त्यसैकारण दक्षिणाम्नायमा दीक्षाक्रम गुरुमुखबाट हुनुपर्दछ। दक्षिणाम्नायका भेदहरू–

जम्भिनी स्तम्भिनी तारा मोहिनी अन्धिनी शिवा।
मृत्युञ्जया चर्चिका च सिंही दक्षिणकालिका॥
प्रचण्डा उग्रचण्डा च उग्रतारा कपालिनी।
त्वरिता छिन्नशीर्षा च वगला वाक्प्रदायिनी॥
नीला सरस्वती भीमा त्रैलोक्यडामरेश्वरी।
त्रैलोक्यविजया चण्डी रक्तचामुण्डभैरवी॥
दक्षिणाम्नाये देवेशि नानाभेदविसारिणी।

अर्थात्

१) आद्यकाली, २) निशेशी, ३) दक्षिणकाली, ४) बगला, ५) छिन्नमस्ता, ६) भद्रा, ७) मातङ्गी, ८) जम्भिनी, ९) स्तम्भिनी, १०) मोहिनी, ११) मृत्युञ्जया, १२) चर्चिका, १३) सिंही, १४) प्रचण्डा, १५) उग्रचण्डा, १६) उग्रतारा, १७) कपालिनी, १८) त्वरिता, १९) वाक्प्रदायिनी, २०) नीलसरस्वती, २१) भीमा, २२) त्रैलोक्यडामरेश्वरी, २३) त्रैलोक्यविजया, २४) चण्डिका, २५) रक्तचामुण्डा,

यी आम्नायकी नायिका दक्षिणकाली हुन्। यिनलाई अनिरूद्ध सरस्वती पनि भनिन्छ। यस आम्नायको बीज कालीबीज हो सो बीजबाट यस आम्नायका सबै भेदहरू अङ्कुरित भएका छन् भनेर स्पष्ट भन्न सकिन्छ। यसका भैरव महाकाल हुन् र मणिपुरचक्र हो।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपालमा स्थापित मन्दिरहरूको पूजाक्रम

मानव चेतनशील, विवेकशील एवं संवेदनशील प्राणी भएकाले नै देवीदेवताको भक्तिभावसँग निकट रहन्छ । यसैक्रममा ऊ देवताको पूजामा इच्छुक हुँदै जान्छ र पूजा गर्ने अधिकार पनि पाउँछ । जब गुरुमुख भई दीक्षाप्राप्त गर्दछ अनि दीक्षित मन्त्रलाई न्यासविधिसहित जगाएर शक्तिको पूजा गर्दछ । यसै पूजाक्रममा कुन-कुन जातिले अधिकार पाउने भन्ने विषयमा शास्त्रले प्रष्ट बताएको छः–

त्रीणि बीजानि दुर्गायास्तदाचारास्त्रयः स्मृताः ।
प्रथमो दक्षिणाचारो वामाचारो द्वितीयकः ॥
तृतीयस्तु कुलाचारो विधिं तेषां शृणु प्रिये ।

अर्थात् तीन प्रकारका पूजा हुन्छन्- दक्षिणाचार, वामाचार र कुलाचार । यसमा पनि दक्षिणाचार विधिले पूजा गर्ने अधिकारी ब्राह्मण, क्षत्रीय, वैश्य हुन् । वामाचार विधिले पूजा गर्ने अधिकारी यवन, शूद्र र स्त्री हुन् । वेदमार्गलाई परित्याग गरेर ब्राह्मणले यदि वामाचारविधिले पूजा गर्दछ भने त्यो नरकको भागीदार हुन्छ भनिएको छ । नेपालको परिप्रेक्ष्यमा जति पनि शैव, शक्तिपीठहरू छन्, त्यसमा शैवमन्दिरहरूमा दक्षिणाम्नायअनुसार दक्षिणाचारविधिले पूजा हुन्छ । गुह्यकाली आदि शक्तिपीठहरूमा वामाचारविधिले पूजा हुन्छ । यसमा फरक के छ भने दक्षिणाचारविधिमा वेदमन्त्रानुसार पूजा हुन्छ भने वामाचारविधिमा वेदविहीन शुद्ध तन्त्रानुसार पूजा हुन्छ । यसरी नेपालमा शैव तथा शक्ति पीठहरूको विशिष्टता झल्किएको छ ।

निष्कर्षमा नेपालमा प्रमुख शिवालय तथा शक्तिपीठहरूमा वैदिक, तान्त्रिक दुबै विधिअनुसार नै पूजा हुन्छन् । ब्राह्मण, क्षत्रीय र वैश्य वर्णहरूले

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

वैदिक विधिले पूजा गरेको पाइन्छ। वैदिक र तान्त्रिक विधिले पूजा गर्ने कर्ता गुरुमुखबाट दीक्षा भने प्राप्त गरेकै हुनुपर्दछ, त्यसैकारण नेपालमा दक्षिणाम्नायको दीक्षाक्रम अत्यन्त विशिष्ट मानिन्छ।

तन्त्र, मन्त्र, यन्त्र यी सबै औद्योगिक, व्यापारिकस्तरमा सार्वजनिकरूपले उत्पादन भए सुलभ नै भए। प्रत्येक व्यक्तिले यसको प्रयोग स्वयं गर्नुपर्छ अन्यथा ब्रह्मास्त्र जस्तै शक्तिशाली एवं घातक अस्त्र पुस्तौपुस्तामा परम्परागत रूपले चल्दै जान सक्छ। यसभित्र रहस्य, महत्त्व, सिद्धि भए साधक सिद्ध रहनुपर्छ एवं साधनाको मूल्य हुन्छ। भगवान् विष्णुले इन्द्रका पुत्र जयन्तकलाई पछि फ्याँके। वास्तवमा पूर्वीय साधनाविधिमा साधना प्रथम वस्तु हो। प्रत्येक उपलब्धि साधनाको माध्यमबाट आउँछ, व्यक्ति गौण रहन्छ। तन्त्र, मन्त्र र यन्त्र अतीन्द्रिय रहस्यमय विषय बनेको छ। ध्यान तथा साधनाले मानवजीवनमा ठूलो सफलता प्रदान गराउँछ। मानवको प्रत्यक्ष तथा परोक्षरूपमा हित हुन्छ। यसर्थ तन्त्र, मन्त्र र यन्त्र विद्या लौकिक परम्परा बनी सदासदा जीवन्त राख्न यसका अनुयायीहरू सक्रिय हुन जरुरी छ।

तन्त्रका बारेमा विभिन्न प्रकारका धारणाहरू रहेको परिप्रेक्ष्यमा शैव, शाक्त, वैष्णव तन्त्रका आ-आफ्ना मान्यताहरू रहेको पाइन्छ। तन्त्रका माध्यमबाट शरीरमा रहेको मूलाधार, स्वाधिष्ठान, मणिपूरक, अनाहत विशुद्ध आज्ञा र सहस्रचारचक्र जागृत गरी आफूलाई देवतामय बनाउने तान्त्रिकहरू पनि पृथ्वीमा भेटिन्छन्। एकथरि तान्त्रिकहरू मूलाधारचक्र जागृत गरी चमत्कार देखाउने कार्यमा मात्र तल्लीन भएको पाइन्छ। तान्त्रिक भन्ने वित्तिकै समाजमा डराउने, त्रसित हुने वातावरणको विकास भएको देखिन्छ। यसलाई तन्त्रको विकृत हो भन्नुमा दुईमत नहोला। समाजमा मारण, मोहन, वशीकरण, उच्चाटन, विद्वेषणलगायतका कार्य गर्ने व्यक्ति तान्त्रिक हुन भन्ने जनधारणा पनि छ। यसो हुनुमा तान्त्रिकहरू तीन प्रकारका हुन्छन् भन्ने विर्सनु हुँदैन। तिनीहरू क्रमशः सात्विक तान्त्रिक, राजसी तान्त्रिक र तामसिक तान्त्रिक हुन्।

सात्विक तान्त्रिकले पारलौकिक चिन्तन मात्र गर्दछ। राजसी तन्त्रले समाजलाई सन्तुलन गर्दै विखण्डित चीजलाई मिलाउने कार्य गर्दछ। जस्तैः पति-

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पत्नीबीच विवाद कायम भएको छ भने राजसतन्त्रका माध्यमबाट पतिपत्नीबीच आदर्शसम्बन्ध कायम गर्न गराउन सकिन्छ । तामसिक तन्त्रबाट भूतप्रेत आदि पैशाचिक शक्तिलाई वशमा लिएर मारण, मोहन, वशीकरण गर्ने गरिन्छ । तामसिकतन्त्र प्रयोग कर्ताले विविध प्रकारका वली दिएर पैशाविक शक्तिलाई तृप्त पारी क्षणिक चमत्कार गर्न सक्छन् । तामसिक शक्तिको प्रयोगबाट आर्जित सिद्धि चीर स्थायी हुँदैन तर केही समय भने चमत्कार देखाउन सकिन्छ । तामसिक शक्तिका साधकहरूको वंशपरम्परा पनि विकृत भएको पाइन्छ । तन्त्रको विशाल क्षेत्रभित्र डुबुल्की मार्न धेरै गाह्रो छ । कठिन साधना गरेर आफूलाई तान्त्रिकको श्रेणीमा राख्न सकिन्छ । त्यसका लागि आत्मविश्वास र धैर्यको आवश्यकता पर्दछ । आत्मविश्वास र धैर्य नभएको व्यक्ति यस क्षेत्रमा नलाग्नु नै श्रेस्यकर हुन्छ । तान्त्रिकले पदार्थ, मन्त्र एवं ऊर्जालाई संतुलित गरेर समाजलाई मार्ग निर्देशन गर्न सक्छ ।

प्राचीनकालमा एक पदार्थबाट अर्को पदार्थमा रूपान्तरण गर्ने कार्य तान्त्रिकले गर्दथे । वर्तमानमा त्यस प्रकारको कार्य रसायनशास्त्रीले मात्र गर्छन् । प्राचीनकालका तान्त्रिकलाई अध्ययन गर्ने हो भने ती तान्त्रिक नै रसायनशास्त्री हुन् भन्ने प्रष्ट देखिन्छ । समग्रमा तन्त्र भनेको पदार्थ, मन्त्र भनेको शब्दको परिकल्पना र यन्त्र भनेको त्यसको मूलाधार वस्तु हो । यी तीनै पदार्थको संयोजन गर्न सक्ने नै तान्त्रिक हो । तान्त्रिकको अन्तिम लक्ष्य भन्नु नै जीवनलाई सुख बनाउदै मोक्ष प्राप्ति गर्नु हो । नेपालका आराध्यदेव पशुपतिनाथ, माता गुह्येश्वरी, दक्षिणकाली, उग्रतारा, छिन्नमस्तामा वैदिकका साथै तन्त्रको वाहुल्यता देखिन्छ । कर्मकाण्ड होस् वा नित्य नैमित्तिक, कतै न कतै तन्त्रको सन्लग्नता पाइन्छ । वुढासुब्वा, हलेसी, मनकामनासम्मको पूजन विधि र अनुष्ठानमा तन्त्रकै वाहुल्यता भएकाले पूजा र अनुष्ठानमा निगम र आगमको स्थान उस्तै देखिन्छ ।

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection



CC-0. N al Sanskrit Acad

Tantra is related to Science

Meaning of Tantra

Tantra is a Sanskrit word that means "woven together. Tantra is derived from the two Sanskrit words – Tanoti, meaning to expand & Trayate, meaning to liberate. It is the Hindu science of expanding and liberating the soul. It encompasses almost all the spiritual practices of the Hindus – like Pooja, Stotra, Mantra, Yantra, Yoga, Meditation etc.Tantrameans "treatise" or "exposition". Literally it can be said to mean "loom, warp, weave"; hence "principle, continuum, system, doctrine, theory", from the verbal root tan "stretch, extend, expand", and the suffix tra "instrument".

In **KAMIKA TANTRA** tantra is explain as tantra elaborates 'tan' copious and profound matters, especially relating to the principles of reality (tattva) and sacred mantras, and because it provides liberation (tra), it is called a tantra. The Kamika Agama of the Shaiva Siddhanta (Tantrantara Patala) says:

Tanoti vipulan arthan tattvamantra-samanvitan
Trananca kurute yasmat tantram ityabhidhyate.
This mantra can describe the origin of tantra.

आगतं शिववक्त्रेभ्यो गतं च गिरिजामुखम् ।
मतं च वासुदेवस्य तस्मादागममुच्यते ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

AAGATAM SIVA BAKTRAVIO GATAM CHA GIRIJAMUKAM.
MATAM CHA VASUDEVSHA TASMATDAGA MAMUCHATA .

Tantra is derive from the mouth of god Siva or Siva himself create this, receive by Parvati and accept by god Vishnu. The synonym of tantra is AGAM so it is important. Agama is a class of Scriptures dealing with the worship of Saguna Ishvara which was revealed at the close of the age of the Upanishads, and introduced partly because of the falling into desuetude of the Vaidika Acara, and partly because of the increasing numbers of persons entering the Hindu fold who were not competent for that Acara. Acara thus means practice, way, rule of life governing a Sadhaka, or one who does Sadhana or practice for some desired end or Siddhi.

The Agamas are divided into three main groups, the first is the Shakta Agama, the second the Shaivagama, and the third the Vaishnava Agama or Pancaratra. This last is the Scripture to which the Shrimad Bhagavata (X. 90. 34) refers as Sattvata Tantra in the lines,

Tenoktang sattvatang tantram yaj jnattva muktibhag bhavet Yatra strishudradasanang sangskaro vaisnavah smritah.

Tantra, also called Tantrism and Tantricreligion, is an ancient Hindu tradition of beliefs and meditation and ritual practices that seeks to channel the divine energy of the macrocosm or godhead into the human microcosm, in order to attain siddhis and moksha.

There are defferent types of tantra : they are Hindu tantra, Buddhist tantra, Jain tantra, Muslim tantra. In hindu also there are different types, they are Tantra of Natha, Sri Vidya Tantra, Kashmir Shaivism, Kali-vidya, Kula, Vaishnava-tantra, Saura-tantra, Ganapatya-tantra. Generally all these different directions with their branches are divided into dakshinachara and vamachara. Dakshinachara or vamachara, it is considered to be introductory stage to divyachara.

According to the narrow definition, Tantrism refers only to the traditions which are based on the Tantras, Samhitas and Agamas. According to the

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

broad definition, Tantra refers to a broad range of religious traditions with a "magical" orientation. Tantra is that Asian body of beliefs and practices which, working from the principle that the universe we experience is nothing other than the concrete manifestation of the divine energy.

In tantra there are great Importance of a Guru or teacher. Tantric elements can be discerned in the **Indus Valley Civilization** at the 4th millennium BC. Terracotta figurines may be the earliest tokens of the **Mother Goddess**. These cultures, in their late phase, overlapped with the Harappan culture of the Indus Valley, which may have preserved these proto-Tantric elements. In contrast, the early Vedic religion did not support this kind of Mother Goddess worship, and likewise did not support the Yogic elements of the pre-Vedic Indian culture. Nevertheless, a synthesis emerged in which proto-Tantric elements found a place in the Vedic culture. Likewise, Manoranjan Basu postulates pre-Vedic origins of Tantra in the pre-Vedic culture of north-India, including the Indus Valley Civilisation. The confrontation between the two cultures resulted in a synthesis in which proto-Tantric elements survived.

Nepal, especially the Kathmandu Valley, has been a main point of Tantra worship since ancient times. Tantra practice is alive in temples like the Pashupatinath in Kathmandu. It has been mentioned in Yajur Veda and Atharva Veda that Pashupati is a form of Shiva, a principal deity of Tantric worship. During the worship of Shiva Pashupatinath, certain Tantric rites are involved. Sri Yantra, the main symbol of Tantra, is used in the worship of the lord . In ancient Tantric texts, the face that's not visible, the one that faces downwards, is referred to as Kalangi Rudra. The Jalahari or the base signifies Parvati or Shakti.

A great deal of Nepal 's art, in paintings and sculptures and wood –crafts, has been inspired by tantrism. Creation of many armed and many-headed deities and other symbolic manifestations owe their origin to tantric thought and principle. It is said that tantrism was introduced into Nepal as early as the 7 th century at the time when Vajrayana Buddhism was also introduced. After the emergence of Vajrayana, tantrism took a firm hold in

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

Nepal. Buddhism then took a different turn, away from the Bodhisattvayana of Mahayana Buddhism and monastic Buddhism. The cultural development in Bihar and Bengal with emphasis on tantrism did not spare Nepal.

Panchamakara (Five “M"s)

In tantra Vidya panchamakara (Five “M"s) is Important. In one of the well-known variety of tantra that is called vamachara, or Left-hand path it is important. It is so named because it uses that kind of elements of deity worship which are not used in the orthodox religion. This known as panchamakara (Five “M"s) five species of pleasure, namely: meat (mamsa), cereal (mudra), fish (matsya), wine (madya or madira) and ritual sexual intercourse (maythuna). Sometimes vamachara is called kulachara. Such practices can be both simple in appearance and difficult in technical implementation. But these rituals can practice only people with certain knowledge and character qualities, untrained people may harm themselves with this practices. In vamachara practitioners of tantra appeal to a deity to come in their own bodies instead of images of divinities, committing avahana, and worship a deity directly in their own bodies. Thus one's body becomes a temple of divinities. Such rituals can be collective, in this case they are called chakra-puja, sadhaka focuses more on anubhava (firsthand experience), rather than on ritual conventionalities.

Shat-Karma

After panchamakara (Five “M"s) next Important part of tantra is Shat-Karma (six magic rituals)

Shat-Karma (six magic rituals) in Tantra can be describe as fallows.

- Shanti-karma which forming of peace and tranquility in the social environment.
- Stambhana is the power of stopping or paralyzing others negative actions.
- Uchchatana is the power of conjuring away lower spirits.
- Vidveshana is the power of stirring up the hostility between two personalities and marana is the power of killing an enemy.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- Marana, marana is the power of killing an enemy, from which we can destroy the life of creature.
- Bamshikarana, from which we can bamshivut gost, male, female and animal.

Really, the true practitioner of tantra knows the nature of these phenomena, but did not use them, because he has bhakti (devotion to divinities) and so is under the patronage of Ishtadeva. Therefore, the correct goal in tantra is, first of all, bhakti and God-realization. Divya-marga means purity of motivation, which is important both in yogic and tantric.

In tantra, Dasa Mahavidyas is also important . Dasa Mahavidyas are follows.

Kali, Tara, Sodashi or Tripurasundari, Bhuvaneshvari, Cchinnamasta, Bhairavi, Dhumavati, Bagalamukhi, Matangi and Kamala.

Tantra Vidya

Without tantra Vidya tantra is impossible. Its means use of tantric or tantra mantra for completing some work, to solve the problem tantra vidya use many tantra mantras.

Tantra Vidya & powerful Vashikaran mantra

Tantra Vidya is an ancient art of mind control over a person. Tantra Vidya has been practiced by the Tantrik for hundreds of years. Now this is gaining the popularity in this field. In the Hindu or Sanatan dharma we can find the various uses for different purpose of Tantrik Vidya. Tantrik Vidya is performed by a Tantrik or a Yogi. For learn the Tantric Vidya needs a lot of sacrifice, dignity and hard work. Tantric Vidya is performed at a sacred place and for from a common man's eyes. A sacred place may be like an old temple, MASAN or tom, under a sacred tree, in the forest and besides a holy river. In the modern time this is also performed to get the solution of human life like get love back, all the love problems solution, financial problems and business problems solution by the help of expert Tantrik.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

But in our society a few people have projected Tantra as some kind of a witchcraft & medieval sexual ritual. So strong is this myth that today a tantrik is looked upon as the practitioner of some gruesome rituals to hook people for his advantage. Nothing is farther than the truth. The same goes with their interpretation of the word "Kama". In Sanskrit the word "Kama" means desire – desires of all kinds like, hunger, thirst, to sex etc. But once again it is sensationalized by playing to the gallery by mentioning only sex. It enables you to perfect and control anger, hunger, thirst, hatred, ego, concentration etc. It teaches us to control sex power. What is even more gruesome is that the various names of the Divine mother are sexyfied. Kamakshi becomes the sexy eyed Goddess and Kamaroopini becomes sexy looking Goddess.

We can got a lot of tantric books which give details of various knowledge. The Yogini Hridaya, Sri Tripura Rahasya, The Todala Tantra, Mantra Yoga Samhita, Mantra Maharnava, Gupta Sadhana Tantra, Mantra Kaumadi are some example.

Nathas commonly use shabar-mantras which can be either recited in Sanskrit or other Indian languages. Mahayogi Matsyendranatha have received shabar-mantras from Adinatha Shiva and later this mantras continued to spread in natha tradition. Shabar-mantras are used by aghori and other practitioners of tantra. It is very important in tantra to study a lot of related sciences, such as Jyotish, Mantrology, Sanskrit, Numerology and etc. for the correct sadhana.

This is considered to be an extremely powerful and effective Mantra for success in any venture or success in any pending matter like court cases or litigation or a matter relation to your Protection or Wealth . No matter howsoever difficult the specific want may be, this mantra is said to give success.

To acquire siddhi [mastery] this mantra has to be recited for a total number of 324 times for a period of 41 consecutive days. The period after midnight is considered auspicious for reciting this mantra.

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

In place of 'amuk' which means specific, the name of your desire or wish should be inserted. This is a Shaabri Mantra from the Shaabri Vidhya Branch popularized by the nine saints and masters the Navnath's.

Om namo mahashaabri shakti
Mam arisht nivaraya nivaraya
Mam 'amuk' karya siddh
Kuru kuru swaha

मंत्र

ॐ नमो महाशावरी शक्ति ।
मम अरिष्टं निवारय निवारय
मम 'अमुकु कार्य सिद्धं कुरु कुरु स्वाहा ॥

Mantra should be repeated a certain number of times, this is called purashcharana. Then a worship of deity must be committed, which is homa. Durga Mantras are not just a string of random Sanskrit words. These are words with great power, with the potential to solve your issues and relax your mind.

For this reason, hymns to the goddess Durga are famous and proven to be very effective for positive life changes, even in comparison to other Mantras.

OM AIM HREEM KLEEM
CHAMUNDAYA VICHCHE

By This Durga Mantra we can get Strength and power of the mind & body. Chanting it with full faith and concentration will slowly bring about a positive change in our attitude and life. Reciting this Mantra provides you with protection from negative energies. This Mantra blesses you with power, prosperity and positive energy. You can boost intellectual growth by repeatedly chanting this Mantra. You can use it to improve yourself or even chant it on behalf of your children. You can secure your finances and gain more wealth with this Mantra. You can protect yourself from the

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

unpredictability of the stock market. Chant this Mantra to block negative thoughts and banish ignorance.

Mantras should be recited up to a count of 108, or a multiple of 108. When we pronounce the word of mantra a vibration is to spread in the target person body and that is directly connected to the god. Tantra vidya is the path of find the aim of life.

Mohini or attraction mantra

Mohini or attraction mantra is use for attract someone, it is a special part of Vashikaran. According to hindu science Mohini means the one who can attract someone. This mantra is created by goddess mohini Devi. Mohini mantra is a very efficient and dominating way to control a man or women easily. Mohini mantra makes a person in favor and positive for you. In many cases mohini mantra works to make person crazy for someone. To get lost love back, to make parents agree for the love marriage mohini mantra is very helpful. By use mohini mantra you can make your boss in your favor. So, Mohini mantra is magical mantra which is used to solve the purpose of controlling the mind of targeted person.This tantra mantra is made after powerful SADHNA so it bringing prosperity and peace at your home. Tantrik gives you SIDDHI mantra that keeps away from all problems. The wrong use of tantra mantra is very harmful so it must be use by guidance of tantra specialist.

Tantra yoga

Tantra yoga has been one of the potent powers for spiritual regeneration. When practised by unenlightened and unqualified persons, it has led to certain abuse. One example of a travesty of the original practices is the theory of the five makaras: madya or wine, mamsa or flesh, matsya or fish, mudra or symbolical acts, and maithuna or coition. Their esoteric meaning is: "Kill egoism, control flesh, drink the wine of God-intoxication, and have union with Lord Shiva."

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

सन्दर्भ ग्रन्थ तथा पत्रिकाहरू

- शुकदेव चतुर्वेदी (सम्पादक)-मन्त्रमहोदधि, प्राच्य प्रकाशन, वाराणसी, १९८१
- डा. सुरकान्त झा (सम्पादक)- मन्त्रमहार्णव (देवी, देवता र मिश्र खण्ड), श्रीठाकुरप्रसाद पुस्तक भण्डार
- रघुनाथ शास्त्री (सम्पादक)- मेरुतन्त्रम्, खेमराज श्रीकृष्णदास प्रकाशन, बम्बई २०१४
- डा. सुधाकर मालवीय- कुलार्णवतन्त्र, चौखम्बा प्रकाशन, वाराणसी, २००६
- म. म. गोपीनाथ कविराज- भरतीय संस्कृति और साधना (प्रथम र द्वितीय), सन् २०० ९ (बिहार राष्ट्रभाषा परिषद् पटना)
- गोपालजी गुप्त- हिंदुओं के धर्मग्रन्थ, सन् २००८ (हिन्दूलाँजी बुक्स, दिल्ली)
- करपात्रीजी महाराज- भक्ति सुधा, सन् २०१० (राधाकृष्ण धानुका प्रकाशन संस्थान)
- कुँवर नरेन्द्रसिंह- तन्त्र सिन्धु, भगवती पाकेट वुक्स, आगरा २ ।
- गोविन्द शास्त्री- यन्त्र विज्ञान, न्यू साधना पाकेट बुक्स ७० रोशनआरा प्लाजा, दिल्ली ।
- क्षेमराज (लेखक), अनुवाद हरिप्रसाद सोडारी, सम्पादक भीमप्रसाद कण्डेल- प्रत्यभिज्ञाहृदयम्, २०७०
- देवीनाथ योगी- देवमाला वंशाली मृगस्थली, गोरक्षपीठ २०१३ ।
- मोहनप्रसाद खनाल- अभिलेख सङ्कलन, साझा प्रकाशन, ललितपुर २०२८ ।
- आचार्य पं राजेश दीक्षित- बौद्धतन्त्र शास्त्र, दीप पब्लिकेशन, आगरा ३ ।
- पं रमेश द्विवेदी- शाबरमन्त्र, डाइमण्ड पाकेट बुक्स प्रा.लि. फेज ११, नई दिल्ली ११००२० ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

- विद्यानाथ उपाध्याय भट्ट- तन्त्रविद्यालोक, प्रकाशिका अन्नपूर्णा उपाध्याय भट्ट २०६२।
- गोपालजी गुप्त- हिंदुओं के धर्मग्रन्थ, प्रकाशक हिन्दूलाँजी बुक्स, दिल्ली २००८
- स्वामी रामसुखदास- साधन सुधा सिन्धु, गीता प्रेस गोरखपुर
- पं. लालबिहारी मिश्र- नित्यकर्म पूजाप्रकाश, गीता प्रेस गोरखपुर
- मानसागरीपद्धति- वंशीधर पाँडे, खेमराज श्रीकृष्णदास
- महोपाध्याय मेघविजयगणि- हस्त संजीवन रंजन पब्लिकेशन, नयी दिल्ली
- वाचस्पति गैरोला- भारतीय धर्म शाखाएँ और उनका इतिहास (चौखम्बा सुरभारतीय प्रकाशन) वाराणसी
- रामचन्द्र शास्त्री किन्जवाडेकर- महाभारतम् ओरियन्टर रिप्रिन्ट कर्पोरेसन
- निष्ठा दास- आध्यात्मिक मनोविज्ञान कबीर पारख संस्थान (इलाहाबाद) भारत
- जयदयाल गोयन्दका- महत्त्वपूर्ण शिक्षा, गीताप्रेस गोरखपुर
- श्रीमद्भगवद्गीता- गीताप्रेस, गोरखपुर (सं.२०६७ एक सौ तिरासीवाँ पुनर्मुद्रण)
- डा. राधाकृष्णन- भारतीय दर्शन (भाग १, २) राजपाल एण्ड सन्ज (प्रकाशक) अनुवादक नन्दकिशोर गोभिल
- सम्पादक श्रीवासुदेव लक्ष्मण पणशीकर- ईशाद्यष्टोत्तरशतोपनिषदः चौखम्बा विद्याभवन
- हरिप्रसाद सोडारी - धर्मभित्रको विज्ञान
- गोविन्द कृष्ण भुस्कुटे- हिन्दूधर्मः मानव धर्म प्रभात प्रकाशन दिल्ली
- प्रोफेसर श्रीहरिमोहन झा- भारतीय दर्शन परिचय (द्वितीय खण्ड) वैशेषिक दर्शन, पुस्तक भण्डार (पटना)
- सम्पादक डा गंगा सहाय शर्मा- अथर्ववेद संस्कृत साहित्य प्रकाशन (सन् २०१०)
- डा. सत्यदेव चौधरी- भारतीय शैलीविज्ञान अलंकार प्रकाशन, दिल्ली सन् १९८३
- सम्पादक पाण्डेय रामतेज शास्त्री- गर्गसंहिता प्रकाशक चौखम्बा संस्कृत प्रतिष्ठान

•••

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

डा. मिलनकुमार थापा

पिता : लोकबहादुर थापा

माता : सानुमैयाँ थापा

शिक्षा : विद्यावारिधी (तन्त्रशास्त्र)

आवद्धता

अध्यक्ष : श्री हनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर,
ज्ञानशाला न्यूज डट कम

उपाध्यक्ष : दक्षिण एसियाली ज्योतिष महासंघ, केन्द्रीय समिति

व्यवस्थापक : समग्र एकता मञ्च

आजीवन सदस्य : नेपाल ज्योतिष परिषद् (पूर्व उपमहासचिव)
वङ्गिय तान्त्रिक समाज, कोलकाता, भारत
एस्ट्रोलोजिकल रिसर्च प्रोजेक्ट, कोलकाता, भारत

अन्ताराष्ट्रिय पुरस्कार

- तन्त्रशास्त्र म्यान अफ दी एयर- २०१४ (नयाँदिल्ली)
- बेस्ट म्यान अफ दी एयर - २०१५ (स्वर्ण पदक, श्रीलङ्का)
- तन्त्रसागर अवार्ड - २०१३ (मरिसस)
- मानवअधिकार अवार्ड
- डाइनामिक एचिभमेन्ट अवार्ड
- योग रत्न अवार्ड
- वन्दे मातरम् अवार्ड
- तन्त्रभूषण अवार्ड
- दश महाविद्या अवार्ड
- लर्ड गणपति अवार्ड
- तन्त्र रत्न अवार्ड
- त्रिपुरासुन्दरी अवार्ड

राष्ट्रिय पुरस्कार

- हाम्रो नेपाल समाजिक संस्था-सम्मान पत्र
- योगी नरहरिनाथ ट्रष्ट-अभिनन्दन
- एष्ट्रो काउन्सिल नेपाल-अवार्ड
- वर्ल्ड हिन्दू फेडरेसन-अवार्ड

तन्त्रविज्ञानविद् तथा साधक डा. मिलनकुमार थापाज्यूले सरल र सुबोध नेपालीभाषामा लेख्नुभएको यो तन्त्रविज्ञान विषयक खोजपूर्ण ग्रन्थ तन्त्रविज्ञानको क्षेत्रमा हिमाली संस्कृतिको मौलिकदर्शनको पुनर्जागरणस्वरूप तन्त्रका साधक र तन्त्रमा अभिरुचि राख्ने पाठकहरूका सामु देखा पर्नु निश्चय पनि एउटा महत्त्वपूर्ण उपलब्धि नै भएको छ।

• सत्यमोहन जोशी

दिव्य राष्ट्रका सपूत, अनुसन्धाता एवं विद्वान्, शिवशक्तिका आराधक डा. थापाज्यूको यो कृति साधनाका अनेक सोपान र सरणिको दिग्दर्शन गराउने अमोघ माध्यम भएकाले नेपाली समाज यसबाट अवश्य नै कृतार्थ हुनेछ।

• प्रा. डा. वेणीमाधव ढकाल

प्रकाशक
श्रीहनूमान् तन्त्र शिवशक्ति साधना तथा रिसर्च सेन्टर
वल्खु, पाटन, ललितपुर, फोन : ५५४४३६४
E-mail : dr.thapamilankumar@gmail.com, info@gyanshalanews.com
Web : www.gyanshalanews.com, www.youtub.com/ gyanshala/tantra bigyan

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection